# संविधानमा महिला समानताको समीक्षा



# संविधानमा महिला समानताको समीक्षा

राष्ट्र :

संविधान (वर्ष, मस्यौदा वा वर्तमान) :

कार्यान्वयन गर्ने संस्था/व्यक्ति :

INTERNATIONAL IDEA
INSTITUTE FOR DEMOCRACY AND ELECTORAL ASSISTANCE

# संविधानमा महिला समानताको समीक्षा

संविधान निर्माण प्रक्रियासम्बन्धी इन्टरनेसनल आइडिया स्रोतसामग्री

© सन् २०१६ इन्टरनेसनल इस्टिट्यूट फर डेमोक्रेसी एण्ड इलेक्टोरल एसिसटेन्स (इन्टरनेसनल आइडिया)

इन्टरनेसनल आइडिया
स्ट्रोमबोर्ग
एसई-१०३ ३४ स्टकहोम
स्विडेन
टेलिफोन : +४६ ८ ६९८३७००, फ्याक्स +४६ ८ २० २४ २२
info@int.int
www.idea.int

यस प्रकाशनको विद्युतीय प्रति Creative Commons Attribute- NonCommercial-ShareAlike 3.0 (CC BY-NC-SA 3.0) लाईसेन्स् अन्तर्गत उपलब्ध छ । गैरव्यापारिक प्रयोजनका लागि मात्र भएमा, उपयुक्त ढंगले उद्धृत गरिएमा र समान लाईसेन्स् अन्तर्गत त्यसको वितरण गरिएमा यस प्रकाशनको प्रतिलिपि बनाउन, वितरण गर्न र प्रसारण गर्न सकिनेछ । यस लाईसेन्स्सम्बन्धी थप जानकारीका लागि http://creativecommons.org/licenses/ by-nc-sa/3.0/ मा हेर्नुहोस् ।

इन्टरनेसनल आईडियाका प्रकाशनहरु कुनै खास राष्ट्रिय वा राजनीतिक स्वार्थहरूबाट स्वतन्त्र छन् र यस प्रकाशनमा अभिव्यक्त विचारहरूले इन्टरनेसनल आईडिया, यसको सञ्चालक समिति वा यसका पार्षद्हरूको विचारको प्रतिनिधित्व गर्दैनन् ।

ग्राफिक र कभर डिनाइन : केएसबीडिजाइन
लेआउट : टर्बो डिजाइन
आवरण चित्र : 'एकीकृत आकांक्षा',चिराग बाङ्देल
भित्री तस्विरहरू: भाग १ : प्रकाश; भाग २ : समान; भाग ३ : आशीर्वाद; भाग ४ : बिरूवा सहितको महिला; भाग ५ः सेतो कमलको सपना; भाग ६ः यात्रा; भाग ७ः संवाद; भाग ८ः उडानमा एकता । सबै चित्रहरु : चिराग बाङ्देल

ISBN (Print): 978-91-7671-201-6
ISBN (PDF): 978-91-7671-202-3

# विषय सूची

**प्रश्नहरूको सूची** ........ ६
**प्राक्कथन** ........ ९
**कृतज्ञता** ........ १०
**विषय प्रवेश** ........ ११

**१. संविधानमा लैङ्गिक समानताको समीक्षा** ........ १२
१.१ संविधानमा लैङ्गिक रूपमा संवेदनशील अवधारणा किन समावेश गरिनुपर्छ ? ........ १३
१.२ संविधानमा महिला समानताको समीक्षा किन आवश्यक छ ? ........ १४
१.३ संविधानमा महिला समानता र प्रभाव पार्ने क्षमताको सम्बोधन ........ १५
१.४ संविधानमा महिला समानताको समीक्षाको प्रयोग कसरी गर्ने ? ........ १६
१.५ प्रयोक्ताले ध्यान दिनुपर्ने महत्वपूर्ण कुराहरु ........ १८

**२. लैङ्गिक समानता र लोकतन्त्रसंग सम्बन्धित प्रमुख अवधारणाहरू** ........ २१
२.१ औपचारिक र सारभूत समानता ........ २२
२.२ समानता र राज्यको भूमिका ........ २३
२.३ स्वायत्तता र प्रभाव पार्ने क्षमता ........ २५
२.४ कानूनी बहुलवाद ........ २५
२.५ अन्तर्राष्ट्रिय कानून ........ २६
२.६ मौलिक हक ........ २६
२.७ न्यायपालिकाको भूमिका ........ २६
२.८ सङ्घीय र विकेन्द्रीकृत प्रणालीहरु ........ २७

**३. संविधानमा महिला समानताको समीक्षा** ........ २९

**पारिभाषिक शब्दावली** ........ १७१
**सन्दर्भ सामग्री** ........ १७४
**थप अध्ययन** ........ १७६

**परिशिष्ट : अन्तर्राष्ट्रिय र क्षेत्रीय कानूनी संयन्त्रहरू** ........ १८३

**लेखकका बारेमा** ........ १९८
**कलाकारका बारेमा** ........ १९८
**इन्टरनेसनल आइडियाका बारेमा** ........ १९९

# प्रश्नहरूको सूची



| | | |
|---|---|---|
| **खण्ड १. मूल्यमान्यता र सिद्धान्त** | | |
| १ | **संविधानले लैङ्गिक रूपमा तटस्थ वा लैङ्गिक रूपमा समावेशी भाषा प्रयोग गरेको छ ? संविधानमा नागरिक, सार्वजनिक पदाधिकारी र पदाधिकारीलाई जनाउन प्रयोग गरिएका शब्दावलीहरू तटस्थ वा लैङ्गिक रूपमा कत्तिको समावेशी छन् ?** | ३१ |
| २ | प्रस्तावनाले संवैधानिक समुदायका रूपमा रहने जनताको समावेशी दृष्टिकोण वा मतलाई महिलाहरूलाई खास रूपले समेट्ने गरी ब्याख्या गरेको छ ? प्रस्तावनाले महिलाको योगदानलाई कदर गरेको छ कि छैन ? | ३३ |
| ३ | प्रस्तावनामा लैङ्गिक समानता प्रति प्रतिवद्ध रहने मान्यतालाई स्वीकार गरिएको छ ? | ३५ |
| **खण्ड २. समानता र अविभेद** | | |
| ४ | **संविधानमा महिला अधिकारको विशेष पहिचान र संरक्षण गर्ने खास भाग, धारा वा विभिन्न धाराहरू छन् ?** | ३९ |
| ५ | भेदभावको परिभाषा गरिएको छ ? | ४२ |
| ६ | **लिङ्ग र लैङ्गिकताको आधारमा गरिने विभेदलाई निषेध गरिएको छ ?** | ४४ |
| ७ | **संविधानमा राज्यलाई लैङ्गिक समानता प्रति प्रतिवद्ध बनाउने कुनै प्रावधान छ ?** | ४७ |
| ८ | **विविध किसिमका भेदभावलाई बढावा दिनसक्ने विषयहरूका आधारमा हुने विभेद र अनुचित व्यवहारलाई निषेध गरिएको छ ?** | ४९ |
| ९ | संविधानमा भेदभावका निषेधित आधारहरूको सूची समावेश छ ? यदि छ भने, त्यस बाहेकका थप भेदभावहरूलाई पनि प्रतिबिन्धित गर्न सकिन्छ भन्ने कुरा स्पष्ट छ ? | ५१ |
| १० | **महिला र पुरूष वीचको सारभूत समानतालाई बढावा दिने विशेष उपायहरू पहिचान गरिएको छ ?** | ५३ |
| ११ | **मौलिक हक (जस्तैः लैङ्गिकता र लिङ्गका आधारमा भेदभाव नगरिने अधिकार) निजी र सार्वजनिक दुवै क्षेत्रमा लागू हुने प्रत्याभूति संविधानमा गरिएको छ ? मौलिक हकहरू राज्य र व्यक्ति वीचमात्र लागू हुने नभई व्यक्ति-व्यक्तिहरू वीच, परिवारमा वा निजी क्षेत्रका संघ संस्थाहरू (जस्तै व्यापारिक प्रतिष्ठान) र व्यक्तिहरूवीच पनि लागू हुन सक्ने गरी व्यवस्था गरिएको छ ?** | ५६ |
| १२ | संविधानमा प्रथाजनित तथा परम्परागत अभ्यास र प्रथाजनित कानूनले लैङ्गिकता र लिङ्गमा आधारित समानता र अविभेदलाई सम्मान गर्नुपर्छ भनी उल्लेख गरिएको छ ? | ५८ |
| १३ | यदि संविधानले धार्मिक कानूनलाई स्वीकार गरेको छ भने त्यस्तो कानूनले लैङ्गिकता र लिङ्गको आधारमा समानता र अविभेदको सम्मान गनुपर्छ भनी संविधानमा उल्लेख गरिएको छ ? | ६१ |
| १४ | संविधानले बहुविभेदको अभ्यासलाई पहिचान गरेको छ ? | ६३ |
| **खण्ड ३. आर्थिक र सामाजिक अधिकार** | | |
| १५ | **संविधानले राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्र जस्ता जीवनका विभिन्न क्षेत्रहरूमा महिलालाई समान हक प्राप्त हुने भनी निर्दिष्ट गरेको छ ?** | ६५ |
| १६ | महिलालाई समान ज्याला वा समान वेतनको अधिकार छ ? | ६७ |

| | | |
|---|---|---|
| १७ | महिलाको व्यापार-व्यवसाय, रोजगार वा अन्य आर्थिक गतिविधिको अधिकारलाई संरक्षण गर्ने गरी संवैधानिक ब्यवस्था गरिएको छ ? | ६९ |
| १८ | महिलाको भूमि र अन्य सम्पत्तिमाथिको स्वामित्व र उत्तराधिकारको समान अधिकार सुनिश्चित गरिएको छ ? | ७१ |
| १९ | **विवाहसम्बन्धी समान अधिकारको प्रत्याभूति गरिएको छ ?** | **७३** |
| २० | **शिक्षाको अधिकार सुनिश्चित गरिएको छ ? विशेष गरी बालिका र महिला शिक्षाको अधिकार सुरक्षित गरिएको छ ?** | **७६** |
| २१ | खाद्य सुरक्षा र खानेपानीको अधिकार सुनिश्चित गरिएको छ ? | ७८ |
| २२ | **स्वास्थ्य तथा स्वास्थ्य हेरचाहको अधिकार सुनिश्चित गरिएको छ ? प्रजनन स्वास्थ्य सम्बन्धी र प्रजनन स्वास्थ्य हेरचाहसम्बन्धी विशेष अधिकारको व्यवस्था गरिएको छ ? महिलालाई आफ्नो प्रजनन सम्वन्धी विषयमा छनोट गर्ने, निर्णय गर्न पाउने र आफ्नो शरीरमाथि आफ्नो नियन्त्रण राख्न पाउने अधिकार दिइएको छ ?** | ८० |
| २३ | गर्भपतन सम्बन्धमा महिलाको अधिकारलाई सुरक्षित गरिएको छ ? | ८३ |
| २४ | तलबसहितको प्रसूती विदाको अधिकार सुरक्षित गरिएको छ ? | ८५ |
| २५ | **महिलामाथि राज्यवाट हुने हिंसा विरूद्ध स्वतन्त्र हुन पाउने र संरक्षण पाउने अधिकार सुरक्षित गरिएको छ ? के गैर-राज्य पक्ष (परिवारका सदस्य, रोजगारदाता, व्यावसायिक वा निजी प्रतिष्ठान, आदि) वाट हुने हिंसा विरूद्धको अधिकार सुरक्षित गरिएको छ ?** | ८८ |
| २६ | वेचविखनलाई निषेध गरिएको छ ? | ९० |
| २७ | यौन कार्य वा यौन शोषणका बारेमा उल्लेख गरिएको छ ? | ९२ |
| २८ | महिलालाई हानि पुऱ्याउने नियतवाट गरिने कुनै पनि प्रकारको अभिव्यक्ति (स्पिच) लाई निषेध गरिएको छ ? | ९४ |
| **खण्ड ४. नागरिकता** | | |
| २९ | **महिला र पुरूषले समान रूपले नागरिकता प्राप्त गर्ने, परिवर्तन गर्ने वा त्यसलाई निरन्तर राख्न पाउने अधिकार सुनिश्चित गरिएको छ ?** | **९७** |
| ३० | दोहोरो वा वहुनागरिकता प्रदान गर्ने व्यवस्थालाई स्वीकार गरिएको छ ? | ९९ |
| ३१ | **महिलाले स्वतन्त्र रुपमा आफ्ना सन्तानलाई नागरिकता दिलाउन सक्छिन ?** | **१०३** |
| ३२ | पुरूषले आफ्नो श्रीमतीलाई जस्तै के महिलाले पनि आफ्नो श्रीमान्लाई वैवाहिक सम्बन्धको आधारमा समान ढंगले नागरिकता दिलाउन सक्छिन् ? | १०४ |
| ३३ | आधारभूत अधिकार र स्वतन्त्रतासम्बन्धी व्यवस्थाहरु सबैका लागि समान रूपले लागू हुन्छन् वा नागरिकका लागि मात्र व्यवस्था गरिएको छ ? यदि केही अधिकारहरु नागरिकका लागि मात्र लागू हुने गरी व्यवस्था गरिएको छ भने यी व्यवस्थाहरू लोकतान्त्रिक राज्य व्यवस्था र अन्तर्राष्ट्रिय दायित्व अनुकूल हुन्छन् त ? | १०६ |
| **खण्ड ५. व्यवस्थापिका र निर्वाचन** | | |
| ३४ | राजनीतिक दलमा महिलाहरूको सहभागिता र प्रतिनिधित्व बढाउने खालका प्रावधानहरु संविधानमा प्रस्तावित गरिएका छन् ? | १०९ |
| ३५ | निर्वाचन प्रणाली महिलाहरूका लागि कत्तिको सहयोगी/अनुकूल छ ? | ११२ |
| ३६ | **के संविधानमा विधायिका वा संसदमा महिलाको सहभागिता र प्रतिनधित्वलाई सुनिश्चित वा सहजीकरण गर्ने प्रावधानहरू छन् ?** | **११५** |
| ३७ | विधायिका/ससंद्मा महिलाको पूर्ण सहभागितालाई सुरक्षित गरिएको छ ? | ११८ |
| **खण्ड ६. सरकार** | | |
| ३८ | सरकारको नीति निर्माणमा लैङ्गिक मूलप्रवाहीकरण गर्ने विषय कुनै प्रावधानमा उल्लेख गरिएको छ ? | १२१ |

| | | |
|---|---|---|
| ३९ | **निजामती सेवा तथा स्वतन्त्र निकायहरूमा महिलाहरूको भर्ना वा नियुक्ति प्रत्याभूत वा सहजीकरण गर्ने कुनै व्यवस्था छ ?** | **१२४** |
| ४० | **सरकारमा महिला सहभागिताको महत्वलाई स्वीकार गरिएको छ ?** | **१२७** |
| ४१ | **संविधानमा सुरक्षा निकाय (प्रहरी, सैनिक, अनुसन्धान तथा गुप्तचर सेवा) ले मानव अधिकारको सम्मान गर्नुपर्छ भनी उल्लेख गरिएको प्रावधान छ ?** | **१२९** |
| ४२ | के संविधानमा महिलाहरूलाई कार्यपालिकाको माथिल्लो तहसम्मै पुग्न सक्ने अवसर सुनिश्चित गरिएको छ ? | १३२ |
| ४३ | **न्यायपालिकामा महिला सहभागिताको महत्वलाई स्वीकार गरिएको छ ? न्यायिक नियुक्तिका संयन्त्रहरूले सबै तहका न्यायालयहरू, विशेष गरी सर्वोच्च वा संवैधानिक अदालतहरूमा महिलाको नियुक्तिलाई सहजीकरण गर्छन त ?** | **१३४** |
| ४४ | सुरक्षा फौजमा लैङ्गिक विविधताको महत्वलाई मान्यता प्रदान गरिएको छ ? सुरक्षा फौजमा महिला सहभागिता सुनिश्चित गर्ने संयन्त्रहरु छन् ? | १३७ |
| ४५ | सरकारका सबै तहमा मानव अधिकारको सम्मान गर्नुपर्छ भन्ने कुरा स्पष्ट छ त ? | १३९ |
| **खण्ड ७. कार्यान्वयन र परिपालना** | | |
| ४६ | संविधानमा स्वतन्त्र आयोग वा अम्बुड्सपर्सनको व्यवस्था गरिएको छ ? यी आयोगहरूमा महिलाको प्रतिनिधित्व सुनिश्चित गर्ने संयन्त्र छन् ? | १४१ |
| ४७ | संविधानले राष्ट्रिय महिला वा लैङ्गिक आयोग वा अन्य महिला/लैङ्गिक संरचना स्थापना गर्ने ब्यवस्था गरेको छ ? | १४५ |
| ४८ | संविधानले पछाडि पारिएका वा परेका व्यक्तिहरूको न्यायमा सहज पहुँच हुने गरी कानून तथा सरकारी गतिविधिहरूलाई अदालतमा चुनौती दिन सक्ने आधारहरू पर्याप्त मात्रामा खुला र सहज पहुँचयोग्य बनाएको छ ? | १४८ |
| ४९ | असमर्थ पक्षका लागि सरकारी कोषवाट नि:शुल्क कानूनी सहायता सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ ? यदि छ भने यसले फौजदारी र देवानी दुवै प्रकृतिका मुद्दालाई समेट्दछ ? | १५१ |
| ५० | संविधान लागू गर्न कुनै संरचनाको व्यवस्था गरिएको छ ? | १५४ |
| **खण्ड ८. संवैधानिक व्याख्या** | | |
| ५१ | संवैधानिक प्रावधानहरूको प्रगतिशील व्याख्यालाई मार्गप्रशस्त गर्ने गरी संवैधानिक व्याख्या तथा न्यायिक पुनरावलोकनको लागि मार्गदर्शन गरिएको छ ? | १५७ |
| ५२ | **लैङ्गिक समानतासम्बन्धी अधिकारहरूलाई अवाञ्छित सीमाहरूबाट संरक्षित गरिएको छ ?** | **१६०** |
| ५३ | अदालत तथा अन्य निकायहरूले मानव अधिकारसम्बन्धी प्रावधानहरु व्याख्या र लागू गर्दा विदेशी कानूनलाई आत्मसात गर्न सक्ने व्यवस्था छ ? | १६३ |
| ५४ | अदालत तथा अन्य निकायहरूले मानव अधिकारसम्बन्धी प्रावधानहरु व्याख्या र लागू गर्दा अन्तर्राष्ट्रिय कानूनलाई आत्मसात गर्न प्रोत्साहित गरिएको वा त्यसलाई आवश्यक बनाइएको छ ? | १६५ |
| ५५ | अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी सन्धि सम्झौताहरु प्रत्यक्ष रूपमा लागू हुन्छन् ? | १६८ |

# प्राक्कथन

लैङ्गिक समानता लोकतान्त्रिक र न्यायपूर्ण समाजको मूल आधार हो । महिलाहरूलाई सशक्त बनाउने लोकतान्त्रिक पद्धति तथा प्रक्रियालाई सहयोग पुऱ्याउन इन्टरनेसनल आइडिया प्रतिबद्ध छ । संसद्का सदस्य हुन् वा निर्वाचित पदाधिकारी, राजनीतिक दलका नेतृत्वदायी पदमा रहेका वा स्थानीय वा राष्ट्रियस्तरमा सक्रिय नागरिकका रूपमा, राजनीतिमा महिलाहरूको बढ्दो सहभागिता र प्रतिनिधित्वलाई मद्दत गर्दै आएको यस संस्थासँग लामो विगत छ ।

संविधान निर्माण प्रक्रियाले महिला र लैङ्गिक समानताका पक्षपोषकहरूलाई लोकतान्त्रिक शासन व्यवस्थाको प्रारूप निर्माणमा सहभागी हुन, विद्यमान चुनौतीहरूको सम्बोधन गर्न तथा महिलाको राजनीतिक, आर्थिक र सामाजिक समानता साकार हुने भविष्यका आकांक्षाहरु अभिव्यक्त गर्न अद्वितीय अवसर उपलब्ध गराउँछ । इन्टरनेसनल आइडियाले बोलिभिया, नेपाल र ट्यूनिसिया जस्ता मुलुकमा विविध परिस्थितिमा भएका समावेशी संवैधानिक सुधारका प्रक्रियाहरूलाई सहयोग पुऱ्याएको छ । यी सबै देशमा लैङ्गिक समानताका पक्षधरहरु संविधान निर्माण प्रक्रियामा संगठित हुने, सञ्जाल निर्माण गर्ने, आफ्ना अधिकारका लागि पैरवी गर्ने र नयाँ संविधानमा दिगो उपलब्धि हासिल गर्न प्रदान गर्ने अवसरको उपयोग गर्ने दिशामा सफल भएका छन् ।

यो समीक्षाले विश्वभरि महिलाको सारभूत समानता प्रवर्द्धन गर्ने, संवैधानिक सुधारका लागि पक्षपोषण गर्ने र संविधान निर्माताहरूलाई सहयोग पुऱ्याउने साधन/माध्यम उपलब्ध गराउनेछ । समीक्षामा संविधान निर्माताहरूका लागि लैङ्गिक समानता केन्द्रित संवैधानिक संरक्षणहरूमा विद्यमान कमीकमजोरी पहिचान गर्न र त्यसमा विद्यमान सबल पक्षलाई अगाडि बढाउन मद्दत पुऱ्याउने प्रश्नहरु संग्रह गरिएको छ । संविधानको समीक्षा गर्ने कार्य कठिन र प्राविधिक अभ्यास जस्तो लागे पनि यस समीक्षा निर्देशिकाले प्रयोक्ताहरूलाई महिला अधिकार संरक्षण गर्न र महिला तथा किशोरीहरूको विकास र सफलताका लागि सुहाउँदो परिस्थिति सिर्जना गर्न महत्वपूर्ण ठानिएका विषयहरूमा चरणवद्ध रूपमा दिशानिर्देश गर्नेछ । यी अधिकारहरु संयुक्त राष्ट्रसङ्घीय दिगो विकासका लक्ष्य नं ५: 'लैङ्गिक समानता हासिल गर्ने र सबै महिला र किशोरीहरूलाई सशक्त बनाउने' मा प्रतिबिम्बित छन् । यसप्रकार प्रस्तुत समीक्षाले ती विषयहरु बारे सामान्य ज्ञान भएका व्यक्ति वा समूहलाई संवैधानिक प्रक्रियामा सहभागी हुन, लिखतहरूमा संलग्न हुन, बुझ्न, विश्लेषण गर्न र आवश्यकतानुसार सामयिक संशोधन एवं परिमार्जनहरु सुझाउन सक्षम बनाउनेछ ।

यस समीक्षामा सम्बोधन गरिएका विषयहरु महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (CEDAW) सहित अन्तर्राष्ट्रिय र क्षेत्रीय मापदण्डहरूका साथै विश्वभरिका विविध संवैधानिक अभ्यासहरूमा आधारित छन् । यसले इन्टरनेसनल आइडियाको तुलनात्मक विश्वव्यापी अवधारणालाई समेत प्रतिनिधित्व गर्दछ, जसले अन्तर्राष्ट्रिय शासन व्यवस्था र मानवअधिकार सम्बन्धी दायित्वहरु दुवैका साथै विभिन्न क्षेत्रका लोकतान्त्रिक अभ्यासको समृद्ध विविधताका सिकाइहरूमाथि पनि जोड दिन्छ ।

प्रस्तुत समीक्षाले यसका प्रयोक्ताहरूलाई एउटा साधारण पद्धतिमार्फत सशक्त बनाउने अभीष्ट राखेको छ, जसले उनीहरूलाई आफ्नो संविधान वा मसौदा संविधानमा उल्लिखित राष्ट्रपति वा प्रधानमन्त्रीलाई सम्बोधन गर्नेदेखि लिएर मौलिक हक उल्लङ्घन भएको अवस्थामा त्यस विरूद्ध मुद्दा चलाउने अधिकारप्राप्त न्यायाधीशको नियुक्ति प्रक्रियालाई वर्णन गर्नेसम्मको भाषासंग अभ्यस्त तुल्याउनेछ । यसले लैङ्गिक समानताका पैरवीकर्ताहरूलाई संविधानले महिलाको सारभूत समानतालाई प्रवर्द्धन र अवरूद्ध गर्न सक्ने विभिन्न तौरतरिकाहरु बारेको तर्कसंगत बुझाईका साथै संविधान निर्माण प्रक्रियामा संलग्न हुन सक्षम बनाउनेछ ।

संविधान निर्माण प्रक्रिया जनताको स्वामित्वमा अघि बढ्ने एउटा राष्ट्रिय प्रक्रिया हो । संविधानमा महिला समानताको समीक्षा : कार्यपुस्तिका *(Constitution Assessment for Women's Equality: A Workbook)* संविधान निर्माण प्रक्रियालाई अझ पहुँचयोग्य, बुझ्न सकिने र अन्ततः नागरिकहरूप्रति अझ बढी उत्तरदायी बनाउन इन्टरनेसनल आइडियाले उपलब्ध गराउने साधन र स्रोतहरूमा एउटा अमूल्य योगदान हो भन्ने हाम्रो ठम्याइ रहेको छ ।

*ईभ् लेटेरमे*
*महासचिव*
*इन्टरनेसनल आइडिया*

# कृतज्ञता

संविधानमा महिला समानताको समीक्षा : कार्यपुस्तिका (Constitution Assessment for Women's Equality: A Workbook) को जेनेसिस अर्थात मूलस्रोतको रूपमा लिना रिक्किला तामाङ्को नेतृत्वमा इन्टरनेसनल आइडिया नेपाल कार्यक्रम रहेको छ । कार्यक्रमको एक भागको रूपमा 'लैङ्गिक दृष्टिकोणबाट मसौदा संविधानका विषयमा सोधिनुपर्ने प्रश्नहरु' शीर्षकको समीक्षापत्र तयार गरिएको थियो जसलाई जील कट्रेल घाईले लेख्नुभएको थियो । उक्त समीक्षापत्रको सम्पादन दीप्ति खकुरेलले गर्नुभएको थियो ।

प्रस्तुत संविधानमा महिला समानताको समीक्षा (Constitution Assessment for Women's Equality) नामक कार्यपुस्तिकाले विश्वव्यापी तुलनात्मक स्रोत उपलब्ध गराउने नेपाल कार्यक्रमको प्रयासलाई अघि बढाउने काम गर्नेछ । यस समीक्षाको मूल लेखक मेलानी एलेन् हुनुहुन्छ । हेलेन इरभिङ्को लैङ्गिकता र संविधानसम्बन्धी प्रकाशित सामग्री प्रस्तुत कार्यपुस्तिकाको लागि मुख्य उत्प्रेरणा र महत्वपूर्ण स्रोत सामग्रीको रूपमा रहेको छ । साथै यस कार्यपुस्तिकाको प्रारम्भिक मस्यौदमा उहांले वहुमूल्य सुझाव समेत दिनुभएको थियो । हामी उहांप्रति पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छौं । विशेषज्ञता उपलब्ध गराउने इन्टरनेसनल आइडियाका सहकर्मीहरु डोनिया बेन रोमधाने, सुमित बिसरिया, क्यारोलिना फ्लोरू, जेनी हेडस्ट्रोम, नाना कालाडाज्दे र रूमविदजाई कान्दावासभिका-नुन्दु र यसको ढाँचामा योगदान दिनुहुने किमाना जुलुऐटा-फुलसरप्रति पनि आभार व्यक्त गर्न चाहन्छौं । इन्टरनेसनल आइडियाको म्यानमार कार्यक्रमका सोफिया फरनान्डेज र सु मोन थान्तको सहयोगको पनि हामी सराहना गर्न चाहन्छौं र यस समीक्षाको नमूना परीक्षणलाई याङ्गुनामा सहआयोजना गर्ने म्यानमारस्थित लोकल रिसोर्स सेन्टरलाई समेत धन्यवाद दिन चाहन्छौं । सम्पादन र उत्पादनका चरणमा समीक्षालाई दिशानिर्देश गर्ने डेभिड प्राटर पनि धन्यवादको पात्र हुनुहुन्छ । संविधान निर्माण प्रक्रिया कार्यक्रमा रहेर इन्टरनसिप गरी तुलनात्मक संवैधानिक प्रावधानहरु सम्बन्धी अनुसन्धानमा संलग्न रही क्रिस्टिना भान कुईजिक र इलिसा क्यानरले सहयोग पुऱ्याउनु भएको थियो ।

समीक्षामा बहुमूल्य प्रतिक्रिया उपलब्ध गराउने र मेघान एम. फिलिप्स् र अब्बी इरिन रिलेको कामको सुपरीवेक्षण गर्नु हुने क्रिस्टी वारेनप्रति इन्टरनेसनल आइडिया कृतज्ञ छ । सम्बन्धित अन्तर्राष्ट्रिय कानूनी लिखतहरूको परिशिष्टको संग्रह गर्ने फिलिप्स् र रिलेको कामको पनि हामी सराहना गर्दछौं । बेट्रिस डन्कन, क्यारोलिन हुब्बार्ड र क्रिस्टिना मुर्रेलाई उहाँहरूको अन्तर्दृष्टि र विशेषज्ञताका लागि हामी धन्यवाद व्यक्त गर्दछौं ।

अन्त्यमा, हामी नर्वेजियन विदेश मन्त्रालयलाई धन्यवाद व्यक्त गर्दछौं, जसले संविधान निर्माण प्रक्रिया कार्यक्रमलाई प्रदान गरेको आर्थिक सहयोगले *संविधानमा महिला समानताको समीक्षा*को निर्माणमा सहयोग पुऱ्याएको छ ।

# विषय प्रवेशः

*प्रभावकारी सहभागितामूलक संविधान निर्माण प्रक्रियाले विधि र परिणाम दुवैमा महिलाको समान प्रतिनिधित्व प्रदान गर्नुपर्छ । बहुमत जनसंख्यालाई बहिष्करण वा सीमान्तकृत गर्ने कुनै पनि प्रक्रिया प्रतिनिधिमूलक हुन सक्दैन । महिलाका दृष्टिकोण र चासोहरूलाई पूर्ण रूपमा सुनिश्चित गर्न असफल कुनै पनि संविधानलाई समयसँगै पूर्ण रूपमा वैधानिक मान्न सकिंदैन ।*
- म्यारी रोबिनसन, मानवअधिकारका लागि राष्ट्रिसङ्घीय पूर्व उच्चायुक्त (सन् २०१०)

*संविधानमा महिला समानताको समीक्षाले* यसका प्रयोक्ताहरूलाई संविधान वा मसौदा संविधानलाई महिलाको सारभूत समानताको दृष्टिकोणबाट विश्लेषण गर्न मद्दत गर्नेछ । शृङ्खलाबद्ध प्रश्नहरु, संक्षिप्त व्याख्या र विश्वभरिका संविधानका नमूना प्रावधानहरूको प्रयोग गर्दै, समीक्षाले आफ्ना पाठकहरूलाई महिला अधिकार र लैङ्गिक समानतालाई प्रभावित गर्ने सर्वाधिक महत्वपूर्ण संवैधानिक विषयहरूको जाँच कार्यमा दिशानिर्देश गर्नेछ ।

यो समीक्षा लैङ्गिक समानताका पक्षपोषकहरूका साथै महिलाको संवैधानिक अधिकार विषयमा पहिलो पटक संलग्न हुने संविधानसभाका सदस्य, संविधानका मसौदाकार, नागरिक समाजका सदस्य वा सम्बन्धित व्यक्तिहरूका लागि तर्जुमा गरिएको हो । लैङ्गिक समानताले लोकतन्त्र र समाजको गुणस्तरलाई प्रभावित गर्ने हुनाले यो समीक्षा पुरूष र महिला दुवैका लागि एउटा स्रोत सामग्री हो । यसले यहांहरूलाई आफ्नो संविधान वा मसौदा संविधानको भाषा र प्रावधानहरूलाई महिलाको सारभूत समानताको दृष्टिकोणबाट व्यवस्थित रूपमा विश्लेषण गर्न; अधिकारको समावेशीकरण, संवैधानिक मूल्यमान्यता र संस्थागत प्रारूपमार्फत सम्बोधन गर्न सकिने समानतासंग सम्बन्धित सवालहरूलाई बुझ्न; अन्य देशहरूले यी सवालहरूलाई आफ्नो संविधानमा कसरी सम्बोधन गरेका छन् भनेर तुलना गर्न; र आफ्नो देशमा पैरवीका लागि समानतासम्बन्धी महत्वपूर्ण सवालहरूको पहिचान र प्राथमिकीकरण गर्न मद्दत गर्नेछ ।

प्रस्तुत समीक्षा अफ्रिका, एसिया, ल्याटिन अमेरिका र क्यारेबियन, ओसियाना र पश्चिम एसियामा भएका असल अभ्यासहरूमा आधारित छ । यसले विविध प्रकृतिका देशहरु तथा युरोप र उत्तर अमेरिका जस्ता व्यापक रूपमा अध्ययन नभएका वा सहज पहुँच नहुने देशका अभ्यासलाई समेत प्रस्तुत गरी ती क्षेत्रका उदाहरणहरु समेत उपलब्ध गराउनेछ । सम्बद्ध प्रावधानहरु व्यवहारमा कसरी लागू गरिएका छन् भन्ने भन्दा पनि प्रावधानहरूको विषयवस्तुका आधारमा दृष्टान्तको छनौट गरिएको छ ।

समीक्षामा समावेश गरिएका प्रश्नहरु महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (CEDAW), नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR), आर्थिक,सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICECSR), विवाहित महिलाको राष्ट्रियता सम्बन्धी महासन्धि, मानव तथा जनअधिकार सम्बन्धी अफ्रिकी बडापत्र, र दक्षिण पूर्वी एसियाली देशहरूको संगठन (ASEAN) को मानवअधिकार सम्बन्धी घोषणापत्रजस्ता अन्तर्राष्ट्रिय र क्षेत्रीय लिखतहरूमा समावेश गरिएका मापदण्डद्वारा सुसूचित छन् ।

पहिलो अध्यायले संवैधानिक विश्लेषणको क्रममा लैङ्गिक रूपमा संवेदनशील अवधारणाहरूलाई उल्लेख गर्दै संविधानमा महिला समानताको समीक्षाको ढाँचा र संरचनाको व्याख्या गरेको छ । दोस्रो अध्यायमा समीक्षामा समेटिएका मुख्य सवालहरूका साथै लैङ्गिक समानताका लागि महत्वपूर्ण मानिएका लोकतन्त्र सम्बन्धी आम सरोकारका विषयहरूबारे छलफल गरिएको छ ।

प्रस्तुत समीक्षा संवैधानिक मूल्यमान्यता र सिद्धान्त; समानता र गैरभेदभाव; आर्थिक र सामाजिक अधिकार; नागरिकता; व्यवस्थापिका र निर्वाचन; सरकार; कार्यान्वयन र परिपालना; र संवैधानिक व्याख्या लगायतका विभिन्न भागहरूमा विभाजित छ, जसमा विषयवस्तुको स्पष्टताको लागि विभिन्न ५५ वटा प्रश्नहरु समावेश गरिएका छन् । यो दस्तावेजमा अन्तर्राष्ट्रिय तथा क्षेत्रीय लिखतहरूको परिशिष्ट सूची ; महिला समानता र संविधानसम्बन्धी शब्दहरूको पारभाषिक शब्दावली; सन्दर्भ सामग्रीको सूची ; लैङ्गिक समानतासम्बन्धी मुद्दाहरु बारे थप अध्ययन र स्रोत सामग्री; र समीक्षामा समावेश गरिएका ५५ वटा प्रश्नहरूको सूची पनि समावेश गरिएका छन् ।

# १. संविधानमा लैङ्गिक समानताको समीक्षा

# १.१ संविधानमा लैङ्गिक रूपमा संवेदनशील अवधारणा किन समावेश गरिनुपर्छ ?

संविधानले बहुभूमिकाहरु निर्वाह गर्दछ जसबाट महिला र पुरूषको राजनीतिक, आर्थिक र सामाजिक समानतामा गहिरो प्रभाव पर्न सक्तछ । सर्वोच्च कानूनका रूपमा संविधानले राज्यको संरचनालाई परिभाषित गर्ने, राजनीतिक अधिकार वितरण गर्ने र जनताको अधिकारलाई मान्यता प्रदान गर्ने तथा त्यसको संरक्षण गर्ने काम गर्दछ । यी आधारभूत जिम्मेवारीका अतिरिक्त कुनै पनि देशको संविधानले एउटा दूरदृष्टि प्रस्तुत गर्दछ जसले सो देशको मूल्यमान्यता र इतिहासका साथै भविष्यका लागि अपेक्षित उद्देश्यहरूलाई समेत प्रतिबिम्वित गर्छ । संविधानले सुदृढ लोकतन्त्रतर्फको मार्गचित्र प्रस्तुत गर्ने भएकाले संवैधानिक सुधारले महिला अधिकार र समावेशितालाई प्रत्याभूत गर्नुको साथै र महिला र पुरुषको सारभूत समानतालाई संरक्षण र प्रवर्द्धन गर्ने संस्था र प्रक्रियाहरूको सिर्जना गरेर शासन व्यवस्थाको आधारभूत संरचनालाई रूपान्तरण गर्ने एउटा अद्वितीय अवसर पनि प्रदान गर्छ । (एलेन २०१४ :१६)[१]

विश्वव्यापी रूपमा नै संविधानको रूपान्तरणजन्य सम्भाव्यतालाई साकार तुल्याइएको छ, जहाँ नागरिकहरूले संवैधानिक सुधारको अवसरलाई महिलाको अधिकारको सम्मान, संरक्षण र परिपूरणमा राज्यलाई प्रतिबद्ध बनाएर संवैधानिक समुदायको कार्यक्षेत्र पुनःपरिभाषित गर्ने कार्यमा उपयोग गरेका छन् । समलिङ्गी, द्विलिङ्गी, ट्रान्सजेन्डर र अन्तरलिङ्गी (LGBTI) व्यक्तिहरु, अल्पसंख्यक र आदिवासी समूहजस्ता सीमान्तकृत समूहहरु र आर्थिक रूपमा सुविधाबाट बञ्चित समूहहरूले पनि संवैधानिक सुधारले सिर्जना गरेको सानो अवसरलाई आफ्ना अधिकारहरु संरक्षित भएको सुनिश्चित गर्न सफलतापूर्वक प्रयोग गरेका छन् । महिलाहरू पनि यी समूहहरु अन्तर्गत पर्ने गर्छन् ।

आधारभूत राष्ट्रिय दस्तावेजका रूपमा संविधानले राजनीतिक जीवनका साथै आर्थिक र सामाजिक जीवनमा समेत महिलाहरूको प्रगतिलाई सहयोग पुऱ्याउन सक्दछ, किनभने यसले राज्य र त्यसका बासिन्दाहरूको बीचमात्र नभई व्यक्ति-व्यक्तिबीच, संस्था र व्यवसायबीचको सम्बन्धलाई पनि नियमन गर्दछ । संविधानले लैङ्गिक समानतालाई साकार बनाउन कम्तीमा पनि चार तरिकाले योगदान पुर्‍याउन सक्दछ ।

पहिलो, संविधानमा स्पष्ट र लागू गर्न सकिने अधिकार संरक्षण गर्न सकिने प्रावधानहरु समावेश हुनसक्छन्, जसले राज्यलाई ती अधिकारहरूको संरक्षण र पूर्ति गर्न जिम्मेवार बनाउँछ र लैङ्गिक समानताप्रति राज्यको प्रतिबद्धताको शक्तिशाली द्योतकका रूपमा काम गर्छ (ल्यामबर्ट सन् २००९ :३३८) । दोस्रो, महिला अधिकार र समानतालाई मान्यता प्रदान गरी त्यसको प्रवर्द्धन गर्ने प्रावधानहरूले आफ्ना जनता (लैङ्गिक समानताको प्रवर्द्धन गर्ने नीतिहरूको प्रतिरोध गर्ने समूहहरूसमेत) प्रति राष्ट्रको मूल्यमान्यता कस्तो छ भन्ने कुराको दरिलो संकेत दिन्छ ।

तेस्रो, सामान्य कानूनभन्दा संविधान परिवर्तन गर्न कठिन हुने र राजनीतिज्ञ र राजनीतिक दलहरूको परिवर्तनशील नीतिगत प्राथमिकताहरु अनुरूप नहुने तथ्यको अर्थ महिला अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने संवैधानिक प्रावधानहरु विधायिकी कानूनभन्दा बढी प्रभावकारी हुने गर्छन् । चौथो, महिला अधिकारको संरक्षण गर्ने संवैधानिक प्रावधानले कानून र कार्यकारी नीतिहरूको अन्तर्वस्तुको रूप तय गर्ने र अदालतहरूमा महिला समानताप्रति सहयोगी निर्णयहरूको सम्भावना बढाउने क्षमता राख्दछन् ।

---

१. प्रस्तुत समीक्षाले महिला र पुरूषलाई मात्रै उद्धृत गरे पनि लैङ्गिक समानता हासिल गर्न नन बाइनेरी लैङ्गिक पहिचानका व्यक्तिहरूको अधिकारको मान्यता, संरक्षण र परिपूरण समेत अत्यन्त महत्वपूर्ण छ । त्यसैकारण, यस समीक्षामा महिला र पुरूषलाई गरिने उद्धरणले त्यस्ता व्यक्तिहरूलाई वर्जित गर्दैन ।

# १.२ संविधानमा महिला समानताको समीक्षा किन?

लैङ्गिक समानताप्रति बहुगत अवधारणा रहेका छन्, जुन मुख्यतः दुई वर्गमा पर्दछन् : औपचारिक समानता र सारभूत समानता । यी अवधारणाहरूकोबारेमा 'मुख्य अवधारणाहरु' शीर्षकमा छलफल गरिएको छ ।

दोस्रो विश्वयुद्धपछि निर्माण गरिएका प्राय सबैजसो संविधानमा लैङ्गिक समानता र अविभेदका धाराहरु समावेश गरिएका छन् (लुकास सन् २००९ : १३४), र ती प्रावधानहरु औपचारिक समानता उपलब्ध गराउने आधारभूत प्रावधानहरु हुन् । यद्यपि, विगतको दुई दशकयता लेखिएका धेरै संविधानमा सारभूत समानताको मान्यता, संरक्षण र प्रवर्द्धन गर्ने लैङ्गिक प्रावधानहरु र लैङ्गिक रूपमा समावेशी मसौदा शैली समावेश गरिएको पाइन्छ । निर्णय प्रक्रियामा प्रतिनिधित्व सहभागिताका लागि औपचारिक कानूनी समानता एउटा अत्यावश्यक पूर्वशर्त भए तापनि यो पर्याप्त छैन । समान परिणामहरु प्राप्त गर्न अवसर र स्रोतमा महिलाहरूको समान पहुँच हुनुपर्छ (बालाकृष्णन सन् २०१४ : २), जसका लागि त्यस्ता अवसर र स्रोतहरूको लाभ लिने कार्यमा उनीहरूले सामना गर्ने प्रतिकूलता हटाउन कदम चालिनुपर्ने आवश्यकता र समाजमा उनीहरूको असमान हैसियत रहेको कुरालाई स्वीकार गरिनु पर्छ ।

हालैका दशकहरूमा संवैधानिक सुधारका क्रममा देखिएको सबैभन्दा महत्वपूर्ण प्रवृत्ति भनेको समावेशी, सहभागितमूलक संविधान निर्माण प्रक्रियातर्फको कदम रहेको छ । विगतमा बन्द कोठामा र प्रवुद्ध वर्गको नेतृत्वमा हुने गरेको संवैधानिक सुधारको प्रक्रिया हाल संविधान निर्माणको यस्तो स्वरूपमा हुने गरेको छ जहाँ संविधानसभा जस्ता लोकतान्त्रिक निकाय वा विशेष कार्यादेशप्राप्त संसद्ले सो प्रक्रियाको नेतृत्व गर्छ र त्यसमा नागरिकहरूको महत्वपूर्ण भूमिका हुने गर्दछ ।[2] संवैधानिक सुधारमा रहने नागरिक संलग्नतामा मुख्य विषयवस्तु र प्रक्रियाका बारेमा बुझाई प्रवर्द्धन गर्ने नागरिक शिक्षा र अझ महत्वपूर्ण रूपमा नयाँ संविधानको अन्तर्वस्तुमा नागरिकहरूको योगदान सहजीकरण गर्ने सार्वजनिक परामर्शका संयन्त्रहरु समावेश हुन्छन् । प्रस्तावित मसौदा संविधानलाई स्वीकार गर्ने वा नगर्ने भनी गरिने जनमत संग्रह पनि सामान्य हुँदै आएको छ । नागरिक र लोकतान्त्रिक रूपमा निर्वाचित निकायहरूलाई संलग्न गराएर संविधान निर्माण प्रक्रियालाई अझ बढी लोकतान्त्रिक बनाउने यी संयन्त्रहरूले महिलाहरूका लागि संविधान निर्माण प्रक्रियामा सहभागी भई निर्वाचित जनप्रतिनिधि र राजनीतिक दलका सदस्य, नागरिक समाज र प्राज्ञिक क्षेत्रका सदस्य, र नागरिक र मतदाताका रूपमा आफ्नो चासोहरूलाई प्रतिबिम्वि गराउने ढोका खोलिदिने काम गरेका छन् ।

संवैधानिक सुधारका सम्बन्धमा हुने छलफलहरूमा महिलाहरूलाई प्रायः सहभागी गराइदैन । कहिलेकाँही महिला लगायत अन्य व्यक्तिहरूसँग संवैधानिक विषयमा अनुभव वा ज्ञान नभएको बहानामा शक्तिशाली समूहहरूले उनीहरूलाई बाहिर राख्ने प्रयास गर्छन् र महिलाहरु आँफैले पनि संविधान निर्माण कार्यमा सहभागी हुन आफूसँग पर्याप्त विशेषज्ञता नरहेको अनुभव गर्न सक्छन् । तर संविधान निर्माण भनेको संवैधानिक कानूनका ज्ञाता र उच्च स्तरका राजनीतिज्ञहरूका लागि मात्र होइन : संविधान निर्माण गर्ने विधिमा सहभागी हुन र त्यसको अन्तर्वस्तुमा आफ्नो विचार प्रतिनिधित्व गराउन पाउनु सबै नागरिकको हक हो । त्यसका लागि कुनै खास शैक्षिक योग्यता, राजनीतिक अनुभव वा सामाजिक हैसियत आवश्यक पर्दैन । आफ्ना चासोहरूको पहिचान गर्ने कार्य महिलाहरु स्वयम्ले सबैभन्दा राम्रोसँग गर्नसक्छन्, किनभने ती चासोहरु विविध र बहुआयामिक हुन्छन्; विभिन्न सामाजिक, आर्थिक र अन्य समूहका महिलाका रूपमा उनीहरूको जीवन्त अनुभवले पनि संविधान निर्माण प्रक्रियामा सहभागी हुन उनीहरूलाई योग्य बनाउँछ ।

तथापि, संविधान र त्यसले मानिसको जीवनलाई कसरी प्रभावित गर्छ भन्ने कुरा धेरै मानिसहरूलाई बुझ्न कठिन छ । अध्ययन गर्नका लागि यो कठिन दस्तावेज हुनसक्छ र संवैधानिक प्रावधानहरूको प्रभाव र परिणाम आंकलन गर्न कठिन हुनसक्छ । प्रचलित संविधान, प्रस्तावित मसौदा र सुधारका सम्भावनाहरूको जाँच गर्ने साधन बिना विद्यमान संवैधानिक र शासकीय सन्दर्भ बुझ्न वा अर्थपूर्ण योगदान दिन गैरविज्ञहरूलाई सजिलो हुँदैन । यही प्रक्रियामा सहयोग पुऱ्याउन यो समीक्षा तयार गरिएको हो ।

---

२. 'विस्तृत अर्थमा संविधान निर्माणलाई एउटा दीर्घकालीन र ऐतिहासिक प्रक्रिया भनी परिभाषित गरिन्छ । यो एउटा परिघटना मात्रै होइन र यसलाई संविधान तर्जुमा गरिने समयमा मात्रै सीमित गर्न सकिंदैन ।...संविधान निर्माणमा .... संविधान तर्जुमा वा मसौदा कार्यका लागि संस्था, विधि र नियमहरूको स्थापना गर्ने, संविधानलाई कानूनी प्रभाव दिने र त्यसको कार्यान्वयन गर्ने लगायतका कार्यहरू समेत पर्दछन् (वाहिउ, बोइकेनफोरडे र हेडलिङ् २०११ :२)

# १.३ संविधानमा महिला समानता र प्रभाव पार्ने क्षमताको सम्बोधन

संविधानको मसौदा गर्दा त्यसको लिखतमा सारभूत समानता अन्तरनिहित गराउने धेरै उपायहरु छन् । संविधानमा राजनीतिक, आर्थिक र सामाजिक-तीनवटै क्षेत्रमा महिलाको समानता र प्रभाव पार्ने क्षमतालाई प्रभावकारी रूपमा सम्बोधन गर्न अवलम्बन गर्नुपर्ने तरीकाहरूलाई निम्नानुसार तीन बृहत क्षेत्रमा वर्गीकरण गर्न सकिन्छ :

१. लैङ्गिक रूपमा समावेशी मसौदा शैली : संविधानको भाषा कानूनी र साँकेतिक दुवै हिसाबले महत्वपूर्ण हुने गर्छ । विगतमा धेरै संविधानको मसौदा लैङ्गिक रूपमा बहिष्कारजन्य शैलीमा हुने गर्दथ्यो । लैङ्गिक रूपमा बहिष्कारजन्य भाषाले पुरूषलाई मात्र सम्बोधन गर्छ र पुरुष लिङ्गी नाम र सर्वनामको प्रयोग हुने गर्दछ । पुरूष लिङ्गीको प्रयोजन महिला र पुरूष दुवैलाई जनाउने भए तापनि लैङ्गिक रूपमा बहिष्कारजन्य मसौदा कार्यले साँकेतिक रूपमा महिलालाई बहिष्करण गर्दछ ।[3] लैङ्गिक रूपमा समावेशी भाषाले महिलाहरूलाई विशेष रूपले समावेश गरी लैङ्गिक समानताप्रति प्रतिबद्धता जनाउँछ र राजनीतिक व्यक्तित्व भनेको पुरूषहरु हुन् भन्ने रूढिवादलाई कमजोर बनाउन मद्दत गर्छ । उदाहरणका लागि, लैङ्गिक रूपमा समावेशी भाषा प्रयोग गर्ने संविधानले राष्ट्रपति वा प्रधानमन्त्रीलाई "ऊ" (He/His) मात्रले सम्बोधन नगरी "उनी" (She/Her) भन्ने सम्बोधन पनि समावेश गर्दछ । लैङ्गिक रूपमा तटस्थ भाषाले कुनै प्रावधानका लागि लिङ्ग सान्दर्भिक नभएको अवस्थामा कुनै खास लिङ्गलाई मात्र सम्बोधन गर्ने काम गर्दैन ।

२. लैङ्गिक रूपमा निर्दिष्ट प्रावधानहरु : लैङ्गिक रूपमा निर्दिष्ट प्रावधानहरूले महिला अधिकारलाई प्रत्यक्ष सम्बोधन गर्छन् । ती पाँच वृहत वर्गहरूमा पर्छन् (लुकास सन् २००९) :
   १. लैङ्गिक समानता र अविभेदसम्बन्धी धारारू ;
   २. राजनीतिक अधिकारहरू;
   ३. सामाजिक अधिकार र सुरक्षणहरु ;
   ४. आर्थिक अधिकार र सुरक्षणहरु ; र
   ५. विशेष उपाय र अस्थायी विशेष उपायहरु ।

३. संस्था र प्रक्रियाहरूको लैङ्गिक रूपमा उत्तरदायी ढाँचा : महिलाहरूको अधिकारलाई मान्यता प्रदान गरी त्यसको संरक्षण गर्ने खास प्रावधानहरूका अतिरिक्त, सारभूत समानता हासिल गर्न राजनीतिक निकाय र प्रक्रियाहरूको ढाँचा तदनुकूल हुनु अत्यावश्यक हुन्छ । निकाय र प्रक्रियाको लैङ्गिक रूपमा जवाफदेही ढाँचाले व्यवस्थापकीय, न्यायिक, कार्यकारी र सरकारी प्रक्रियाहरूले महिला र पुरूषलाई कसरी फरक तरिकाले प्रभावित गर्छन् भन्ने कुरामा ध्यान दिन्छ । राजनीतिक प्रक्रियामा सहभागी हुने महिलाहरूको क्षमतालाई ध्यान दिने कार्य उनीहरूको राजनीतिक अधिकार पूर्ति गर्न र एउटा लोकतान्त्रिक पद्धतिको विकास गर्न मात्र आवश्यक छैन; यो त राज्यको कानून, नीति र प्रशासनले उनीहरूका विविध आवश्यकताहरूलाई सम्बोधन गरेको सुनिश्चित गर्न पनि अत्यावश्यक छ ।

लैङ्गिक रूपमा उत्तरदायी ढाँचाको उदाहरणको रूपमा महिलामैत्री निर्वाचन प्रणाली, महिलालाई समावेश गर्ने र महिला न्यायाधीशहरूको नियुक्ति सहजीकरण गर्ने न्यायिक नियुक्तिका संयन्त्रहरु, मानवअधिकार आयोग वा लैङ्गिक समानता आयोग जस्ता स्वतन्त्र अनुगमन निकायहरूको स्थापना र महिला तथा अन्य सीमान्तकृत समुदायको न्यायमा पहुँच सुनिश्चित गर्ने नियमहरूलाई लिन सकिन्छ ।

---

३. लैङ्गिकतासहितको संवैधानिक भाषाका लागि इरभिङ्ग (सन् २००८ : अध्याय २) हेर्नुहोस् ।

# १.४ संविधानमा महिला समानताको समीक्षाको प्रयोग कसरी गर्ने ?

## *प्रारम्भ*

प्रस्तुत समीक्षालाई कुनै व्यक्ति वा समूहले पूर्णता दिन सक्छ । समीक्षालाई पूर्णता दिने क्रममा जटिल वा अस्पष्ट मुद्दाहरूबारे समूहमा छलफल गरी काम गर्नु उपयोगी हुनसक्छ, जसमा कुनै संवैधानिक प्रावधान वा मसौदा प्रावधानको अर्थ, तपाईंको देशमा कुनै खास विषयले समेट्ने क्षेत्र, कुनै खास विषयलाई सामान्य कानूनमा सम्बोधन गरिएको छ वा छैन जस्ता कुरा समावेश हुनसक्छन् ।

समीक्षाको प्रयोग गर्नका लागि तपाईंसँग तपाईँले समीक्षा गर्न चाहेको संविधान वा मसौदा संविधानको प्रति हुनु आवश्यक छ । समीक्षामा ५५ वटा प्रश्नहरु समावेश गरिएका छन्, जसलाई सबैभन्दा पछिल्ला संविधानमा सम्बोधन गरिएका बिषयहरूको आधारमा ८ वटा भागमा विभाजित गरिएको छ । यी प्रश्नहरू सिडअ (CEDAW) र मानवअधिकारसम्बन्धी अन्य प्रमुख महासन्धिहरूमा आधारित छन् । समीक्षा लचिलो हुने गरी विकसित गरिएको छ, र त्यसमा तपाईंले संविधान वा मसौदा संविधानको विस्तृत समीक्षा गर्ने सबै प्रश्नहरूको उत्तर दिन सक्नुहुन्छ, वा कुनै खास विषयहरूमा मात्र केन्द्रित हुन सक्नुहुन्छ । आठ वटा भागहरु निम्नानुसार रहेका छन् :

१. मूल्यमान्यता र सिद्धान्तहरु

२. समानता र अविभेद

३. आर्थिक तथा सामाजिक अधिकार

४. नागरिकता

५. व्यवस्थापिका र निर्वाचन

६. सरकार

७. कार्यान्वयन र परिपालना

८. संवैधानिक व्याख्या

यसको ढाँचा र हरेक भागमा रहेका प्रश्नहरूको प्रकृतिलाई बुझ्न पहिला सम्पूर्ण समीक्षालाई एकचोटि सरसर्ती हेर्न हामी सिफारिस गर्दछौं । त्यसपछि तपाईंले सबै वा केही मात्र प्रश्नहरु पूरा गर्ने भन्ने निर्णय लिन सक्नुहुनेछ । प्राय सबैजसो संविधानहरूले कुनै न कुनै रूपमा सम्बोधन गर्नुपर्ने आधारभूत विषयहरूलाई समेट्ने गरी हरेक भागमा दिइएका सबैभन्दा महत्वपूर्ण प्रश्नलाई एउटा त्रिभुजले संकेत गरिएको छ ।

यदि तपाईं आफूले समीक्षा गर्ने योजना बनाएको संविधान वा मसौदा संविधानसँग परिचित हुनुहुँदैन भने त्यसको संरचना र मसौदा शैलीसँग आफूलाई परिचित गराउन त्यसलाई पहिला सरसर्ती पढ्न हामी सिफारिस गर्दछौं ।[४] त्यसलाई कसरी व्यवस्थित गरिएको छ भन्ने कुरा बुझ्न अध्याय र भागको शीर्षकहरूमा ध्यान दिनुहोस् । महिला समानता र प्रभाव पार्ने क्षमतासँग सान्दर्भिक प्रावधानहरु अधिकार वा महिलासम्बन्धी साधारण भागमा मात्र सीमित हुँदैनन्, त्यसलाई संविधानभरि नै पाउन सकिन्छ ।

## *संरचना*

समीक्षाका आठवटा भागहरु मध्ये हरेक भागमा प्रश्नहरूको संग्रह समावेश छ र हरेक प्रश्नले एउटा मुद्दा वा कुनै विषयको एउटा पक्षलाई सम्बोधन गर्दछ । प्रश्नहरूको तल दिइएको बक्सले संवैधानिक दृष्टिकोणबाट महिलाको समानता प्रभाव पार्ने क्षमतामा त्यसको सान्दर्भिकतालाई व्याख्या गर्दछ ।

---

४. संविधानको परिचयका लागि हेर्नुहोस् वाट इज कन्स्टिट्यूसन - संविधान के हो? (इन्टरनेसनल आइडिया, सन् २०१४)। इन्टरनेसनल आइडियाको संविधान निर्माण प्राइमरहरूको पूर्ण शृङ्खला <http://www.constitutionnet.org/primers> मा उपलब्ध छ । तपाईंले <http://www.constitutionnet.org/video/what- constitution>. मा 'वाट इज कन्स्टिट्यूसन' शीर्षकको छोटो भिडियो पनि हेर्नसक्नुहुन्छ ।

यदि तपाईं कुनै पनि शब्दावलीसँग परिचित हुनुहुन्न भने, तपाईंले पारिभाषिक शब्दावलीको सहयोग लिन सक्नुहुन्छ । सन्दर्भ सामग्री र थप अध्ययन सामग्री सम्बन्धी भागमा पनि महत्वपूर्ण स्रोतका लिंकहरु प्रदान गरिएका छन् ।

व्याख्याको तल, बक्समा विश्वभरिका संविधानका नमूना प्रावधानहरूको सूची दिइएको छ, जुन सम्बन्धित विषयलाई सम्बोधन गर्ने असल अभ्यासको उदाहरण हो ।[५] पहिलो कोलममा देशको नाम र संविधान जारी भएको बर्ष उल्लेख गरिएको छ ।[६] दोस्रो कोलममा उदाहरणस्वरूप प्रस्तुत धाराको (र केही अवस्थामा अध्याय, भाग वा उपधारा) को सूची उल्लेख गरिएको छ । तेस्रो कोलममा उदाहरणको रूपमा प्रस्तुत प्रावधानको लिखतलाई सूचीकृत गरिएको छ । मुख्य भाषालाई बोल्डमा संकेत गरिएको छ । चौथो कोलमले प्रश्नमा उठाइएको सवाललाई सम्बोधन गर्ने नमूना प्रावधानलाई पहिचान गर्दछ । सबैभन्दा अन्तिममा ' निष्कर्ष' र 'कार्यहरु' भनी लेखिएका खाली स्थान रहेका छन् जहाँ तपाईंले आफूले प्राप्त गरेको सूचना र उदाहरणको आधारमा आफ्नो निष्कर्ष र के कदम चालिनु आवश्यक छ भनी लेख्नुपर्नेछ ।

## *संविधान वा मसौदा संविधानको अध्ययन*

प्रश्न, व्याख्या र नमूना प्रावधानहरूमा रहेका मुख्य शब्द र वाक्यांशहरूको प्रयोग समीक्षा गरिरहनु भएको संविधान वा मसौदा संविधानको सम्बन्धित भाग पत्ता लगाउन गर्नुहोस् । उदाहरणका लागि, 'महिलाका लागि समान ज्याला वा समान तलबको हक छ ?' भन्ने प्रश्नका लागि 'समान तलब', 'समान ज्याला', 'समान मूल्यको काम', 'समान कामका लागि समान ज्याला' र 'भेदभाव' खोज्नुहोस् ।

संविधानमा रहेको एउटै प्रावधानसँग सम्बन्धित धेरै प्रश्नहरू हुन सक्छन् भने केही अवस्थामा एक भन्दा बढी सान्दर्भिक प्रावधानहरु हुन पनि सक्छन् । उदाहरणका लागि, 'स्वास्थ्यको हक वा स्वास्थ्य सेवाको हक छ ?' भन्ने प्रश्नका लागि, तपाईंले संविधानका विभिन्न भागमा स्वास्थ्य वा स्वास्थ्य सेवासँग सम्बन्धित विभिन्न प्रावधानहरु भेट्न सक्नुहुनेछ ; उदाहरणार्थ- प्रस्तावना वा नागरिकका साधारण अधिकारसम्बन्धी भाग वा महिलाको हकसम्बन्धी भागमा । सम्बन्धित सबै प्रावधानहरूलाई उल्लेख गरिनुपर्छ ।

अन्य प्रश्नहरूले तपाईंलाई एउटै प्रावधानमा मात्र आधारित नभई विभिन्न प्रावधानहरूलाई एकमुष्ट रूपमा लिंदै वा संविधानको सम्पूर्णतामा आधारित रही बृहत समीक्षा गर्न आग्रह गर्दछन् । उदाहरणका लागि, : 'संविधानमा लैङ्गिक रूपमा तटस्थ वा लैङ्गिक रूपमा समावेशी भाषाको प्रयोग गरिएको छ ?' नागरिक, सार्वजनिक पदाधिकारी र अधिकृतहरूको नाम उल्लेख गर्न वा व्याख्या गर्न प्रयोग गरिएको शब्दावली तटस्थ वा लैङ्गिक रूपमा समावेशी छ ? प्रस्तावना र राष्ट्रपति वा अन्य निर्वाचित पदाधिकारी, नागरिक र नागरिकतालाई सम्बोधन गर्ने लगायतका धेरै प्रावधानहरूले लैङ्गिक शब्दावलीको प्रयोग गर्न सक्छन् ।

## *निष्कर्ष र कारवाही/कदम (Findings and Actions)*

हरेक प्रश्नसँग सम्बन्धित प्रावधान (हरु) को पहिचान गर्दा त्यसलाई निष्कर्ष सम्बन्धी भागमा धाराको संख्या(हरु), प्रावधान(हरु) को लिखत वा दुवैसहित टिपोट गर्नुहोस् । यदि कुनै प्रावधान अनियमित वा एकअर्कासँग बाझिएको पाइएमा त्यसलाई निष्कर्ष भागमा उल्लेख गर्नुपर्नेछ । तपाईंले सम्बन्धित प्रावधान भेट्टाउनु भएन भने त्यो पनि उल्लेख गर्नुपर्छ ।

समीक्षाको सर्वाधिक महत्वपूर्ण भाग भनेको कदमहरु (Actions) हो । यसमा हरेक प्रश्नमा उठाइएका हरेक मुद्दा (हरु) लाई संविधानले कति पर्याप्त ढंगबाट सम्बोधन गरेको छ भन्ने बारेमा तपाईंको विश्लेषण र जाँच गरिएको हुनेछ । यसमा महिलाहरूले सामना गर्ने खास चुनौतीहरूलाई पनि विस्तृत रूपमा उल्लेख गरिएको हुनेछ ।

---

५. यस समीक्षामा समावेश गरिएका संवैधानिक प्रावधानहरु लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि राष्ट्रसङ्घीय निकाय (यूएन वुमन)को संवैधानिक डाटाबेस <http:// constitutions.unwomen.org>; र यूनिभरसिटी अफ टेक्सास, अस्टिनको तुलनात्मक संविधान परियोजना <https://www.constituteproject.org> बाट लिइएका हुन् । सान्दिर्भक भएको अवस्थामा प्रावधानहरु मूल भाषाबाट अङ्ग्रेजी भाषामा अनुवाद गरिएका छन् ।

६. उदाहरणका लागि, ब्राजिलको संविधान सन् १९८८ मा जारी भएका कारण समीक्षामा त्यसलाई 'ब्राजिल १९८८' भनी उल्लेख गरिएको छ । तथापि, त्यो समय यता त्यसमा धेरै संशोधनहरु भइसकेका छन् ।

हरेक प्रश्नमा देहायका विषयहरूमा आधारित रही संविधानमा सुधार गर्न सकिन्छ, वा यो पर्याप्त छ भन्ने कुरामा निष्कर्षमा पुग्नुहोस :

- प्रश्न र व्याख्यासम्बन्धी भागमा प्रस्तुत गरिएका मुद्दाहरूका सम्बन्धमा तपाईंको बुझाइ ;
- उदाहरणको रूपमा प्रस्तुत प्रावधानहरू
- संविधानमा तपाईंले पहिचान गर्नुभएका सम्बन्धित प्रावधानहरु ;
- देशको सन्दर्भ ; र
- राष्ट्रले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सम्झौताहरु (महासन्धि, सन्धि, आदि) ।

यदि तपाईं लिखतमा सुधार गर्न सकिन्छ भन्ने निष्कर्षमा पुग्नुभएको छ भने कदमहरू (Actions) भागमा देहायका कुरा गर्नुहोस् :

- सुधारका लागि तपाईंका सुझावहरु सूचीकृत गर्नुहोस् ;
- थप गर्न वा परिवर्तन गर्न सकिने खास भाषा सुझाउनुहोस ; र
- संशोधित प्रावधानको दिशा वा लक्ष्यहरूबारे साधारण विचार प्रस्तुत गर्नुहोस ।

अन्त्यमा, थप अनुसन्धानका विषयहरूको सूची बनाउनुहोस् र अन्य कुनै टिपोट भए त्यसमा समावेश गर्नुहोस् ।

नमूना प्रावधानहरूको प्रयोजन सो विषय र त्यसलाई अन्य देशहरूले कसरी सम्बोधन गरेका छन् भन्ने बारेमा तपाईंलाई बुझ्न मद्दत गर्नु रहेको कुरा मनन गर्नुहोस् । यी उदाहरणहरु उत्प्रेरणाको स्रोत हुनसक्छन् तर तिनीहरू स्वयं कार्यान्वयनका लागि गरिएका सिफारिस भने होइनन् । केही विषयहरु, जस्तै अविभेद सम्बन्धमा साझा भाषाको क्रमिक विकास भइरहेको छ र केही अवस्थामा उपलब्ध गराइएका उदाहरणहरूले एउटा स्थापित वा क्रमशः विकसित हुंदै गैरहेको सहमतितर्फ इंगित गर्दछन् । यद्यपि, हरेक सन्दर्भ पृथक हुन्छ र संविधानमा कुनै खास मुद्दालाई सम्बोधन गर्ने वा नगर्ने (र कसरी गर्ने) भन्ने बारेमा निर्धारण गर्दा तपाईंले अध्ययन गर्नुभएको देशको कानूनी ढाँचा र सामाजिक सन्दर्भलाई समेत ध्यानमा राख्नुपर्ने हुन्छ ।

यस अतिरिक्त, संविधान निर्माता अर्थात संवैधानिक सुधारमा संलग्न राजनीतिक र नागरिक समाजका व्यक्तित्वहरूले अन्तर ाष्ट्रिय कानूनी दायित्वको समेत पालना गर्नुपर्छ, जसमा सम्बन्धित मुलुक पक्षराष्ट्र रहेको सन्धि र महासन्धिहरु पनि समावेश हुन्छन् । उनीहरूले सैद्धान्तिक घोषणापत्र जस्ता गैर बाध्यात्मक कानूनी दायित्वहरु (Soft law) लाई पनि दिशानिर्देशका रूपमा ग्रहण गर्नुपर्ने हुन्छ । परिशिष्ट क मा हरेक प्रश्नसँग सम्बन्धित प्रमुख दस्तावेजलाई सूचीकृत गरिएको छ । प्रयोक्ताहरूले संविधान वा मसौदा संविधानमा महिलाको जायज चासोहरूका लागि हानिकारक कुनै प्रावधानहरु पनि छन् कि भनेर हेर्नुपर्छ, चाहे ती प्रश्नहरूसँग असम्बन्धित नै किन नहुन् । त्यस्ता कुनै प्रावधानहरु भए टिपोट गर्नुहोस्, र त्यसलाई सुधार गर्ने वा हटाउने सम्बन्धमा तपाईंका सुझावहरु पनि समावेश गर्नुहोस् ।

# १.५ प्रयोक्ताहरूले ध्यानमा राख्नुपर्ने महत्वपूर्ण कुराहरू

## *विषयक्षेत्र*

प्रस्तुत समीक्षा निर्माण महिलाको सारभूत समानता हासिल गर्न अत्यावश्यक विषयहरूमा ध्यान केन्द्रित गराउन तयार गरिएको हो । 'आधारभूत प्रश्नहरु' भनिएको निलो कुना भएको पृष्ठमा रहेका प्रश्नहरु अधिकांशतः नयाँ संविधानमा समावेश गरिएका छन् भने धेरैजसो संविधानहरूले समीक्षामा उल्लिखित हरेक विषयलाई सम्बोधन गरेका छैनन् । ती विषयलाई सामान्य कानूनमार्फत पनि सम्बोधन गर्न सकिन्छ । कुनै पनि देशमा विद्यमान लैंगिक समानतासंग सम्बन्धित खास चुनौतीको प्रवृत्ति र गाम्भीर्यता नै यो विषयलाई उक्त मुलुकको संविधान वा साधारण कानूनले सम्बोधन गर्नसक्छ भन्ने विषयमा निर्णयमा पुग्ने सन्दर्भ विन्दु हुन सक्दछ । तपाईंले कुनै खास मुद्दा कुनै खास देशको लागि सान्दर्भिक नहुने निर्णय पनि लिन सक्नुहुन्छ ।

समीक्षामा उठाइएका केही विषयहरु तपाईंका लागि नयाँ पनि हुन सक्छन्, किनभने त्यसलाई तपाईंले यस अघि यथेष्ट ध्यान नदिनुभएको हुनसक्छ वा कुनै खास मुद्दालाई संविधानमै सम्बोधन गर्न सम्भव छ भन्ने कुरा तपाईंलाई नलागेको पनि हुनसक्छ । संवैधानिक सुधार महिला र पुरूषबीचको शक्ति सम्बन्धमा परिवर्तन गर्ने एउटा अद्वितीय अवसर पनि हो ।

मुलुकका विगतका अभ्यासहरूभन्दा पृथक नवीन प्रावधानहरूलाई संवैधानिक सुधार प्रक्रियामा पटकपटक प्रवेश गराइन्छ । त्यस्ता आधारभूत परिवर्तनहरु महिला अधिकारसँग मात्र सम्बन्धित नभई बृहत रूपमा मानवअधिकार, सरकारको संरचना, सरकारका विभिन्न अंगहरूको शक्तिमा रहेका सीमितताहरु, लोकतान्त्रिक प्रक्रियाहरु जस्तैः निर्वाचन, स्वतन्त्र आयोगहरु जस्ता नयाँ निकायहरूको सिर्जना र अन्य धेरै मुद्दाहरूसँग पनि सम्बन्धित हुन सक्छन् ।

समीक्षामा नउठाइएका तर तपाईंले परीक्षण गरिरहनुभएका संविधानमा सम्बोधन गरिनुपर्ने विषयहरु पनि तपाईंले भेट्न सक्नुहुन्छ । लैङ्गिक समानतामा सुधार ल्याउने संवैधानिक विकल्पहरूबारे सिर्जनात्मक रूपमा सोचविचार गर्न तपाईं स्वतन्त्र हुनुहुन्छ । संविधान निर्माताहरूले कहिलेकाँही संविधानमा पूर्ण रूपमा नयाँ विषय प्रवेश गराउन सक्छन् र सम्भवतः कमै भए पनि कुनै खास प्रकृतिको प्रावधान प्रस्तुत गर्ने उनीहरूको देश विश्वकै पहिलो पनि हुनसक्छ ।

## *संविधानलाई समग्रतामा अध्ययन गर्ने*

यद्यपि हरेक पृथक विषय कुनै पनि संविधानको आधारस्तम्भको रूपमा रहने गर्छ, तथापि संविधानका सम्पूर्ण प्रावधानहरूलाई समग्रतामा  पढिनुपर्छ र एकअर्काको सम्बन्धको आधारमा संविधानलाई समष्टिमा बुझिनुपर्छ । उदाहरणका लागि, संविधानमा प्रस्तावना वा निर्देशक सिद्धान्त समावेश हुनसक्छन्, जसले राज्यको मूल्यमान्यता र उद्देश्यहरु प्रस्तुत गर्छन् । ती प्रावधानको अन्तिम उद्देश्यलाई बुझ्न संविधानका अन्य सबै भागहरूसँगै पढ्नुपर्छ, र यो कुरा व्यवस्थापिका (किनभने यसले संविधानको कार्यान्वयन र परिपूर्तिका लागि कानूनहरूको निर्माण गर्ने भएकाले) र न्यायपालिका (जसले कानून र संवैधानिक प्रावधानहरूको व्याख्या गर्छ) का लागि पनि विशेष महत्वपूर्ण हुन्छ ।

## *पूरा गरिएको समीक्षाको प्रयोग कसरी गर्ने ?*

आफ्ना निष्कर्षहरूको प्रयोग गर्नका लागि तपाईंले एउटा रणनीतिको विकास गर्नु आवश्यक छ ।[7]यो रणनीति केही हदसम्म संविधान निर्माण प्रक्रियामा तपाईंको भूमिकामा निर्भर हुन्छ । तथापि, साधारणतया तपाईंका प्राथमिक उद्देश्यहरूमा सामान्यतः आफ्ना निष्कर्षहरु अरूसँग बाड्ने र त्यसको आधारमा तपाईंले निर्माण गरेका मुख्य सन्देशहरूको सम्प्रेषण गर्नु पनि हो । तपाईंको लक्षित वर्ग को हो, त्यो पनि निर्णय गर्नुपर्छ । तपाईंका सम्भावित लक्षित वर्गहरू निम्नानुसार तीन समूहमा पर्न सक्तछन् :

१. संविधान निर्माण निकायका सदस्यहरु र ती निकाय अन्तर्गतका समितिका प्रमुखहरु र अन्य प्रमुख राजनीतिक निर्णयकर्ताहरु समेत ।
२. नागरिक समाजका संस्था र सञ्चारमाध्यम लगायतका पैरवीकर्ता र प्रभावशाली व्यक्तित्वहरु ।
३. सर्वसाधारण, नागरिक र गैरनागरिक लगायत साधारण सरोकारवालाहरु ।

यी समूहहरूसँग तपाईंले आफ्ना निष्कर्षहरूलाई कसरी बाँड्नुहुन्छ भन्ने तरिका भिन्न-भिन्न हुने भए तापनि सम्बन्धित संवैधानिक आयोग र नागरिक समाजलाई बुझाउन आफ्नो निष्कर्ष र सिफारिशहरूको विस्तृत विश्लेषण सहितको प्रतिवेदनमाथि तपाईंले विचार गर्नुपर्ने हुन्छ । संविधान निर्माण निकाय, राजनीतिक दलका नेता र सञ्चार माध्यमका सदस्यहरूका लागि संक्षिप्त सन्देश सहितको नीतिगत सिंहावलोकन ; गोलमेच छलफल वा नागरिक समाज र सञ्चार माध्यम समक्ष प्रस्तुतिहरु; सर्वसाधारण लक्षित सामाजिक सञ्चार माध्यम र परम्परागत सञ्चार माध्यम (जस्तैः रेडियो, टिभी र पत्रपत्रिका) अभियानहरु ; र साधारण सरोकारवालाहरूका लागि सार्वजनिक मञ्चका बारेमा पनि तपाईंले विचार गर्न सक्नुहुनेछ ।

आफ्ना सन्देशहरूको प्रभावकारिताको लागि तिनीहरूको  निर्माण सावधानीपूर्वक हुनुपर्छ र तपाईंले पुग्न र प्रभावित गर्न खोज्नुभएको लक्षित वर्गका चासो र प्राथमिकताहरूमा आधारित हुनुपर्छ ।

---

७ प्रचारप्रसारप्रति कस्तो अवधारणा अवलम्बन गर्ने भन्ने बारेमा थप सुझावहरूका लागि हेर्नुहोस्, बिथम र अन्य (सन् २००८:६०-६७)

## *लिखतको विश्लेषण भन्दा पर*

लैङ्गिक समानताका पैरवीकर्ताहरूले लैङ्गिक समानताको प्राप्ति भनेको कानून पारित गर्ने भन्दा पनि अझ बढी जटिल कुरा हो भन्ने कुरा बुझ्नु जरूरी हुन्छ ; यसमा समाजमा महिला र पुरूषबीचको असमान शक्ति सम्बन्धमा परिवर्तन ल्याउने कार्य निहित हुन्छ, र त्यसका लागि धेरै लामो समयदेखि गहिरोसंग जरा गाडेको सामाजिक मानसिकता र व्यवहारका प्रवृत्तिमा परिवर्तन ल्याउनु आवश्यक हुन्छ । यो वास्तविकतालाई स्वीकार्दा कानून वा संविधानको अवमूल्यन हुने, वा त्यसलाई लैङ्गिक दृष्टिकोणबाट कसरी सुधार गर्न सकिन्छ भन्ने कुराको विश्लेषण गर्नुको महत्व कम हुँदैन । यद्यपि, संविधानले महिलाको समानता र प्रभाव पार्ने क्षमतालाई कसरी सबैभन्दा प्रभावकारी ढंगले सहजीकरण गर्न सक्छ भन्ने कुरा बुझ्न संविधान लागू हुने राजनीतिक, आर्थिक र सामाजिक सन्दर्भका साथै महिला र पुरूषहरूले सामना गर्ने चुनौतीहरूलाई सूक्ष्म रूपमा अवलोकन गर्नुपर्ने आवश्यकता उजागर गर्दछ ।

## *संविधान निर्माण प्रक्रिया*

शासन व्यवस्थामा सहभागी हुन पाउने नागरिकहरूको अधिकारको बुझाई व्यापक हुँदै जाने क्रममा संवैधानिक सुधारको विषय पनि समेटिन थालेको सन्दर्भमा खुला र सहभागितामूलक संविधान निर्माणको प्रक्रिया पनि स्थापित हुन पुगेको छ र त्यसलाई नयाँ संविधानको वैधताका लागि महत्वपूर्ण शर्तका रूपमा समेत लिन थालिएको छ । यी प्रक्रियाहरूले महिलालाई निर्वाचित जनप्रतिनिधि र राजनीतिक दलका सदस्यका साथै नागरिक समाज र प्राज्ञिक क्षेत्रका सदस्य र नागरिक तथा मतदाताका रूपमा सहभागी हुन ढोका खोल्ने काम गरेका छन् ।

त्यसैले गर्दा लैङ्गिक समानताका पैरवीकर्ताहरूले आफ्नो विश्लेषणलाई संविधानको लिखतमा मात्र सीमित गर्नु हुँदैन; उनीहरूको प्रश्नले संविधान निर्माणमा महिला प्रतिनिधित्व र सहभागिताको परीक्षण गर्नुपर्छ ।[८] उदाहरणका लागि संविधानको निर्माण गर्ने जिम्मेवारी बहन गरेको संविधानसभा वा अन्य निकायमा महिलाहरूको समुचित प्रतिनिधित्व भएको छ वा छैन ? महिलाहरूले यी निकायमा प्रभावकारी रूपमा सहभागी भई नेतृत्वदायी भूमिका निर्वाह गर्न सकेका छन् कि छैनन् ? विविध पृष्ठभूमिका महिलाहरूको प्रतिनिधित्व भएको छ छैन ? नागरिक समाज र प्राज्ञिक क्षेत्रका महिलाहरु सो प्रक्रियामा पैरवी गर्न र प्राविधिक विशेषज्ञता प्रदान गर्न प्रभावकारी रूपमा परिचालित हुनसकेका छन् त ? जनमत संकलनका संयन्त्र अन्तर्गत गरिब र ग्रामीण महिलाहरूको विचारको कुन हदसम्म कदर गरिएको छ र ती सुझाव संकलन कार्यले के कस्ता प्रस्तावहरु ल्याउन सकेका छन् ? लैङ्गिक समानताको एजेण्डामा पुरूष र महिलाहरु मिलेर काम गरिरहेका छन् कि छैनन ?

प्रस्तुत समीक्षाले संविधान निर्माण प्रक्रियालाई सम्बोधन नगरे तापनि यसले लैङ्गिक समानताका पैरवीकर्ताहरूलाई संविधान वा त्यसको मसौदासँग गहिरो रूपमा परिचित गराएर, संविधानले सम्बोधन गर्नसक्ने विषयक्षेत्रहरूबारे सचेत गराएर, विश्वभरिका असल अभ्यासहरूका बारेमा उनीहरूलाई सूचित गराएर र परिवर्तनका लागि प्राथमिकताहरूको पहिचान गर्न मद्दत गरेर सो प्रक्रियामा अझ प्रभावकारी रूपमा सहभागी हुन तयार बनाउने विश्वास लिइएको छ ।

---

८. महिला र संविधान निर्माण प्रक्रियासम्बन्धी सामग्रीका लागि स्रोत सामग्री र थप अध्ययन अनुच्छेद हेर्नुहोस् ।

# २. लैङ्गिक समानता र लोकतन्त्रसंग सम्बन्धित प्रमुख अवधारणाहरू

# २.१ औपचारिक र सारभूत समानता

यस अध्यायले समीक्षाका केही महत्वपूर्ण अवधारणा र दृष्टिकोणलाई सम्बोधन गर्नेछ । लैङ्गिक समानताका लागि महत्वपूर्ण तर तिनको साधारण प्रकृतिका कारण समीक्षामा नसमेटिएका विषयहरु पनि यसमा समेटिएका छन् । अध्याय १ मा उल्लेख भएझैं लैङ्गिक समानताका अवधारणाहरु दुई सामान्य वर्गमा पर्छन् : औपचारिक र सारभूत समानता । औपचारिक समानता कानूनको अघि महिला र पुरूषको समान व्यवहारलाई उल्लेख गर्ने एउटा प्रमुख सिद्धान्त हो । यस किसिमको समानतालाई संविधानहरूमा (क) लिङ्ग र लैङ्गिकताका आधारमा भेदभावलाई प्रतिबन्धित गर्ने (अविभेदकारी प्रावधानहरु) र (ख) महिला र पुरूष समान हुन् भनेर उल्लेख गर्ने (समानताका प्रावधानहरु) प्रावधानहरूबाट सम्बोधन गर्ने गरिन्छ । औपचारिक समानता अन्य धेरै अधिकारहरूको उपभोग गर्ने सन्दर्भमा महत्वपूर्ण हुन्छ, जस्तैः वाक स्वतन्त्रताको अधिकार र नियमित विधि (निष्पक्ष र समान कानूनी प्रक्रिया) को अधिकार । उदाहरणका लागि, कुनै व्यक्तिमाथि अपराधको आरोप लागेमा सो व्यक्ति जुनसुकै लिङ्गको भए पनि निष्पक्ष सुनुवाइमा समान पहुँच प्राप्त गर्नुपर्छ ।

सारभूत समानताको अवधारणा औपचारिक समानता भन्दा अग्रगामी छ । यसले विगतमा भएको भेदभावका साथै अवसरहरूको लाभ उठाउन र आफ्नो जीवनलाई प्रभावित गर्ने निर्णयहरु आफै लिन महिलाहरूले सामना गर्ने राजनीतिक, आर्थिक र सामाजिक व्यवधानहरूलाई स्वीकार्ने काम गर्दछ । सारभूत समानताले (केही) महिलाहरूको सम्भावित प्रजनन क्षमताका कारण महिला र पुरूषहरूबीच हुनसक्ने भिन्नतालाई पनि ध्यानमा राख्दछ । सारभूत समानताले महिलाहरूको जीवन्त वास्तविकतालाई दृष्टिगत गर्दै अवसरमा समान पहुँच र परिणाममा समानताको लक्ष्य राख्दछ, । यसरी यो समानताको अझ बढी विस्तृत अवधारणा हो ।

कुनै समूहले सारभूत समानताको अनुभव नगरेपछि समान व्यवहारले समान परिणाम दिन्छ भन्ने छैन, किनभने त्यो समूहको थालनी नै असमानताको अवस्थाबाट हुन्छ र त्यसकारण एउटै तरिकाले अवसरहरूमा पहुँच हासिल गर्ने वा त्यसको लाभ उठाउन सक्दैन । उदाहरणका लागि, कुनै विश्वविद्यालयले महिला र पुरूष आवेदकहरूप्रति समान व्यवहार गर्दै भर्ना हुने एउटै मापदण्ड तोकेको छ तर केटाहरूको तुलनामा केटीहरूका लागि प्राथमिक र माध्यमिक विद्यालयहरूमा जाने अवसर सीमित छ भने विश्वविद्यालयमा आवेदन दिंदा छात्राहरु तुलनात्मक रूपमा कमजोर अवस्थामा हुन्छन् र त्यसकारण पुरूष आवेदकहरु सरहकै दरमा सम्भवतः महिलाहरूको आवेदन स्वीकृत हुनसक्ने छैन ।

असमान परिणामका अतिरिक्त, समान व्यवहारले यथार्थमा महिलाहरूलाई क्षति पुग्ने र उनीहरूको असमानतामा थप योगदान पुर्‍याउने काम गर्नसक्छ । माथिको उदाहरणकै सन्दर्भमा, यदि महिलाहरूले पुरूष सरहकै दरमा विश्वविद्यालयमा भर्ना हुन सकेनन् भने उनीहरूले स्थायी रोजगारी सुरक्षित गर्न सक्दैनन्, जसले उनीहरूलाई गरिबी र खराब स्वास्थ्य तथा सामाजिक परिणामहरूको जोखिममा पुऱ्याउने काम गर्छ । साथै उनीहरूले आफ्ना सन्तानको शिक्षाको खर्च जुटाउन नसक्ने वा सीमित आर्थिक स्रोत रहेको अवस्थामा छोराहरूको शिक्षामा प्राथमिकता दिन बाध्य भएको अनुभव गर्न सक्छन् । यसरी त्यसले असमानताको चक्रलाई पनि थप बल पुऱ्याउने काम गर्नेछ ।

प्रत्यक्ष र अप्रत्यक्ष भेदभावसँग सम्बन्धित विभिन्न कारक तत्वहरूका कारण पुरूषको तुलनामा महिलाहरु राजनीतिक, आर्थिक र सामाजिक जीवनमा लगातार असमान हैसियतमा हुने गर्छन् ।[९] यस अन्तर्गत महिलाको भूमिका, क्षमता र जिम्मेवारी (सार्वजनिक र निजी जीवनमा, वैधानिक निर्णयकर्ताहरूका रूपमा महिलाको क्षमताको सम्मानको अभावसहित) बारेको चेतन र अचेतन पूर्वाग्रह र रूढीवाद; भेदभावजन्य कानून, नीति, कार्यक्रम र तिनका प्रशासनका रूपमा संरचनागत व्यवधान; किशोरी र महिलाहरूलाई असमान हैसियतमा पुऱ्याउने परम्परागत र साँस्कृतिक मानसिकता ; र निजी स्रोत (जस्तैः परिवार भित्र) र सार्वजनिक स्रोत (जस्तैः सेवा वा प्रहरी) दुवैबाट हुने महिला विरूद्धका हिंसा पर्छन् ।

यी कारकतत्वहरूको सान्दर्भिकता र प्रभाव सन्दर्भ अनुसार फरक हुनसक्छ । यस्ता प्रकृतिका भेदभावहरूको अन्तर्क्रियाले महिलाका लागि उपलब्ध अवसर र स्रोतहरूलाई सीमित बनाउने र निर्णय लिने र त्यसमा प्रतिक्रिया जनाउने उनीहरूको क्षमतालाई अवमूल्यन गर्ने काम गर्छ । महिला विरूद्धको भेदभावको जातीयता, धर्म, उमेर, यौन झुकाव, लैङ्गिक पहिचान,

९ कुनै नीति, मानसिकता वा व्यवहार स्पष्ट रूपमा भेदभावपूर्ण नभएको तर त्यसको परिणामले महिलालाई नकारात्मक प्रभाव पारेको अवस्थामा अप्रत्यक्ष भेदभाव हुन जान्छ । उदाहरणका लागि, कुनै रोजगारदाताले पुरूष र महिला दुवैका लागि लागू हुने रोजगारीका आवश्यकताहरु आह्वान गरेको हुनसक्छ, तर त्यो आवश्यकता पूरा गर्न महिलाका लागि बढी कठिन हुनसक्छ । यसका पछाडि कुनै तर्कसंगत कारण नभएको अवस्थामा त्यो अप्रत्यक्ष भेदभाव हुनजान्छ ।

आर्थिक अवस्था र अपाङ्गता जस्ता अन्य विशेषताहरूमा आधारित अन्य भेदभावसँग मेल हुँदा महिलाले सामना गर्ने असुविधालाई अझ गहिरो बनाउँदै उनीहरूको समानता र अधिकारको उपभोगमा थप व्यवधानहरू सिर्जना हुन जान्छ । विभिन्न रूपका भेदभावहरू एकआपसमा भेट हुने यो गतिशीलतालाई बहुतहगत भेदभाव (Multiple discrimination) भन्ने गरिन्छ ।[१०]

कानूनमा महिला र पुरूषबीच रहेको भिन्नतालाई स्थापित गराउने एउटा अवधारणा महिलाहरू परिवार भित्र र बाहिर आमा र हेरचाहकर्ताको भूमिकामा केन्द्रित हुनु हो (ल्यामबर्ट २००९ :३४३), जसले उनीहरूको प्राथमिक काम र जिम्मेवारी घरायसी क्षेत्रमा रहेको छ भन्ने धारणालाई निरन्तरता दिने काम गर्छ । यससँग सम्बन्धित एउटा अवधारणाले महिलाले अनुभव गर्ने जोखिमका विरूद्ध चालिने संरक्षणात्मक कदम (जस्तैः खतरापूर्ण वा हानिकारक मानिने केही खास प्रकृतिका काममा प्रतिबन्ध लगाउने कार्य) को औचित्य स्थापित गर्ने कोशिस गर्दछ । यद्यपि, यो अवधारणालाई मान्यता प्रदान गर्ने कानून र नीतिले राजनीतिक तथा आर्थिक क्षेत्रमा महिलाको पूर्ण सहभागितामा रहेका सामाजिक तथा संरचनागत व्यवधानहरूलाई अझ बलियो बनाउने गर्छन् (ल्यामबर्ट सन् २००९ : ३४३) र 'संरक्षण' गर्ने नाउंमा महिलाहरूका लागि उपलब्ध अवसर र विकल्पहरूलाई सीमित बनाउने गर्छन् ।

सारभूत समानताले महिला र पुरूषबीचको लैङ्गिकता र लिङ्गबीचको भिन्नतालाई मान्यता प्रदान गर्दै यी भिन्नताहरूको सन्दर्भमा महिलाहरूका लागि उपलब्ध अवसर र विकल्पहरूलाई सीमित भन्दा पनि विस्तार गर्ने प्रयास गर्दछ । उदाहरणको रूपमा गर्भवती महिला विरूद्ध हुने भेदभावमाथि प्रतिबन्ध र प्रसूती (र पितृत्व) विदाको व्यवस्था रहेका छन् । संविधानमा स्थापित यस्तो नीतिले महिलाहरूलाई रोजगारी र प्रसूती अवस्थावीच आवद्धता कायम गर्न सक्षम बनाउँछ । सामाजिक (यो अवस्थामा परिवार) जीवन र आर्थिक जीवन दुवैमा सहभागी हुने उनीहरूको विकल्पलाई सहजीकरण गरेर महिलाहरू गरिबीप्रतिको जोखिम कम गर्न, आफू र आफ्नो परिवारका लागि आर्थिक स्रोत उपलब्ध गराउन र व्यावसायिक अनुभव र सीप विकास गर्न सक्षम हुन्छन् ।

सारभूत समानताको संवैधानिक प्रावधानको अर्को उदाहरण निजी र सार्वजनिक दुवै क्षेत्रमा हुने महिला विरूद्धको हिंसालाई प्रतिबन्धित गर्ने प्रावधान हो । यस किसिमको प्रावधानले लैङ्गिकतामा आधारित हिंसा महिलाको अवसर र छनौटलाई सीमित तुल्याउने, मानव अधिकारको गम्भीर उल्लंघन हुने र परिवारका सदस्य र रोजगारदाताहरू जस्ता निजी क्षेत्रका पात्रहरूबाट हुने हिंसाप्रति विशेष जोखिममा पर्ने खालको विभेदकारी स्वरूप हो भन्ने कुरालाई स्वीकार्दछ । यसले समानताप्रतिको सारभूत अवधारणालाई प्रतिविम्बित गर्दछ किनभने राज्यले महिला अधिकारको उल्लङ्घन रोक्न र राज्य तथा नीति दुवै क्षेत्रका कारण महिलाको क्षमतामा रहेका व्यवधानहरूलाई हटाउने प्रयास गर्दछ, र त्यसकारण उनीहरूले जीवनका हरेक क्षेत्रमा समानता हासिल गर्न सक्षम हुन्छन् ।

# २.२ समानता र राज्यको भूमिका

अन्तर्राष्ट्रिय मानवअधिकार कानूनअन्तर्गत मानवअधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्नु राज्यहरूको दायित्व हो (मानवअधिकारका लागि राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालय) । सारभूत समानता वा समान परिणाममा प्रतिबिम्वत समानता हासिल गर्न राज्यहरूले भेदभावजस्ता महिलालाई हानि गर्ने कार्यबाट आफूलाई टाढा राख्नुका साथै अधिकारको संरक्षण र परिपूर्ति गर्ने सकारात्मक कार्यमा पनि आफूलाई संलग्न गराउनुपर्छ । त्यस्ता सकारात्मक कार्यहरूमा समाजमा महिलाको असमान हैसियतलाई मान्यता प्रदान गर्ने र भेदभावजन्य अभ्यास तथा विश्वासलाई जरैदेखि उन्मूलन गर्ने र त्यसका नकारात्मक परिणामहरूलाई अग्रसक्रिय रूपमा सम्बोधन गर्नेतर्फ लक्षित कानून, नीति र कार्यक्रमहरू समावेश हुन्छन् ।

राज्यले सारभूत समानता हासिल गर्ने कार्यलाई द्रुत गति प्रदान गर्न सक्छन् र आफ्नो संविधानको भाषा अनुरूप त्यसो गर्न जिम्मेवार समेत हुनुपर्ने हुन्छ । त्यस्ता उपायहरूमा विधायिकी, कार्यकारी, प्रशासनिक, बजेटरी र नियमनकारी निकाय लगायत राज्य संयन्त्रका हरेक तहका साथै रोजगारी, आवास, शिक्षा, संस्कृति र सार्वजनिक जीवनमा सहभागिता जस्ता क्षेत्रमा योजना, नीति, कार्यक्रम र प्राथमिकतापूर्ण व्यवस्था रहेका छन् (जातीय भेदभाव उन्मूलनसम्बन्धी समिति सन् २००९ : अनुच्छेद १३) ।

---

१०. सिडअ समितिको साधारण सिफारिस नं २८ ले अन्तरसमूहगतता (इन्टरसेक्सनालिटी)को मुद्दामाथि प्रकाश पारेको छ । 'अन्तरसमूहगतता (सिडअका) पक्ष राष्ट्रहरूको साधारण दायित्वहरूको कार्यक्षेत्र बुझ्नका लागि आधारभूत अवधारणा हो ।. लिङ्ग र लैङ्गिकतामा आधारित भेदभाव महिलालाई प्रभावित गर्ने अन्य कारकतत्वहरूसँग अन्तरंग रूपमा सम्बन्धित छन् जस्तैः जाति, जातीयता, धर्म वा आस्था, स्वास्थ्य, हैसियत, उमेर, वर्ग, जाति, यौन झुकाव र लैङ्गिक पहिचान । लिङ्ग वा लैङ्गिकताको आधारमा हुने भेदभावले त्यस्ता समूहका महिलाहरूलाई पुरुषहरूलाई भन्दा भिन्न स्तरमा प्रभावित गर्नसक्छ । पक्ष राष्ट्रहरूले त्यस्ता अन्तरसम्बन्धित प्रकृतिका भेदभाव र सम्बन्धित महिलामाथि त्यसको सम्मिश्रित प्रभावलाई कानूनी रूपमा पहिचान गरी प्रतिबन्धित गर्नुपर्दछ ।

यी सकारात्मक उपायहरु मूलतः निम्नानुसारका तीन बृहत समूहमा समाविष्ट हुन्छन् :

१. अस्थायी विशेष उपाय : 'वास्तविक वा सारभूत रूपमा पुरूष सरहको समानता हासिल गर्न महिलाको हैसियतमा सुधार ल्याउने कार्यलाई द्रुत गति प्रदान गर्न र महिला विरूद्धको भेदभावका विगत र वर्तमान प्रवृत्ति तथा प्रभावलाई परिवर्तन गर्नुका साथै उनीहरूलाई क्षतिपूर्ति प्रदान गर्न' राज्यले चाल्ने महिला र किशोरी लक्षित कदमहरु । (महिला विरूद्धको भेदभाव उन्मूलनसम्बन्धी समिति, सन् २००४)[११]

   यस्ता उपायहरु पुरूष विरूद्ध भेदभावजन्य मानिंदैनन र त्यसलाई सारभूत समानताको उद्देश्यहरु पूरा गर्ने एउटा माध्यमको रूपमा लिने गरिन्छ ।[१२] विगतको भेदभावको प्रभाव हटाउन र हालको भेदभाव उन्मूलन गर्न राज्यले काम गर्नुपर्ने हुनाले भविष्यमा गएर कुनै समयमा केही खास प्रकृतिका विशेष उपायहरु आवश्यक नहुने र त्यसलाई निरन्तरता नदिइने अनुमान गरिन्छ । त्यसैकारण तिनलाई अस्थायी भनिएको हो । तथापि त्यो कहिलेकांही लामो र अनिश्चित समयकालका लागि आवश्यक हुनसक्छ । यसका उदाहरणहरु निम्न बमोजिम हुन सक्दछन् :

   क. संसद्मा महिला प्रतिनिधित्व बढाउन कोटाको व्यवस्था ;

   ख. निजामती सेवामा महिला लक्षित नियुक्ति ;

   ग. विश्वविद्यालयमा महिलाको संख्या बढाउने कार्यक्रमहरु ; र

   घ. महिला राजनीतिक उम्मेद्वारका लागि आर्थिक सहयोग ।

२. विशेष उपाय : प्रजननसँग सम्बन्धित जैविक भिन्नताका कारण महिलालाई लक्षित गर्ने गरी राज्यले अवलम्बन गरेका कानून, नीति तथा कार्यक्रमहरु । यी कार्य भेदभावजन्य वा अस्थायी हुँदैनन् । यसका उदाहरणहरूमा प्रजनन तथा मातृस्वास्थ्य सेवा ; गर्भावस्थामा रोजगारी र शैक्षिक संस्थाहरूमा विशेष व्यवस्था र प्रसूती विदा आदि रहेका छन् ।

३. विशेष रूपमा लक्षित सकारात्मक पहल : 'महिला र बालिकाहरूको अवस्थामा सुधार ल्याउन अवलम्बन गरिएका साधारण सामाजिक नीतिहरु' भनी व्याख्या गरिने सकारात्मक पहलको तेस्रो वर्ग (महिला विरूद्ध भेदभाव उन्मूलनसम्बन्धी समिति, सन् २००४) ।[१३] यिनीहरूलाई पुरूष वा किशोरहरु विरूद्ध गरिने भेदभाव मानिंदैन तर सारभूत समानता हासिल गर्ने एउटा माध्यम भने मान्न सकिन्छ । यसको उदाहरणको रूपमा छोरीहरूलाई विद्यालय पठाए वापत सहुलियत प्रदान गर्ने कार्यक्रम; स्वास्थ्य सेवामा ग्रामीण महिलाहरूको पहुँचमा सुधार ल्याउन बजेट बिनियोजन; र रोजगारीमूलक सीप हासिल गर्न महिलाहरूका लागि संचालित तालिम कार्यक्रम लगायत पर्दछन् ।

---

११. अस्थायी विशेष उपाय र विशेष उपायहरूबीच यहाँ उल्लेख गरिएको भिन्नता सिडअ धारा ४.१ र ४.२ बाट उद्धृत गरिएको हो ।

१२. केही प्रकारका अस्थायी विशेष उपायहरूलाई कहिलेकाँही सकारात्मक भेदभाव पनि भन्ने गरिन्छ तर सिडअका अनुसार यो श्रेयस्कर शब्दावली होइन ।

१३. सिडअ समितिको साधारण सिफारिस नं २५ का अनुसार, 'पक्ष राष्ट्रहरूले धारा ४, परिच्छेद १ अन्तर्गत महिलाहरूको वास्तविक वा सारभूत समानताको दिगो लक्ष्य हासिल गर्न अवलम्बन गरिने अस्थायी विशेष उपायहरु र महिला र बालिकाहरूको अवस्थामा सुधार गर्न अवलम्बन गरिने अन्य साधारण सामाजिक नीतिहरूबीच स्पष्ट भिन्नता कायम गर्नुपर्छ । महिलाका लागि अनुकूलन हुने सम्भावनायुक्त सबै उपायहरु अस्थायी विशेष उपाय होइनन् । महिला र बालिकाहरूको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारलाई प्रत्याभूत गर्ने साधारण अवस्थाहरूको प्रावधान, जसको निर्माण उनीहरूलाई सम्मानपूर्वक जीवनयापन र अविभेद सुनिश्चित गर्न गरिएको छ, त्यसलाई अस्थायी विशेष उपाय भन्न सकिंदैन ।'

## २.३ स्वायत्तता र प्रभाव पार्ने क्षमता

स्वायत्तता र प्रभाव पार्ने क्षमता सारभूत समानताको अवधारणाका लागि आधारभूत विषय हुन् । स्वायत्तता भन्नाले 'आफ्नो जीवनका विकल्पहरु छनौट गर्न र त्यस अनुरूप काम गर्नसक्ने व्यक्तिको कानूनी र व्यावहारिक क्षमता' भन्ने बुझिन्छ । (होवार्ड-हासमान २०११ : ४३३) । स्वायत्ततामा आफ्नो रूचि निर्धारण गर्ने, ती रूचिको आधारमा विकल्प रोज्ने र ती रोजाइहरूलाई प्रभावकारी रूपमा साकार बनाउने महिलाको क्षमता समावेश हुन्छ । प्रभाव पार्ने क्षमता भन्नाले महिलाको आफ्नो जीवनमाथि, र उनीहरूको परिवार, समुदाय र देशमा प्रभाव पार्ने र अभ्यास गर्ने महिलाको क्षमता बुझिन्छ । यो अरूहरूद्वारा गरिने क्रियाकलापको पात्र बन्ने भन्दा ठीक विपरीतको अवधारणा हो । स्वायत्तताको अर्थ अरूहरूबाट पूर्ण रूपमा स्वतन्त्रता भन्ने बुझिंदैन, अपितु पारिवारिक र सामाजिक सम्बन्धहरूसंग सन्निकट रहंदै आफ्नो जीवन जिउने उपायहरूको छनौट गर्ने सिलसिलामा उनीहरू स्रोत र क्षमताले युक्त छन् भन्ने अर्थमा बुझ्नु उपयुक्त हुनेछ (होवार्ड-हासम्यान सन् २०११ : ४३४) ।

सारभूत समानता-लक्षित नीतिहरूको मुख्य उद्देश्य महिलाको स्वायत्तता र आबद्धताको विस्तार गर्नु हो । संविधानले महिलाको अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्नुपर्छ, जस अन्तर्गत उनीहरूलाई भेदभावबाट संरक्षण गर्ने र गर्भावस्थामा उनीहरूको स्वास्थ्यको सुरक्षा गर्ने लगायतका कार्य समावेश हुन्छन् । तथापि, महिलालाई संरक्षण गर्ने भनी लागू गरिएका राज्यका नीतिहरु संरक्षणमुखी वा अभिभावकीय अवधारणा प्रतिविम्बित हुने गरी उनीहरूको जीवनलाई प्रभावित तुल्याउने विषयमा उनीहरू स्वयंको स्वतन्त्र छनौटको क्षमतालाई सीमित वा संकुचित तुल्याउनेतर्फ केन्द्रित हुनुहुदैन । यस किसिमको दृष्टिकोणले व्यक्तिगत वा सामूहिक रूपमा महिलाको तर्फबाट छनौट गर्ने विषयमा राज्य, उनीहरूका नातेदार वा समुदायका सदस्यहरु अब्बल हुनछन् भन्ने सोचाइलाई बल पुऱ्याउंछ । यसको अर्थ महिलाको व्यक्तिगत निर्णयमाथि हस्तक्षेप नगर्ने राज्यको दायित्व पनि हो । उदाहरणका लागि प्रजननसम्बन्धी वा कुन पेशा अंगाल्ने भन्ने बारेमा निर्णय गर्ने विषय (इरभिङ् सन् २००८ : १९८) ।

## २.४ कानूनी बहुलवाद

जब देशले कानूनको बहुप्रणालीलाई मान्यता प्रदान गर्दछ, लैङ्गिक समानताको दृष्टिकोणबाट संवैधानिक सुधारको परीक्षणको सर्वाधिक जटिल पक्ष भनेको कानूनी बहुलवाद हो : । कानूनी बहुलवाद धेरै देशहरूमा अभ्यास गरिएको छ, जहाँ राज्यको कानूनका अतिरिक्त प्रथाजनित कानून तथा धार्मिक कानून जस्ता अन्य कानूनी प्रणालीलाई पनि मान्यता प्रदान गरी व्यवहारमा लागू गरिएको हुन्छ । उदाहरणका लागि, विवाह, सम्बन्ध विच्छेद, छोराछोरीको अभिभावकत्व र उत्तराधिकार जस्ता पारिवारिक विषयहरूमा केही देशमा राज्यको कानूनभन्दा पनि धार्मिक वा प्रथाजनित कानून अनुसार निर्णय गरिन्छ । केही देशमा व्यक्तिले कुन कानून प्रणाली लागू हुने भनेर छनौट गर्न पाउँछन् (उदाहरणका लागि विवाहसम्बन्धी) भने अन्य कुनै मुलुकमा यस्तो विकल्प हुँदैन । कुनै सन्दर्भमा कानूनी बहुलवादको अर्थ कानूनको विभिन्न स्रोत भन्ने पनि बुझिन्छ र राज्यका अतिरिक्त कुनै खास धर्म पनि कानूनको एउटा स्रोत हो भन्ने अर्थ लाग्छ । सबै कानूनको स्रोत धर्मलाई मानिने अवस्था पनि हुनसक्छ, जसले गर्दा राज्यका सांसद्हरूले पनि कानूनको निर्माण गर्दा धार्मिक कानूनलाई समेत ध्यानमा राख्नुपर्छ ।

प्रस्तुत समीक्षामा संविधानमा निहित हुने धार्मिक र प्रथाजनित कानूनलाई सम्बोधन गर्ने प्रश्नहरु समेत समावेश छन् किनभने यस्तो कानूनी प्रणालीले महिलाको व्यक्तिगत जीवनमा गहिरो प्रभाव पार्नसक्छ । विशेषतः ग्रामीण क्षेत्रमा बसोवास गर्ने महिलाहरूको लागि पहिलो (वा एक मात्र) उपायको रूपमा यस्तो प्रणाली हुनसक्छ । तसर्थ यदि तपाईंले कानूनी बहुलवाद अभ्यास गर्ने देशको संविधानको समीक्षा गरिरहनु भएको छ भने संविधानमा धार्मिक र प्रथाजनित कानूनको स्थान बुझ्नु अति महत्वपूर्ण हुन्छ । उदाहरणका लागि, कानूनको मर्यादाक्रमको बारेमा चर्चा गर्दा संविधानको स्थान सर्वोच्च छ वा छैन, वा त्यो अन्य कानूनी प्रणालीको समानान्तर (वा पूरक) छ भनेर विचार गर्नु महत्वपूर्ण हुन्छ । साथै महिला अधिकारका मुख्य विषयमा कानूनी बहुलतायुक्त प्रणालीले अवलम्बन गर्ने दृष्टिकोण र विभिन्न कानूनी व्यवस्थाले महिलाको जीवनलाई पार्ने प्रभावको बारेमा आधारभूत बुझाइ हुनु जरूरी छ ।

## २.५ अन्तर्राष्ट्रिय कानून

संविधान निर्माण प्रक्रिया एउटा सार्वभौम प्रक्रिया भए तापनि हरेक देशको कानून अन्तर्राष्ट्रिय कानून प्रणालीसंग आबद्ध हुन्छ । अन्तर्राष्ट्रिय र क्षेत्रीय मानव अधिकार सन्धि, उनीहरूसँग सम्बन्धित निगरानी निकाय र अन्तर्राष्ट्रिय तथा क्षेत्रीय अदालत वा अन्य न्यायाधीकरणजस्ता संयन्त्रहरु विश्वव्यापी मानवअधिकार व्यवस्थाका आधार हुन् । संविधान राज्यका अन्तर्राष्ट्रिय दायित्व अनुरूप हुनुपर्छ, जुन विषय सो देशले हस्ताक्षर गरेका सन्धिहरूमा समावेश गरिएको हुन्छ । साथै, राष्ट्रसङ्घीय घोषणापत्र र प्रस्ताव, सिद्धान्त, आचार संहिता जस्ता गैरबाध्यात्मक दायित्वहरु (Non-binding obligations) पनि हुन्छन्, जसलाई विश्वव्यापी अधिकार व्यवस्थाकै एउटा अंगको रूपमा लिन सकिन्छ । संविधानको मसौदा तयार गर्दा यी विषयहरूलाई पनि ध्यानमा राख्नुपर्छ ।

प्रस्तुत समीक्षामा सम्बोधन गरिएका विषयहरु अन्तर्राष्ट्रिय कानूनमा स्थापित विषयहरू हुन् । परिशिष्ट क मा अन्तर्राष्ट्रिय र क्षेत्रीय सन्धिहरूको सम्बन्धित भाग उल्लेख गरिएको एउटा चार्ट छ र समीक्षामा रहेको हरेक प्रश्नका लागि विभिन्न गैरबाध्यकारी संयन्त्रहरु पनि छन् । समीक्षामा प्रस्तुत गरिएका केही विषय र असल अभ्यासहरु ती अन्तर्राष्ट्रिय दायित्व भन्दा पर भए पनि अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संयन्त्रहरूमा अभिव्यक्त मूल्य मान्यताहरूमा आधारित छन् ।

## २.६ मौलिक हक

प्रमुख अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिका रूपमा रहेका सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, आईसीसीपीआर, आइसीइएसआर र सिडअका साथै मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा लोकतान्त्रिक व्यवस्थामा सम्मान, संरक्षण र परिपूर्ति गरिने मौलिक हकहरु समावेश गरिएका छन् ।[१४]

समीक्षामा महिलाको समानताका हासिल गर्न विशेष महत्वपूर्ण ठानिएका तर सबैको दृष्टिमा नपर्ने किसिमका मौलिक हकहरु समावेश गरिएका छन् । तथापि, सबै मौलिक हकहरु समीक्षामा समावेश गरिएका छैनन्, जस्तैः विचारको स्वतन्त्रता, अभिव्यक्तिको स्वतन्त्रता र सामाजिक सुरक्षासंग सम्बन्धित हकहरू । समीक्षामा कुनै अधिकार समावेश गरिएको छ वा छैन भन्ने कुरा त्यति महत्वको विषय होइन । वास्तवमा राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक जीवनमा पूर्ण रूपमा सहभागी हुन महिलाको क्षमताका लागि सम्बन्धित आधारभूत अधिकारहरूको पूर्ण पंक्ति आवश्यक पर्छ ।[१५]

## २.७ न्यायपालिकाको भूमिका

न्यायपालिकाले संविधान र कानूनको व्याख्यामार्फत सारभूत समानताको प्राप्तिमा ज्यादै महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । अधिकांश देशहरू क्रमशः अग्रसर हुंदै गैरहेको समानतातर्फको यो मार्गमा न्यायपालिकाले निर्वाह गरेको र गर्नसक्ने यस किसिमको भूमिका निःसन्देह सर्वोपरि सावित भएको छ । आफ्नो भूमिका प्रभावकारी रूपमा निर्वाह गर्न न्यायपालिका निष्पक्ष, गैरदलीय र राजनीतिक हस्तक्षेप र दवाबबाट मुक्त हुनुपर्छ । त्यसैकारण यसको स्वतन्त्रता प्रत्याभूत गरी त्यसलाई संविधानमा नै संरक्षित गरिनुपर्छ । यसको स्वतन्त्रताका लागि महत्वपूर्ण अन्य पक्षहरूमा न्यायधीशको नियुक्ति, बर्खास्ती र बढुवा ; सार्वजनिक कार्यविधि; न्यायपालिकाको बजेट; न्यायाधीशको दायित्व र न्यायपालिकासँग कार्यपालिका र व्यवस्थापिकाको अन्तर्क्रिया, आदि विषयहरू पर्दछन् । बढ्दो समानताको पक्षमा भएका अदालती निर्णयहरु बहुसंख्यक जनसङ्ख्या वा शक्तिशाली अल्पसङ्ख्यकमाझ अलोकप्रिय भएमा स्वतन्त्र न्यायपालिका राजनीतिक वा जनदवाबमा पर्ने सम्भावना कम हुन्छ ।

---

१४. मुख्य अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूमा यातना र अन्य क्रुर, आमानवीय वा अपमानजनक व्यवहार वा सजायविरूद्धको महासन्धि ; बालअधिकारसम्बन्धी महासन्धि ; सबै आप्रवासी श्रमिक र तिनका परिवारका सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी महासन्धि ; व्यक्तिलाई बलजफ्ती वेपत्ता पार्ने कार्यबाट संरक्षणसम्बन्धी महासन्धि ; र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि रहेका छन् ।

१५. होवार्ड–हासमान (सन् २०११: ४३८)ले 'महिलाहरूले आफ्नो आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार सफलतापूर्वक माग गर्नका लागि नागरिक र राजनीतिक अधिकार अत्यावश्यक छन् ।

## २.८ सङ्घीय र विकेन्द्रीकृत प्रणाली

सङ्घीय र विकेन्द्रीकृत प्रणालीमा, अधिकार र जिम्मेवारी राष्ट्रिय र उपराष्ट्रिय (प्रादेशिक) तहहरूबीच बाँडफाँट हुन्छ । संविधानले कुन अधिकार कुन तहलाई निक्षेपण गरिएको छ भन्ने सम्बन्धमा स्पष्ट गर्न सक्छ र केही नतोकिएका अधिकारहरु दुवै तहको क्षेत्राधिकारमा पर्ने पनि उल्लेख गर्नसक्छ । लैङ्गिक समानतासँग सम्बन्धित अधिकार र स्वतन्त्रताहरु देशभरि फरक-फरक नहुने भएकाले मौलिक हकलाई साकार पार्ने विषयसँग सम्बन्धित अधिकारहरू राष्ट्रिय स्तरमा अझ बढी प्रभावकारी रूपमा संरक्षित हुनसक्छन् । तथापि, लैङ्गिक समानता हासिल गर्ने विषयसँग सम्बन्धित जिम्मेवारी सरकारको सबै तहमा विस्तार हुनु आवश्यक हुन्छ ।

सामान्यतया राष्ट्रिय स्तरको सरकारसँग राजस्व आर्जनको क्षमता बढी हुन्छ । त्यसकारण सेवा आपूर्तिका लागि स्रोत पनि बढी हुन्छ । र त्यसमा लैङ्गिक समानताका लागि महत्वपूर्ण सेवाहरु जस्तैः स्वास्थ्य सेवा र शिक्षा सेवा पनि समावेश हुन्छन् । तथापि, आफूले सेवा गर्ने समुदायको आवश्यकताहरूप्रति स्थानीय सरकार नै बढी उत्तरदायी हुनुपर्ने हुन्छ । कुन विषय राष्ट्रिय वा उपराष्ट्रिय तहको प्राथमिकताको क्षेत्रभित्र पर्छ भन्ने कुरा निर्णय गर्दा संविधान निर्माताहरूले सम्बन्धित विषयलाई सबैभन्दा प्रभावकारी रूपमा सम्बोधन गर्नसक्ने क्षमता कुन तहसँग छ, र सो मुद्दा देशभरि लागू हुन्छ वा कुनै क्षेत्र विशेषमा भन्ने कुरामा गहिरिएर विचार पुऱ्याउनुपर्छ । संविधानले विभिन्न तहका सरकारहरूबीच[१६] अधिकारको वितरणलाई निर्देशित गर्ने सिद्धान्त निर्दिष्ट गर्न वा अधिकार र जिम्मेवारीको बाँडफाँटलाई निर्देशित गर्न उपराष्ट्रिय तहका सरकारको उद्देश्यहरु पहिचान गर्नसक्छ ।[१७] यी सिद्धान्त वा उद्देश्यहरु जनताको अधिकार संरक्षण र पूर्ति गर्न र सेवाहरूको व्यवस्थापनमा राज्यको भूमिकासँग सम्बन्धित हुन सक्दछन् ।

---

१६. हेर्नुहोस् सुडानको संविधान, सन् २००५, धारा २५(ग) :'सबै तहका सरकारहरूबीच अधिकारको प्रत्यायोजन र वितरणलाई देहायका सिद्धान्तहरूले मार्गनिर्देशन गर्दछन् :... (ग) जनताको कल्याणको प्रवर्द्धन् र उनीहरूको मानवअधिकार र आधारभूत स्वतन्त्रताको संरक्षणमा राज्यको भूमिकाको मान्यता ।'

१७. हेर्नुहोस् दक्षिण अफ्रिकाको संविधान, सन् १९९६, धारा १५२ 'स्थानीय सरकारका उद्देश्यहरु देहाय रहेका छन् :(क) स्थानीय समुदायहरूका लागि लोकतान्त्रिक र जवाफदेही सरकार उपलब्ध गराउने ; (ख) समुदायहरूलाई दिगो रूपमा सेवाहरूको व्यवस्था भएको सुनिश्चित गर्ने ; (ग) सामाजिक र आर्थिक विकासको प्रवर्द्धन गर्ने ; (घ) सुरक्षित र स्वस्थ वातावरण प्रवर्द्धन गर्ने ; र (ङ) स्थानीय सरकारको मामिलामा समुदाय र सामुदायिक संस्थाहरूको संलग्नता प्रोत्साहित गर्ने । २. नगरपालिकाले उपधारा (१)मा उल्लेख गरिएका उद्देश्यहरु हासिल गर्न आफ्नो वित्तीय र प्रशासनिक क्षमताले प्रयास गर्नुपर्नेछ ।'

# संविधानमा महिला समानताको समीक्षा

संविधानमा महिला समानताको समीक्षा

# मूल्यमान्यता र सिद्धान्तहरू

प्रश्न १ - ३



# मूल्यमान्यता र सिद्धान्त

## १ संविधानले लैङ्गिक रूपमा तटस्थ वा लैङ्गिक रूपमा समावेशी भाषा प्रयोग गरेको छ ? संविधानमा नागरिक, सार्वजनिक पदाधिकारी र पदाधिकारीलाई जनाउन प्रयोग गरिएका शब्दावलीहरू तटस्थ वा लैङ्गिक रूपमा समावेशी छन् ?

व्याख्या

संविधानको भाषा कानूनी र साँकेतिक दुवै हिसाबले महत्वपूर्ण हुन्छ । लैङ्गिक रूपमा समावेशी भाषाले महिलालाई विशेष रूपले समावेश गरी लैङ्गिक समानताप्रतिको प्रतिबद्धतालाई अभिव्यक्त गर्दछ । लैङ्गिक रूपमा समावेशी भाषाले राजनीतिज्ञहरु पुरूष मात्र हुन्छन् भन्ने रूढिवादलाई पनि कमजोर बनाउने काम गर्छ । उदाहरणका लागि, राष्ट्रपति वा प्रधानमन्त्रीको शक्ति/अधिकारका बारेमा छलफल गर्दा लैङ्गिक रूपमा समावेशी भाषा प्रयोग गर्ने संविधानले राष्ट्रपति वा प्रधानमन्त्रीलाई उद्धृत गर्दा "ऊ" (He) मात्र नभनी "उनी" (She) पनि समावेश गर्दै सो पद महिला वा पुरूषले धारण गर्नसक्ने कुरालाई स्पष्टसँग उल्लेख गर्दछ । लैङ्गिक रूपमा तटस्थ भाषाले कुनै प्रावधानमा लिङ्ग सान्दर्भिक नरहेको अवस्थामा कुनै खास लिङ्गलाई उद्धृत गर्दैन । संविधानमा लैङ्गिक रूपमा समावेशी भाषा र लैङ्गिक रूपमा तटस्थ भाषा दुवैको प्रयोग गर्न सकिन्छ ।

लैङ्गिक रूपमा समावेशी भाषा संविधानको व्याख्याका लागि महत्वपूर्ण हुन्छ किनभने त्यो स्पष्ट हुन्छ र महिलाको समानता प्रवर्द्धन गर्ने तरिकाले संविधानको व्याख्या गर्न त्यसले न्यायाधीशहरूलाई मद्दत गर्छ । लैङ्गिक रूपमा तटस्थ भाषालाई महिलालाई बहिष्करण गर्ने हिसाबले व्याख्या गर्ने जोखिम रहने भए तापनि लैङ्गिक रूपमा तटस्थ भाषा पुलिङ्गी (लिङ्ग विशेष) भाषा भन्दा राम्रो हो ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **पोर्चुगल**<br>सन् १९७६ | धारा ४ ‸ पोर्चुगलको नागरिकता | कानून वा अन्तर्राष्ट्रिय महासन्धिले पोर्चुगाली नागरिक मान्ने **सबै व्यक्ति** त्यस्तो नागरिक हुनेछन् । | *शैली तटस्थ छ । मसौदाले नाम दोहोर्‍याउनसक्छ (जस्तैः 'नागरिक', 'व्यक्ति', 'सार्वजनिक पदाधिकारी', 'संसद्को सदस्य' आदि) र सर्वनाम (जस्तै : उनी, उ, उसको, उनको) प्रयोग नगर्नसक्छ ।* |
| **दक्षिण अफ्रिका**<br>सन् १९९६ | अध्याय ४, भाग क, राष्ट्रिय सभा, ४६ बनावट र निर्वाचन | (१) राष्ट्रिय सभामा निर्वाचन प्रणालीको आधारमा निर्वाचित ३५० भन्दा कम र ४०० भन्दा बढी नहुने गरी सदस्यका रूपमा निर्वाचित **महिला र पुरूष** रहनेछन् । | *शैली सकारात्मक रूपले महिला समावेशी छ, महिलालाई निर्दिष्ट गर्दै स्त्रीलिङ्गी सर्वनाम (जस्तैः उनी र उनको) प्रयोग गरिएको छ ।* |
| **टिमोर लेस्टे**<br>सन् २००२ | भाग ६, धारा १४९ (१) | राष्ट्रिपतिले **ऊ वा उनी**समक्ष जारी गर्नका लागि प्रस्तुत कुनै पनि विधेयकको संवैधानिकताको प्रारम्भिक समीक्षा गर्न सर्वोच्च न्यायालयलाई आग्रह गर्न सक्नेछन्/छिन् । | *शैली सकारात्मक रूपले महिला समावेशी छ, महिलालाई निर्दिष्ट गर्दै स्त्रीलिङ्गी सर्वनाम (जस्तैः उनी र उनको) प्रयोग गरिएको छ ।* |
| **फिजी**<br>सन् २०१३ | अध्याय ३, भाग ग, धारा ७६(३) | निर्वाचनको सुपरीवेक्षकले **उ वा उनी**लाई **उसको/उनको** जिम्मेवारी निर्वाह सम्बन्धमा निर्वाचन आयोगले दिएको कुनै पनि निर्देशनको पालना गर्नुपर्छ । | *शैली सकारात्मक रूपले महिला समावेशी छ, महिलालाई निर्दिष्ट गर्दै स्त्रीलिङ्गी सर्वनाम (जस्तैः उनी र उनको) प्रयोग गरिएको छ ।* |
| **टर्की**<br>सन् १९८२ | भाग ३, अध्याय २,क, घ, धारा १०४ | गणतन्त्रको राष्ट्रपतिले निर्वाचन र नियुक्तिको अधिकारको अभ्यास र **ऊ वा उनी**लाई संविधान र कानूनले सुम्पिएको अन्य जिम्मेवारी निर्वाह गर्नेछन्/छिन् । | *शैली सकारात्मक रूपले महिला समावेशी छ, महिलालाई निर्दिष्ट गर्दै स्त्रीलिङ्गी सर्वनाम (जस्तैः उनी र उनको) प्रयोग गरिएको छ ।* |

निष्कर्ष

कार्य/कदमहरू

# २ प्रस्तावनाले संवैधानिक समुदायका रूपमा रहने जनताको समावेशी दृष्टिकोण वा मतलाई महिलाहरूलाई खास रूपले समेट्ने गरी ब्याख्या गरेको छ ? प्रस्तावनाले महिलाको योगदानलाई कदर गरेको छ ?

व्याख्या

प्रस्तावना संविधानको परिचायक भाग हो जसले देहायका केही वा सबै कुरा उल्लेख गर्दछ : संविधानको इतिहास, जनताको मूल्यमान्यता र आकांक्षा, राज्यको प्रकृति र संविधान निर्माण कुन निकायअन्तर्गत भएको हो । प्रस्तावनालाई अदालतले प्रत्यक्ष रूपमा कार्यान्वयन गर्न नसक्ने भएतापनि, यसले राज्य प्रतिबद्ध भएको मूल्यमान्यतालाई प्रस्ट पार्नुका साथै यसले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकालाई दिशानिर्देश गर्दछ । प्रस्तावनाहरूलाई राज्य, विशेषगरी न्यायपालिकाले संविधानका अन्य भागहरूको व्याख्यालाई दिशानिर्देश गर्न उद्धृत गर्नसक्छन् । महिलाहरूलाई विशिष्ट रूपमा मान्यता प्रदान गर्ने संविधानले समानताको प्रबर्द्धनमा संविधानको व्याख्या गर्ने सन्दर्भ प्रदान गर्छ, र राज्यको भावी नीतिलाई निर्धारण गर्दछ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **जाम्बिया**<br>सन् १९९१ | प्रस्तावना | हामी, जाम्बियाका जनता... आफ्नो स्वतन्त्र रोजाई अनुसारको राजनीतिक, आर्थिक र सामाजिक प्रणालीको स्वतन्त्र रूपमा निर्धारण र निर्माण गरी सहभागी हुने अधिकारमा **पुरूष र महिलाको समान मूल्यलाई मान्यता** प्रदान गर्दछौं । | *महिलाहरूलाई मान्यता प्रदान गरिएको छ* |
| **इराक**<br>सन् २००५ | प्रस्तावना | ...हामी, इराकका जनता, जो हालै मात्र लड्ेर उठेका छौं, र गणतन्त्र, सङ्घीय, लोकतान्त्रिक, बहुलवादी व्यवस्थामार्फत आत्मविश्वासका साथ भविष्यतर्फ आशावादी छौं, विधिको शासनको सम्मान गने, न्याय र समानता स्थापित गर्ने, आक्रमणको राजनीतिलाई अलग राख्ने र **महिला र उनीहरूको अधिकारलाई ध्यान दिने** हाम्रा **पुरूष, महिला, वृद्धवृद्धा र युवाका साथ दृढताका साथ** संकल्प गदर्छौं । | *महिलाहरूलाई मान्यता प्रदान गरिएको छ* |
| **ट्यूनिसिया**<br>सन् २०१४ | प्रस्तावना | स्वतन्त्रता हासिल गर्ने र राज्यको निर्माण गर्ने हाम्रो जनताको सङ्घर्षमा गर्व गर्दै, हामीलाई निरंकुशताबाट मुक्त गर्न, हाम्रो स्वतन्त्र इच्छालाई पुष्टि गर्न र स्वतन्त्रता तथा निष्ठाका लागि क्रान्तिको उद्देश्यहरु पूरा गर्न, डिसेम्बर १७, २०१० देखि जनवरी १४, २०११ सम्मको क्रान्ति, हाम्रा शहिदका रगतप्रति वफादार हुँदै, ट्यूनिसियाका **पुरूष र महिला**का बलिदानप्रति, विभिन्न पुस्ताबीच, र अन्याय, असमता र भ्रष्टाचारलाई तोड्दै ... | *महिलाहरूको योगदानलाई मान्यता प्रदान गरिएको छ* |
| **डोमिनिकन गणतन्त्र**<br>सन् २०१० | प्रस्तावना | स्वतन्त्र र लोकतान्त्रिक रूपमा निर्वाचित, राष्ट्रिय पुनरावलोकनकारी सभामा भेला भएका हामी, डोमिनिकन गणतन्त्रका प्रतिनिधिहरु, ... **हाम्रा पुरूष र महिलाको निस्वार्थ कामबाट प्रोत्साहित...** | *महिलाहरूको योगदानलाई मान्यता प्रदान गरिएको छ* |

निष्कर्ष

कार्य/कदमहरू

# ३ प्रस्तावनामा लैङ्गिक समानता प्रति प्रतिवद्ध रहने मान्यतालाई स्वीकार गरिएको छ ?

व्याख्या

केही संविधानहरूमा राष्ट्रिय मूल्यमान्यता सम्बन्धी वृतान्त समावेश गरिएको हुन्छ, जसले लैङ्गिक समानताप्रति राज्यको प्रतिबद्धतालाई अभिव्यक्त गर्नसक्छ । त्यस्तो वृतान्तलाई अदालतले प्रत्यक्ष रूपमा लागू गर्न नसके तापनि त्यसको शक्तिशाली लोकप्रिय अर्थ हुनसक्छ । न्यायपालिकाले लैङ्गिक समानता समावेश रहेको राष्ट्रिय मूल्यमान्यताको वृतान्त संविधान र कानूनको आफ्नो व्याख्यालाई दिशानिर्देश गर्न सारभूत लैङ्गिक समानताको पक्षमा प्रयोग गर्नसक्छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **रूवाण्डा**<br>सन् २००३ | प्रस्तावना | **१०. रूवाण्डेलीहरूबीच र महिला तथा पुरुषबीच लैङ्गक समानताको सिद्धान्तप्रति कुनै पूर्वाग्रह बिना समान अधिकार सुनिश्चित गर्न प्रतिबद्ध** र राष्ट्रिय विकासमा परिपूरकता... | *लैङ्गिक समानताप्रति राज्यको प्रतिबद्धतालाई प्रस्ट गर्दछ ।* |
| **रूवाण्डा**<br>सन् २००३ | प्रस्तावना | ९. संयुक्त राष्ट्रसंघको वडापत्र, २६ जुन १९४५, नरसंहारको अपराधको निवारण र सजायसम्बन्धी महासन्धि, ८ डिसेम्बर १९४८, मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १० डिसेम्बर १९४८, सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २१ डिसेम्बर १९६५, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९ डिसेम्बर १९६६, **महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १ मे १९८०**, मानवअधिकार र जनअधिकारसम्बन्धी अफ्रिकन वडापत्र, २७ जुन १९८१, र बालअधिकार सम्बन्धी महासन्धि, २० नोभेम्बर १९८९...**मा स्थापित मानवअधिकारका सिद्धान्तहरूप्रति हाम्रो अनुपालनलाई पुनर्पुष्टि गर्दै...** | *महिला विरूद्धको भेदभावलाई प्रतिबन्धित गर्ने अन्तर्राष्ट्रिय संयन्त्रहरूको पालनालाई पुनर्पुष्टि गर्दछ ।* |
| **हाइटी**<br>सन् १९८७ | प्रस्तावना | हाइटीका जनताले यो संविधान घोषणा गर्दछन् : प्रभावकारी विकेन्द्रीकरणमार्फत आधारभूत स्वतन्त्रता र मानवअधिकार प्रतिको सम्मान, सामाजिक शान्ति, आर्थिक समता, **लैङ्गिक समता** र राष्ट्रिय जीवनमा संलग्न हुने ठूला निर्णयमा सबै जनताको सहभागितामा **आधारित शासन व्यवस्था स्थापित गर्न ।महिलालाई शक्ति र निर्णयहरूको अवस्थामा प्रतिनिधित्व सुनिश्चित गर्ने, जुन लिङ्गहरूको समानता र लैङ्गिक समता अनुरूप हुनुपर्छ ।** | *लैङ्गिक समानताप्रति राज्यको प्रतिबद्धतालाई प्रस्ट गर्दछ ।* |

| | | | |
|---|---|---|---|
| **सेन्ट्रल अफ्रिकन रिपब्लिक**<br>**सन् २००४** | प्रस्तावना | संयुक्त राष्ट्रसङ्घको वडापत्र, मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १० डिसेम्बर १९४८, एकातर्फ आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार र अर्कोतर्फ नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी १६ डिसेम्बर १९६६ को अन्तर ाष्ट्रिय सम्फौता प्रतिको अनुपालन पुष्टि गर्दै, मानव र जनताको अधिकारसम्बन्धी अफ्रिकी बडापत्र, २७ जुन १९८१ प्रतिको प्रतिबद्धता पुनर्पुष्टि गर्दै, **अनुमोदन गरिएका सबै अन्तर्राष्ट्रिय सन्धिहरू, विशेष गरी महिलाका सम्बन्धमा सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी र बाल अधिकारको संरक्षणसम्बन्धी महासन्धिहरूको परिपालनलाई पुनर्पुष्टि गर्दछ ।** | *महिला विरूद्धको भेदभावलाई प्रतिबन्धित गर्ने अन्तर्राष्ट्रिय संयन्त्रहरूको पालनालाई पुनर्पुष्टि गर्दछ ।* |
| **बेलिजे**<br>**सन् १९८१** | प्रस्तावना (ङ) | बेलिजेका जनता ... (ङ) बेलिजको एकता, स्वतन्त्रता, सार्वभौमसत्ता र क्षेत्रीय अखण्डता सुरक्षित गर्ने ; बेलिजेका नागरिकहरूबीच जाति, जातीयता, रङ्, अपाङ्गता वा लिङ्गको आधारमा विद्यमान सामाजिक सुविधा र विभेदलाई उन्मूलन गर्ने; **लैङ्गिक समानता सुनिश्चित गर्ने राज्यका नीतिहरूको** आवश्यकता छ | *लैङ्गिक समानताप्रति राज्यको प्रतिबद्धतालाई प्रस्ट गर्दछ ।* |

निष्कर्ष

कार्य/कदमहरू

संविधानमा महिला समानताको समीक्षा

# समानता र अविभेद

प्रश्न ४ - १४



# ४ संविधानमा महिला अधिकारको विशेष पहिचान र संरक्षण गर्ने खास भाग, धारा वा विभिन्न धाराहरू छन् ?

## व्याख्या

संविधानमा समावेश गरिएका अधिकारहरु न्यायपालिकाले लागू गर्नसक्छ र व्यवस्थापिकाले पारित गरेको कानूनमा संरक्षित गरिएको भन्दा फरक स्वरूपमा यसलाई परिवर्तन गर्न कठिनाइ हुन्छ । समानताको प्रावधान (महिला र पुरूष समान हुन् भनी उल्लेख गरिएको) तथा अविभेदको प्रावधान (लिङ्ग वा लैङ्गिकताको आधारमा हुने भेदभावमाथि प्रतिबन्ध) भए पनि संविधानमा महिलाका अधिकारहरु समावेश गर्नाले ती अधिकारहरूलाई समानताको धारा वा अविभेदको धाराले भन्दा बढी सुरक्षित रूपमा प्रत्याभूत र संरक्षित गर्नसकिन्छ, किनभने कुनै अधिकारलाई निर्दिष्ट गरेर राज्यले त्यसको संरक्षण र सम्बर्द्धन गर्नुपर्छ र यो विधायक र न्यायपालिकाको व्याख्याको बृहत विषय होइन ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **ट्यूनिसिया**<br>सन् २०१४ | शीर्षक दुई अधिकार र स्वतन्त्रताहरु, धारा ४६ ; महिलाको अधिकार | राज्यले महिलाले प्राप्त गरेको अधिकारको संरक्षण गर्न र ती अधिकारहरूको सुदृढीकरण र विकास गर्न काम गर्ने प्रतिबद्धता व्यक्त गर्छ । सबै क्षेत्रमा सबै तहको जिम्मेवारीमा महिला र पुरूषबीच अवसरको समानतालाई राज्यले प्रत्याभूत गर्छ । राज्यले निर्वाचित सभाहरूमा महिला र पुरुषबीच समता हासिल गर्न काम गर्नेछ । महिला विरूद्ध हिंसाको उन्मूलन गर्न राज्यले आवश्यक सबै कदम चाल्नेछ । | *एउटा भाग महिलाको अधिकारसम्बन्धी रहेको छ ।* |
| **बोलिभिया**<br>सन् २००९ | अध्याय २<br>मौलिक हक, धारा १५ (२) | सबैको, विशेष गरी महिलाको, परिवारमा र समाजमा शारीरिक, यौनिक वा मनोसामाजिक हिंसाबाट मुक्त रहने हक छ । | *महिला अधिकारलाई विषयगत भागहरूमा समावेश गरिएको छ, जस्तैः राजनीतिक सहभागिता र प्रतिनिधित्व सम्बन्धी (उदाहरणः व्यवस्थापिका सम्बन्धी भाग, समितिहरूको बनावट वा राज्यका अंगहरु), श्रम/रोजगार, मौलिक हक आदि ।* |
| **कङ्गो**<br>सन् २००१ | शीर्षक<br>मौलिक हक र स्वतन्त्रता, धारा ८ | कानूनको अघि सबै नागरिक समान छन् । उत्पत्ति, सामाजिक वा भौतिक अवस्था, जात, जातीय वा विभागीय आवद्धता, लिङ्ग, शिक्षा, भाषा, धर्म, सिद्धान्त वा बासस्थानमा आधारित कुनै पनि भेदभाव धारा ५८ र ९६ का प्रावधान अन्तर्गत प्रतिबन्धित छन् । महिलाको पुरूष सरह अधिकार छन् । कानूनले सबै राजनीतिक, निर्वाचित र प्रशासनिक जिम्मेवारीमा उनीहरूको प्रवर्द्धन र प्रतिनिधित्वको प्रत्याभूति र सुनिश्चितता दिलाउंछ । | *महिला अधिकारहरु अधिकार र स्वतन्त्रता सम्बन्धी साधारण भागमा समावेश गरिएका छन् ।* |
| **गणतन्त्र कोरिया**<br>सन् १९४८ | अध्याय २<br>नागरिकहरूको अधिकार र दायित्व, धारा ३२ | १. सबै नागरिकलाई कामको अधिकार हुनेछ । राज्यले श्रमिकहरूको रोजगार प्रवर्द्धन् गर्न र सामाजिक तथा आर्थिक माध्यमबाट अधिकतम ज्याला प्रत्याभूत गर्न प्रयास गर्नेछ र कानूनले तोके अनुसार न्यूनतम ज्याला लागू गर्नेछ ।...<br>४. श्रमिक महिलाहरूलाई विशेष संरक्षण प्रदान गरिनेछ र उनीहरु रोजगारी, ज्याला र काम गर्ने अवस्थाका हकमा अनुचित भेदभावको शिकार बन्नुपर्ने छैन । | *महिला अधिकारलाई विषयगत भागहरूमा समावेश गरिएको छ, जस्तैः राजनीतिक सहभागिता र प्रतिनिधित्व सम्बन्धी (उदाहरणः व्यवस्थापिका सम्बन्धी भाग, समितिहरूको बनावट वा राज्यका अंगहरु), श्रम/रोजगार, मौलिक हक आदि ।* |

| | | | |
|---|---|---|---|
| **इराक**<br>सन् २००५ | भाग ३<br>सङ्घीय अधिकार, अध्याय १ व्यवस्थापकीय अधिकार, जनप्रतिनिधि सभा, धारा ४९ (चौथौ) | निर्वाचनसम्बन्धी कानूनले जनप्रतिनिधि सभाका सदस्यहरूको एक चौथाई भन्दा कम नहुनेगरी महिलाको प्रतिनिधित्वको प्रतिशत हासिल गर्ने उद्देश्यले धारण गर्नेछ । | *महिला अधिकारलाई विषयगत भागहरूमा समावेश गरिएको छ, जस्तैः राजनीतिक सहभागिता र प्रतिनिधित्वसम्बन्धी (उदाहरणः व्यवस्थापिका सम्बन्धी भाग, समितिहरूको बनावट वा राज्यका अंगहरू), श्रम/रोजगार, मौलिक हक आदि ।* |

निष्कर्ष

कार्य/कदमहरू

## ५ भेदभावको परिभाषा गरिएको छ ?

व्याख्या

महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सिडअ) ले 'भेदभाव' लाई 'लिङ्गको आधारमा गरिएको कुनै अन्तर, बहिष्करण वा प्रतिबन्ध, जसको प्रभाव वा प्रयोजन वैवाहिक स्थितिका बावजुद राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक वा अन्य कुनै क्षेत्रमा पुरूष र महिलाबीच समानताको आधारमा महिलाबाट मानवअधिकार र मौलक स्वतन्त्रताको मान्यता, उपभोग वा अभ्यासमा अवरोध सिर्जना गर्नु वा त्यसलाई निस्तेज तुल्याउनु रहेको छ ' भनी परिभाषित गरेको छ ।

'प्रभाव वा प्रयोजन'को अर्थ भेदभाव गर्ने नियत आवश्यक छैन ; महिलाको अधिकार र स्वतन्त्रताको मान्यता, उपभोग वा अभ्यासलाई कुनै कानूनको परिणाम वा असरले नकारात्मक प्रभाव पार्छ भने सो कानून भेदभावपूर्ण ठहरिन्छ । यो विषय ज्यादै महत्वपूर्ण छ किनभने स्पष्ट रूपमा तटस्थ कानून वा नीति (जसले भदेभाव गर्ने देखिंदैन)को पनि भेदभावपूर्ण प्रभाव हुनसक्छ । भेदभावको विस्तारित परिभाषाअन्तर्गत महिलाहरूसँग भेदभावपूर्ण प्रभाव भएको प्रमाणित हुने कानून र नीतिहरूलाई उल्टाउन अदालत, ओम्बुड्समेन, मानवअधिकार/समानता समिति आदि समक्ष जानसक्ने व्यवस्था हुन्छ । यो महत्वपूर्ण हुन्छ किनभने भेदभावजन्य नियत प्रमाणित गर्न कठिन हुनसक्छ ।

### उदाहरणहरू

| | | | |
|---|---|---|---|
| **सोमालिया**<br>सन् २०१२ | धारा ११ (२) | **कुनै पनि कार्यको प्रभावले कुनै व्यक्तिको अधिकार कमजोर बनाउने वा सीमित बनाउने काम गर्छ भने, त्यस्तो कार्य गर्ने व्यक्तिको नियत त्यस्तो नभए पनि** त्यो भेदभाव भएको ठहरिनेछ । | *भेदभावलाई कुनै कार्यको प्रभावका रूपमा परिभाषित गरिएको छ ।* |
| **भेनेजुएला**<br>सन् १९९९ | धारा २१ (१) | कानून अघि सबै व्यक्ति समान छन्, र फलस्वरूप :<br>१. जाति, लिङ्ग, आस्था वा सामाजिक हैसियतको आधारमा हुने कुनै भेदभाव स्वीकार्य हुनेछैन, **समग्रमा हरेक व्यक्तिको अधिकार र स्वतन्त्रता समान रूपमा मान्यता, उपभोग वा अभ्यासलाई निस्तेज वा हस्तक्षेप गर्ने नियत वा प्रभावले गरिएको कुनै भेदभाव** स्वीकार्य हुनेछैन । | *भेदभावलाई कुनै कार्यको प्रभावका रूपमा परिभाषित गरिएको छ ।* |
| **तान्जानिया**<br>सन् १९७७ | धारा १३ (५) | यस धाराको प्रयोजनका लागि **'भेदभाव गर्नु'को अर्थ विभिन्न मानिसको आवश्यकता, अधिकार वा अन्य आवश्यकताहरूलाई** उनीहरूको राष्ट्रियता, जाति, उत्पत्ति, राजनीतिक विचार, रङ्, लिङ्ग वा बासस्थानका आधारमा **सन्तुष्ट गराउनु हो, जसले गर्दा केही खास वर्गका व्यक्तिहरूलाई कमजोर वा गौण मानिने र पाबन्दी वा परिस्थिति सिर्जना गरिदिने जहाँ अन्य वर्गका व्यक्तिहरूलाई फरक ढंगले व्यवहार गरिन्छ वा तोकिएको अवस्था वा तोकिएको आवश्यक योग्यता बाहिरको अवसर वा लाभ प्रदान गरिनेछ ।** तथापि, 'भेदभाव' शब्दलाई समाजमा रहेका अपाङ्गतालाई हटाउन लक्षित उद्देश्यपरक कदम चाल्न सरकारलाई रोक्ने गरी व्याख्या गर्न पाइने छैन । | *भेदभावलाई परिभाषित गरिएको छ ।* |

निष्कर्ष

कार्य/कदमहरू

# ६ लिङ्ग र लैङ्गिकताको आधारमा गरिने विभेदलाई निषेध गरिएको छ ?

## व्याख्या

समानता सम्बन्धी धारा मात्र भन्दा पनि लिङ्ग (जैविक भिन्नता बुझिने) र लैङ्गिकता (सामाजिक रूपमा निर्मित भूमिका बुझिने) दुवैको आधारमा हुने भेदभावलाई प्रतिबन्धित गर्ने प्रावधान समानता सम्बन्धी धाराको साथमा हुँदा अझ बलियो हुन्छ, किनभने त्यसले स्पष्ट रूपमा महिलाहरूलाई भेदभावबाट संरक्षण प्रदान गर्दछ । लिङ्ग र लैङ्गिकताको आधारमा हुने भेदभाव प्रतिबन्धित गर्ने प्रावधानले कानून, न्यायिक व्याख्या र राज्यको नीतिलाई महिला विरूद्धको भेदभाव निवारण र उपचार गर्ने कार्यलाई दिशानिर्देश गर्छ । अविभेदको सिद्धान्त लैङ्गिक समानताका लागि आधारभूत विषय हो । कहिलेकाँही अन्य प्रावधानहरूले समानता र अविभेदको अधिकारलाई उल्लङ्घन गर्नसक्छन्, र यसरी संविधानको लिखतमा विरोधाभाष सिर्जना गर्छन् । उदाहरणका लागि, नागरिकताको प्रावधानले पुरूष र महिलालाई फरक ढंगले व्यवहार गर्न सक्छ, जसमा लिङ्ग र लैङ्गिकताको आधारमा हुने भेदभावमाथिको प्रतिबन्ध उल्लङ्घन हुन पुग्छ । त्यति स्पष्ट रूपमा नदेखिने विरोधाभाषको उदाहरणको रूपमा लागि सार्वजनिक पदका लागि योग्यता हुनसक्छ, जसले महिलाहरूमाथि भेदभावजन्य प्रभाव पार्दछ । किनभने त्यो योग्यता पूरा गर्न महिलाहरूका लागि कठिन हुन्छ वा त्यो योग्यता पुग्ने महिलाहरूको संख्या पुरूषको तुलनामा न्यून छ । त्यसैकारण, संविधानमा रहेका विरोधाभाषी प्रावधान वा महिलामाथि तुलनात्मक रूपमा बढी नकारात्मक प्रभाव पार्ने प्रावधानहरु बारे सचेत हुन र ती प्रावधानहरूले लिङ्ग र लैङ्गिकताको आधारमा हुने भेदभावमाथिको प्रतिबन्ध र संविधानको अन्य स्थानमा पहिचान गरिएका महिलाका अन्य अधिकार वा मान्यताहरूलाई उल्लङ्घन गर्छन् वा गर्दैनन् भनी निर्धारण गर्नु महत्वपूर्ण हुन्छ ।

### उदाहरणहरू

| | | | |
|---|---|---|---|
| **होन्डुरस**<br>सन् १९८२ | धारा ६० | कानून अघि सबै होन्डुरसका जनता समान छन् । **लिङ्ग,** जाति, वर्ग वा मानव निष्ठाका लागि पूर्वाग्रही अन्य कुनै कारणका **आधारमा कुनै सबै प्रकारका भेदभाव** दण्डनीय हुनेछ । कानूनले अपराध ठहर गर्ने र यो प्रावधानको उल्लङ्घन गर्नेहरूलाई दण्डको व्यवस्था गर्नेछ । | *लिङ्गको आधारमा हुने भेदभाव प्रतिबन्धित छ ।* |
| **इजिप्ट**<br>सन् २०१४ | अध्याय ३, धारा ५३ | **नागरिकहरू** कानूनको अघि समान छन्, समान अधिकार र सार्वजनिक दायित्व निर्वाह गर्छन् र धर्म, आस्था, उत्पत्ति, जाति, रङ्ग, भाषा, अपाङ्गता, सामाजिक वर्ग, राजनीतिक वा भौगोलिक आवद्धता वा अन्य कुनै कारणको **आधारमा उनीहरू विरूद्ध भेदभाव गरिने छैन ।** | *लिङ्गको आधारमा हुने भेदभाव प्रतिबन्धित छ ।* |
| **टिमोर लेस्टे**<br>सन् २००२ | भाग २, धारा १६(२) | रङ्ग, जाति, बैवाहिक स्थिति, **लिङ्ग,** जातीय मूल, भाषा, सामाजिक वा आर्थिक हैसियत, राजनीतिक वा वैचारिक विश्वास, धर्म, शिक्षा र शारीरिक वा मानसिक अवस्थाको **आधारमा कसैलाई पनि भेदभाव गरिनेछैन** । | *लिङ्गको आधारमा हुने भेदभाव प्रतिबन्धित छ ।* |

| | | | |
|---|---|---|---|
| **बोलिभिया**<br>सन् २००९ | धारा १४ (२) | **राज्यले लिङ्ग** , रङ, उमेर, यौन झुकाव, **लैङ्गिक पहिचान**, उत्पत्ति, संस्कृति, राष्ट्रियता, नागरिकता, भाषा, धार्मिक विश्वास, विचार, राजनीतिक आवद्धता वा सिद्धान्त, नागरिक हैसियत, आर्थिक वा सामाजिक अवस्था, पेशाको प्रकार, शिक्षाको स्तर, अपाङ्गता वा गर्भावस्थामा आधारित भेदभावका सबै रूप र सबै व्यक्तिको समान मान्यता, अधिकारको उपभोग वा अभ्यासलाई निस्तेज वा क्षति पुर्‍याउने प्रयास गर्ने वा परिणाम दिने अन्य कुनै पनि **भेदभावलाई प्रतिबन्धित गर्दछ** । | *लिङ्गको आधारमा हुने भेदभाव प्रतिबन्धित छ ।* |
| **दक्षिण अफ्रिका**<br>सन् १९९६ | अध्याय २, धारा ९(३)(४) | ३. राज्यले जाति, लैङ्गिकता, **लिङ्ग,** गर्भावस्था, बैवाहिक स्थिति, जातीय वा सामाजिक उत्पत्ति, रङ, यौन झुकाव, उमेर, अपाङ्गता, धर्म, आस्था, विश्वास, संस्कृति, भाषा र जन्मलगायतको **एक वा बढी कारणको आधार पनि कसैलाई पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अनुचित भेदभाव गर्ने छैन ।**<br>४. उपधारा (३) मा उल्लेखित एक वा बढी आधारमा कसैलाई पनि प्रत्यक्ष वा अप्रत्यक्ष तरिकाले अनुचित भेदभाव गरिने छैन । | *लिङ्गको आधारमा हुने भेदभाव प्रतिबन्धित छ ।* |

निष्कर्ष

कार्य/कदमहरू

## ७ संविधानमा राज्यलाई लैङ्गिक समानता प्रति प्रतिवद्ध बनाउने कुनै प्रावधान छ ?

व्याख्या

लैङ्गिक समानताप्रतिको प्रतिबद्धताले राज्यलाई सारभूत समानता हासिल गर्न निर्दिष्ट कदमहरु चाल्न सक्षम बनाउँछ । भेदभावलाई प्रतिबन्धित गर्ने धाराले भन्दा पनि लैङ्गिक समानतासम्बन्धी धाराले राज्यलाई सशक्त बनाउँछ । लैङ्गिक समानता हासिल गर्न भेदभाव हटाउन जरूरी छ तर गहिरो रूपमा जरा गाडेको पूर्वाग्रह, भेदभावको इतिहास र महिला तथा पुरूषबीच समाजमा विद्यमान असमान हैसियतलाई हटाउन थप कदमहरु पनि आवश्यक छन् ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **बोलिभिया**<br>सन् २००९ | अध्याय २, धारा ८ (२) | **राज्य** एकता, समानता, समावेशीकरण, निष्ठा, स्वतन्त्रता, एक्यबद्धता, पारस्परिकता, सम्मान, अन्तरनिर्भरता, सदभाव, पारदर्शिता, समता, अवसरको समानता, सहभागितामा **लैङ्गिक समानता, साझा कल्याण, जिम्मेवारी, सामाजिक न्याय, कल्याणका लागि सामाजिक सम्पत्तिको वितरण र पुनःवितरणको मान्यतामा आधारित छ ।** | *लैङ्गिक समानतालाई राज्यको मान्यता, सिद्धान्त वा उद्देश्यका रूपमा उल्लेख गरिएको छ ।* |
| **जिम्बाब्वे**<br>सन् २०१३ | अध्याय १, धारा ३(१)(छ) | **जिम्बाब्वे देहायका मान्यता र सिद्धान्तप्रतिको सम्मानमा खडा भएको छ : (छ) लैङ्गिक समानता** | *लैङ्गिक समानतालाई राज्यको मान्यता, सिद्धान्त वा उद्देश्यका रूपमा उल्लेख गरिएको छ ।* |
| **टिमोर लेस्ते**<br>सन् २००२ | भाग ६(ञ) | **राज्यको आधारभूत उद्देश्यहरू देहाय बमोजिम हुनेछन् (ञ) महिला र पुरूषबीच अवसरको प्रभावकारी समानता सिर्जना, प्रवर्द्धन र प्रत्याभूत गर्नु ।** | *लैङ्गिक समानतालाई राज्यको मान्यता, सिद्धान्त वा उद्देश्यका रूपमा उल्लेख गरिएको छ ।* |

निष्कर्ष

कार्य/कदमहरू

## ८ विविध किसिमका भेदभावलाई बढावा दिनसक्ने विषयहरूका आधारमा हुने विभेद र अनुचित व्यवहारलाई निषेध गरिएको छ ?

व्याख्या

लैङ्गिकता र लिङ्गका अतिरिक्त महिलाका अन्य विशेषता, पहिचान र विश्वास हुन्छन्, जसले उनीहरूलाई भेदभाव र अनुचित व्यवहारको जोखिममा पुर्‍याउँछन् । यो स्थिर हुनसक्छ वा समयसँगै परिवर्तन पनि हुनसक्छ र त्यस अन्तर्गत बैवाहिक स्थिति, गर्भावस्था, मातृत्व, स्वास्थ्यको अवस्था (जस्तै एचआईभी भएको अवस्था), जातीयता, जनजातीयता, जाति, राष्ट्रिय उत्पत्ति, राष्ट्रियता, धार्मिक विश्वास, उमेर, आर्थिक अवस्था वा वित्तीय हैसियत, भाषा, राजनीतिक आस्था, पेशा, शिक्षाको स्तर, अपाङ्गता र संस्कृति (त्यसमा मात्र सीमित नहुनेगरी) लगायतका विषयहरू पर्न सक्दछन् ।

यो सूची पूर्ण छैन तर भेदभाव प्रतिबन्धित हुने केही साझा विषयहरु समावेश छन् । संविधानमा लैङ्गिक समानतासम्बन्धी सशक्त प्रावधानहरु समावेश भएपनि यदि महिला (र पुरूष)लाई अन्य कारण जस्तैः जातीयता वा धर्मले भेदभाव गर्न सकिन्छ भने त्यस्ता प्रकृतिका भेदभावहरूले समानतामा व्यवधान सिर्जना गर्छन् र जीवनको धेरै क्षेत्रमा असमानतालाई बल पुर्‍याउने गर्छन् ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **इक्वेडोर**<br>सन् २००८ | धारा ११ (२) | सबै व्यक्ति समान छन् र समान अधिकार, दायित्व र अवसरहरु उपभोग गर्नेछन् । जातीयता, जन्मस्थल, उमेर, **लिङ्ग, लैङ्गिक पहिचान, साँस्कृतिक पहिचान, नागरिक हैसियत, भाषा, धर्म, विचार, राजनीतिक आवद्धता, कानूनी अभिलेख, सामाजिक तथा आर्थिक अवस्था, आप्रवासनको अवस्था, यौन झुकाव, स्वास्थ्य अवस्था, एचआईभी संक्रमण, अपाङ्गता, शारीरिक भिन्नता वा अन्य कुनै पृथक विशेषता (चाहे त्यो व्यक्तिगत वा सामूहिक होस्, अस्थायी वा स्थायी) को आधारमा कसैप्रति भेदभाव गरिने छैन,** जसको उद्देश्य वा परिणाम अधिकारको मान्यता, उपभोग वा अभ्यासलाई कमजोर वा निस्तेज बनाउने हुनसक्छ । राज्यले असमानताको अवस्थामा रहेको अधिकारबाहकको लाभका लागि वास्तविक समानता प्रवर्द्धन गर्ने सकारात्मक पहलका उपायहरूको अवलम्बन गर्नेछ । | *स्थिर र स्थायी विशेषता, पहिचान र विश्वासको आधारमा भेदभाव प्रतिबन्धित छ ।* |
| **मङ्गोलिया**<br>सन् १९९२ | अध्याय २, धारा १४ (२) | **जातीय उत्पत्ति, भाषा, जाति, उमेर, लिङ्ग, सामाजिक उत्पत्ति र हैसियत, सम्पत्ति, पेशा र पद, धर्म, विचार र शिक्षाको आधारमा** कसैप्रति भेदभाव गरिनेछैन । कानूनको अघि हरेक एउटा व्यक्ति हुनेछ । | *स्थिर र स्थायी विशेषता, पहिचान र विश्वासको आधारमा भेदभाव प्रतिबन्धित छ ।* |
| **जिम्बाब्वे**<br>सन् २०१३ | अध्याय २, भाग २, धारा ५६ (३) | **हरेक व्यक्तिलाई राष्ट्रियता, जाति, रङ, जाति, जन्मस्थल, जातीय वा सामाजिक उत्पत्ति, भाषा, वर्ग, धार्मिक विश्वास, राजनीतिक आवद्धता, विचार, संस्कार, संस्कृति, लिङ्ग, लैङ्गिकता, वैवाहिक स्थिति, उमेर, गर्भावस्था, अपाङ्गता वा आर्थिक वा सामाजिक हैसियत वा विवाह भित्र वा बाहिर जन्मिएको जस्ता आधारमा** अनुचित रूपमा भेदभावपूर्ण व्यवहार विरूद्धको हक हुनेछ । | *स्थिर र स्थायी विशेषता, पहिचान र विश्वासको आधारमा भेदभाव प्रतिबन्धित छ ।* |

निष्कर्ष

कार्य/कदमहरू

## ९ संविधानमा भेदभावका निषेधित आधारहरूको सूची समावेश छ ? यदि छ भने, त्यस बाहेकका थप भेदभावहरूलाई पनि प्रतिबिन्धित गर्न सकिन्छ भन्ने कुरा स्पष्ट छ ?

व्याख्या

कुनै पनि संविधानले भेदभावको आधारका रूपमा प्रयोग हुनसक्ने हरेक विशेषता, पहिचान वा विश्वासलाई उल्लेख गर्नसक्दैन । यसका अतिरिक्त, कुनै खास वर्गलाई भेदभावबाट संरक्षण गर्नुपर्ने भनी तत्काल पहिचान नगरिएको भए तापनि त्यो समयसँगै परिवर्तन हुनसक्छ । संविधानमा अधिकार र विभेदरहितता सम्बन्धमा विकसित हुंदै गैरहेको बुझाईलाई आत्मसात गर्ने लचकता हुनका लागि भेदभावलाई प्रतिबन्धित गर्ने प्रावधानहरूको भाषालाई कुनै एउटामा मात्र सीमित नहुने गरी व्याख्या गरिनु र नतोकिएका अन्य आधारहरु समावेश गर्न खुला रहनु महत्वपूर्ण हुन्छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **केन्या**<br>सन् २०१० | धारा २७ (४) | राज्यले कुनै पनि व्यक्तिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा **कुनै पनि आधारमा** भेदभाव गर्ने छैन, जसमा जाति, लिङ्ग, गर्भावस्था, बैवाहिक स्थिति, स्वास्थ्यको अवस्था, जातीय वा सामाजिक उत्पत्ति, रङ, उमेर, अपाङ्गता, धर्म, विवेक, आस्था, संस्कृति, पोशाक वा जन्मलगायतका आधार रहेका छन् । | *संविधानमा प्रयुक्त भाषाले भेदभाव प्रतिबन्धित हुने आधारको सूची पूर्ण छैन भन्ने संकेत गरेको छ (उदाहरणका लागि 'लगायत' र 'जस्तै')* |
| **फिजी**<br>सन् १९९७ | भाग ३८ (२क) | कुनै पनि व्यक्तिलाई उसको वा उनको देहायको कारणले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भेदभाव गरिनु हुंदैन : (क) वास्तविक वा अनुमानित व्यक्तिगत विशेषता वा परिस्थिति, जसमा जाति, जातीय उत्पत्ति, रङ, उत्पत्तिको स्थान, लैङ्गिकता, यौन झुकाव, जन्म, प्राथमिक भाषा, आर्थिक हैसियत, उमेर वा अपाङ्गता**लगायत** रहेका छन् । | *संविधानमा प्रयुक्त भाषाले भेदभाव प्रतिबन्धित हुने आधारको सूची पूर्ण छैन भन्ने संकेत गरेको छ (उदाहरणका लागि 'लगायत' र 'जस्तै')* |
| **अर्मेनिया**<br>सन् १९९५ | धारा १४.१ | **...कुनै पनि भेदभाव जो कुनै कारणमा आधारित छ, जस्तै** : लिङ्ग, जाति, रङ, जातीय वा सामाजिक उत्पत्ति, अनुवंशीय विशेषता, भाषा, धर्म वा आस्था, राजनीतिक वा अन्य विचार, राष्ट्रिय अल्पसंख्यकको सदस्यता, सम्पत्ति, जन्म, अपाङ्गता, उमेर वा अन्य व्यक्तिगत वा सामाजिक परिस्थितिलाई प्रतिबन्धित गरिनेछ । | *संविधानमा प्रयुक्त भाषाले भेदभाव प्रतिबन्धित हुने आधारको सूची पूर्ण छैन भन्ने संकेत गरेको छ (उदाहरणका लागि 'लगायत' र 'जस्तै')* |

निष्कर्ष

कार्य/कदमहरू

# समानता र अविभेद

## १० महिला र पुरूष वीचको सारभूत समानतालाई बढावा दिने विशेष उपायहरू पहिचान गरिएका छन् ?

व्याख्या

सारभूत समानता हासिल गर्न महिला र पुरुषबीचको विभेद, र त्यो विभेदलाई वास्तविक अवस्थामा पहिचान गरी सम्बोधन गरिनु जरूरी छ । महिलाहरूले उनीहरूको लैङ्गिकताका साथै विगतको भेदभावका कारण राजनीतिक, आर्थिक र सामाजिक जीवनमा खास व्यवधानहरूको सामना गर्नुपर्ने भएकाले समान व्यवहार मात्र असमानतालाई सम्बोधन गर्न पर्याप्त नहुन सक्छ । त्यसैकारण राज्यले महिला र पुरुषबीच सारभूत समानता हासिल गर्ने कार्यलाई द्रुत गति प्रदान गर्ने उद्देश्यले कानून, नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने निर्णय लिनसक्छन् ।

सारभूत समानता हासिल गर्न राज्यले महिलाहरूका लागि शिक्षा, रोजगारी, राजनीतिक सहभागिता, आर्थिक जीवन र अन्य क्षेत्रमा प्राथमिकतापूर्ण व्यवहारलाई स्वीकृत गर्नसक्छ । यी उपायहरूले पुरूषविरूद्ध भेदभाव गरेको र फलतः समानताका प्रावधानहरु उल्लङ्घन गरेको देखिन सक्छ । तथापि, सारभूत समानतालाई बढावा दिने विशेष उपायहरूले अविभेदको मूल्यमान्यतालाई उल्लङ्घन गर्दैनन् किनभने अविभेदको उद्देश्य महिलासहित सीमान्तकृत र अल्पप्रतिनिधित्व भएका समूहहरूको सारभूत समानता (औपचारिक समानतामात्र नभई) को प्रवर्द्धन गर्नु हो ।

अस्थायी विशेष उपायहरु राज्यले महिलाका लागि समानता हासिल गर्न अवलम्बन गरेका कदमह हुन् र त्यसमा महिलाहरूका लागि प्राथमिकतापूर्ण व्यवहार तथा विशेष कार्यक्रमहरु समावेश हुनसक्छन् । अस्थायी विशेष उपायहरूको प्रयोजन स्थायी बन्नु होइन, तर 'अवसर र व्यवहारको समानताका उद्देश्यहरु पूरा भएपछि स्थगित गरिनु हो' (सिडअ धारा ४.१) । जैविक भिन्नतासँग सम्बन्धित विशेष उपायहरु, जस्तै-मातृत्व स्थायी हुन सक्छन् ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **दक्षिण अफ्रिका** सन् १९९६ | अध्याय २, भाग ९(२) | **समानतामा सबै अधिकार र स्वतन्त्रताहरूको पूर्ण उपभोग समावेश हुन्छ । समानताको प्राप्तिलाई प्रवर्द्धन गर्न अनुचित भेदभावका कारण सुविधाबाट बञ्चित व्यक्ति वा व्यक्तिहरको समूहको संरक्षण वा विकास गर्न व्यवस्थापिकीय र अन्य उपायहरू चाल्न सकिनेछ ।** | *'वास्तविक', 'पूर्ण' वा 'सारभूत' समानतामा जोड दिने भाषा जसलाई विशेष उपायहरु स्वीकृत गरिएको भनी लिनसकिन्छ ।* |
| **अर्जेन्टिना** सन् १९९४ | भाग ७५(२३) | **कङ्ग्रेससँग देहायका अधिकार रहनेछ : सही अर्थमा समान अवसर र व्यवहारको प्रत्याभूतिका लागि कानून बनाउन र प्रवर्द्धन गर्न**, विशेषगरी बालबालिका, **महिला**, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूका सम्बन्धमा यो **संविधान र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूले स्थापित गरेका अधिकारहरूको पूर्ण लाभ र अभ्यास सुनिश्चित गर्न** । गर्भावस्था देखि प्राथमिक शिक्षासम्म बालबालिकालाई परित्याग गरिने कार्यबाट संरक्षण गर्न र **आमालाई गर्भावस्था र स्तनपानको समयावधिमा संरक्षण प्रदान गर्न विशेष र एकीकृत सामाजिक सुरक्षा प्रणाली लागू गर्न ।** | *विशेष (सकारात्मक) उपायहरु स्वीकृत गर्ने भाषा ।* |
| **ग्रस ्‌ सन्** १९७५ | धारा ११६(२) | **पुरूष र महिलाबीच समानता प्रवर्द्धन गर्ने सकरात्मक उपायहरूमा लिङ्गमा आधारित भेदभाव समावश हुँदैनन् । राज्यले व्यवहारमा विद्यमान विशेषतः महिलाका लागि हानिकारक असमानताहरू उन्मूलनका लागि कदम चाल्नेछ ।** | *' विशेष (सकारात्मक) उपायहरु स्वीकृत गर्ने भाषा ।* |

| | | | |
|---|---|---|---|
| इक्वेडोर<br>सन् २००८ | धारा ३३१) | राज्यले महिलाहरूका लागि रोजगारी, व्यावसायिक र पेशागत तालिम र विकास, समतामूलक ज्याला, र स्वरोजगारको विकल्पमा समान पहुँच प्रत्याभूत गर्नेछ ।<br>असमानता उन्मूलन गर्न सबै आवश्यक कदम चालिनेछ । काममा महिलालाई प्रभावित गर्ने कुनै पनि प्रकारको भेदभाव, कुनै पनि प्रकृतिको हैरानी वा हिंसात्मक कार्य (प्रत्यक्ष वा अप्रत्यक्ष) बर्जित छ । | *विशेष (सकारात्मक) उपायहरु स्वीकृत गर्ने भाषा ।* |
| टर्की<br>सन् १९८२ | धारा १० | महिला र पुरूषलाई समान अधिकार हुनेछ । यो समानतालाई व्यवहारमा लागू गर्नु राज्यको दायित्व हुनेछ । यस प्रयोजनका लागि चालिने कदमहरूलाई समानताको सिद्धान्तको विपरीत व्याख्या गरिने छैन । | *विशेष (सकारात्मक) उपायहरु स्वीकृत गर्ने भाषा ।* |
| किरगिज्स्तान<br>सन् २०१० | धारा १६(२) | किरगिज गणतन्त्रले आफ्नो क्षेत्र र क्षेत्राधिकार भित्र रहेका सबै व्यक्तिको मानवअधिकार र स्वतन्त्रताको सम्मान र सुनिश्चित गर्नेछ । लिङ्ग, जाति, भाषा, अपाङ्गता, जातीयता, आस्था, उमेर, राजनीतिक वा अन्य विश्वास, शिक्षा, पृष्ठभूमि, स्वामित्व र अन्य हैसियतका साथै अन्य परिस्थितिको आधारमा कसैलाई भेदभाव गरिने छैन । कानूनद्वारा परिभाषित र विभिन्न सामाजिक समूहहरूका लागि अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप समान अवसर सुनिश्चित गर्न लक्षित विशेष उपायहरूलाई भेदभावका रूपमा लिइने छैन । | *विशेष (सकारात्मक) उपायहरु स्वीकृत गर्ने भाषा ।* |
| नामिबिया<br>सन् १९९० | धारा २३(२) र (३) | (२) धारा १० मा उल्लेख गरिएको कुनै पनि कुराले संसद्लाई नामिबियाभित्र विगतको भेदभावपूर्ण कानून वा अभ्यासका कारण सामाजिक, आर्थिक वा शैक्षिक रूपमा पछाडि पारिएका समूहकाको विकासका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान पुर्‍याउने कानून जारी गर्न वा भेदभावजन्य कानून वा अभ्यासबाट नामिबियाली समाजमा सिर्जित सामाजिक, आर्थिक वा शैक्षिक असन्तुलनको उपचार गर्न नीति तथा कार्यक्रमहरूको कार्यान्वयन गर्न वा सार्वजनिक सेवा, रक्षा बल, प्रहरी बल र उपचारात्मक सेवाको सन्तुतिलत संरचना हासिल गर्न रोक्ने छैन ।(३) उपधारा (२) अनुरूपको कानून र नीति तथा अभ्यास लागू गर्दा नामिबियाली महिलाहरू परम्परागत रूपमा विशेष भेदभावको शिकार हुँदै आएका छन् र उनीहरूलाई राष्ट्रको राजनीतिक, सामाजिक, आर्थिक र साँस्कृतिक जीवनमा पूर्ण, समान र प्रभावकारी भूमिका निर्वाह गर्न प्रोत्साहन दिनुपर्ने र सक्षम बनाउनुपर्ने तथ्यलाई विचार गर्नुपर्नेछ । | *विशेष (सकारात्मक) उपायहरु स्वीकृत गर्ने भाषा ।* |
| पपुवा न्यूगिनी<br>सन् १९७५ | धारा ५५(१), ५५(२) | १. यस संविधान अनुसार सबै नागरिकहरूको जाति, जाति, उत्पत्ति, राजनीतिक विचार, रङ्, आस्था, धर्म वा लिङ्गका बावजुद समान अधिकार, सुविधा, दायित्व र जिम्मेवारी छ । (२) उपधारा (१)मा भएको व्यवस्थाले महिला, बालबालिका, युवा, उपेक्षित वा कम विकसित समूह वा कम विकसित क्षेत्रका बासिन्दाहरूका लागि विशेष लाभ, कल्याण, संरक्षण वा विकासका लागि कानून निर्माण गर्न रोक्ने छैन । | *विशेष (सकारात्मक) उपायहरु स्वीकृत गर्ने भाषा ।* |

निष्कर्ष

कार्य/कदमहरू

# समानता र अविभेद

## ११

**मौलिक हक (जस्तैः लैङ्गिकता र लिङ्गका आधारमा भेदभाव नगरिने अधिकार) निजी र सार्वजनिक दुवै क्षेत्रमा लागू हुने प्रत्याभूति संविधानमा गरिएको छ ? मौलिक हकहरू राज्य र व्यक्ति वीचमात्र लागू हुने नभई व्यक्ति-व्यक्तिहरू वीच, परिवारमा वा निजी क्षेत्रका संघ संस्थाहरू (जस्तै व्यापारिक प्रतिष्ठान) र व्यक्तिहरूवीच पनि लागू हुन सक्ने गरी व्यवस्था गरिएको छ ?**

व्याख्या

परम्परागत रूपमा मानव अधिकारसम्बन्धी व्यवस्थालाई राज्यबाट नागरिकको संरक्षण गर्ने उपायको रूपमा लिने गरिन्थ्यो । तथापि, महिला र पुरूषबीच सारभूत समानता हासिल गर्न भेदभावबाट स्वतन्त्रता र समान व्यवहार तथा अवसरको अधिकार निजी (गैरराज्य) क्षेत्रमा पनि संरक्षण गरिनुपर्छ । मौलिक अधिकारलाई सार्वजनिक र निजी जीवन दुवैमा संरक्षण गर्ने व्यवस्थाले राज्यमाथि निजी व्यक्ति, संस्था र प्रतिष्ठानबाट हुने अधिकारको उल्लङ्घन रोक्न, दण्डित गर्न र त्यसको उपचार गर्न बढी जिम्मेवारी प्रदान गर्छ, जसमा श्रीमान्/श्रीमतीबाट हुने दुर्व्यवहार जस्ता लैङ्गिकतामा आधारित हिंसासँग सम्बन्धित उल्लङ्घनहरु पनि रहेका छन् । यस व्यवस्थाले निजी क्षेत्रमा रोजगारीमा, र निजी स्वास्थ्य सेवा र निजी शिक्षामा पहुँचमा हुने महिला विरूद्धको भेदभावलाई पनि प्रतिबन्धित गर्नेछ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **मोजाम्बिक**<br>सन् २००४ | धारा ५६(१) | व्यक्तिगत अधिकार र स्वतन्त्रता प्रत्यक्ष लागू हुनेछ, **सार्वजनिक र निजी दुवै निकायहरूलाई बाध्नेछ**, राज्यबाट प्रत्याभूत हुनेछ र संविधानको परिधि र कानून अन्तर्गत अभ्यास गरिनेछ । | *निजी (गैरराज्य) पक्षहरूले मौलिक हकको सम्मान गर्नुपर्छ ।* |
| **अङ्गोला**<br>सन् २०१० | धारा २८(१) | मौलिक हक, स्वतन्त्रता र प्रत्याभूतिहरूसम्बन्धी संवैधानिक सिद्धान्तहरु प्रत्यक्ष रूपमा **सबै सार्वजनिक र निजी निकायहरूलाई** लागू हुन्छन् र **बाध्यात्मक छन्** । | *निजी (गैरराज्य) पक्षहरूले मौलिक हकको सम्मान गर्नुपर्छ ।* |
| **सोमालिया**<br>सन् २०१२ | धारा १२(१), १२(२) | (१)**यस अध्यायमा मान्यताप्राप्त मौलिक हक र स्वतन्त्रताहरू** कानूनको तर्जुमा र कार्यान्वयनमा सदैव सम्मान गरिनेछ । साथै **सबै व्यक्ति र निजी संस्थाहरूपनि** र राज्यका हरेक निकाय र पदाधिकारीहरूले आफ्नो आधिकारिक जिम्मेवारी निर्वाह गर्ने क्रममा **सम्मान गर्नेछन्** । (२) आफ्नो कार्यले अधिकारको उल्लङ्घन नभएको सुनिश्चित गर्नु मात्र नभई अन्यबाट जनताको अधिकारको उल्लङ्घन हुन रोक्न तर्कसंगत कदम चाल्नु पनि राज्यको जिम्मेवारी हुनेछ । | *निजी (गैरराज्य) पक्षहरूले मौलिक हकको सम्मान गर्नुपर्छ ।* |
| **इक्वेडोर**<br>सन् २००८ | धारा ३३१ | राज्यले महिलाहरूलाई रोजगारी, व्यावसायिक र पेशागत तालिम र वृत्ति, समान ज्याला, र स्वरोजगारको विकल्पमा समान पहुँच प्रत्याभूत गर्नेछ ।**असमानता उन्मूलन गर्न सबै आवश्यक कदमहरू चालिनेछन्** ।महिलाहरूलाई प्रभावित गर्ने प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि प्रकारको भेदभाव, कुनै पनि प्रकृतिको हैरानी वा हिंसात्मक कार्य प्रतिबिन्धित छ । | *विशेष(सकारात्मक) उपायहरु स्वीकृत गर्ने भाषा ।* |
| **टर्की**<br>सन् १९८२ | धारा १० | पुरूष र महिलाहरुको समान अधिकार छ । यो समानतालाई व्यवहारमा सुनिश्चित गर्नु राज्यको दायित्व हो । **यस प्रयोजनका लागि चालिने कदमहरूलाई समानताको सिद्धान्त विपरित व्याख्या गरिनेछैन ।** | *विशेष(सकारात्मक) उपायहरु स्वीकृत गर्ने भाषा ।* |

निष्कर्ष

कार्य/कदमहरू

समानता र अविभेद

# १२ संविधानमा प्रथाजनित तथा परम्परागत अभ्यास र प्रथाजनित कानूनले लैङ्गिकता र लिङ्गमा आधारित समानता र अविभेदलाई सम्मान गर्नुपर्छ भनी उल्लेख गरिएको छ ?

## व्याख्या

संविधानले प्रथाजनित र परम्परागत अभ्यास तथा प्रथाजनिक कानूनलाई मान्यता दिनसक्छ । संविधानले संस्कृति सम्बन्धी अधिकारलाई मान्यता दिन र सँस्कृति र परम्परालाई सम्मान वा संकेत गर्न पनि सक्छ । तथापि, प्रथाजनित कानूनका कुनै अंशका साथै कुनैकुनै साँस्कृतिक, प्रथाजनित र परम्परागत अभ्यासहरूले महिलालाई मौलिक अधिकार उपभोग गर्नबाट रोक्न वा सीमा लगाउन, वा समानताको अधिकारको अवमूल्यन गर्न सक्छन् । त्यसैकारण, संविधानले अधिकारहरूको सन्तुलन गर्नु जरूरी छ, जस्तैः संस्कृतिको अधिकार र यौन र लैङ्गिक आधारमा हुने भेदभावबाट स्वतन्त्रताको अधिकार । संविधानले अधिकारहरूको श्रृंखलालाई उद्धृत गर्नसक्छन्, जस अनुसार लैङ्गिक समानता र अविभेदलाई प्राथमिकता दिइन्छ, र परम्परागत प्रचलन र प्रथाजनित कानूनले लैङ्गिक समानता, अविभेदको सिद्धान्त र संविधानमा स्थापित अन्य अधिकार हरूको पालना गर्नुपर्छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **इक्वेडोर** सन् २००८ | धारा ५७ | आदिवासी समूह, समुदाय, जनता र राष्ट्रहरूलाई संविधान र मानवअधिकार सम्झौता, महासन्धि, घोषणापत्र र अन्य अन्तर्राष्ट्रिय लिखत अनुरूप देहाय अनुसारका सामूहिक अधिकारको मान्यता र प्रत्याभूत गरिएको छ :…१०.आफ्नै कानूनी व्यवस्था वा कमन लको सिर्जना विकास, लागू र अभ्यास गर्ने, जसले **संवैधानिक अधिकार विशेषगरी महिला, बालबालिका र वयस्कका अधिकारहरू उल्लङ्घन गर्न पाउँने छैन** । **राज्यले विना कुनै भेदभाव पुरूष र महिलाबीच समानता र समताको शर्तमा यी सामूहिक अधिकार हरूको कार्यान्वयन प्रत्याभूत गर्नेछ ।** | *महिला वा अरू कसैको अवमूल्यन वा भेदभाव गर्ने कुनै पनि अभ्यासलाई स्वीकृति प्रदान गरिएको छैन ।* |
| **नेपाल** सन् २००७ | १२औं संशोधन, धारा २९(२) | संस्कार, परम्परा र अभ्यासको नाममा वा अन्य कुनै तरिकाले कुनै पनि व्यक्तिको शोषण गरिने छैन । | *महिला वा अरू कसैको अवमूल्यन वा भेदभाव गर्ने कुनै पनि अभ्यासलाई स्वीकृति प्रदान गरिएको छैन ।* |
| **दक्षिण अफ्रिका** सन् १९९६ | अध्याय २ (३९)(२) | कुनै कानूनको व्याख्या गर्दा वा कमन ल वा प्रथाजनित कानूनको विकास गर्दा हरेक अदालत, न्यायाधिकरण वा मञ्चले **अधिकारपत्रको भावना, औचित्य र उद्देश्यहरूलाई प्रवर्द्धन् गर्नुपर्छ ।** | *कुनै पनि कानून वा प्रथाजनित कानूनको व्याख्या अधिकारका प्रावधानहरु अनुरूप हुनुपर्छ ।* |
| **दक्षिण अफ्रिका** सन् १९९६ | अध्याय २ (३०) | हरेक व्यक्तिलाई आफ्नो रोजाइको भाषा प्रयोग गर्न र साँस्कृतिक जीवनमा सहभागी हुन पाउने हक छ, **तर यी अधिकारहरूको अभ्यास गर्ने कसैले पनि त्यसो अधिकारपत्रको कुनै पनि प्रावधानसँग बाझिने गरी गर्ने छैन ।** | *महिला वा अरू कसैको अवमूल्यन वा भेदभाव गर्ने कुनै पनि अभ्यासलाई स्वीकृति प्रदान गरिएको छैन ।* |
| **अङ्गोला** सन् २०१० | धारा ७ | **संविधानसँग नबाझिने र मानव निष्ठालाई खतरा नपुर्‍याउने** संस्कारको वैधता र कानूनी बललाई मान्यता प्रदान गरिनेछ । | *महिला वा अरू कसैको अवमूल्यन वा भेदभाव गर्ने कुनै पनि अभ्यासलाई स्वीकृति प्रदान गरिएको छैन ।* |

| | | | |
|---|---|---|---|
| **अङ्गोला**<br>सन् २०१० | धारा २२३ | १. राज्यले **संविधानसँग नबाभिने** तर प्रथाजनित कानून अनुसार स्थापित परम्परागत निकायहरूको हैसियत, भूमिका र कार्यसञ्चालनलाई संस्थागत मान्यता प्रदान गर्नेछ ।<br>२. परम्परागत निकायहरूलाई संस्थाको रूपमा मान्यता दिने कार्यले सार्वजनिक र निजी संस्थाहरूलाई ती संस्थाहरूसँगको सम्बन्धमा परम्परागत राजनीतिक र सामुदायिक संस्थाहरूले पालना गर्ने प्रथाजनित कानूनको मूल्यमान्यताहरूलाई सम्मान गर्न जिम्मेवार बनाउनेछ, **जुन संविधानसँग वा मानवको निष्ठासँग बाभिने छैनन् ।** | *संविधानमा स्थापित अधिकारहरूसँग बाभिने कुनै पनि अभ्यासलाई स्वीकृति प्रदान गरिएको छैन ।* |

निष्कर्ष

कार्य/कदमहरू

## १३ यदि संविधानले धार्मिक कानूनलाई स्वीकार गरेको छ भने त्यस्तो कानूनले लैङ्गिकता र लिङ्गको आधारमा समानता र अविभेदको सम्मान गनुपर्छ भनी संविधानमा उल्लेख गरिएको छ त ?

व्याख्या

संविधानले धार्मिक कानूनलाई मान्यता प्रदान गर्नसक्छ । यसले संस्कृतिको अधिकारलाई पनि मान्यता प्रदान गर्न तथा संस्कृति र परम्पराका लागि सम्मानको संकेत गर्न सक्छ । तथापि, धार्मिक कानूनको केही पक्षले महिलाहरूलाई मौलिक हकको उपभोग गर्नबाट रोक्ने वा सीमा लगाउने वा उनीहरूको समानताको अधिकारलाई अवमूल्यन गर्नसक्छ ।

संविधानले लैङ्गिक समानता र अविभेदलाई प्राथमिकता प्रदान गरिएको र धार्मिक कानूनले लैङ्गिक समानता, अविभेदका सिद्धान्तहरु र संविधानमा रहेका अन्य अधिकारहरूको पालना गर्नुपर्छ भन्ने कुरा संकेत गर्नसक्छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **गाम्बिया**<br>सन् १९९६ | धारा ३२ | **हरेक व्यक्तिलाई यस संविधानको शर्त अनुसारको र यस भागमा संरक्षित अधिकारहरूले अन्यको अधिकार र** स्वतन्त्रता वा राष्ट्रिय स्वार्थ विशेषगरी एकतालाई **अतिक्रमण नगर्ने शर्तमा कुनै पनि** संस्कृति, भाषा, परम्परा **वा धर्मको उपभोग, अभ्यास, प्रवचन, कायम र प्रवर्द्धन गर्ने हक हुनेछ ।** | *अन्यको अधिकारलाई नकारात्मक प्रभाव पार्ने कुनै पनि अभ्यास स्वीकृत छैन ।* |
| **युगाण्डा**<br>सन् १९९५ | धारा ३२ (२) | (२) **कानूनहरू,** संस्कृति, संस्कार र परम्परा **जुन् महिला वा अन्य कुनै सीमान्तकृत समूहको सम्मान, कल्याण वा हित विपरीत छ ...वा उनीहरूको हैसियतलाई अवमूल्यन गर्छ, त्यो यस संविधानबाट प्रतिबन्धित छन् ।** | *महिलालाई क्षति पुर्याउने अभ्यासहरु प्रतिबन्धित छन् ।* |

निष्कर्ष

कार्य/कदमहरू

# १४ संविधानले बहुविभेदको अभ्यासलाई पहिचान गरेको छ ?

व्याख्या

महिलाहरूले महिला भएकै कारणले मात्र नभई अन्य विशेषता, पहिचान तथा आस्थाका कारण पनि भेदभाव र प्रतिकूलताको सामना गर्नुपर्ने हुन्छ । उदाहरणका लागि, कुनै सीमान्तकृत आर्थिक अवस्था, जातीयता, धर्म, यौन झुकाव भएका वा अपाङ्गता भएका महिलाहरूले उनीहरूले अनुभव गरेका लैंगिकताजनित प्रतिकूलताका अतिरिक्त यी कारणले समेत भेदभाव र असमानताको सामना गर्नुपर्ने हुनसक्छ । यसरी महिलामाथि विविध कारणले हुने भेदभावको प्रभाव बढ्दै जान्छ ।

सिडअ साधारण सिफारिस नं २८ (महासन्धिको धारा २ अन्तर्गत पक्ष राष्ट्रहरूको दायित्वहरु) अनुसार 'लिङ्ग वा लैङ्गिकतामा आधारित भेदभावले त्यस्ता (सीमान्तकृत) समूहका महिलाहरूलाई पुरूषहरु भन्दा फरक स्तर वा फरक तरिकाले प्रभावित गर्नसक्छ वा त्यस्ता समूहका महिलाहरूलाई अन्य महिला भन्दा फरक ढंगबाट प्रभावित गर्नसक्छ । बहु भेदभावको संवैधानिक पहिचानका लागि राज्यले बहु भेदभावको प्रतिबन्ध र उन्मूलनका लागि कानूनी समाधानहरूको विकास गर्नु जरूरी छ ।'

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **दक्षिण अफ्रिका** सन् १९९६ | धारा २२३ भाग ९ | (३) राज्यले कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा **एक वा एकभन्दा बढी आधारमा** अनुचित भेदभाव गर्नेछैन, जसमा जाति, लैङ्गिकता, लिङ्ग, गर्भावस्था, बैवाहिक स्थिति, जातीय वा सामाजि उत्पत्ति, उमेर, अपाङ्गता, धर्म, विवेक, आस्था, सँस्कृति, भाषा र जन्मलगायतका आधार रहेका छन् ।(४) कुनै पनि व्यक्तिलाई उपधारा (३) मा उल्लेखित शर्त अनुरूप **एक वा एकभन्दा बढी आधारमा** अनुचित तरिकाले प्रत्यक्ष वा अप्रत्यक्ष तरिकाले भेदभाव गरिनेछैन । अनुचित भेदभावको निवारण वा प्रतिबन्ध गर्न राष्ट्रिय कानून जारी गरिनुपर्छ । | *एक वा एक भन्दा बढी आधारमा हुने भेदभाव प्रतिबन्धित छ ।* |
| **बोलिभिया** सन् २००९ | धारा १४ (२) | राज्यले लिङ्ग , रङ, उमेर, यौन झुकाव, लैङ्गिक पहिचान, उत्पत्ति, संस्कृति, राष्ट्रियता, नागरिकता, भाषा, धार्मिक विश्वास, विचार, राजनीतिक आवद्धता वा सिद्धान्त, नागरिक हैसियत, आर्थिक वा सामाजिक अवस्था, पेशाको प्रकार, शिक्षाको स्तर, अपाङ्गता, गर्भावस्थामा आधारित भेदभावका सबै रूप र सबै व्यक्तिको समान मान्यता, अधिकारको उपभोग वा अभ्यासलाई निस्तेज वा क्षति पुर्‍याउने प्रयास गर्ने वा परिणाम दिने अन्य कुनै पनि भेदभावलाई प्रतिबन्धित र दण्डित गर्नेछ । | *विभिन्न प्रकारका भेदभावको प्रतिबन्ध* |

निष्कर्ष

कार्य/कदमहरू

संविधानमा महिला समानताको समीक्षा

# आर्थिक तथा सामाजिक अधिकार

प्रश्न १५ - २८



# आर्थिक र सामाजिक अधिकार

## १५ संविधानले राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्र जस्ता जीवनका विभिन्न क्षेहरूमा महिलालाई समान हक प्राप्त हुने भनी निर्दिष्ट गरेको छ ?

व्याख्या

जीवनको विभिन्न क्षेत्रमा समानताको अधिकारलाई व्याख्या गर्ने संवैधानिक प्रावधानहरूको साथै भावी कानून र कार्यकारी नीतिले यी क्षेत्रहरूको सम्बोधन गर्नुपर्छ र न्यायिक व्याख्याले पनि त्यसलाई ध्यानमा राख्नुपर्छ भन्ने स्पष्ट सन्देश प्रवाह गर्छन् । यी प्रावधानहरु महिला र पुरूषबीचको वास्तविक समानतालाई बढावा दिने अस्थायी विशेष उपायहरूका लागि आधारशिलाको रूपमा पनि काम गर्न सक्छन् ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **केन्या**<br>सन् २०१० | धारा २७(३) | **महिला र पुरूषको राजनीतिक, आर्थिक, साँस्कृतिक र सामाजिक क्षेत्रमा समान अवसरको अधिकार सहित समान व्यवहारको हक छ ।** | *महिलाहरु राजनीति, सार्वजनिक जीवन, शिक्षा, स्वास्थ्य, अर्थतन्त्र र समाज लगायत सबै क्षेत्रमा समान छन् ।* |
| **गुयाना**<br>सन् १९८० | भाग १, अध्याय २, धारा २९(१) | **महिला र पुरूषको राजनीति, आर्थिक र सामाजिक जीवनको हरेक पक्षमा समान अधिकार र समान कानूनी हैसियत छ ।** महिलाविरूद्ध उनीहरूको लिङ्गका कारण हुने सबै प्रकारका भेदभाव गैरकानूनी हुन् । | *महिलाहरु राजनीति, सार्वजनिक जीवन, शिक्षा, स्वास्थ्य, अर्थतन्त्र र समाज लगायत सबै क्षेत्रमा समान छन् ।* |
| **ट्यूनिसिया**<br>सन् २०१४ | धारा ४६ | **सबै क्षेत्रमा सबै तहको जिम्मेवारीमा पहुँच प्राप्त गर्न महिला र पुरुषबीचको अवसरहरूको समानतालाई** राज्यले प्रत्याभूत गर्नेछ । | *महिलाहरु सबै क्षेत्रमा समान छन् ।* |
| **चीन**<br>सन् १९८२ | अध्याय २, धारा ४८ | जनगणतन्त्र चीनमा **महिलाहरूले राजनीतिक, आर्थिक, साँस्कृतिक र सामाजिक क्षेत्र र पारिवारिक जीवनलगायत जीवनका हरेक क्षेत्रमा पुरूष सरह समान अधिकार उपभोग गर्नेछन् ।** | *महिलाहरु राजनीति, सार्वजनिक जीवन, शिक्षा, स्वास्थ्य, अर्थतन्त्र र समाज लगायत सबै क्षेत्रमा समान छन् ।* |

निष्कर्ष

कार्य/कदमहरू

# १६ महिलालाई समान ज्याला वा समान वेतनको अधिकार छ ?

## व्याख्या

महिला र पुरूषले एउटै काम नगरेको अवस्थामा 'समान ज्याला' भनेको के हो भनेर परिभाषित गर्न कठिन छ । त्यसैले 'समान मूल्यको समान कामका लागि समान ज्याला' एउटा अवधारणा हो जसलाई पनि प्रयोग गर्न सकिन्छ । तर, समान ज्याला वा समान तलबको प्रावधान यस सन्दर्भमा बढी प्रस्ट हुने भएकोले यसबाट अविभेदसम्बन्धी प्रावधानबाट भन्दा बढी संरक्षण प्राप्त हुन्छ । समान ज्यालाको प्रावधानले महिलाहरूलाई जकडिएका पूर्वाग्रहहरूबाट हटाउन पनि मद्दत गर्नसक्छ, जस्तै :

- महिला श्रमको गुणस्तर, महिला किन र कस्तो श्रम गर्छन् भन्ने बारेमा विद्यमान रूढिवादी धारणा;
- लैङ्गिकताको आधारमा गरिने पेशाको औपचारिक वा अनौपचारिक वर्गीकरण
- अधिक संख्यामा महिलाहरू संलग्न हुने पेशाको अवमूल्यन ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **लेसेथो**<br>सन् १९९३ | धारा ३० | लेसेथोले न्यायसंगत र उपयुक्त कार्य वातावरण सुरक्षित गर्नेतर्फ लक्षित नीतिहरु अवलम्बन गर्नेछ र विशेषगरी देहाय कुरा हासिल गर्ने नीतिहरु लिनेछ – (क) सबै श्रमिकहरूलाई न्यूनतम रूपमा उपलब्ध गराइने ज्याला जसमा **(अ) समान मूल्यको कामका लागि उचित ज्याला र समान वेतन, र त्यसमा कुनै प्रकारको विभेद गरिने छैन, विशेषगरी महिलाहरूलाई पुरूषभन्दा कम नहुनेगरी समान कामका लागि समान ज्याला सहित कामगर्ने अवस्था र निवृत्तिभरण वा अवकाश सुविधा प्रत्याभूत गरिनेछ ।** | *समान ज्याला र समान वेतनको महिलाको अधिकार संरक्षित छ ।* |
| **भियतनाम**<br>सन् १९९२ | धारा ६३ | पुरष र महिला नागरिकहरूको सबै क्षेत्रहरु, राजनीतिक, आर्थिक, साँस्कृतिक, सामाजिक र परिवारमा समान अधिकार छ ...**पुरूष र महिलाले समान कामका लागि समान ज्याला पाउनेछन् ।** | *समान ज्याला र समान वेतनको महिलाको अधिकार संरक्षित छ ।* |
| **बुर्किना फासो**<br>सन् १९९१ | धारा १९ | काम गर्न पाउने अधिकारलाई मान्यता दिइनेछ र यो सबैका लागि समान हुनेछ । **विशेषगरी लिङ्ग,** रङ, सामाजिक उत्पत्ति, जातीयता वा राजनीतिक विचारका आधारमा **रोजगारी र ज्यालामा भेदभाव प्रतिबन्धित छ ।** | *वेतनमा भेदभाव प्रतिबन्धित छ ।* |
| **म्यानमार**<br>सन् २००८ | धारा ३५० | **समान कामको हकमा महिलाहरूले पुरूष सरह नै समान अधिकार र वेतन पाउनेछन् ।** | *समान ज्याला र समान वेतनको महिलाको अधिकार संरक्षित छ ।* |
| **डोमिनिकन रिपब्लिक**<br>सन् २०१० | धारा ६२(१), ६२(९) | राज्यले कामको अधिकारको अभ्यासमा महिला र पुरूषको समानता र समतालाई प्रत्याभूत गर्नेछ ; हरेक श्रमिकलाई उचित र पर्याप्त वेतनको अधिकार हुनेछ, जसले उनीहरूलाई सम्मानका साथ बाँच्न र उनीहरु र उनीहरूका परिवारको आधारभूत भौतिक, सामाजिक र बौद्धिक आवश्यकता पूरा गर्न सम्भव बनाउँछ । समान मूल्यको कामका लागि समान वेतन भुक्तानी प्रत्याभूत गरिएकोछ, जसमा लैङ्गिकता वा अन्य आधारमा भेदभाव गरिनेछैन र यो समान क्षमता, सक्षमता र बरिष्ठताको अवस्थामा लागू हुनेछ । | *समान कामका लागि समान ज्यालाको महिलाको अधिकार संरक्षित छ ।* |

निष्कर्ष

कार्य/कदमहरू

## १७ महिलाको व्यापार व्यवसाय, रोजगार वा अन्य आर्थिक गतिविधिको अधिकारलाई संरक्षण गर्ने गरी संवैधानिक व्यवस्था गरिएको छ ?

व्याख्या

गुजारा चलाउने र आर्थिक क्रियाकलापमा पुरूष सरह सहभागी हुने क्षमता महिला र परिवारहरूको स्वायत्तता र कल्याणका लागि अत्यावश्यक छ । व्यवसाय सुरू गर्ने, वित्तीय ऋण प्राप्त गर्ने आदि जस्ता कार्यमा पूर्ण रूपमा सहभागी हुन सक्षम हुनु र त्यो कार्य परिवारका पुरूष सदस्यहरूको संलग्नता विना गर्न सक्नु अविवाहित, विवाहित, पारपाचुके गरेका र एकल महिलाहरूका लागि महत्वपूर्ण हुन्छ । विवाहित महिलाले आफ्नो पति वा पुरूष नातेदारको सहमति बिना नै आर्थिक जीवनमा पूर्ण रूपमा सहभागी हुन र आर्थिक निर्णयहरु लिन सक्षम हुनु पनि महत्वपूर्ण हुन्छ । आर्थिक क्रियाकलापहरूमा महिलाको समान अधिकार संरक्षण गर्ने प्रावधानहरु महिला र पुरूषबीचको सारभूत समानता हासिल गर्ने कार्यलाई बढावा दिने प्रदान गर्ने अस्थायी विशेष प्रावधानहरूको आधार बन्न सक्छन् ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **इक्वेडोर**<br>सन् २००८ | धारा ३३१ | **राज्यले महिलाका लागि रोजगारी, व्यावसायिक र पेशागत तालिम र वृत्ति, समतामूलक तलब र स्वरोजगारको विकल्पमा समान पहुँच सुनिश्चित गर्नेछ ।** असमानता उन्मूलन गर्न आवश्यक सबै कदमहरु चालिनेछ । महिलालाई काममा प्रभावित गर्ने प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि प्रकारको भेदभाव, कुनै प्रकृतिको हैरानी वा हिंसात्मक कार्य प्रतिबन्धित छ । | *रोजगारीमा समान पहुँच संरक्षित छ ।* |
| **गुआना**<br>सन् १९८० | भाग १, अध्याय २, धारा २९(१) | **महिला र पुरूषको राजनीतिक, आर्थिक र सामाजिक जीवनको सबै क्षेत्रमा समान अधिकार र समान कानूनी हैसियत छ ।** लिङ्गका आधारमा महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव गैरकानूनी छ । | *समानताको अधिकारमा आर्थिक जीवन समावेश छ ।* |
| **सुडान**<br>सन् २००५ | धारा ३२ | **राज्यले पुरुष र महिलाका लागि सबै** नागरिक, राजनीतिक, सामाजिक, साँस्कृतिक र **आर्थिक अधिकारमा समान अधिकार प्रत्याभूत गर्नेछ, जसमा समान कामका लागि समान ज्याला र अन्य सम्बन्धित सुविधाहरूसमेत छन् ।** | *समानताको अधिकारमा आर्थिक जीवन समावेश छ ।* |

निष्कर्ष

कार्य/कदमहरू

## १८ महिलाको भूमि र अन्य सम्पत्तिमाथिको स्वामित्व र उत्तराधिकारको समान अधिकार सुनिश्चित गरिएको छ ?

व्याख्या

जमिन र सम्पत्तिमा महिलाको पहुँच उनीहरूको आर्थिक सशक्तीकरणका लागि महत्वपूर्ण छ । जमिनको पहुँचमा जीविकोपार्जन आधारित हुने हुंदा ग्रामीण क्षेत्रहरूमा रहेका महिलाका लागि यसको विशेष महत्व छ ।

पुरूष सरह भूमि र सम्पत्ति खरिद, स्वामित्व ग्रहण र विरासतमा प्राप्त गर्ने महिलाको अधिकार संरक्षण गर्ने प्रावधान जमिन र सम्पत्तिसम्बन्धी महिलाको अधिकारलाई सीमित बनाउन सक्ने परम्परागत प्रथा, प्रथाजनित कानून र/धार्मिक कानून लागू भएको परिस्थितिमा रक्षाकवच हो ।

सिद्धान्ततः प्रथाजनित र धार्मिक कानूनले संविधानमा रहेका अधिकारसम्बन्धी प्रावधानहरूको पालना गर्नु पर्छ भनेर निर्दिष्ट गर्दै संविधानले अधिकारहरूको श्रृंखला पहिचान गरेको अवस्थामा महिलाको जमिन र सम्पत्ति सम्बन्धी अधिकार समानतासम्बन्धी एउटा सामान्य उपधारामा संरक्षित हुनुपर्छ । तथापि, जमिन र अन्य सम्पत्ति खरिद गर्ने, स्वामित्व ग्रहण गर्ने र विरासतमा प्राप्त गर्ने महिलाको अधिकारलाई जोड दिने खास प्रावधान संविधानमा समावेश गरिएमा यो अधिकार अझ व्यापक र संरक्षित हुनजान्छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **बोलिभिया** सन् २००९ | धारा ४०२ (२) | राज्यको देहाय बमोजिम जिम्मेवारी हुनेछ : २. **महिला विरूद्ध भूमिको पहुँच, स्वामित्व र प्राप्तिमा हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने लक्षित नीतिहरूको प्रवर्द्धन ।** | *महिलाको भूमि पहुँचमा रहेको भेदभाव उन्मूलन गर्ने जिम्मेवारी राज्यको हुनेछ ।* |
| **नेपाल (अन्तरिम संविधान)** सन् २००७ | १२औं संशोधन, धारा २० | **पैतृक सम्पत्तिमा छोरा र छोरीको समान अधिकार हुनेछ ।** | *महिलाको भूमि/सम्पत्ति स्वामित्व गर्ने र प्राप्त गर्ने अधिकारलाई स्पष्ट रूपमा मान्यता प्रदान गर्ने प्रावधान रहेको छ ।* |
| **इथियोपिया** सन् १९९५ | धारा ३५ | **महिलाहरूलाई सम्पत्ति प्राप्त गर्ने, व्यवस्थापन, नियन्त्रण, प्रयोग र हस्तान्तरण गर्ने अधिकार हुनेछ । विशेषगरी, भूमिको प्रयोग, प्रसार, प्रशासन र नियन्त्रणमा उनीहरूको पुरुष सरह अधिकार हुनेछ । सम्पत्ति प्राप्तिमा पनि उनीहरूले समान व्यवहारको उपभोग गर्न पाउनेछन् ।** | *महिलाको भूमि/सम्पत्तिमाथि स्वामित्व गर्ने र प्राप्त गर्ने अधिकारलाई स्पष्ट रूपमा मान्यता प्रदान गर्ने प्रावधान रहेको छ ।* |

निष्कर्ष

कार्य/कदमहरू

# आर्थिक र सामाजिक अधिकार

## १९ विवाहसम्बन्धी समान अधिकारको प्रत्याभूति गरिएको छ ?

व्याख्या

विवाह निजी मामिला मात्र होइन । संविधानले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विवाह र विवाहित, विधवा र पारपाचुके गरेका महिलाहरूको अधिकार र अवसरहरूलाई नियमन गर्ने कानूनहरूलाई प्रभावित गर्छ । जीवनसाथीको छनौटमा समानताका सम्बन्धमा (जस्तै महिलाले कोसँग विवाह गर्ने भनेर स्वतन्त्र रूपमा छनौट गर्ने), विवाह गर्नेबारे, विवाहका क्रममा र विवाहको अन्त्यका बारेमा व्यवस्था गरी संविधानमा विवाहबारे सम्बोधन हुनसक्छ । समान अधिकारका अतिरिक्त समान दायित्वहरूलाई पनि मान्यता दिने गरिन्छ ।

विवाह गर्ने कुरामा र विवाहभर दुवैको समानताको मान्यताले निजी जीवनको यो महत्वपूर्ण पक्षमा महिलाको अधिकार सुनिश्चित गर्ने कानून र नीतिहरूलाई मार्गदर्शन गर्छ । विवाहमा समानताको मान्यताले स्वतन्त्र रूपमा निर्णय र विकल्पहरु रोज्ने महिलाको स्वतन्त्रता र क्षमतालाई संरक्षण प्रदान गर्छ । यदि संविधानले प्रथाजनित एवं धार्मिक कानूनलाई मान्यता प्रदान गर्दै तिनको अभ्यासले संविधानमा रहेका अन्य अधिकारहरूको पालना गर्नुपर्छ भन्ने कुरा स्थापित गरेमा प्रथाजनित वा धार्मिक कानून अन्तर्गत विवाह बन्धनमा बाँधिने महिलाका लागि यो महत्वपूर्ण सुरक्षाकवच हुन्छ । विवाहमा समानताले महिललाई बलजफ्ती विवाह र बलजफ्ती पारपाचुकेबाट संरक्षण गर्छ, विवाहयोग्य उमेर पुरूष र महिलाका लागि समान हो र विवाह तोडिएको खण्डमा सम्पत्ति र जीवनसाथीको मृत्यु भएको अवस्थामा विरासतको बाँडफाँड गर्नुपर्छ, छोराछोरीलाई समान अभिभाकत्व दिनुपर्छ र सामुदायिक सम्पत्तिमाथि समान धारणा हुन्छ भन्ने मान्यता स्थापित गर्न मद्दत गर्छ ।

विवाहको जस्तै समान प्रभाव हुने वा विवाह सरह हुने गरी वास्तविक रूपमा मिलन ('कमन ल विवाह') भएको अवस्थालाई मान्यता प्रदान गर्नुले यस्तै किसिमको सम्बन्धमा रहेका तर कानूनी रूपमा विवाह नगरेका महिलालाई थप संरक्षण प्रदान गर्छ ।

### उदाहरणहरू

| | | | |
|---|---|---|---|
| **नामिबिया**<br>सन् १९९० | धारा १४ | (१) पूर्ण उमेरका **महिला र पुरूष**को जाति, रङ, जातीय उत्पत्ति, राष्ट्रियता, धर्म, आस्था वा सामाजिक वा आर्थिक हैसियतका कारण कुनै प्रतिबन्ध विना विवाह गर्ने र परिवार बसाउने हक हुनेछ । **विवाह, विवाहको समयावधि र त्यसको विच्छेदमा उनीहरूको समान अधिकार छ ।**<br>(२) विवाह इच्छुक पतिपत्नीको स्वतन्त्र र पूर्ण सहमतिमा मात्र हुनेछ । | *वैवाहिक सम्बन्धमा प्रवेश गर्न र त्यसलाई कायम गर्नमा समानतालाई मान्यता प्रदान गरिएको छ ।* |
| **निकारागुवा**<br>सन् १९८७ | धारा ७२ र ७३ | ७२. विवाह र **कमन लअनुसारको** वास्**तविक र स्थिर मिलनलाई राज्यले संरक्षित गर्नेछ ; ती पुरुष र महिलाको स्वेच्छिक सहमतिमा आधारित हुन्छन्, र आपसी सहमतिमा वा एउटा पक्षको इच्छामा विघटन हुनेछ । ७३. पारिवारिक सम्बन्ध पुरूष र महिलाबीच सम्मान, एकता र अधिकार तथा दायित्वको पूर्ण समानतामा आधारित हुनेछ ।** | *वस्तुतः मिलनहरूलाई विवाह सरह मान्यताप्राप्त छ ।* |

| | | | |
|---|---|---|---|
| **बोलिभिया** सन् २००९ | धारा ६३ (१), ६३(२) | १. पुरूष र महिलाबीचको **विवाह** कानूनद्वारा अनुबन्धित हुनेछ र **यो पतिपत्नीको अधिकार र दायित्वको समानतामा आधारित हुनेछ । स्थिरता र अद्वितीयताको शर्त पूरा गर्ने र** कुनै कानूनी व्यवधान बिना पुरूष र महिलाबीच कायम गरिएका **खुला वा वास्तविक मिलनहरूको प्रभाव नागरिक विवाहकै सरह हुनेछ–** दम्पत्तिको व्यक्तिगत र साम्पत्तिक सम्बन्धहरु दुवैमा र धर्म सन्तान वा दम्पत्तिका आफ्नै सन्तानका हकमा समेतमा । | *विवाह पतिपत्नीको समानतामा आधारित छ ।*<br><br>*वस्तुतः मिलनहरूलाई विवाह सरह मान्यता प्राप्त छ ।* |
| **जापान** सन् १९४६ | धारा २४ | **विवाह दुवै लिङ्गको आपसी सहमतिमा मात्र आधारित हुनेछ र त्यो पति र पत्नीबीच समान अधिकारमा आपसी सहकार्यद्वारा कायम हुनेछ । श्रीमान् वा श्रीमतीको छनौट, सम्पत्तिको अधिकार, उत्तराधिकार, आवासको छनौट, सम्बन्ध विच्छेद र विवाह र परिवारसँग सम्बन्धित अन्य विषयहरूका सम्बन्धमा कानूनहरूको तर्जुमा व्यक्तिगत निष्ठा र दुवै लिङ्गको अत्यावश्यक समानताको दृष्टिकोणबाट गरिनेछन् ।** | *विवाह गर्ने, विवाहको अवधि र सम्बन्ध विच्छेद गर्नेमा समानतालाई मान्यता प्रदान गरिएको छ ।* |

निष्कर्ष

कार्य/कदमहरू

# आर्थिक र सामाजिक अधिकार

## २० शिक्षाको अधिकार सुनिश्चित गरिएको छ ? विशेषगरी बालिका र महिलाको शिक्षाको अधिकार सुरक्षित गरिएको छ ?

### व्याख्या

शिक्षा महिला र पुरुषबीचका असमानताहरु सम्बोधन गर्ने सबैभन्दा शक्तिशाली माध्यमहरु मध्ये एक हो । अन्तर्राष्ट्रिय रूपमा, किशोर र पुरुषहरूको तुलनामा किशोरी र महिलाहरु कम शिक्षित छन् । किशोरीहरूका लागि शिक्षाको अधिकार निर्दिस्ट गर्दा त्यसले राज्यलाई शिक्षाको पहुँच सुनिश्चित गर्न, एउटा निश्चित उमेरदेखि तल विद्यालय भर्ना भएको सुनिश्चित गर्ने कानून तथा नीतिहरु अवलम्बन गर्ने र केटीहरूलाई समान पहुँच र विद्यालय भर्नाबाट रोक्ने अवस्थाहरूलाई सम्बोधन गर्न जिम्मेवार बनाउँछ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **आफगानिस्तान** सन् २००४ | धारा ४४ | **राज्यले महिलाका लागि सन्तुलित शिक्षा निर्माण र विकास गर्न,** आदिम जातिको शिक्षामा सुधार ल्याउन र देशका निरक्षता उन्मूलन गर्न **प्रभावकारी कार्यक्रमहरूको निर्माण र कार्यान्वयन गर्नेछ ।** | *बालिका र महिलाको शिक्षामा पहुँचको अधिकार ।* |
| **नेपालको अन्तरिम संविधान** सन् २००७ | राज्यको जिम्मेवारी, निर्देशिका, सिद्धान्त र नीतिहरु, धारा ३५(८) | **राज्यले शिक्षा,** स्वास्थ्य र रोजगारीमा **महिलाका लागि विशेष व्यवस्था गरेर उनीहरूको राष्ट्रिय विकासमा अत्यधिक सहभागिता प्रोत्साहित गर्ने नीति अवलम्बन गर्नेछ ।** | *बालिका र महिलाको शिक्षामा पहुँचको अधिकार ।* |
| **क्यूबा** सन् १९७६ | धारा ४३ | **राज्यले** क्रान्तिद्वारा विजय प्राप्त **आफ्ना नागरिकहरूको अधिकार** जाति, रङ, लिङ्ग, धार्मिक आस्था, राष्ट्रिय उत्पत्ति वा मानव निष्ठालाई नोक्सान पुर्‍याउन अन्य कुनै प्रकार**को आधारमा विना भेदभाव आफ्ना नागरिकहरूको सबै राष्ट्रिय शिक्षालयहरूमा, प्राथमिक विद्यालय देखि विश्वविद्यालयसम्म शिक्षा प्राप्त गर्ने अधिकार स्थापित गर्नेछ,** जुन सबैका लागि समान हुनेछ । | *शिक्षाको सन्दर्भमा लैङ्गिकता वा लिङ्गको आधारमा हुने भेदभाव वा महिला विरुद्धको भेदभाव प्रतिबन्धित छ ।* |
| **इक्वेडोर** सन् २००८ | धारा ४३ (१) | **राज्यले गर्भवती र सुत्केरी महिलाको देहाय अधिकार सुनिश्चित गर्नेछ : (१) शिक्षामा,** सामाजिक र श्रमको क्षेत्रमा **उनीहरूको गर्भावस्थाका कारण भेदभाव नगरिने ।** | *शिक्षाको सन्दर्भमा लैङ्गिकता वा लिङ्गको आधारमा हुने भेदभाव वा महिला विरुद्धको भेदभाव प्रतिबन्धित छ ।* |
| **लोकतान्त्रिक गणतन्त्र कङ्गो** सन् २००६ | धारा ४५ | **...राष्ट्रिय शिक्षाको स्थापनामा सबै व्यक्तिको** उत्पत्ति, जाति, धर्म, **लिङ्ग,** राजनीतिक वा सैद्धान्तिक विचार, उनीहरूको शारीरिक, मानसिक वा संवेदनात्मक अवस्थाको आधारमा **भेदभाव बिना...**उनीहरूको क्षमता अनुसार पहुँच हुनेछ । | *शिक्षाको सन्दर्भमा लैङ्गिकता वा लिङ्गको आधारमा हुने भेदभाव वा महिला विरुद्धको भेदभाव प्रतिबन्धित छ ।* |
| **गाम्बिया**सन् १९९६ | धारा ३० (क) | **सबै व्यक्तिको समान शैक्षिक अवसर र सुविधामा अधिकार हुन्छ र त्यो अधिकारलाई पूर्ण रूपमा साकार तुल्याउने दृष्टिकोणले (क) आधारभूत शिक्षा निःशुल्क, अनिवार्य र सबैलाई उपलब्ध हुनेछ ।** | *निःशुल्क शिक्षाको अधिकारलाई कहिलेकाँही केही खास तहमा निर्दिष्ट गरिएको, उदाहरणका लागि प्राथमिक तहसम्म* |
| **टर्की** सन् १९८२ | धारा ४२ | **...प्राथमिक शिक्षा दुवै लिङ्गका सबै नागरिकहरूका लागि अनिवार्य छ र** राज्यका विद्यालयहरुमा **निःशुल्क छ ।** | *निःशुल्क शिक्षाको अधिकारलाई कहिलेकाँही केही खास तहमा निर्दिष्ट गरिएको, उदाहरणका लागि प्राथमिक तहसम्म* |

निष्कर्ष

कार्य/कदमहरू

# २१ खाद्य सुरक्षा र खानेपानीको अधिकार सुनिश्चित गरिएको छ ?

## व्याख्या

महिलाहरु गरिबीको बढी जोखिममा हुन्छन् । त्यसकारण विशेषगरी ग्रामीण क्षेत्रमा बसोबास गर्ने महिलाहरु खाद्य असुरक्षाबाट असमान रूपले प्रभावित हुन्छन् । खाद्य असुरक्षा प्रायः सामाजिक असमानतासंग सम्बन्धित हुन्छ र दिगो जीविकोपार्जन हासिल गर्ने महिलाको क्षमतासँग प्रत्यक्षतः जोडिएको हुन्छ । खाद्यको अधिकारले राज्यलाई खाद्य सुरक्षा सुनिश्चित गर्ने कानून तथा नीतिहरु अवलम्बन गर्न र खाद्य असुरक्षा निम्त्याउने अन्तर्निहित असमानताहरूलाई सम्बोधन गर्न जिम्मेवार बनाउँछ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **इक्वेडोर** सन् २००८ | धारा ३(१) | **राज्यको प्राथमिक दायित्व देहायबमोजिम रहेका छन् : (१)विना कुनै भेदभाव संविधानमा र अन्तर्राष्ट्रिय संयन्त्रहरूमा स्थापित अधिकारहरू, विशेषगरी आफ्ना नागरिकहरूका लागि** शिक्षा, स्वास्थ्य, **खाना,** सामाजिक सुरक्षा र **पानीको अधिकारलाई वास्तविक रूपमा उपभोग गर्न पाएको प्रत्याभूत गर्ने ।** | *राज्यले खाद्यान्न र पानीको अधिकार प्रत्याभूत गरेको छ ।* |
| **लोकतान्त्रिक गणतन्त्र कङ्गो** सन् २००५ | शीर्षक २, अध्याय २, धारा ४७ | स्वास्थ्य र **सुरक्षित खाद्यान्न आपूर्तिको अधिकार प्रत्याभूत गरिएको छ ।** कानूनले आधारभूत सिद्धान्त र सार्वजनिक स्वास्थ्य र सुरक्षित खाद्यान्न आपूर्तिका लागि नियमलाई निर्दिष्ट गरेको छ । | *राज्यले खाद्यान्न र पानीको अधिकार प्रत्याभूत गरेको छ ।* |
| **इजिप्ट** सन् २०१४ | अध्याय ३, धारा ७९ | **हरेक नागरिकको स्वस्थ, पर्याप्त मात्रामा खाना र स्वच्छ पानीको अधिकार हुनेछ । राज्यले सबै नागरिकहरूलाई खाद्यान्न स्रोत उपलब्ध गराउने छ ।** | *खाद्यान्न र पानीको अधिकारको मान्यता ।* |
| **फिजी** सन् २०१३ | अध्याय २, धारा ३६(१) | **हरेक व्यक्तिको भोकमरीबाट मुक्त हुने, स्वीकार्य गुणस्तरको पर्याप्त खाना र पर्याप्त मात्रामा स्वच्छ तथा सुरक्षित पानी प्राप्त गर्ने अधिकारलाई क्रमशः साकार बनाउन उपलब्ध स्रोतहरू अन्तर्गत राज्यले उचित कदम चाल्नुपर्नेछ ।** | *खाद्यान्न र पानीको अधिकारलाई क्रमशः पूरा गर्नुपर्ने राज्यको दायित्व ।* |
| **दक्षिण अफ्रिका** सन् १९९६ | अध्याय २, धारा २७(१)(ख) | **हरेक व्यक्तिलाई देहायमा पहुँचको अधिकार हुने छ : (ख) पर्याप्त खाना र पानी ...** | *खाद्यान्न र पानीको अधिकारको मान्यता ।* |
| **बोलिभिया सन् २००९** | धारा १६ | १. **हरेक व्यक्तिलाई पानी र खानाको अधिकार हुनेछ ।** २. समग्र जनताका लागि स्वस्थ, पर्याप्त र यथेष्ट खाद्यान्नमार्फत **खाद्य सुरक्षा प्रत्याभूत गर्नु राज्यको दायित्व हो ।** | *खाद्यान्न र पानीको अधिकारको मान्यता ;खाद्य सुरक्षा प्रत्याभूत गर्ने राज्यको दायित्व ।* |
| **मोरक्को** सन् २०११ | धारा ३१ | **राज्य, सार्वजनिक संघसंस्था र क्षेत्रगत समूहहरू उपलब्ध सबै स्रोतसाधनको प्रयोग गर्दै महिला र पुरूष नागरिकहरूलाई देहायका अधिकारको उपभोगमा समान पहुँच स्थापित गर्न सहजीकरण गर्नेछन् :... पानी र स्वस्थ वातावरणको पहुँच ।** | *खाद्यान्न र पानीको अधिकारलाई क्रमशः पूरा गर्नुपर्ने राज्यको दायित्व ।* |

निष्कर्ष

कार्य/कदमहरू

# आर्थिक र सामाजिक अधिकार

## २२ स्वास्थ्य तथा स्वास्थ्य हेरचाहको अधिकार सुनिश्चित गरिएको छ ? प्रजनन स्वास्थ्य र प्रजनन स्वास्थ्य हेरचाहसम्बन्धी विशेष अधिकारको व्यवस्था गरिएको छ ? महिलालाई आफ्नो प्रजनन सम्वन्धी विषयमा छनोट गर्ने, निर्णय गर्न पाउने र आफ्नो शरिरमाथि आफ्नो नियन्त्रण राख्न पाउने अधिकार दिइएको छ ?

### व्याख्या

स्वास्थ्य र स्वास्थ्य हेरचाहको अधिकार र प्रजनन स्वास्थ्यको अधिकारमा महिलाका लागि महत्वपूर्ण हुने विभिन्न विषयहरु पर्छन् । स्वास्थ्यको अधिकार भन्नाले कुनै व्यक्तिले दावी गर्न सक्ने अधिकारलाई मात्र नभई स्वास्थ्यको संरक्षणलाई पनि जनाउँछ, जसले परिवार नियोजनको सेवासहित स्वास्थ्य सेवा उपलब्ध गराउने वा त्यसको उपलब्धता सहज बनाउने जिम्मेवारी राज्यलाई प्रदान गर्छ ।

महिला स्वास्थ्यको एउटा महत्वपूर्ण पक्षका रूपमा रहेको प्रजनन् स्वास्थ्य महिलाहरूको सक्रियता र स्वतन्त्रताका लागि अत्यावश्यक छ । संविधानमा प्रजनन स्वास्थ्यसम्बन्धी अधिकार समावेश भएको अवस्थामा राज्यलाई महिलाहरूको लागि खास महत्व राख्ने स्वास्थ्यसम्बन्धी यो पक्षलाई सम्बोधन गर्न लगाउन मद्दत पुग्दछ ।

महिला समानता र सक्रियताका लागि हेरचाहमा पहुँच आवश्यक छ तर यो पर्याप्त अवस्था भने होइन । महिलाहरूले सन्तान जन्माउने कि नजन्माउने, कतिजना जन्माउने र कति-कति समयको अन्तरमा जन्माउने सहित आफ्नो शरीर र शारीरिक तथा मनोवैज्ञानिक स्वास्थ्यसम्बन्धी विषयमा स्वतन्त्र रूपले निर्णय गर्न पाउनुपर्छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **इक्वेडोर** सन् २००८ | धारा ३२ | **स्वास्थ्य राज्यले प्रत्याभूत गरेको अधिकार हो** र त्यसको परिपूरण अन्य अधिकारको अभ्याससँग सम्बन्धित छ, जस्तैः पानी, खाना, शिक्षा, खेलकुद, काम, सामाजिक सुरक्षा,, स्वस्थ वातावरण र राम्रो जीवनलाई सहयोग गर्ने अन्य कुराहरु । **राज्यले यो अधिकारको प्रत्याभूति** आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक र वातावरणीय नीतिहरुद्वारा ; र एकीकृत स्वास्थ्य सेवा, **यौन स्वास्थ्य र प्रजनन् स्वास्थ्यलाई प्रवर्द्धन गर्ने र उपलब्ध गराउने कार्यक्रम, क्रिया र सेवाहरूमा स्थायी, सामयिक र गैरनिर्दिष्ट पहुँच मार्फत गर्नेछ ।** | *स्वास्थ्यको अधिकार*<br>*स्वास्थ्य सेवाको अधिकार*<br>*प्रजनन् स्वास्थ्यको अधिकार* |
| **इक्वेडोर** सन् २००८ | धारा ३६३(६) | **राज्य देहायका कार्यका लागि जिम्मेवार हुनेछ :** (६)महिलाका लागि यौन तथा प्रजनन् स्वास्थ्य कार्य र सेवाहरु सुनिश्चित गर्ने र **विशेषगरी गर्भावस्था, प्रसूती र सुत्केरी अवस्थामा महिलाको एकीकृत स्वास्थ्य सेवा र जीवन प्रत्याभूत गर्ने,** । | *मातृ स्वास्थ्य सेवाको अधिकार* |
| **इक्वेडोर** सन् २००८ | धारा ६६(९), ६६(१०) | **व्यक्तिको देहायका अधिकारहरूलाई मान्यता प्रदान गरी प्रत्याभूत गरिएको छ :** (९)**आफ्नो यौनिकता,यौन जीवन र झुकावका सम्बन्धमा सुसूचित, स्वेच्छिक र जिम्मेवार निर्णयहरू लिने अधिकार** । यी निर्णयहरु सुरक्षित अवस्थामा लिइएको सुनिश्चित गर्न राज्यले आवश्यक माध्यमहरूमा पहुँच प्रवर्द्धन गर्नेछ । (१०) **आफ्नो स्वास्थ्य र प्रजनन् जीवनका बारेमा सुसूचित निर्णय लिने र कति जना सन्तान जन्माउने भन्ने सम्बन्धमा स्वतन्त्र, जिम्मेवार र सुसूचित निर्णयको अधिकार ।** | *प्रजनन् र छोराछोरीको संख्यासम्बन्धी निर्णयहरु लिने अधिकार* |
| **बोलिभिया** सन् २००९ | धारा ६६ | **महिला र पुरूषहरूको यौन अधिकार र प्रजनन् अधिकार प्रत्याभूत गरिएको छ ।** | *यौन र प्रजनन् अधिकारको प्रत्याभूति* |
| **अङ्गोला** सन् २०१० | धारा ७७ | राज्यले **चिकित्सा र स्वास्थ्य सेवामा सर्वव्यापी अधिकार** र बाल हेरचाह र **प्रसूती सेवा**को अधिकारलाई सुनिश्चित गर्न आवश्यक कदमहरूको प्रवर्द्धन र प्रत्याभूति गर्नेछ । | *स्वास्थ्य सेवाको अधिकार*<br>*मातृस्वास्थ्य सेवाको अधिकार* |

| | | | |
|---|---|---|---|
| **नेपाल**<br>सन् २००७ | धारा २०(२) | **हरेक महिलालाई प्रजनन् स्वास्थ्यको अधिकार र अन्य प्रजनन् अधिकार हुनेछ ।** | *प्रजनन् स्वास्थ्यको अधिकार* |
| **पारागुऐ**<br>सन् १९९२ | **धारा ६१** | **राज्यले व्यक्तिको आफ्नो छोराछोरीको संख्या र जन्मदरबारे स्वतन्त्र र जिम्मेवार रूपमा निर्णय गर्न पाउने व्यक्तिको अधिकारलाई मान्यता प्रदान गर्नेछ** | *छोराछोरीको संख्या र जन्मदरबारे निर्णय लिने अधिकार* |
| **केन्या**<br>सन् २०१० | अध्याय ४, भाग २<br>धारा ४२(१क) | **हरेक व्यक्तिलाई देहायको अधिकार हुनेछ (क) प्रजनन् स्वास्थ्य सेवासमेत समावेश भएको सर्वोत्तम मापदण्डको स्वास्थ्य ।** | *सर्वोत्तम मापदण्डको स्वास्थ्यको अधिकार प्रजनन् स्वास्थ्य सेवाको अधिकार* |
| **इराक**<br>सन् २००५ | **भाग २, अध्याय १, धारा ३१** | **हरेक नागरिकलाई स्वास्थ्यको अधिकार हुनेछ ।** | *स्वास्थ्य सेवाको अधिकार* |

निष्कर्ष

कार्य/कदमहरू

# २३ गर्भपतन सम्बन्धमा महिलाको अधिकारलाई सुरक्षित गरिएको छ ?

व्याख्या

प्रजननको स्वायत्तता मानवीय मर्यादाका लागि अत्यावश्यक र महिला तथा पुरूषबीच सारभूत समानताका लागि स्वाभाविक हुन्छ । प्रजनन स्वायत्ततामा गर्भधारणको संख्या र समयमाथिको नियन्त्रण समावेश हुन्छ, जस अन्तर्गत परिवार नियोजन र गर्भपतन जस्ता सुरक्षित प्रजनन् सेवामा पहुँच जस्ता सेवाहरू पनि पर्दछन् ।

गर्भपतन सम्बन्धी व्यवस्था संविधानमै उल्लेख गर्ने चलन त्यति व्यापक नरहे तापनि धेरै संविधानहरूमा जीवनको अधिकारको बारेमा उल्लेख गर्ने गरिएको हुन्छ, जसलाई गर्भपतनमाथिको प्रतिबन्धका रूपमा अर्थ्याउन सकिन्छ । प्रजननसम्बन्धी अधिकारलाई प्रत्याभूत गर्ने प्रावधानहरु जस्तै- स्वास्थ्यको अधिकार, आफ्नो शरीरमाथि आफ्नो स्वामित्व र स्वतन्त्र रूपमा निर्णय गर्न पाउने अधिकार र प्रजननसम्बन्धी निर्णय लिन पाउने अधिकारको व्याख्यामार्फत संविधानले गर्भपतनलाई स्वीकृत गरेको भनी व्याख्या गर्ने सम्भावना पनि रहन्छ । चिकित्सकीय विधिमार्फत गर्भावस्थाको अन्त्य गर्ने कार्य प्रतिबन्धित गरिएको व्यहोरा उल्लेख नगरेर संविधानले यो विषयलाई राजनीतिक प्रक्रियामार्फत कानूनको माध्यमबाट सम्बोधन गर्ने विकल्प पनि प्रदान गर्दछ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **ट्यूनिसिया**<br>सन् २०१४ | धारा ३८ | **स्वास्थ्य हरेक मानिसको अधिकार हो ।** | *स्वास्थ्यको अधिकार* |
| **नेपाल**<br>सन् २००७ | धारा २० (२) | **हरेक महिलालाई प्रजनन स्वास्थ्यको अधिकार र अन्य प्रजनन अधिकारहरू प्राप्त हुनेछन् ।** | *प्रजनन् स्वास्थ्यको अधिकार* |
| **दक्षिण अफ्रिका**<br>सन् १९९६ | भागहरु १२(२क) र २(ख) | **हरेक व्यक्तिलाई शारीरिक र मनोसामाजिक निष्ठाको अधिकार प्राप्त हुनेछ, जस अन्तर्गत देहायका अधिकारहरू समावेश हुनेछन् :**<br>**(क) प्रजननसम्बन्धी निर्णय लिने ;**<br>(ख) आफ्नो शरीरको सुरक्षा गर्ने र त्यसमाथि नियन्त्रण कायम गर्ने । | *शारीरिक र मनोसामाजिक निष्ठाको अधिकार* |
| **इक्वेडोर**<br>सन् २००८ | धारा ६६(९), ६६(१०) | **व्यक्तिको देहायका अधिकारहरूलाई मान्यता प्रदान गरी प्रत्याभूत गरिएको छ : (९) आफ्नो यौनिकता, यौन जीवन र झुकावका सम्बन्धमा सूचनायुक्त, स्वेच्छिक र जिम्मेवार निर्णयहरू लिने अधिकार ।** यी निर्णयहरु सुरक्षित अवस्थामा लिइएको सुनिश्चित गर्न राज्यले आवश्यक माध्यमहरूमा पहुँच प्रवर्द्धन गर्नेछ । (१०) **आफ्नो स्वास्थ्य र प्रजनन जीवनका बारेमा सूचनायुक्त निर्णय लिने र कति जना सन्तान जन्माउने भन्ने निर्णय गर्न स्वतन्त्र, जिम्मेवार र पूर्वसूचित निर्णयको अधिकार ।** | *प्रजननसम्बन्धी निर्णय लिन पाउने अधिकार* |

निष्कर्ष

कार्य/कदमहरू

# २४ तलबसहितको प्रसूती विदाको अधिकार सुरक्षित गरिएको छ ?

## व्याख्या

रोजगारीमा रहेका महिलाका लागि प्रसूति विदा सारभूत समानतालाई वास्तविक बनाउनका लागि एउटा अत्यावश्यकीय पक्ष हो । प्रसूति विदा लिन पाउने अधिकारको पूर्ण उपभोगमा यस्तो विदा तलबसहितको हुनुपर्छ, जसले गर्दा आमाको जीविकोपार्जन जोखिममा नपरोस् । प्रसूति विदाका अतिरिक्त, गर्भावस्था र प्रसूतिका कारण र प्रसूति अवधिभर रोजगारीको सुरक्षाले प्रसूति विदाको प्रयोजनलाई पूर्णता दिन्छ । त्यो भनेको महिलालाई सामाजिक र आर्थिक जीवनमा पूर्ण रूपमा सहभागी हुने अवसर प्रदान गर्नु पनि हो । प्रसूतिको आधारमा प्रदान गरिने सामाजिक सुरक्षा र सुविधाहरूले पनि महिलालाई आर्थिक जीवनमा पूर्ण रूपमा सहभागी हुन सहज तुल्याउँछ ।

प्रसूती स्याहार विदा पनि एउटा महत्वपूर्ण अधिकार हो जसले सन्तानको हेरचाह र घरायसी मामलामा पिताको भूमिकालाई मान्यता प्रदान गर्दै सारभूत समानता हासिल गर्ने कार्यमा बल पुर्‍याउँछ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **इथियोपिया**<br>सन् १९९५ | धारा ३५(५)(क) र (ख) | (५)(क) **महिलाले पूरा तलबसहितको प्रसूती विदा प्राप्त गर्नेछन् ।** प्रसूती विदाको समयावधि कामको प्रकृति, आमाको स्वास्थ्य र बच्चा तथा परिवारको कल्याणलाई ध्यानमा राखी कानूनद्वारा निर्धारण गरिनेछ । (ख) कानून बमोजिम प्रसूती विदामा पूर्ण तलबसहित प्रसूतीपूर्वको विदा पनि समावेश हुनेछ … | *वैतनिक प्रसूती विदाको अधिकार* |
| **घाना**<br>सन् १९९२ | धारा २७(१) | आमाहरूलाई **प्रसूती अघि र पछि** उचित समयसम्म विशेष हेरचाह दिइनुपर्छ ; र **त्यो समयमा काम गर्ने आमाहरूलाई तलबसहितको विदा दिइनुपर्छ ।** | *वैतनिक प्रसूती विदाको अधिकार* |
| **टिमोर लेस्टे**<br>सन् २००२ | धारा ३९(४) | प्रसवावस्था सम्मानित र सुरक्षित हुनेछ र सबै महिलालाई गर्भावस्थामा र प्रसूतीपछि विशेष संरक्षण प्रदान गरिनेछ, र **श्रमिक महिलाहरूलाई प्रसूती अघि र पछि उचित समयका लागि कार्यस्थलमा विदाको अधिकार हुनेछ, र त्यसमा कानून अनुसार तलब वा अन्य सुविधाको कटौती हुनेछैन ।** | *वैतनिक प्रसूती विदाको अधिकार* |
| **कम्बोडिया**<br>सन् १९९३ | धारा ४६ | **…गर्भावस्थाका कारण श्रमिक महिलाको बर्खास्ती प्रतिबन्धित हुनेछ । महिलालाई पूर्ण तलबसहित प्रसूती विदा लिन पाउने हक हुनेछ, र त्यस अन्तर्गत रोजगारीमा बरिष्ठता र अन्य सामाजिक सुविधाहरूको प्रत्याभूति हुनेछ ।** | *बर्खास्तीबाट संरक्षण*<br>*वैतनिक प्रसूती विदाको अधिकार* |
| **ब्राजिल**<br>सन् १९९८ | अध्याय २, धारा ७(१८) र (१९) | सामाजिक अवस्थामा सुधार ल्याउन विकसित अन्य थप व्यवस्थाका अतिरिक्त, सहरी र ग्रामीण श्रमिकहरूलाई देहाय अनुसारका अधिकार प्राप्त हुनेछन् :…(१८) **रोजगारी वा ज्यालाको नोक्सानी नहुने गरी एकसय बीस दिनसम्मको प्रसूती विदा** ; (१९) कानूनमा व्यवस्था भए अनुसार **प्रसूती स्याहार विदा** । | *बर्खास्तीबाट संरक्षण*<br>*वैतनिक प्रसूती विदाको अधिकार*<br>*प्रसूती स्याहार विदाको अधिकार* |

| | | | |
|---|---|---|---|
| **इक्वेडोर** सन् २००८ | धारा ३३२ | **राज्यले सबै श्रमिकहरूको प्रजनन् अधिकारको सम्मान गर्नेछ, जसमा** प्रजनन् स्वास्थ्यलाई प्रभावित गर्ने श्रम जोखिमको उन्मूलन, **गर्भावस्थाका कारण कुनै सीमितता विना रोजगारी र कामको सुरक्षामा पहुँच, सन्तानको संख्या, प्रसूती र स्तनपानको अधिकार, र प्रसूती स्याहार विदाको अधिकार समावेश छन् ।**<br><br>**गर्भावस्था र प्रसूतीका कारण महिला श्रमिकको बर्खास्तीका साथै प्रजनन् भूमिकासम्बन्धी भेदभाव प्रतिबन्धित गरिएको छ ।** | *प्रसूती र प्रसूती स्याहार विदाको अधिकार*<br><br>*बर्खास्तीबाट संरक्षण* |
| **इक्वेडोर** सन् २००८ | धारा ३६९ | **अनिवार्य र सर्वव्यापी बीमाले** रोग, **प्रसूती, पितृत्व,**श्रम जोखिम, रोजगारीको अन्त्य, बेरोजगारी, वृद्धावस्था, अयोग्यता, अपाङ्गता, मृत्यु र कानूनले व्यवस्था गरेअनुसार अन्ये आकस्मिक/भैपरी अवस्थालाई **समेट्ने छ ।** | *प्रसूती र पितृत्वका लागि सर्वव्यापी बीमा सुविधा* |

निष्कर्ष

कार्य/कदमहरू

# आर्थिक र सामाजिक अधिकार

## २५ महिलामाथि राज्यवाट हुने हिंसाबाट मुक्त र स्वतन्त्र हुन पाउने तथा संरक्षण प्राप्त गर्ने अधिकार सुरक्षित गरिएको छ ? के गैर-राज्य पक्ष (परिवारका सदस्य, रोजगारदाता, व्यावसायिक वा निजी प्रतिष्ठान आदि) वाट हुने हिंसा विरूद्धको अधिकार सुरक्षित गरिएको छ ?

### व्याख्या

महिला विरूद्ध हिंसा (वा लिङ्गमा आधारित हिंसा) भेदभाव* र असमानताको रूप, कारण र परिणाम हो र महिलाको जीवन, स्वास्थ्य, समान संरक्षण, सुरक्षा र स्वतन्त्रतासहित मानव अधिकार र आधारभूत स्वतन्त्रताको उल्लङ्घन हो । हिंसा शारीरिक, यौनिक वा मनोवैज्ञानिक (जस्तै घरेलु हिंसा, योनिच्छेद्न, बलजफ्ती विवाह, यौन दुर्व्यवहार, बलात्कार, बेचबिखन आदि) हुनसक्छ । केही महिलाले अपाङ्गता, उमेर, जाति, जातीयता, भाषा, आप्रवासको स्थिति, धर्म र यौन झुकावका आधारमा विविध किसिमका भेदभावहरूको सामना गर्नुपर्ने हुन सक्छ, जसले उनीहरूलाई हिंसाको जोखिममा पुर्‍याउने गर्छ । प्रथा, धर्म वा परम्परा महिला विरूद्ध हुने हिंसाको आधार बन्न सक्दैन । महिला विरुद्ध भएका हिंसा चाहे त्यो राज्यका पात्रहरु (जस्तै प्रहरी वा सेना)बाट भएको होस् वा निजी पात्रहरु (जस्तै जीवनसाथी वा रोजगारदाता)बाट, राज्यले त्यसलाई निवारण गर्न र दण्डित गर्न कदम चाल्नुपर्छ ।

### उदाहरणहरू

| | | | |
|---|---|---|---|
| **डोमिनिकन रिपब्लिक** सन् २०१० | धारा ४२(२) | **कुनै पनि रूपमा हुने अन्तरपारिवारिक र लैङ्गिकतामा आधारित हिंसालाइ भत्सर्ना गरिनेछ । राज्यले महिला विरूद्धको हिंसा निवारण, दण्डित र उन्मूलन गर्न कानूनद्वारा आवश्यक कदमहरू अवलम्बन गरिने प्रत्याभूति गर्नेछ ।** | *महिला विरूद्ध हिंसा निवारण, दण्डित र उन्मूलन गर्न राज्यको जिम्मेवारी* |
| **ट्यूनिसिया** सन् २०१४ | धारा ४६ | **...राज्यले महिला विरूद्धको हिंसा उन्मूलन गर्न आवश्यक सबै कदमहरू चाल्नेछ ।** | *महिला विरूद्ध हिंसा उन्मूलन गर्न राज्यको जिम्मेवारी* |
| **भुटान** सन् २००८ | धारा ९(१७) | राज्यले बेचबिखन, वेश्यावृत्ति, दुर्व्यवहार, हिंसा, हैरानी र धम्की लगायतका **महिला विरूद्ध सर्वाजनिक र निजी क्षेत्रमा हुने सबै प्रकारका भदेभाव र शोषण उन्मूलन गर्न** उपयुक्त कदम चाल्ने प्रयास गर्नेछ । | *सार्वजनिक र निजी क्षेत्रमा हुने महिला विरूद्ध हिंसा उन्मूलन गर्न राज्यको जिम्मेवारी* |
| **जिम्बाब्वे** सन् २०१३ | धारा ५२(क) | हरेक व्यक्तिलाई शारीरिक र मनोवैज्ञानिक निष्ठाको अधिकार हुनेछ, जस अन्तर्गत देहायका अधिकार समावेश हुनेछन् : (क) **सार्वजनिक वा निजी क्षेत्रहरूबाट हुने सबै प्रकारका हिंसाबाट मुक्ति ।** | *सार्वजनिक र निजी पात्रबाट हुने हिंसाबाट स्वतन्त्रताको अधिकार* |
| **बोलिभिया** सन् २००९ | धारा १५(१), १५(२) १५(३) | १. हरेक व्यक्तिलाई **जीवनको र शारीरिक, मनोवैज्ञानिक र यौनिक निष्ठाको अधिकार** हुनेछ । कसैलाई यातना दिइने छैन, न त कसैले क्रुर, अमानवीय, अपमानजनक वा मानमर्दन हुने व्यवहारबाट पीडित हुनुपर्नेछ ।<br>२. **हरेक व्यक्ति, खास गरी महिलालाई, परिवारका साथै समाजमा शारीरिक, यौनिक वा मनोवैज्ञानिक हिंसाबाट पीडित हुने नपर्ने अधिकार हुनेछ ।**<br>३. **राज्यले यौनजन्य र पुस्ताजन्य हिंसाका साथै सार्वजनिक वा निजी क्षेत्रमा मानव अवस्थालाई कमजोर बनाउने, मृत्यु, पीडा र शारीरिक, यौनिक वा मनोवैज्ञानिक पीडा निम्त्याउने कुनै कार्य वा उपेक्षालाई निवारण, उन्मूलन र दण्डित गर्न आवश्यक कदमहरू चाल्नेछ ।** | *सार्वजनिक र निजी पात्रबाट हुने हिंसाबाट स्वतन्त्रताको अधिकार*<br>*सार्वजनिक र निजी क्षेत्रमा हुने महिला विरूद्ध हिंसा निवारण, उन्मूलन गर्नु राज्यको जिम्मेवारी* |

* राइट्स अफ वुमेन, फ्रम राइट्स टु एक्सन : संयुक्त अधिराज्यमा महिला विरूद्ध हिंसामा अन्तर्राष्ट्रिय अधिकार र संयन्त्रको प्रयोग (लण्डन, २०११) पृष्ठ १५

निष्कर्ष

कार्य/कदमहरू

# २६ वेचविखनलाई निषेध गरिएको छ ?

व्याख्या

मानव बेचविखन मानवअधिकारको गम्भीर उल्लङ्घन हो, जसमा यौन शोषण, विवाह, घरेलु दासत्व, युद्ध वा अन्य कार्यका लागि बलजफ्ती शोषण लगायतका क्रियाकलापहरू समावेश हुन्छन् । यसलाई आधुनिक दासत्वको रूपमा लिइएको छ र यसबाट पीडित हुनेहरूमा अधिकांशतः महिला र बालबालिका हुने गर्दछन् । मानव बेचबिखनले प्रायजसो संविधानहरूमा भेटिने शोषणबाट संरक्षण; दासत्व, बलजफ्ती श्रम, यातना र अपमानजनक व्यवहारमाथि प्रतिबन्ध; हिंडडुलको स्वतन्त्रता र सम्मानको अधिकार जस्ता आम रूपमा स्वीकार्य मानव अधिकार, प्रतिबन्ध र संरक्षणहरूको उल्लङ्घन गर्दछ र मानवलाई निम्छरो जीवन बांच्न विवश तुल्याउँछ । संविधानमा मानव बेचबिखन विरूद्धको हकलाई स्पष्ट रूपमा उल्लेख गर्नाले यस किसिमको अपराधबाट पीडितहरूको संरक्षण गर्ने र बेचबिखन विरूद्ध अफ प्रभावकारी रूपमा अनुसन्धान, अभियोजन र दण्डित गर्ने राज्यको प्रतिबद्धता र क्षमतालाई बल पुर्‍याउने काम गर्छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **भुटान**<br>सन् २००८ | धारा ९(१७) | राज्यले बेचबिखन, वेश्यावृत्ति, दुर्व्यवहार, हिंसा, हैरानी र धम्की लगायतका **महिला विरूद्ध सार्वजनिक र निजी क्षेत्रमा हुने सबै प्रकारका भदेभाव र शोषण उन्मूलन गर्न** उपयुक्त कदम चाल्ने प्रयास गर्नेछ । | *बेचबिखनसहित शोषणको उन्मूलन गर्ने राज्यको दायित्व ।* |
| **इराक**<br>सन् २००५ | अध्याय २, धारा ३७, तेस्रो भाग/अनुच्छेद | **बलजफ्ती श्रम, दासत्व, दास व्यापार, महिला वा** बालबालिकाको बेचबिखन र देह व्यापार **प्रतिबन्धित गरिनेछ ।** | *बलजफ्ती श्रम र बेचबिखनमाथि प्रतिबन्ध* |
| **भेनेजुऐला**<br>सन् १९९९ | अध्याय ३, धारा ५४ | **कसैलाई पनि दासत्व वा बंधुवा मजदुरीमा लगाइने छैन । व्यक्ति, विशेषतः महिला,** बालबालिका र वयस्कहरूको कुनै पनि रूपमा **हुने बेचबिखन कानूनद्वारा दण्डनीय हुनेछ ।** | *दासत्व र बेचबिखनबाट मुक्ति* |
| **सियेरा लियोन**<br>सन् १९९१ | अध्याय ३, धारा १९(१) | **कसैलाई पनि दासत्व वा बंधुवा मजदुरीमा लगाइने वा बलजफ्ती श्रम गर्न लगाइने वा मानव बेचबिखन र व्यापारमा लगाइने छैन ।** | *दासत्व र बेचबिखनबाट मुक्ति* |

निष्कर्ष

कार्य/कदमहरू

# २७ यौन कार्य वा यौन शोषणका बारेमा उल्लेख गरिएको छ ?

## व्याख्या

यौन कार्यलाई अपराधीकरण गर्दा बलजफ्ती वेश्यावृत्तिबाट पीडित व्यक्तिहरु अनुचित तरिकाबाट दण्डित हुनसक्छन् । यथार्थमा उनीहरूलाई अभियोजन भन्दा पनि संरक्षणको खाँचो पर्दछ । महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सिडअ) का अनुसार राज्यहरूले 'महिलाको वेश्यावृत्तिको शोषण...रोक्नुपर्छ ; त्यसैकारण, राज्यहरूले यौन शोषणको जोखिममा पुर्‍याउने परिस्थिति वा यौन कार्य अवलम्बन गर्न महिलालाई डोर्‍याउने कारक तत्वहरू जस्तै गरिबी, भेदभाव र वरोजगारीलाई सम्बोधन गर्दै बेचबिखन, स्वतन्त्रताको बञ्चितीकरण, बलजफ्ती श्रम, आत्मसम्मान र स्वास्थ्यको बञ्चितीकरण जस्ता अवस्था निर्मूल गर्नेतर्फ विशेष ध्यान दिनुपर्छ ।'

वेश्यावृत्ति वा यौन कार्य (सेवाहरूको खरिदभन्दा विपरीत ढंगको कार्य) को निरपराधीकरणले यस्तो कार्यमा संलग्न व्यक्तिहरूलाई कानूनी परिणामको डर बिना बाहिर आउन, सुरक्षित कार्यस्थल माग गर्न र सामाजिक सुरक्षा कार्यक्रममा सहभागी हुन र पुनःस्थापकीय सेवाहरु माग गर्न सक्षम बनाउँछ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **इक्वेडोर**<br>सन् २००८ | धारा ६६(३)<br>(क) र (ख) | **व्यक्तिका देहाय अधिकारहरूलाई मान्यता प्रदान गरी प्रत्याभूत गरिएका छन् :...३. व्यक्तिगत कल्याणको अधिकार, जसमा देहायका विषयहरू समावेश छन् :** (क) शारीरिक, मनोवैज्ञानिक, नैतिक र यौनिक सुरक्षा । (ख) सार्वजनिक र निजी क्षेत्रमा हिसामुक्त जीवन ।<br><br>राज्यले महिला, बालकालिका र वयस्क, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति र सुविधाबाट बञ्चित वा जोखिमपूर्ण अवस्थामा रहेका सबै व्यक्ति विरूद्धको **हिंसा लगायतका सबै प्रकारका हिंसा निवारण, उन्मूलन र दण्डित गर्न आवश्यक कदम चाल्नेछ । हिंसा, दासत्व र यौन शोषण विरूद्ध पनि यस्तै कदमहरू चालिनेछन् ।** | *राज्यले यौन शोषण उन्मूलन गर्नेछ ।* |
| **सर्बिया**<br>सन् २००६ | भग २, धारा २६ | **बलजफ्ती श्रम प्रतिबन्धित छ । प्रतिकूल अवस्थामा रहेका व्यक्तिको यौनिक** वा वित्तीय **शोषणलाई बलजफ्ती श्रम मानिनेछ ।** | *यौन शोषणको प्रतिबन्ध* |

निष्कर्ष

कार्य/कदमहरू

# २८ महिलालाई हानि पुऱ्याउने नियतवाट गरिने कुनै पनि प्रकारको अभिव्यक्ति (स्पिच) लाई निषेध गरिएको छ ?

व्याख्या

अधिकारहरूलाई वैधानिक रूपमा, जस्तै-ती अधिकारहरू अरूको अधिकारसँग बाझिएको अवस्थामा, सीमित गर्न सकिन्छ । द्वेष, द्वन्द्व, भेदभाव, असहिष्णुता, वा हिंसा निम्त्याउने खालका अवाञ्छित अभिव्यक्तिलाई सीमित गर्ने गरिन्छ, किनभने यसबाट अरूको अधिकारको हनन हुन पुग्दछ र राज्यका निर्देशक सिद्धान्तहरू, जस्तै- लोकतान्त्रिक समाजको निर्माण गर्ने, सामाजिक न्याय, समानता, मानवीय मर्यादा प्राप्त गर्ने, आदिको समेत उल्लङ्घन हुन जान्छ । महिला विरूद्ध हिंसा वा भेदभाव निम्त्याउने अभिव्यक्तिले विशेषतः महिलाद्वेषी व्यवहार र रूढिवादको निरन्तरतामार्फत उनीहरूको मौलिक हकमाथि आघात पुऱ्याउने र समानताको अवमूल्यन गर्ने काम गर्छ, ।

लैंगिक आधारमा घृणा र भेदभावजन्य अभिव्यक्तिबाट सुरक्षित गर्ने संवैधानिक सुनिश्चिताबाट लैङ्गिक समानताप्रति राज्यको प्रतिबद्धता पनि पुष्टि हुन्छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **जिम्बाब्वे** सन् २०१३ | अध्याय ४, भाग २, धारा ६१(५) | **अभिव्यक्तिको स्वतन्त्रता र** सञ्चार माध्यमको स्वतन्त्रतामा **देहायको कुरा समावेश हुने छैन : (ख) घृणित वा द्वेषपूर्ण भनाईको पैरवी ।** | *द्वेषपूर्ण अभिव्यक्ति उपर प्रतिबन्ध* |
| **फिजी** सन् २०१३ | अध्याय २, धारा १७(३) (ख) (अ) र (४) | (३) उपधारा (१)मा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरूलाई देहायका अवस्थामा आवश्यकता अनुसार कानून बनाई सीमित गर्न वा सीमित गर्ने कार्यलाई स्वीकृत गर्न सकिनेछ : **(ख) अन्य व्यक्तिको प्रतिष्ठा, गोपनीयता, प्रतिष्ठा, अधिकार वा स्वतन्त्रता संरक्षण वा कायम गर्न, जस अन्तर्गतः :**<br><br>**(अ) व्यक्ति वा समूह जोसुकै तर्फ लक्षित घृणित भनाईबाट स्वतन्त्र रहने अधिकार,**<br><br>**(४). यस भागमा, 'घृणित भनाई' को अर्थ यस्तो अभिव्यक्ति हो जसले भाग २६ मा सूचिकृत वा तोकिएको आधारमा हुने भेदभावलाई प्रोत्साहन गर्ने वा प्रोत्साहन पुग्ने गरी प्रभाव पार्दछ** (वास्तविक वा नियोजित व्यक्तिगत विशेषता, जाति, सँस्कृति, जातीय वा सामाजिक उत्पत्ति, रङ, उद्गमस्थल, **लिङ्ग, लैङ्गिकता, यौन झुकाव, लैङ्गिक पहिचान** र अभिव्यक्ति, जन्म, प्राथमिक भाषा, आर्थिक वा सामाजिक वा स्वास्थ्यको अवस्था, अपाङ्गता, उमेर, धर्म, विवेक, **बैवाहिक स्थिति वा गर्भावस्था,** विचार वा आस्था, अरूलाई क्षति पुऱ्याउने वा अरूको अधिकार वा स्वतन्त्रतालाई कमजोर तुल्याउने, वा यस संविधानले प्रतिबन्धित गरेको अन्य कुनै आधार) | *अरूको अधिकार, स्वतन्त्रता वा गोपनीयतालाई उल्लङ्घन गर्ने अभिव्यक्तिमाथि प्रतिबन्ध* |
| **इजिप्ट** सन् २०१४ | अध्याय ३, धारा ५३ | **भेदभाव र घृणालाई उक्साउने कार्य कानूनद्वारा दण्डनीय अपराध हुनेछन् ।** | *घृणाको दुरूत्साहनमाथि प्रतिबन्ध* |

निष्कर्ष

कार्य/कदमहरू

संविधानमा महिला समानताको समीक्षा

# नागरिकता

प्रश्न २९ - ३३



## २९ महिला र पुरूषले समान रूपले नागरिकता प्राप्त गर्ने, परिवर्तन गर्ने वा त्यसलाई निरन्तर राख्ने अधिकार सुनिश्चित गरिएको छ ?

व्याख्या

नागरिकताका लागि समान शर्तले महिलालाई नागरिकले पाउने अधिकार र संरक्षणमाथि पूर्ण रूपमा दावी गर्ने र सार्वजनिक जीवनमा पूर्ण रूपमा सहभागी हुने अवसर प्रदान गर्दछ । नागरिकता प्राप्तिको लागि महिला र पुरूषवीच समान शर्तहरु निर्धारण गर्ने संवैधानिक प्रावधानले नागरिकता प्राप्त गर्न वा कायम राख्न फरक फरक शर्तहरु सिर्जना गर्ने कानून पारित गर्ने कार्यलाई बर्जित गर्दछ । उदाहरणका लागि, नागरिकताका लागि महिला र पुरूषवीच समान शर्तहरु भएको अवस्थामा महिलाले गैर नागरिकसँग विवाह गरे पनि आफ्नो नागरिकता गुमाउनु पर्ने अवस्था आउदैन । यसैगरी, महिला र पुरूषले आफ्नो नागरिकता समान शर्तमा परिवर्तन गर्न पाउने र कायम राख्न पाउने व्यवस्था हुनु बाञ्छनीय हुन्छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **मालावी**<br>सन् १९९४ | धारा २४(१)(क)(ई) | **महिलाहरूलाई कानून बमोजिम पूर्ण र समान संरक्षणको हक हुनेछ, र लैङ्गिकता वा बैवाहिक स्थितिको आधारमा भेदभाव नगरिनु उनीहरूको अधिकार हो, यस अन्तर्गत देहायका अधिकारहरू समावेश छन्** : (क) देवानी कानूनमा पुरूष सरह अधिकारको प्राप्ति (समान क्षमतासहित ), (ई) **नागरिकता र राष्ट्रियता प्राप्त गर्ने र कायम राख्ने ।** | *नागरिकता र राष्ट्रियतामा अविभेदको सिद्धान्त लागू गरिएको ।* |
| **उरूग्वे**<br>सन् १९६६ | भाग ३, धारा ७४ | गणतन्त्रको सरहदको कुनै पनि ठाउँमा जन्मेका सबै **पुरूष र महिला** प्राकृतिक नागरिक हुनेछन् । | *पुरूष र महिलाका लागि नागरिकता हासिल गर्ने समान शर्तहरु* |
| **बोलिभिया**<br>सन् २००९ | धारा १४१ | बोलिभियाली राष्ट्रियता जन्मको आधारमा वा अंगीकरणको आधारमा प्राप्त गरिनेछ । कुटनीतिक जिम्मेवारीमा रहेका वैदेशिक कर्मचारीका सन्तानबाहेक **बोलिभियाको सरहदभित्र जन्मने व्यक्तिहरू जन्मको आधारमा बोलिभियाली हुन्** । बोलिभियाली आमा वा बाबुबाट विदेशमा जन्मेका व्यक्ति समेत जन्मको आधारमा बोलिभियाली हुनेछन् । | *पुरूष र महिलाका लागि नागरिकता हासिल गर्ने समान शर्तहरु* |

निष्कर्ष

कार्य/कदमहरू

नागरिकता

# ३० दोहोरो वा वहु नागरिकता प्रदान गर्ने व्यवस्थालाई स्वीकार गरिएको छ ?

व्याख्या

दोहोरो वा बहु नागरिकतासम्बन्धी व्यवस्थाले कुनै पनि महिलालाई दोस्रो नागरिकता प्राप्त गर्न सकेको खण्डमा आफू जन्मेको देशभन्दा बाहेकको देशमा बसोबास गर्ने सिलसिलामा आवश्यक संरक्षण प्रदान गरी ती देशहरूबीच यात्रा र बसोबासको स्वतन्त्रता सुनिश्चित गराउँछ । गैरनागरिकसँग विवाह गर्ने महिलाले आफ्नो जीवनसाथीको देशको नागरिकता प्राप्त गर्न चाहेको खण्डमा पनि त्यसले संरक्षण प्रदान गर्छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **घाना**<br>सन् १९९६ | अध्याय ३, धारा ८(१) र (३) | (१) **घानाको नागरिकले घानाको नागरिकता अतिरिक्त अन्य कुनै पनि देशको नागरिकता धारण गर्नसक्नेछ । (३) कुनै देशको कानून अनुसार सो देशको नागरिक विवाह गरेको कारण आफ्नो देशको नागरिकता त्याग्नुपर्ने व्यवस्था रहेकोमा, सो विवाहका कारण आफ्नो नागरिकता गुमाएको घानाको नागरिक सो विवाह विच्छेद भएको अवस्थामा घानाको नागरिक बन्नेछ ।** | *दोहोरो वा बहु नागरिकतालाई स्वीकारिएको छ ।*<br><br>*विवाहमार्फत गुमेको नागरिकता पुन:प्राप्त गर्न सकिने व्यवस्था छ ।* |
| **फिजी**<br>सन् २०१३ | अध्याय १, भाग ५, धारा ४ | **फिजीका नागरिकहरूले एक भन्दा बढी नागरिकता धारण गर्न सक्नेछन्,** जसको अर्थ (क) **कुनै बाह्य मुलुकको नागरिकता स्वीकार गरेपछि पनि सो व्यक्ति फिजीको नागरिकता नत्यागेसम्म फिजीको नागरिक रहनेछ** ; (ख) फिजीको पूर्व नागरिक जसले विदेशी नागरिकता प्राप्त गरेका कारण नागरिकता गुमाउन पुगेको छ, सो व्यक्तिले विदेशी नागरिकता धारण गरेर नै पनि फिजीको नागरिकता पुन:प्राप्त गर्न सक्नेछ (विदेशी मुलुकको कानूनले अन्य व्यवस्था गरेको अवस्थामा बाहेक), र (ग) **फिजीको नागरिक भएपछि कुनै विदेशीले आफ्नो विद्यमान नागरिकता कायम गर्नसक्नेछ (सो विदेशी मुलुकको कानूनले अन्य व्यवस्था गरेको अवस्थामा बाहेक ) ।** | *दोहोरो वा बहु नागरिकता स्वीकृत छ ।*<br><br>*विदेशी नागरिकताका कारण गुमेको नागरिकता पुन:प्राप्त गर्न सकिने व्यवस्था छ ।* |
| **गाम्बिया**<br>सन् २००४ | धारा १२क(१) र (२) | **अन्य देशको नागरिकता हासिल गर्ने गाम्बियाको नागरिकले इच्छा गरेमा गाम्बियाको नागरिकता कायम राख्न सक्नेछ ।** | *दोहोरो वा बहु नागरिकता स्वीकृत छ ।* |
| **माल्टा**<br>सन् १९६४ | अध्याय ३, धारा २२(२) | माल्टामा हाल लागू कुनै पनि कानून अनुसार **दोहोरो वा बहु नागरिकता स्वीकृत छ ।** | *दोहोरो वा बहु नागरिकता स्वीकृत छ ।* |
| **इक्वेडोर**<br>सन् २००८ | धारा ६ | **इक्वेडोरियन राष्ट्रियता** जन्मको आधारमा वा अङ्गीकृत भएर प्राप्त गर्न सकिनेछ र **विवाहका कारण वा सम्बन्ध विच्छेद वा अर्को राष्ट्रियता हासिल गरेका कारण त्याग्नुपर्ने छैन ।** | *विवाह वा सम्बन्ध विच्छेदका कारण नागरिकता गुम्दैन ।* |
| **जिम्बाब्वे**<br>सन् २०१३ | धारा ४० | **विवाह वा वैवाहिक सम्बन्धको विघटनबाट जिम्बाब्वेको नागरिकता गुम्न जाँदैन ।** | *विवाह वा सम्बन्ध विच्छेदका कारण नागरिकता गुम्दैन ।* |
| **बोलिभिया**<br>सन् २००९ | धारा १४२(आ) (१) | **...बोलिभियाली नागरिकसंग विवाहको आधारमा नागरिकता प्राप्त गरेका विदेशी नागरिकले विधवा/विधुर भएको वा सम्बन्ध विच्छेद भएको अवस्थामा पनि सो नागरिकता गुमाउने छैनन् ।** | *विधवा/विधुर भएका कारण वा विवाह वा सम्बन्ध विच्छेदका कारण नागरिकता गुम्दैन ।* |

| | | | |
|---|---|---|---|
| **बोलिभिया**<br>सन् २००९ | धारा १४३ | **१. विदेशी नागरिकसँग विवाह गर्ने बोलिभियालीहरूले आफ्नो मूल राष्ट्रियता गुमाउने छैनन् । विदेशी नागरिकता हासिल गर्दा बोलिभियाली राष्ट्रियता पनि गुम्ने छैन ।**<br>**२. बोलिभियाली राष्ट्रियता हासिल गर्ने विदेशीहरूले आफ्नो मूल राष्ट्रियता त्याग्न आवश्यक हुने छैन ।** | *विदेशी नागरिकता हासिल गरेका कारण नागरिकता गुम्दैन ।*<br><br>*नागरिक प्राप्त गर्न पुरानो नागरिकता त्याग्न आवश्यक छैन ।* |

निष्कर्ष

कार्य/कदमहरू

# नागरिकता

## ३१ के महिलाले स्वतन्त्र रूपमा आफ्ना सन्तानलाई नागरिकता दिलाउन सक्छिन ?

### व्याख्या

आफ्ना सन्तानलाई बिना कुनै शर्त (जस्तै वैवाहिक स्थिति) नागरिकता दिन पाउने महिलाको अधिकारले उनीहरूको स्वायत्ततालाई संरक्षण गर्छ र सन्तानलाई पनि आमाकै देशको नागरिक बन्ने सुनिश्चितता प्रदान गरेर उनीहरूको पनि संरक्षण गर्छ । यसैको आधारमा सन्तान पनि नागरिकलाई उपलब्ध अधिकार (जस्तैः शिक्षा र स्वास्थ्य सेवा) र संरक्षणहरु प्राप्त गर्न सक्षम हुन्छन्; महिला र बालबालिकाले हिंडडुलमा कुनै किसिमको अवरोधको सामना गर्नुपर्दैन; र आमा र बाबु फरक-फरक देशको नागरिक भएको अवस्थामा पनि बालबालिकालाई राज्यविहीनताको अवस्थाबाट संरक्षण प्राप्त गर्न सघाउ पुग्दछ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **डोमिनिकन रिपब्लिक**<br>सन् २०१० | धारा १८(१)<br>धारा १८(४) | (१) डोमिनिकन (स्त्री) र डोमिनिकन (पुरूष) डोमिनिकन आमा वा बाबुका छोरा र छोरी हुन् ;<br>(४) जन्मस्थानको आधारमा आफ्नो अभिभावकको भन्दा फरक राष्ट्रियता हासिल गरेको भए तापनि **डोमिनिकन बाबु वा आमाबाट विदेशमा जन्मेकाहरू** डोमिनिकन हुन् । | *आमाले स्वतन्त्र रूपमा आफ्ना सन्तानलाई नागरिकता हस्तान्तरण गर्न सक्छिन् ।* |
| **निकारागुवा**<br>सन् २००७ | धारा १६(२)<br>धारा १६(३) | (२) नागरिकहरु निकारागुवान बाबु वा आमाबाट जन्मेका सन्तान हुन् ।<br>(३) साविकका **निकारागुवान बाबु वा आमाबाट विदेशमा जन्मेकाहरू वयस्क वा बालिग भएपछि अनुरोध गरेको अवस्थामा निकारागुवाको नागरिक हुनेछन्** । | *आमाले स्वतन्त्र रूपमा आफ्ना सन्तानलाई नागरिकता हस्तान्तरण गर्न सक्छिन् ।* |
| **केन्या**<br>सन् २०१० | धारा १४(१) | यदि कुनै व्यक्ति जन्मेको दिन उसको **आमा वा बाबु केन्याको नागरिक हो भने निजको** केन्यामा जन्म भए वा नभए पनि उ **जन्मको आधारमा केन्याको नागरिक** हुनेछ । | *आमाले स्वतन्त्र रूपमा आफ्ना सन्तानलाई नागरिकता हस्तान्तरण गर्न सक्छिन् ।* |
| **जिम्बाब्वे**<br>सन् २०१३ | धारा ३६(१)(क) | कुनै व्यक्ति जिम्बाब्वेमा जन्मेमा र निजको जन्म हुंदा निजको आमा वा बाबु जिम्बाब्वेको नागरिक भएको अवस्थामा निज जन्मको आधारमा जिम्बाब्वेका नागरिक ठहरिन्छ । | *आमाले स्वतन्त्र रूपमा आफ्ना सन्तानलाई नागरिकता हस्तान्तरण गर्न सक्छिन् ।* |
| **टर्की**<br>सन् १९८२ | धारा ६६ | **टर्किस बाबु वा टर्किस आमाको** सन्तान टर्कीश नागरिक हुनेछ । | *आमाले स्वतन्त्र रूपमा आफ्ना सन्तानलाई नागरिकता हस्तान्तरण गर्न सक्छिन् ।* |
| **टिमोर लेस्टे**<br>सन् २००२ | भाग ३(२)(क)<br>भग ३(३) | (२) **राष्ट्रको भूभागभित्र जन्मेसम्म** देहायका **नागरिकहरू** पूर्वी टिमोरको मूल नागरिक ठहरिनेछन् : (क) **इस्ट टिमोरमा जन्मेको बाबु वा आमा**को सन्तान<br>(३) विदेशमा जन्मेकै भए पनि टिमोरिज **बाबु वा आमाको सन्तान पूर्वी** टिमोरको मूल नागरिक ठहरिनेछ । | *आमाले स्वतन्त्र रूपमा आफ्ना सन्तानलाई नागरिकता हस्तान्तरण गर्न सक्छिन् ।* |
| **फिजी द्वीप**<br>सन् १९९७ | भाग १२(१) | यदि कुनै व्यक्तिको जन्म हुंदाको बखत निजको **बाबुआमा मध्ये कुनै एकजना** फिजीको नागरिक भएको अवस्थामा यो संविधान जारी भएको दिन वा त्यसपछि फिजी बाहिर जन्मेको बच्चा पञ्जीकरणको माध्यमबाट फिजीको नागरिक बन्न सक्नेछ । | *आमाबाबु मध्य जो कोहीले स्वतन्त्र रूपमा आफ्ना सन्तानलाई नागरिकता हस्तान्तरण गर्नसक्छन् ।* |
| **गाम्बिया**<br>सन् १९९६ | धारा ९ | यो संविधान जारी जारी भएपछि गाम्बियामा जन्मेको प्रत्येक व्यक्ति यदि उसको जन्म हुंदाको बखत निजको बाबुआमा **मध्ये कुनै एक जना गाम्बियाको नागरिक** भएमा निज जन्मको आधारमा गाम्बियाको नागरिक मानिनेछ । | *आमाबाबु मध्य जो कोहीले स्वतन्त्र रूपमा आफ्ना सन्तानलाई नागरिकता हस्तान्तरण गर्नसक्छन् ।* |

निष्कर्ष

कार्य/कदमहरू

## ३२ पुरूषले आफ्नी श्रीमतीलाई जस्तै के महिलाले आफ्नो श्रीमान्लाई वैवाहिक सम्बन्धको आधारमा समान ढंगले नागरिकता दिलाउन सक्छिन् ?

व्याख्या

आफ्नो पतिलाई नागरिकता दिलाउन सक्ने महिलाको समान हैसियतले हिडडुल र बसोबासको स्वतन्त्रता जस्ता आफ्नो परिवारसम्बद्ध अधिकार र संरक्षण गुमाउने जोखिम बिना नै कुनै फरक देशको नागरिकसँग पनि विवाह गर्न सक्ने उनको स्वतन्त्रता प्रबर्द्धनमा सहयोग पुर्‍याउँछ ।

समान शर्तमा नागरिकता दिलाउन सक्ने महिलाको संवैधानिक हैसियतले महिला र पुरूष दुवै संवैधानिक समुदायका पूर्ण सदस्य हुन्, उनीहरूका नागरिकता सम्बन्धी शर्तहरू समान छन्, र राज्यले महिलाभन्दा पुरूषलाई बढी सुविधा प्रदान गर्दैन भन्ने कुरालाई पनि स्थापित गर्दछ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **मोजाम्बिक** सन् २००४ | धारा २६(१) | राज्यविहीनताको अवस्थामा बाहेक र देहायका शर्तहरु पूरा भएपछि **मोजाम्बिकन नागरिकसँग विवाह गरेको** कम्तीमा पाँच बर्ष भएको विदेशीले मोजाम्बिकको नागरिकता प्राप्त गर्न सक्नेछ, : (क) निजले आफू मोजाम्बिकन राष्ट्रियता हासिल गर्न इच्छुक रहेको घोषणा गरेमा ; (ख) निजले कानूनले तोकेको आवश्यकताहरु पूरा गरेको र जमानत दिएको अवस्थामा । | *महिला र पुरूष दुवैलाई नागरिकता हासिल गर्ने र आफ्नो पति/पत्नीलाई नागरिकता प्रदान गर्ने अधिकार छ ।* |
| **नामिबिया** सन् १९९० | धारा ४(३)(क) | **विवाहको माध्यमबाट** देहायका व्यक्तिहरु नामिबियाको नागरिक हुनेछन् : (क) उपधारा (१) वा (२) अनुसार नामिबियाको नागरिक नरहेकाहरु र (कक) **नामिबियाको नागरिकलाई असल नियतले विवाह गर्ने** वा, यो संविधान लागू हुनु अघि यो संविधान लागू भएको अवस्थामा नामिबियाको नागरिकताका लागि **योग्य हुने व्यक्तिलाई असल नियतका साथ विवाह गरेको** ; र (खख) त्यस्तो विवाह पछि नामिबियामा **त्यस्तो व्यक्तिको पति/पत्नीका रूपमा** कम्तीमा पनि दश बर्ष साधारण बसोबास गरेको । | *महिला र पुरूष दुवैलाई नागरिकता हासिल गर्ने र आफ्नो पति/पत्नीलाई नागरिकता प्रदान गर्ने अधिकार छ ।* |
| **बार्बाडोस** सन् १९६६ | धारा ३क(१)(ख) | देहायका विवरणका व्यक्तिहरूको पनि आवेदन पछि बारबाडोसको **नागरिकका रूपमा दर्ता हुने** अधिकार छ, (क) **बारबाडोसको नागरिकसँग विवाह गरेको** र सो नागरिकसँग तोकिए अनुसार सो व्यक्तिको आवेदनअघि सँगै बसोबास गरेको । | *महिला र पुरूष दुवैलाई नागरिकता हासिल गर्ने र आफ्नो पति/पत्नीलाई नागरिकता प्रदान गर्ने अधिकार छ ।* |
| **पनामा** सन् १९७२ | धारा १०(२) | देहायका व्यक्तिहरूले पनामाको अङ्गिकृत नागरिकता लिन सक्नेछन् : (क) गणतन्त्रको भूभागभित्र लगातार तीन बर्ष बसोबास गरेको विदेशी (…) **पनामाका नागरिकको पति/पत्नी** … | *महिला र पुरूष दुवैलाई नागरिकता हासिल गर्ने र आफ्नो पति/पत्नीलाई नागरिकता प्रदान गर्ने अधिकार छ ।* |

निष्कर्ष

कार्य/कदमहरू

# ३३ आधारभूत अधिकार र स्वतन्त्रतासम्बन्धी व्यवस्थाहरू सबैका लागि समान रूपले लागू हुन्छन् वा नागरिकका लागि मात्र व्यवस्था गरिएको छ ? यदि केही अधिकारहरू नागरिकका लागि मात्र लागू हुने गरी व्यवस्था गरिएको छ भने यी लोकतान्त्रिक राज्य व्यवस्था र अन्तर्राष्ट्रिय दायित्व अनुकूल हुन्छन् त ?

## व्याख्या

नागरिकताको हैसियत जे-जस्तो भए तापनि आधारभूत अधिकार र मौलिक स्वतन्त्रता सबै व्यक्तिका लागि नैसर्गिक हुन् । अन्तर्राष्ट्रिय कानूनले अधिकांश अधिकारहरु (मतदानमा भाग लिने वा निर्वाचनमा उठ्ने र हिंडडुलको स्वतन्त्रता जस्ता केही राजनीतिक अधिकार बाहेक) नागरिकहरुमा मात्र सीमित हुन नहुने कुरामा जोड दिन्छ ।

नागरिकमा अधिकार सीमित गर्ने कार्य महिलाहरु र द्वन्द्वजनित विस्थापन जस्ता कारणले आफ्नो नागरिकता स्थापित गर्न कठिन हुने व्यक्तिहरुका लागि विशेष सान्दर्भिक छ । अर्को देशबाट कामका लागि आप्रवासनमा जाने वा बसाइँसराइ गर्ने महिलाहरुका लागि पनि यो विषय उत्तिकै सान्दर्भिक छ, जो जोखिममा हुनेगर्छन् । न्यायसंगत र समतामूलक समाजको प्राप्तिका लागि गैरनागरिक बासिन्दाहरुको अधिकारको संरक्षण महत्वपूर्ण हुन्छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **जिम्बाब्वे**<br>सन् २०१३ | धारा७६(१) | **जिम्बाब्वेको प्रत्येक नागरिक र स्थायी बासिन्दालाई प्रजनन् स्वास्थ्य सेवासहित आधारभूत स्वास्थ्य सेवामा पहुँचको अधिकार हुनेछ ।** | *स्थायी बासिन्दाहरुको शिक्षा र सामाजिक सेवामा अधिकार छ ।* |
| **बोलिभिया**<br>**सन्** २००९ | धारा १७ | **हरेक व्यक्तिलाई विना कुनै भेदभाव** सबै तहको र सर्वव्यापी, उत्पादक, नि:शुल्क, विस्तृत र अन्तरसाँस्कृतिक **शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ** । | *सबै व्यक्तिको शिक्षामा अधिकार छ ।* |
| **कोलम्बिया**<br>सन् १९९१ | धारा (२) | **गणतन्त्र कोलम्बियाका निकायहरू कोलोम्बियामा बसोबास गर्ने सबै व्यक्तिहरूको साथै उनीहरूको जीवन, सम्मान, सम्पत्ति, आस्था, र अन्य अधिकार र स्वतन्त्रताहरूको संरक्षण गर्न** र राज्य तथा व्यक्तिको सामाजिक जिम्मेवारी पूर्ण भएको सुनिश्चित गर्न **स्थापना गरिएका छन् ।** | *सबै व्यक्तिको अधिकार र स्वतन्त्रता छ ।* |
| **बोस्निया हर्जगोभिना**<br>सन् १९९५ | धारा आ(३) | बोस्निया र हर्जगोभिनाको **भूभागमा रहेका सबै व्यक्तिले माथि अनुच्छेद २ मा उल्लिखित गरिएको मानवअधिकार र आधारभूत स्वतन्त्रता उपभोग गर्नेछन्** : त्यस अन्तर्गत देहायका कुराहरू समावेश हुनेछन् : (क) जीवनको अधिकार (ख) यातना वा अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरूद्धको अधिकार (ग) दासत्व वा बँधुवा मजदुरमा राख्ने वा बलजफ्ती वा अनिवार्य श्रमविरूद्धको अधिकार (घ) व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकार (ङ) देवानी र फौजदारी मामिलामा निष्पक्ष सुनुवाईको अधिकार, र फौजदारी विधिसम्बन्धी अन्य अधिकार (च) निजी र पारिवारिक जीवन, घर र सञ्चारसम्पर्कको अधिकार (छ) विचार, विवेक र धर्मको स्वतन्त्रता (ज) अभिव्यक्ति स्वतन्त्रता । (झ) शान्तिपूर्वक भेला हुन र संगठित हुन पाउने स्वतन्त्रता (ञ) विवाह र परिवार बसाउने अधिकार (त) सम्पत्तिको अधिकार (थ) शिक्षाको अधिकार (द) हिंडडुल र आवासको अधिकार | *सबै व्यक्तिको मानवअधिकार र आभारभूत स्वतन्त्रता सुरक्षित गरिएको छ ।* |

निष्कर्ष

कार्य/कदमहरू

संविधानमा महिला समानताको समीक्षा

# व्यवस्थापिका र निर्वाचन

प्रश्न ३४ - ३७



# ३४ राजनीतिक दलमा महिलाहरूको सहभागिता र प्रतिनिधित्व बढाउने खालका प्रावधानहरू संविधानमा प्रस्तावित गरिएका छन् ?

## व्याख्या

निर्वाचित पदका लागि राजनीतिक दलहरु 'द्वाररक्षक' हुन्, त्यसैकारण उनीहरु आन्तरिक रूपमा कसरी सञ्चालित हुन्छन्, र महिलाहरूले दलभित्र महत्वपूर्ण नेतृत्वदायी पदहरु प्राप्त गर्छन् गर्दैनन् भन्ने कुरा सामान्य राजनीतिक प्रणालीमा महिलाको सहभागिता र प्रतिनिधित्वका लागि महत्वपूर्ण हुन्छ । "महिलाहरूले निर्वाचन प्रचारप्रसार र आफ्नो दलका लागि समर्थन जुटाउने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरे तापनि ती संरचनाहरूको निर्णायक पदमा उनीहरूको उपस्थिति विरलै हुने गर्छ (सेभडोभा, सन् २००५ : ३७)।" धेरै दलहरूमा महिला विभाग हुने र दलभित्र यसको केही भूमिका हुने भए तापनि दलका निर्णयहरूमा यसको प्रभाव सीमित हुन्छ । महिलाहरूलाई दलको संरचनामा, विशेषगरी निर्णायक निकायमा समाहित गरिनुपर्छ । जनताको राजनीतिक आकांक्षालाई एकीकृत गर्ने र अभिव्यक्त गर्ने राजनीतिक दलहरूको महत्वपूर्ण भूमिकालाई पूरा गर्न महिलाहरूले दलको प्रथामिकता र एजेण्डा निर्धारणमा सहभागी हुन पाउनुपर्छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **अर्जेन्टिना**<br>सन् १९९४ | भाग ३७ | राजनीतिक दलसम्बन्धी नियमावली र निर्वाचन प्रणालीमा सकारात्मक पहलमार्फत ...**निर्वाचित र राजनीतिक दलका पदहरूमा पुरुष र महिलाका लागि वास्तविक समानताका अवसरहरू** प्रत्याभूत गरिनेछ । | *राजनीतिक दलहरूले लैङ्गिक समानतासहितका निश्चित सिद्धान्तहरूलाई पालना गर्नुपर्छ ।* |
| **कोलम्बिया**<br>सन् १९९१ | धारा १०७ | राजनीतिक दल र गतिविधिहरु लोकतान्त्रिक रूपले संगठित हुनेछन् र पारदर्शिता, वस्तुनिष्ठता, नैतिकता, **लैङ्गिक समता** र आफ्ना राजनीतिक कार्यक्रमहरूलाई प्रस्तुत र प्रचारप्रसार गर्ने दायित्वलाई **उच्च सिद्धान्तका साथ पूरा गर्नेछन्** । | *राजनीतिक दलहरूले लैङ्गिक समानतासहितका निश्चित सिद्धान्तहरूलाई पालना गर्नुपर्छ ।* |
| **हाइटी**<br>सन् १९८७ | धारा३१ (१)(१) | राजनीतिक दलसम्बन्धी कुनै पनि कानूनले आफ्नो संरचना र कार्यसञ्चालन संयन्त्रमा धारा १७.१ मा उल्लेख भए अनुसार **महिलाका लागि कम्तीमा पनि तीस प्रतिशत (३०% कोटाको सिद्धान्त** परिपालन गर्नुपर्नेछ । | *राजनीतिक दलको विधान, कानून वा निर्वाचन व्यवस्थापन निकायमार्फत राजनीतिक दलभित्र महिलाको प्रतिनिधित्व र सहभागिताको प्रत्याभूति* |
| **बोलिभिया**<br>**सन् २००९** | धारा२१० | नागरिक संघसंस्था र राजनीतिक दलको नेतृत्व र उम्मेद्वारहरूको आन्तरिक निर्वाचनको नियमन र सुपरीवेक्षण बहुराष्ट्रिय निर्वाचन निकाय (Pluri-National Electoral Organ) बाट हुनेछ, जसले पुरुष र महिलाको समान सहभागिता सुनिश्चित गर्नेछ । | *राजनीतिक दलको विधान, कानून वा निर्वाचन व्यवस्थापन निकायमार्फत राजनीति दलभित्र महिलाको प्रतिनिधित्व र सहभागिताको प्रत्याभूति* |
| **नेपाल**<br>सन् २००७ | धारा १४२ (३ग) | (३) उपधारा १ अनुसार आवेदन दिंदा राजनीतिक दलहरूले देहायका शर्तहरु पूरा गर्नेछन् : (ग) दलको विधान वा नियमावलीमा विभिन्न तहका कार्यकारी समितिहरूमा **महिला र दलितसहित उपेक्षित र उत्पीडित समूहका सदस्यहरूको समावेश** गरिने **प्रावधान हुनुपर्छ** । | *राजनीतिक दलको नेतृत्व निकायहरूमा महिलाको प्रतिनिधित्वको प्रत्याभूति* |

| | | | |
|---|---|---|---|
| **युगाण्डा**<br>सन् १९९५ | धारा७१ (१घ) | बहुदलीय राजनीतिक प्रणालीमा राजनीतिक दलले देहाय सिद्धान्तहरूको पालना गर्नुपर्छ :<br>(घ) **राजनीतिक दलको राष्ट्रिय तहका सदस्यहरू** यस धाराको परिच्छेद (क) र (ख)का प्रावधानहरु अनुरूप र **लैङ्गिकतालाई ध्यानमा राख्दै** युगाण्डाका नागरिकहरु मध्येबाट **नियमित रूपमा निर्वाचित** हुनेछन् । | *राजनीतिक दलको नेतृत्व निकायहरूमा महिलाको समावशिकरण* |

निष्कर्ष

कार्य/कदमहरू

# ३५ निर्वाचन प्रणाली महिलाहरूका लागि सहयोगी/अनुकूल छ ?

## व्याख्या

कुन किसिमको निर्वाचन प्रणाली अवलम्बन गर्ने भन्ने कुराले महिलाको राजनीतिक प्रतिनिधित्वमाथि गहिरो प्रभाव पार्दछ, र यो कुरा कोटाको प्रयोग गर्ने र नगर्ने दुवै प्रणालीमा लागू हुन्छ । महिलाको निर्वाचनलाई सहजीकरण गर्ने प्रणालीको ढाँचा निर्धारण गर्दा निर्वाचन प्रणालीको विभिन्न पक्षहरूलाई हेर्नुपर्ने हुन्छ ।

विश्वभरका निर्वाचन प्रणालीलाई तीन बृहत वर्गमा वर्गीकरण गर्न सकिन्छ – समानुपातिक प्रतिनिधित्व, धेरैमत/बहुमत र मिश्रित प्रणाली (अघिल्लो दुई प्रणालीका विशेषताहरूको मिश्रण) । यी निर्वाचन प्रणालीका विविध पक्षले महिलाहरूको निर्वाचित हुने सम्भावनालाई उल्लेखनीय रूपमा प्रभावित गर्नसक्छन् : मतलाई सिटमा रूपान्तरण गर्ने निर्वाचनको सूत्र ; जिल्लाको आकार वा जिल्लामा निर्वाचित हुने सिटको संख्या ; र मतदानको संरचना अर्थात मतदाताहरूलाई उम्मेद्वार वा राजनीतिक दलहरूबीचको आफ्नो प्राथमिकतालाई अभिव्यक्त गर्ने अवसर कसरी प्रदान गरिन्छ भन्ने आधारमा (इन्टनेसनल आइडिया सन् २००७ :१५) ।

बन्द सूचीसहितको समानुपातिक निर्वाचन प्रणाली (अर्थात जहाँ उम्मेद्वारहरूको क्रम निर्धारित भएको राजनीतिक दलको सूचीका लागि मतदाताहरूले मत दिन्छन्) अवलम्बन गरिंदा र जिल्लाको आकार ठूलो हुँदा महिलाहरु निर्वाचित हुने सम्भावना एकल सदस्यीय जिल्लासहितको धेरैमत/बहुमत निर्वाचन प्रणालीमा भन्दा बढी हुने गरेको पाइएको छ । किनभने यस प्रणालीले दलहरूलाई बढी सन्तुलित र विविधतापूर्ण उम्मेदवारको सूची प्रस्तुत गर्ने अवसर प्रदान गर्छ र जिल्लाको एउटा मात्र सिटमा मनोनयनका लागि दलभित्रै आन्तरिक रूपमा महिला र पुरूषले प्रतिस्पर्धा गर्नुपर्ने हुँदैन । यो प्रणाली सूचीमा आधारित प्रकृतिका कारण लैङ्गिक कोटा अवलम्बन गर्नका लागि पनि सही छ ।

विगतको दशकमा धेरै देशहरूले आ-आफ्नो संविधान र कानूनमा संशोधन गरी महिला र पुरूष उम्मेदवार एकपछि अर्को गर्दै बराबरीको संख्यामा छनौट गरी सूची तयार गर्ने (जिपर वा जेब्रा लिस्ट भनिने) र सो सूची निर्वाचन निकाय समक्ष पेश गर्नुपर्ने प्रावधान अंगीकार गरेका छन् । उम्मेदवारको सूचीमा अधिकतम लैङ्गिक समानता निर्धारण गर्ने सिद्धान्त र स्थायी शर्तका रूपमा यस किसिमको व्यवस्था अघि आएको छ ।

यसका अतिरिक्त, सार्वजनिक पदमा निर्वाचित हुनका लागि साक्षरता वा उच्च शिक्षाको खास आवश्यकताले महिलामाथि विभेदपूर्ण ढंगबाट नकारात्मक प्रभाव पार्नसक्छ । वयस्क शिक्षा वा प्राथमिक वा उच्च शिक्षा दरमा लैङ्गिक दुरी ठूलो रहेको देशहरूमा यो विशेष चिन्ताको कुरो हो ।

सङ्घीय वा विकेन्द्रीकृत व्यवस्थामा महिलाको राजनीतिक सहभागिता सुनिश्चित गर्ने उपायहरु हरेक तहमा लागू भएको सुनिश्चित गर्नु महत्वपूर्ण हुन्छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **बुरूण्डी** सन् २००५ | धारा १६८ | उपप्रमुखहरूको निर्वाचन **समानुपातिक प्रतिनिधित्वमार्फत** ब्लक सूचीका लागि मतदान भएपछि हुनेछ । **यी सूचीहरू** बहुजातीय विशेषतायुक्त हुनुपर्छ **र पुरूष र महिलाबीचको सन्तुलनलाई ध्यानमा राख्नुपर्नेछ** । एउटा सूचीमा सँगै दर्ता भएका तीन उम्मेद्वारमध्ये दुईवटा मात्र एउटै जातीय समूहको हुन सक्नेछन्, र **चारजना उम्मेदवार मध्ये कम्तीमा पनि एक जना महिला हुनुपर्नेछ ।** | *समानुपातिक निर्वाचन प्रणाली*<br><br>*दलको उम्मेद्वारको सूचीमा महिलाका लागि कोटा* |
| **जिम्बाब्वे** सन् २०१३ | धारा १०२ (२) | सिनेटरहरु निर्वाचन कानून अनुसार निर्वाचित हुनुपर्छ । उपधारा (१) (क)मा उल्लेख गरिएका सिनेटरहरु **दलको सूचीसहितको समानुपातिक प्रणाली अन्तर्गत** निर्वाचित भएको सुनिश्चित गर्नुपर्नेछ ... र ख.**पुरूष र महिला उम्मेद्वार पालैपालो सूचीकृत भएको अवस्थामा हरेक सूचीको अग्रस्थानमा महिला उम्मेद्वार हुनुपर्नेछ ।** | *समानुपानितक प्रतिनिधित्व निर्वाचन प्रणाली*<br><br>*दलको उम्मेद्वारहरूको सूचीमा महिलालाई अग्रस्थान दिनुपर्ने आवश्यकता* |
| **अर्जेन्टिना** सन् १९९४ | भाग ३७ | **राजनीतिक दलसम्बन्धी कानून र निर्वाचन प्रणालीमा सकारात्मक पहलमार्फत निर्वाचित हुने र दलको पदमा उम्मेद्वारी दिएका पुरुष र महिलाबीच वास्तविक रूपमै समानताको अवसर प्रत्याभूत गरिनेछ ।** | *कानूनद्वारा लागू गरिनुपर्ने सामान्य निर्वाचन प्रणाली र राजनीतिक दलसम्बन्धी आवश्यकताहरु* |
| **बोस्निया हर्जगोभिना** सन् १९९५ | धारा आ(३) | बोस्निया र हर्जगोभिनाको **भूभागमा रहेका सबै व्यक्तिले माथि अनुच्छेद २ मा उल्लिखित गरिएको मानवअधिकार र आधारभूत स्वतन्त्रता उपभोग गर्नेछन् :** त्यस अन्तर्गत देहायका कुराहरू समावेश हुनेछन् : (क) जीवनको अधिकार (ख) यातना वा अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरूद्धको अधिकार (ग) दासत्व वा बँधुवा मजदुरमा राख्ने वा बलजफ्ती वा अनिवार्य श्रमविरूद्धको अधिकार (घ) व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकार (ङ) देवानी र फौजदारी मामिलामा निष्पक्ष सुनुवाईको अधिकार, र फौजदारी विधिसम्बन्धी अन्य अधिकार (च) निजी र पारिवारिक जीवन, घर र सञ्चारसम्पर्कको अधिकार (छ) विचार, विवेक र धर्मको स्वतन्त्रता (ज) अभिव्यक्ति स्वतन्त्रता । (झ) शान्तिपूर्वक भेला हुन र संगठित हुन पाउने स्वतन्त्रता (ञ) विवाह र परिवार बसाउने अधिकार (त) सम्पत्तिको अधिकार (थ) शिक्षाको अधिकार (द) हिंडडुल र आवासको अधिकार | *सबै व्यक्तिको मानवअधिकार र आभारभूत स्वतन्त्रता सुरक्षित गरिएको छ ।* |
| **इक्वेडोर** सन् २००८ | धारा ११६ | एकभन्दा बढी उम्मेदवार निर्वाचित हुने अवस्थामा **कानून बमोजिम समानुपातिकता, मतको समानता, महिला र पुरूषबीच समता, शक्तिको बराबरी र आलोपालोको सिद्धान्त अनुकूल हुने गरी निर्वाचन प्रणाली स्थापित गरिनेछ** र देशभित्र र बाहिर मतदानका सीमाहरु निर्धारण गरिनेछ । | *कानूनद्वारा लागू गरिनुपर्ने निर्वाचन प्रणालीमा लैङ्गिक समानताका लागि सामान्य आवश्यकताहरु* |

निष्कर्ष

कार्य/कदमहरू

## ३६ के संविधानमा विधायिका वा संसदमा महिलाहरूको सहभागिता र प्रतिनिधित्वलाई सुनिश्चित वा सहजीकरण गर्ने प्रावधानहरू छन् ?

### व्याख्या

विश्वभरि नै विधायिकामा महिला प्रतिनिधित्वको अनुपात फरक फरक रहेको पाइन्छ, तर सामान्यतया महिलाको प्रभावकारी सहभागिताका लागि अत्यावश्यक स्तरका रूपमा ३० प्रतिशतको अनुपातलाई लिने गरिन्छ । समाजमा गहिरोसंग जरा गाडेको पुरूषवादी सोच र लामो समयदेखि स्थापित भेदभावपूर्ण मान्यतालाई हटाउँदै विधायिकामा महिलाको प्रतिनिधित्व बढाउनु निःसन्देह चुनौतीपूर्ण हुन्छ । तसर्थ महिलाको प्रतिनिधित्व बढाउने संयन्त्रमाथि गहिरिएर विचार गर्नु जरूरी छ । त्यस्ता संयन्त्रहरूमध्ये कोटा पनि एउटा संयन्त्र हो जसलाई देहाय बमोजिम वर्गीकरण गर्न सकिन्छ : कानून बमोजिम उम्मेदवारीमा कोटा (कानूनमा व्यवस्था गरिएको र राजनीतिक दलहरूले अनिवार्य रूपले पालना गर्नुपर्ने कोटा), महिलाका लागि आरक्षित सिट, लैङ्गिक रूपमा तटस्थ कोटा (जसले दुवै लिङ्गका लागि न्यूनतम स्तर निर्धारण गर्छ, जस्तै : कुनै पनि लिङ्गको ६०% भन्दा बढी सिट नहुने) र राजनीतिक दलका तर्फबाट निर्धारण गरिएको स्वैच्छिक कोटा ।

संविधान वा निर्वाचनसम्बन्धी कानूनमा नै उम्मेद्वारको कोटा निर्दिष्ट गरिएको अवस्थामा त्यसले उच्च गुणस्तरको मानक स्थापित गर्नुपर्छ, जसअनुसार उम्मेद्वारी दिने महिलाहरूले सूचीमा 'जित्नसकिने' पदहरूमा पहुँच प्राप्त गर्ने गरी स्थान वा क्रम प्रदान गरिनुपर्छ र प्रभावकारी प्रतिबन्धहरु समावेश हुनुपर्छ (उदाहरणका लागि, कोटासम्बन्धी कानूनको आवश्यकता पूरा नगरेको अवस्थामा दलको सूची दर्ता नहुने व्यवस्था) । विगतको दशकमा धेरै देशहरूले आ-आफ्नो संविधान र कानूनमा संशोधन गरी महिला र पुरूष उम्मेदवार एकपछि अर्को गर्दै बराबरीको संख्यामा छनौट गरी सूची तयार गर्ने (जिपर वा जेब्रा लिस्ट भनिने) र सो सूची निर्वाचन निकाय समक्ष पेश गर्नुपर्ने प्रावधान अंगीकार गरेका छन् । उम्मेदवारको सूचीमा अधिकतम लैङ्गिक समानता निर्धारण गर्ने सिद्धान्त र स्थायी शर्तका रूपमा यस किसिमको व्यवस्था अघि आएको छ ।

संविधान वा निर्वाचनसम्बन्धी कानूनमा नै आरक्षित सिटहरूको सम्बन्धमा व्यवस्था गर्न सकिन्छ । त्यसले विधायिकी निकायहरूमा निर्वाचित हुने महिलाको संख्या निर्धारण गर्ने काम गर्छ । आरक्षित सिटमा निर्वाचित हुने महिला सांसद्हरूको छनौट लोकतान्त्रिक र पारदर्शी ढंगबाट हुने गरी नियम र कानूनको विकास गरिएको सुनिश्चित गर्न विशेष ध्यान दिनुपर्छ । दलहरूका तर्फबाट निर्धारण हुने स्वैच्छिक कोटाहरूको बारेमा प्रायः संविधानमा उल्लेख गरिदैन तर त्यसलाई सम्बन्धित संवैधानिक धाराअन्तर्गत सुरक्षित गरिएको अस्थायी विशेष उपायका रूपमा लिइनु उपयुक्त हुन्छ । उपयुक्त संयन्त्रको छनौट निर्वाचन प्रणालीको आधारमा हुनुपर्छ किनभने कोटाहरु निश्चित निर्वाचन प्रणालीसँगको तालमेलमा मात्र प्रभावकारी हुन्छन् । यस्ता संयन्त्रहरु प्रभावकारी हुनका लागि सुदृढ कार्यान्वयन व्यवस्था र कानूनको परिपालना नभएको अवस्थामा दण्डित गरिने व्यवस्था हुनु अत्यावश्यक छ र त्यो विशेषगरी कानूनमार्फत सम्बोधन गर्ने गरिन्छ । अधिक संख्यामा महिला उम्मेद्वारहरूलाई समावेश गर्ने प्रोत्साहन वा दण्डका रूपमा दलहरूलाई दिइने सार्वजनिक आर्थिक सहायतालाई प्रयोग गर्न सकिन्छ ।

विधायिकी निर्वाचनमा महिलाहरूको सहभागितामा आउन सक्ने सम्भावित व्यवधानहरूप्रति पनि सचेत रहनु महत्वपूर्ण हुन्छ । उदाहरणका लागि, सार्वजनिक पदका लागि आवश्यक हुने केही योग्यताहरूको महिलामाथि भेदभावजन्य प्रभाव पर्नसक्छ । किनभने त्यो पूरा गर्न महिलाका लागि कठिन हुनसक्छ वा पुरूषको तुलनामा त्यो योग्यता पूरा गर्ने महिलाहरूको संख्या कम हुनसक्छ । यसमा सार्वजनिक पदमा निर्वाचित हुन योग्यताको मापदण्डका रूपमा उच्च शिक्षा उल्लेख गर्ने निर्वाचनसम्बन्धी नियमावली हुनसक्छ, जसको महिलामाथि तुलनात्मक रूपमा नकारात्मक प्रभाव पर्नसक्छ । प्राथमिक र उच्च शिक्षा हासिल गर्ने दरमा उल्लेखनीय लैङ्गिक दुरी रहेका देशहरूमा यो स्वाभाविक रूपमै विशेष चासोको विषय हो ।

महिलाको राजनीतिक सहभागिता सम्बन्धमा विद्यमान व्यवधानहरूले संविधानमा रहेका अन्य प्रावधानहरूलाई समेत निस्तेज तुल्याउन सक्छन्, जस्तै अविभेदसम्बन्धी प्रावधान । अविभेदसम्बन्धी प्रावधानहरूलाई कहिलेकाँही महिलाहरूको प्रतिनिधित्व बढाउन चालिने विशेष उपायहरूमाथि अंकुश लगाउन गरिएको व्यवस्था भनी व्याख्या गर्न पनि सकिन्छ । त्यस्ता उपायहरु संविधान विपरीत नभएको स्पष्टताले मात्रै पछिल्ला कानूनी चुनौतीहरूको निराकरणमा सघाउ पुऱ्याउंछ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **ट्यूनिसिया** सन् २०१४ | धारा ३४ | निर्वाचन, मतदान र उम्मेद्वारीको अधिकार कानून अनुसार प्रत्याभूत गरिएको छ । **राज्यले निर्वाचित निकायहरूमा महिला प्रतिनिधित्व सुनिश्चित गर्ने प्रयास गर्नेछ ।** | *महिला प्रतिनिधित्वका लागि सामान्य व्यवस्थाहरु* |
| **ट्यूनिसिया** सन् २०१४ | धारा ४६ | **राज्यले निर्वाचित सभाहरूमा महिला र पुरूषबीच समानता हासिल गर्ने प्रयास गर्छ ।** | *महिला प्रतिनिधित्वका लागि सामान्य व्यवस्थाहरु* |
| **अर्जेन्टिना** सन् १९९४ | भाग ३७ | मताधिकार सर्वव्यापी, समान, गोप्य र अनिवार्य हुनेछ । **निर्वाचित हुने र राजनीतिक दलका पदहरूमा पुरूष र महिलाका लागि वास्तविक समानताका अवसरहरू राजनीतिक दलसम्बन्धी नियमावली र निर्वाचन प्रणालीमा सकारात्मक पहलमार्फत प्रत्याभूत गरिनेछ ।** | *महिला प्रतिनिधित्वका लागि सामान्य व्यवस्थाहरु* |
| **अफगानिस्तान** सन् २००४ | धारा ८३ | निर्वाचनसम्बन्धी कानूनले निर्वाचन प्रणालीमार्फत मुलुकका जनताको सामान्य र उचित प्रतिनिधित्व हुने उपायहरू अवलम्बन गर्नेछ र हरेक प्रान्तको जनसङ्ख्याको अनुपात अनुसार औसतमा **कम्तीमा पनि दुई जना महिला सदस्यहरू हरेक प्रान्तबाट जनसभा (हाउस अफ पिपल)को सदस्य निर्वाचित हुनेछन् ।** | *माथिल्लो र तल्लो सदनमा महिलाका लागि आरक्षित सिटहरु* |
| **बुरूण्डी** सन् २००५ | ६,२, धारा १६४ | राष्ट्रिय सभामा प्रत्यक्ष बालिग निर्वाचन प्रणाली मार्फत निर्वाचित न्यूनतम **३० प्रतिशत महिला** सहित कम्तीमा पनि एक सय सभासद् रहनेछन् | *माथिल्लो र तल्लो सदनमा महिलाका लागि कोटा* |
| **दक्षिण सुडान** सन् २०११ | भाग २, धारा १६(३) र (४क) | (३)महिलालाई सार्वजनिक जीवनमा पुरूषसरह समान रूपले सहभागी हुने हक हुनेछ । (४) **सबै तहका सरकारले देहायका कामहरू गर्नेछन् :** (क) इतिहास, परम्परा र संस्कारले सिर्जना गरेका असन्तुलनहरु हटाउन **सार्वजनिक जीवनमा महिलाको सहभागिता प्रवर्द्धन र सकारात्मक पहलका रूपमा व्यवस्थापिका र कार्यकारी अंगमा कम्तीमा पनि पच्चिस प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गर्ने ।** | *सबै विधायिकी निकायहरूमा महिलाका लागि कोटा* |
| **दक्षिण सुडान** सन् २०११ | भाग ११, धारा १६३(७) | सकारात्मक पहलको सिद्धान्त पूरा गर्न **हरेक प्रदेशको विधायिकी र कार्यकारी अंगमा बाँकी सिट र पदहरूमा प्रतिस्पर्धा गर्न पाउने अधिकारमा कुनै कटौती नहुने गरी महिलाका लागि कम्तीमा पच्चिस प्रतिश सिट र पद छुट्टाइनेछ ।** | *उप-राष्ट्रिय विधायिकामा महिलाका लागि कोटा* |
| **केन्या** सन् २०१० | अध्याय ४, २(२७)(८) | राज्यले उपधारा (६)मा उल्लिखित कुराहरूका अतिरिक्त **निर्वाचित वा नियुक्त गरिएका निकायका दुई तिहाई भन्दा बढी सदस्यहरू एउटै लिङ्गको हुने छैनन्** भन्ने सिद्धान्त कार्यान्वयन गर्न आवश्यक कानूनी र अन्य उपायहरु अवलम्बन गर्नेछ । | *माथिल्लो र तल्लो सदनमा लैङ्गिक रूपमा तटस्थ कोटा* |
| **थाइलैण्ड** सन् २००७ | भाग ९७ | दलीय सूचीको आधारमा हुने प्रतिनिधिसभाको सदस्यको निर्वाचनमा, दलको सूची देहाय अनुसार रहनेछ :<br>(२) दलको सूची (१)मा रहेका नामहरु कुनै पनि दलको निर्वाचन क्षेत्रको आधारमा हुने निर्वाचनको उम्मेद्वारहरूको सूचीमा दोहोरिने छैनन् र **पुरूष र महिलाबीचको अवसर, स्वीकृत कोटा र समानतालाई ध्यान दिइनेछ ।** | *दलको सूचीका लागि उम्मेद्वार छनौट गर्दा राजनीतिक दलहरूले लैङ्गिक समानतालाई ध्यानमा राख्नुपर्छ ।* |

निष्कर्ष

कार्य/कदमहरू

## ३७ विधायिका/ससंद्मा महिलाको पूर्ण सहभागितालाई सुरक्षित गरिएको छ ?

व्याख्या

विधायिकामा महिलाको उपस्थिति मात्रै उनीहरुको प्रभावकारिता वा सक्रिय सांसद्को रूपमा काम गर्ने कुरा प्रत्याभूत गर्न पर्याप्त छैन । आवरणमा व्यवस्थापिकाका औपचारिक नियम, प्रक्रिया, प्रचलन र अनौपचारिक मान्यताहरु लैङ्गिक रूपमा तटस्थ देखिए तापनि यथार्थमा तिनीहरूले महिलाको पूर्ण रूपमा सहभागी हुने क्षमतालाई प्रभावित तुल्याइरहेका हुन्छन् । संविधानमा नियम र प्रक्रियाहरुलाई स्थापित गराउनु भन्दा पनि विधायिकी नियमहरुले पालना गर्नैपर्ने सिद्धान्तहरु उल्लिखित सामान्य प्रावधानहरूले समानताको संरक्षणमा बढी लचकता प्रदान गर्दछन् ।

व्यवस्थापिकामा श्रमको विभाजन पनि लैङ्गिक हुनसक्छ ; उदाहरणका लागि शिक्षा र बाल कल्याण जस्ता विषयहरु सम्बोधन गर्ने समितिहरुमा महिलाहरुको बढी प्रतिनिधित्व र रक्षा, वित्त र वैदेशिक नीतिसम्बोधन गर्ने समितिहरुमा न्यून प्रतिनिधित्व भएको पाइन्छ । महिलाका अनुभव र चासोहरुका साथै उनीहरुका मतदाताहरुको हित प्रतिनिधित्व भएको सुनिश्चित गर्न कानून निर्माणको सबै क्षेत्रमा महिलाहरु सहभागी हुनु आवश्यक छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **इस्ट टिमोर**<br>सन् २००२ | भाग ६३<br><br>भाग ६ | (१)राजनीतिक जीवनमा **महिला र पुरूषको प्रत्यक्ष र सक्रिय सहभागिता** लोकतान्त्रिक प्रणालीको सुदृढीकरणका लागि एउटा आवश्यक र आधारभूत अवयव हो । (२) **कानूनले नागरिक र राजनीतिक अधिकारको उपभोगमा समानता र राजनीतिक पदमा पहुँचका लागि लैङ्गिकताको आधारमा अविभेदलाई प्रश्रय दिनेछ ।**<br>राज्यका **आधारभूत उद्देश्यहरू देहाय बमोजिम हुनेछन् :** (ञ)**पुरूष र महिलाबीच अवसरहरूको प्रभावकारी गुणस्तर** सिर्जना, प्रवर्द्धन र प्रत्याभूत गर्ने । | *महिलाको राजनीतिक सहभागितासम्बन्धी साधारण सिद्धान्तहरु* |
| **कङ्गो**<br>सन् २००६ | धारा १४ | **महिलाहरूलाई** राष्ट्रिय, प्रादेशिक र स्थानीय निकायहरुमा **समतामूलक प्रतिनिधित्वको अधिकार हुनेछ** । राज्यले यी निकायहरुमा **पुरूष-महिला समानताको** कार्यान्वयन सुनिश्चित गर्नेछ । | *व्यवस्थापकीय निकाय/आयोगका लागि समानता वा कोटा* |
| **गुयाना**<br>सन् १९८० | धारा २९ | निजी, सार्वजनिक वा राज्यस्तर, जुनसुकै तहमा हुने व्यवस्थापन वा निर्णय प्रकियामा **महिलाहरूको सहभागितालाई कानून बमोजिम वा अन्य कुनै माध्यमद्वारा प्रोत्साहित र सहजीकरण गरिनेछ ।** | *व्यवस्थापकीय निकाय/आयोगका लागि समानता वा कोटा* |

| | | | |
|---|---|---|---|
| **थाइलैण्ड**<br>सन् २००७ | भाग १५२ | बालबालिका, युवा, महिला, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति वा असमर्थ व्यक्तिहरूको सम्बन्धमा जनप्रतिनिधिहरूको अध्यक्षले निर्णय गर्नुपर्ने विधेयकमा **विचार गर्दा, प्रतिनिधिसभाको पूर्ण समितिले त्यसलाई विचार नगरेमा प्रतिनिधिसभाले** सम्बन्धित व्यक्तिसँग सरोकार राख्ने निजी संस्थाका प्रतिनिधि समेत रहेको **एउटा तदर्थ समितिको गठन गर्नेछ** जसमा समितिका कुल सदस्यको एक तिहाई भन्दा कम सदस्य हुने छैनन् र **पुरूष र महिला सदस्यको संख्यामा यथासम्भव नजिकको अनुपात** कायम गरिनेछ । | *व्यवस्थापकीय निकाय/आयोगका लागि समानता वा कोटा* |
| अङ्गोला<br>सन् २०१० | भाग ३,<br>धारा १५६ | स्थायी समितिको अध्यक्षता राष्ट्रिय सभाको अध्यक्षले गर्नेछ र त्यसमा देहाय अनुसारका सदस्यहरु रहनेछन् : (क) राष्ट्रिय सभाका उपाध्यक्षहरु; (ख) अध्यक्षहरु; (ग) संसदीय समूहका अध्यक्षहरु; (घ) श्रमसम्बन्धी स्थायी समितिको अध्यक्षहरु; (ङ) प्रशासनिक परिषदको अध्यक्ष; (च) **संसदीय महिला समूहको अध्यक्ष**; राष्ट्रिय सभामा सिट अनुसार बाह्र जना सदस्यहरु । | *व्यवस्थापकीय निकाय/आयोगका लागि समानता वा कोटा* |

निष्कर्ष

कार्य/कदमहरू

संविधानमा महिला समानताको समीक्षा

# सरकार

प्रश्न ३८ - ४५



# ३८ सरकारको नीति निर्माणमा लैङ्गिक मूलप्रवाहीकरण गर्ने विषय कुनै प्रावधानमा उल्लेख गरिएको छ ?

व्याख्या

लैङ्गिक मूलप्रवाहीकरणको अर्थ विद्यमान र भावी राष्ट्रिय कानून, नीति तथा कार्यक्रमहरूले महिला र पुरूषलाई कसरी भिन्न भिन्न तरिकाले प्रभावित गर्दछन् भन्ने विषयमा विश्लेषण गरी सो विश्लेषणलाई महिलाको सशक्तीकरण र समानताका लागि लागू गराउनु हो । लैङ्गिक मूलप्रवाहीकरण किन पनि महत्वपूर्ण छ भने कानून र नीति लैङ्गिक रूपमा तटस्थ देखिए तापनि त्यसको प्रभावले महिला र पुरुषबीच असमानता सिर्जना गर्ने वा त्यसलाई निरन्तरता दिने काम गर्नसक्छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **इक्वेडोर**<br>सन् २००८ | धारा ७० | राज्यले कानूनद्वारा निर्धारत विशिष्टीकृत संयन्त्रहरू मार्फत महिला र पुरूषबीच समानता हासिल गर्न नीतिहरूको निर्माण र कार्यान्वयन गर्नेछ । **योजना तथा कार्यक्रमहरूमा लैङ्गिकताको अवधारणालाई मूलप्रवाहीकरण गर्नेछ** र सार्वजनिक क्षेत्रमा यसको अनिवार्य कार्यान्वयनका लागि प्राविधिक सहयोग उपलब्ध गराउनेछ । | *राज्यले सरकारी नीतिमा लैङ्गिकताको मूलप्रवाहीकरण गर्नेछ ।* |
| **गुयाना**<br>सन् १९८० | धारा २१२छ(१) | **(१) सामाजिक न्याय र विधिको शासनको सुदृढीकरण गर्ने लक्ष्यका साथ देहायका आयोगहरूको स्थापना गरिनेछः** (क) मानवअधिकार आयोग; (ख) **महिला र लैङ्गिक समानता आयोग;** (ग) आदिवासी आयोग ; (घ) बालअधिकार आयोग । | *सरकारी नीतिमा लैङ्गिकताको मूलप्रवाहीकरण गर्न निश्चित निकाय जिम्मेवार रहने व्यवस्था ।* |
| | धारा २१२त(१) | (१) महिला र लैङ्गिक समानता आयोगले महिला अधिकार पनि मानवअधिकार हो भन्ने राष्ट्रिय मान्यतालाई प्रवर्द्धन गर्दै लैङ्गिक समानताका लागि सम्मान, र लैङ्गिक समानताको संरक्षण, विकास र प्राप्ति गर्नेछ । | |
| | धारा २१२ञ(२) | (२) मानवअधिकार आयोग बाहेक अन्य आयोगको सामान्य काम,कर्तव्य देहाय अनुसार हुनेछ : (क) आफ्नो अधिकार क्षेत्रभित्र पर्ने **सबै विद्यमान र प्रस्तावित कानून, नीति र कार्यक्रमहरूको उद्देश्य र विषयहरूको आधारमा त्यसको कार्यान्वयन स्थितिको अनुगमन र समीक्षा गर्नु** र कुनै कानूनमा संशोधन आवश्यक भए राष्ट्रिय सभामा प्रतिवेदन दिनु ... | |
| | धारा २१२द(१) | धारा २१२ञ(२)मा तोकिएका जिम्मेवारीका अतिरिक्त, **महिला र लैङ्गिक समानता आयोगको जिम्मेवारीहरू ... (ख) महिलाको हित र आवश्यकताका कुराहरूलाई एकीकरण गर्ने र लैङ्गिक सवालहरूलाई मूलप्रवाहीकरण गर्ने**<br>...(ञ) महिलाको हैसियतको वृद्धि र संरक्षणका लागि कानूनको कार्यान्वयनका साथै र नीति तथा कार्यक्रमहरूको तर्जुमाको लागि सिफारिस र प्रवर्द्धनात्मक उपायहरू अवलम्बन गर्ने । | |

| | | | |
|---|---|---|---|
| **केन्या**<br>सन् २०१० | धारा ५९ | (१) केन्या राष्ट्रिय मानवअधिकार र समानता आयोगको स्थापना गरिएको छ । (२) आयोगको जिम्मेवारीहरूमा ...(ख) आम रूपमा लैङ्गिक समानता र समताको प्रवर्द्धन गर्नु र **राष्ट्रिय विकासमा लैङ्गिक मूलप्रवाहीकरणको समन्वय र सहजीकरण गर्नु ।** | *सरकारी नीतिमा लैङ्गिकताको मूलप्रवाहीकरण गर्न निश्चित निकाय जिम्मेवार रहनेछ ।* |
| **दक्षिणी सुडान**<br>सन् २०११ | धारा १६६ (६ज) | (६) स्थानीय सरकारको उद्देश्यहरु देहाय हुनेछ : ...(ज) **स्थानीय सरकारमा लैङ्गिक मूलप्रवाहीकरण सुनिश्चित गर्ने** | *राज्यले सरकारी नीतिमा लैङ्गिकताको मूलप्रवाहीकरण गर्नेछ ।* |

निष्कर्ष

कार्य/कदमहरू

# ३९ निजामती सेवा तथा स्वतन्त्र निकायहरूमा महिलाहरूको भर्ना वा नियुक्तिलाई प्रत्याभूत वा सहजीकरण गर्ने कुनै व्यवस्था छ ?

## व्याख्या

विश्वका कुनैकुनै संविधानले निजामती सेवाले राष्ट्रिय र लैङ्गिक विविधताको प्रतिबिम्व दिनुपर्छ भन्ने कुरा उल्लेख गरेको पाइन्छ । निजामती सेवा र स्वतन्त्र निकायहरु (जस्तै ओम्बुड्समेन र मानव अधिकार आयोगहरु) का सदस्यहरूको छनौटका प्रावधानहरु, जो योग्यता वा क्षमतामाथि मात्र केन्द्रित हुन्छन्, सरसर्ती हेर्दा लैङ्गिक रूपमा तटस्थ देखिए पनि निजामती सेवामा महिला र पुरूषबीचको अनुपातमा रहेको असमानता, शैक्षिक अवस्था एवं सामाजिक तथा साँस्कृतिक पूर्वाग्रहका कारण पुरूषलाई फाइदा पुऱ्याउने र महिलाहरूलाई वेफाइदा गर्ने हुन सक्छन् । विविधता, महिला पुरूषबीचको समानता वा महिलाका लागि समान अवसरलाई दायित्व वा उद्देश्यका रूपमा पहिचान गर्ने संवैधानिक व्यवस्थाले निजामती सेवामा महिलाको विशिष्टीकृत भर्ना र नियुक्तिका उपायहरूको सहजीकरण गर्दछ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **हाइटी**<br>सन् १९८७ | अध्याय १, धारा १७(१) | **महिलाको लागि कम्तीमा पनि तीस प्रतिशत (३०%) कोटाको** सिद्धान्तले **राष्ट्रिय जीवनको सबै तह, विशेषगरी सार्वजनिक सेवाहरूमा मान्यता प्राप्त गरेको छ ।** | *निजामती सेवाका लागि कोटा* |
| **लोकतान्त्रिक गणतन्त्र कङ्गो**<br>सन् २००६ | धारा १४ | **...महिलाहरूलाई राष्ट्रिय, प्रादेशिक र स्थानीय निकायहरूमा समतामूलक प्रतिनिधित्वको अधिकार हुनेछ । राज्यले ती निकायहरूमा पुरुष-महिला समानताको कार्यान्वयन प्रत्याभूत गर्नेछ ...** | *सबै तहका सरकारी निकायहरूमा समानता प्रत्याभूत गरिएको छ* |
| **इक्वेडोर**<br>सन् २००८ | धारा २२४ | राष्ट्रिय निर्वाचन परिषद र निर्वाचन विवाद समाधान अदालतको सदस्यहरूको नियुक्ति सार्वजनिक सहभागिता र सामाजिक नियन्त्रण परिषदले गर्नेछ, र यो नागरिकहरूले बुझाएको उम्मेदवारीमा प्रतिस्पर्धा र योग्यतामा आधारित जाँच पछि, त्यसलाई चुनौति दिने नागरिकको अधिकार सुनिश्चित गर्दै, र कानून अनुसार **पुरूष र महिलाबीच समता र समानताको प्रत्याभूति** गर्दै गरिनेछ । | *स्वतन्त्र निकायहरूमा समानता प्रत्याभूत गरिएको छ* |
| **केन्या**<br>सन् २०१० | धारा २७ (८) | ... राज्यले निर्वाचित हुने वा नियुक्त गरिने **निकायहरूका सदस्यहरूको दुई तिहाई भन्दा बढी एउटै लिङ्गको नरहने** सिद्धान्त कार्यान्वयन गर्न व्यवस्थापिकीय र अन्य उपायहरु अवलम्बन गर्नेछ | *नियुक्ति हुने निकायहरूमा समेत लैङ्गिक रूपमा तटस्थ कोटा* |
| **केन्या**<br>सन् २०१० | अध्याय १३, भाग १, धारा २३२(१झ) | सार्वजनिक सेवाका मूल्यमान्यता र सिद्धान्तहरू देहाय बमोजिम हुनेछन् (झ) **सार्वजनिक सेवाको सबै तहमा नियुक्ति, तालिम र वृत्ति विकासका लागि पुरुष र महिला दुवैलाई पर्याप्त र समान अवसरहरू प्रदान गर्नु ...** | *पुरुष र महिलाका लागि समता/समानता वा समान अवसरहरु उद्देश्य रहेको* |

| | | | |
|---|---|---|---|
| **केन्या**<br>सन् २०१० | अध्याय १५, २४८(२), २५० (११) | आयोगहरूमा (क) केन्या राष्ट्रिय मानवअधिकार र समानता आयोग ; (ख) राष्ट्रिय भूमि आयोग ; (ग) स्वतन्त्र निर्वाचन र सीमा आयोग ; (घ) संसदीय सेवा आयोग ; (ङ) न्यायिक सेवा आयोग ; (च) राजश्व बाँडफाँट आयोग ; (छ) सार्वजनिक सेवा आयोग ; (ज) वेतन र ज्याला आयोग ; (झ) शिक्षक सेवा आयोग ; र (ञ) राष्ट्रिय प्रहरी सेवा आयोग । १०. आयोगका सदस्यहरूले आफूहरूबाट एक जना उपाध्यक्ष नियुक्त गर्नेछन् । **११. आयोगको अध्यक्ष र उपाध्यक्ष एउटै लिङ्गको हुने छैनन् ।** | *स्वतन्त्र निकायहरूको नेतृत्व पदमा समानता प्रत्याभूत गरिएको छ ।* |
| **जिम्बाब्वे**<br>सन् २०१३ | अध्याय ९, धारा १९४ (१ट) | सरकार र सरकार नियन्त्रित निकाय र अन्य सार्वजनिक संस्थाहरु लगायत सबै तहका सरकार, राज्यका निकाय र संस्थाहरूको सार्वजनिक प्रशासन यस संविधानमा स्थापित देहायका सिद्धान्तहरु सहित लोकतान्त्रिक मूल्यमान्यता र सिद्धान्तहरूबाट संचालित हुनुपर्छ : (ट) **रोजगारी, तालिम र वृत्तिविकासका अभ्यासहरू** योग्यता, वस्तुनिष्ठता, निष्पक्षता, **पुरूष र महिलाको समानता** र अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरणमा आधारित हुनुपर्छ ; र राज्यले यी मूल्यमान्यता र सिद्धान्तहरूको प्रवर्द्धन गर्न आवश्यक कानूनी र अन्य उपायहरु अवलम्बन गर्नुपर्छ । | *पुरूष र महिलाका लागि समता/समानता वा समान अवसरको प्राप्ति राज्यको उद्देश्य रहेको ।* |

निष्कर्ष

कार्य/कदमहरू

सरकार

# ४० सरकारमा महिला सहभागिताको महत्वलाई स्वीकार गरिएको छ ?

व्याख्या

सरकारका सबै अङ्गहरु (विधायिकी, कार्यकारी र न्यायिकका साथै स्वतन्त्र आयोगहरु) मा निर्वाचित वा नियुक्त हुने दुवै किसिमका पदहरूमा महिलाको प्रतिनिधित्वको महत्वलाई मान्यता प्रदान गर्ने कार्यले राजनीतिक संवाद, कानून र नीतिहरु निर्धारण गर्ने महत्वपूर्ण मूल्यमान्यतालाई अभिव्यक्त गर्दछ । यसले महिलाको सहभागिता र प्रतिनिधित्व प्रवर्द्धन गर्ने विशेष उपायहरूका लागि राजनीतिक र कानूनी स्थानको सिर्जना गर्छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **दक्षिण सुडान**<br>सन् २०११ | धारा ११२ | राष्ट्रिय सरकारका मन्त्रीहरु निष्ठा, क्षमता, जातीय र क्षेत्रीय विविधता र **लिङ्गको आधारमा समावेशिताको आवश्यकतालाई ध्यानमा** राख्दै नियुक्त गरिनेछन् । | *लैङ्गिक विविधताको सामान्य आवश्यकता* |
| **टिमोर लेस्टे**<br>सन् २००२ | भाग ६३(१) | (१) राजनीतिक जीवनमा **महिला र पुरुषको प्रत्यक्ष र सक्रिय सहभागिता** लोकतान्त्रिक प्रणालीको सुदृढीकरणका लागि एउटा आवश्यकता र अत्यावश्यक साधन हो । **(२) कानूनले समानताको आधारमा नागरिक र राजनीतिक अधिकारको उपभोग गर्ने र लैङ्गिकताको आधारमा भेदभावरहित ढंगले राजनीतिक पदमा पहुँच प्राप्त गर्न सक्ने स्थितिको प्रवर्द्धन गर्नेछ ।** | *राजनीतिक जीवनमा महिलाको सहभागितालाई लोकतन्त्रका लागि अत्यावश्यक भनी मान्यता प्रदान गरिएको* |
| **इक्वेडोर**<br>सन् २००८ | धारा ६५ | **राज्यले आफ्नो कार्यकारी र निर्णायक निकायहरूमा सार्वजनिक रूपले नियुक्त वा निर्वाचित हुने पदमा र राजनीतिक दल तथा गतिविधिहरूमा महिला र पुरुषको प्रतिनिधित्व हुने गरी समानताको प्रवर्द्धन गर्नेछ ।** एकभन्दा बढी व्यक्ति निर्वाचित हुने अवस्थामा उम्मेद्वारहरूको हकमा उनीहरूको सहभागिताको अधिकारलाई आलोपालो प्रणाली र क्रमवद्धता मार्फत सम्मानित गरिनेछ । | *नियुक्ति वा निर्वाचित हुने पदहरु र अन्य सरकारी निकायहरूमा लैङ्गिक समानता प्रवर्द्धन गर्नु राज्यको दायित्व हो ।* |
| **इजिप्ट**<br>सन् २०१४ | धारा ११ | राष्ट्रिय संसद्का सदनहरूमा महिलाको उपयुक्त प्रतिनिधित्व सुनिश्चित गर्न कानूनमा तोकिए अनुसार आवश्यक कदमहरु चाल्न राज्य प्रतिबद्ध छ । **यसले महिलालाई राज्यका सार्वजनिक र उच्च व्यवस्थापकीय पदहरू धारण गर्ने र विना भेदभाव न्यायिक निकाय र संस्थाहरूमा नियुक्ति पाउन सक्ने अधिकार प्रदान गर्छ ।** | *विना भेदभाव राज्यको उच्च पद धारण गर्ने अधिकार* |
| **जिम्बाब्वे**<br>सन् २०१३ | धारा १०४ (४) | **मन्त्री र उपमन्त्रीहरूको नियुक्तिमा राष्ट्रपति** क्षेत्रीय र **लैङ्गिक सन्तुलनको आवश्यकताले निर्देशित हुनुपर्छ ।** | *लैङ्गिक विविधताको सामान्य आवश्यकता* |
| **युगाण्डा**<br>सन् १९९५ | राष्ट्रिय उद्देश्य र राज्यको निर्देशक सिद्धान्त, धारा ६ | **राज्यले सबै संवैधानिक र अन्य निकायहरूमा लैङ्गिक सन्तुलन र सीमान्तकृत समूहहरूको उचित प्रतिनिधित्व सुनिश्चित गर्नेछ ।** | *लैङ्गिक विविधताको सामान्य आवश्यकता* |

निष्कर्ष

कार्य/कदमहरू

# ४१ संविधानमा सुरक्षा निकाय (प्रहरी, सैनिक, अनुसन्धान तथा गुप्तचर सेवा) ले मानव अधिकारको सम्मान गर्नुपर्छ भनी उल्लेख गरिएको प्रावधान छ ?

## व्याख्या

सुरक्षा फौज राज्यका संस्था र प्रतिनिधि हुन् ; आन्तरिक रूपमा उनीहरूको भूमिका कानूनको पालना गराउने हो । तसर्थ उनीहरूले अधिकारको संरक्षण गर्ने, मानवअधिकारको उल्लङ्घन रोक्ने र कानून उल्लङ्घनका घटना भएमा त्यसको अनुसन्धान गर्ने काम गर्नुपर्छ । यो कार्य निःसन्देह कानूनसम्मत ढंगले गरिनुपर्छ, जसमा मानवअधिकारको सम्मान पनि पर्छ । सुरक्षा फौजले मानव अधिकारको सम्मान, संरक्षण र परिपालना गर्न असफल भएमा उनीहरूबाट महिला र पुरूषबीचको समानता साकार बनाउनका लागि अत्यावश्यक शर्तको रूपमा आम रूपमा स्वीकारिएका विधिको शासन र न्यायमा पहुँचको अवमूल्यन हुनपुग्छ ।

सुरक्षा चासोसंग सम्बन्धित विषय आधारभूत मानवअधिकारभन्दा माथि हुनुहुँदैन । आपतकालीन अवस्थामा संविधानतः केही अधिकारको निलम्बन हुन सक्ने भए पनि कतिपय अधिकारहरू अनतिक्रम्य (जुन हरसमय सम्मान गरिनुपर्छ) हुन्छन् । नागरिकले जुनसुकै समयमा पनि निर्बाध उपभोग गर्न पाउने यस्ता अधिकारहरूको सूची संविधानले नै स्पष्ट गर्नुपर्छ ।

बहु भेदभावको शिकार हुने महिलाहरु, जस्तै आदिवासी महिला, गरिब महिला र अल्पसङ्ख्यक समूहका महिलाहरु सुरक्षा फौजबाट हुने मानवअधिकार उल्लङ्घनबाट पीडित हुने बढी जोखिममा हुन्छन् ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **एल साल्भाडोर** सन् १९८३ | धारा १५९ | **राष्ट्रिय नागरिक प्रहरीको** जिम्मेवारी **कानूनसम्मत ढंगले र मानव अधिकार प्रति उच्च सम्मान राख्दै** सहरी र ग्रामीण क्षेत्रमा निगरानी राख्ने, शान्ति सुव्यवस्था कायम गर्ने, सुरक्षा र सार्वजनिक शान्ति प्रदान गर्नुका साथै अपराधको अनुसन्धानमा सहकार्य गर्नु हुनेछ । | *प्रहरीले कानूनको पालना र मानवअधिकारको सम्मान गर्नेछ ।* |
| **इक्वेडोर** सन् २००८ | धारा १५८ | **सशस्त्र बल र राष्ट्रिय प्रहरी बलका** कर्मचारी र अधिकृतहरूले लोकतन्त्र र मानवअधिकारको आधारभूत सिद्धान्तहरूकोबारेमा तालिम प्राप्त गर्नेछन् र **कुनै भेदभाव विना व्यक्तिको निष्ठा र मानवअधिकारको सम्मान गर्नेछन्** र कानूनी व्यवस्थाको पूर्ण परिपालना गर्नेछन् । | *सशस्त्र फौज र प्रहरी मानवअधिकारमा तालिमप्राप्त हुने र कानूनको पालना र मानवअधिकारको सम्मान गर्नेछ ।* |
| **गाम्बिया** सन् १९९६ | धारा १८७(३) | **अन्य व्यक्तिको मौलिक हक र स्वतन्त्रताको सम्मान गर्नु गाम्बिया सशस्त्र फौजका सदस्यहरूको दायित्व हुनेछ ।** | *सशस्त्र फौजले मानवअधिकारको सम्मान गर्नेछ ।* |
| **मोजाम्बिक** सन् २००४ | धारा २५४(१) | **प्रहरीको मूल जिम्मेवारी** राज्यका अन्य निकायहरूसंगको सहकार्यमा कानून व्यवस्था कायम गर्नु, व्यक्ति र सम्पत्तिको सुरक्षा गर्नु, सार्वजनिक शान्ति कायम गर्नु र **लोकतान्त्रिक विधिको शासनको सम्मान र नागरिकहरूको मौलिक हक र स्वतन्त्रताको कठोर परिपालना गर्नु हुनेछ ।** | *प्रहरीले कानूनको पालना र मानवअधिकारको सम्मान गर्नेछ ।* |
| **केन्या** सन् २०१० | धारा २४४ | **राष्ट्रिय प्रहरी सेवाले ...(ग) मानवअधिकार र मौलिक स्वतन्त्रतासम्बन्धी संवैधानिक मापदण्डको पालना गर्नेछ ;** (घ) कर्मचारीहरूलाई सक्षमता र निष्ठाको उच्चतम मानकमा र मानवअधिकार र मौलिक स्वतन्त्रता र निष्ठाको सम्मान गर्न तालिम प्रदान गर्नेछ । | *प्रहरी मानवअधिकारमा तालिमप्राप्त हुने र कानूनको पालना र मानवअधिकारको सम्मान गर्नेछ ।* |

| | | | |
|---|---|---|---|
| **इराक**<br>सन् २००५ | धारा ९, पहिलो घ | इराकको **राष्ट्रिय अनुसन्धान सेवाले** सूचनाको संकलन गर्ने, राष्ट्रिय सुरक्षामा रहको जोखिमको आकलन गर्ने र इराकी सरकारलाई परामर्श दिने काम गर्नेछ । यो सेवा नागरिक नियन्त्रण र व्यवस्थापिकाको निगरानीमा रहनेछ, र **कानून बमोजिम र मानवअधिकारको स्थापित सिद्धान्त अनुसार सञ्चालित हुनेछ ।** | *राष्ट्रिय अनुसन्धान निकायले कानूनको पालना र मानवअधिकारको सम्मान गर्नेछ ।* |

निष्कर्ष

कार्य/कदमहरू

# ४२ के संविधानमा महिलाहरूलाई कार्यपालिकाको माथिल्लो तहसम्मै पुग्न सक्ने अवसर सुनिश्चित गरिएको छ ?

व्याख्या

पूर्ण समानताको अर्थ महिलाले राष्ट्र प्रमुख, सरकार प्रमुख, मन्त्रिपरिषद्को सदस्य जस्ता कार्यकारी तहसम्म पुग्न सक्नु हो । अधिकांश प्रणालीहरु (संसदीय र अर्ध राष्ट्रपतीय) मा मन्त्रिपरिषदका सदस्यहरु सांसदहरु मध्येबाट नियुक्त गरिन्छ र छनौट प्रक्रियालाई राजनीतिक दलभित्रको वरिष्ठता र अन्य पक्षले प्रभावित गर्छ । त्यसैकारण व्यवस्थापिका र दलको नेतृत्वमा महिलाको प्रतिनिधित्व महत्वपूर्ण छ । कार्यकारी अधिकृत र मन्त्रिपरिषदका सदस्यहरूको नियुक्तिमा लैङ्गिक समानताको सिद्धान्त र मान्यता प्रकट गर्ने सामान्य प्रावधानले छनौट प्रक्रियामा हुने भेदभाव र पूर्वाग्रहलाई हटाउन मद्दत गर्नसक्छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **रूवाण्डा** सन् २००३ | आधारभूत सिद्धान्त धारा ९ | रूवाण्डा देहायका आधारभूत सिद्धान्तहरूप्रति पूर्णतः प्रतिबद्ध हुँदै तिनीहरूको सम्मानको प्रर्वद्धन र कार्यान्वयन गर्नेछ : … विधिको शासनद्वारा शासित राज्य, बहुलवादी लोकतान्त्रिक सरकारको निर्माण, **सबै रूवाण्डालीहरूबीच र महिला र पुरूषबीच समानता । यसलाई सुनिश्चित गर्न निर्णायक अंगका पदहरूमा महिलालाई कम्तीमा पनि तीस प्रतिशत पद प्रदान गरिनेछ ।** | *निर्णयतहका निकायहरुमा महिलाहरूको प्रतिनिधित्व हुनुपर्छ ।* |
| **बोलिभिया सन्** २००९ | धारा १७२ (२२) | यो संविधान र कानूनले स्थापित गरेकोमा बाहेक राष्ट्रपतिको अधिकार देहाय बमोजिम रहेका छन् : (२२) राज्यका मन्त्रीहरूको नियुक्ति देशको बहुराष्ट्रिय विशेषता र **मन्त्रिपरिषद्को बनावटमा लैङ्गिक समानताको सम्मान गर्दै** गर्ने । | *मन्त्रिपरिषद्को बनावटमा लैङ्गिक समता* |
| **सेन्ट्रल अफ्रिकन रिपब्लिक सन्** २००४ | धारा ६१ (१) | देहाय विषयहरु कानूनको अधीनमा रहनेछन् : (१) देहायका नियमहरु : • **महिलाहरूलाई निर्णायक निकायहरूमा प्रदान गरिएको कोटा**सम्बन्धी व्यवस्थाको पालना (सम्मान) । | *निर्णयतहका निकायहरुमा महिलाहरुको प्रतिनिधित्व हुनुपर्छ ।* |
| **कोलम्बिया** सन्१९९१ | धारा ४० | अधिकारीहरूले **सार्वजनिक प्रशासनको निर्णय तहमा महिलाको पर्याप्त र प्रभावकारी सहभागिता सुनिश्चित गर्नेछन् ।** | *निर्णयतहका निकायहरुमा महिलाहरुको प्रतिनिधित्व हुनुपर्छ ।* |
| **जिम्बाब्वे** सन् २०१३ | धारा १०४ (४) | **मन्त्री र उपमन्त्रीहरूको नियुक्तिमा** राष्ट्रपति क्षेत्रीय र **लैङ्गिक सन्तुलनको आवश्यकताबाट निर्देशित हुनुपर्नेछ ।** | *मन्त्रिपरिषद्को बनावटमा लैङ्गिक सन्तुलन* |

निष्कर्ष

कार्य/कदमहरू

## ४३ न्यायपालिकामा महिला सहभागिताको महत्वलाई स्वीकार गरिएको छ ? न्यायिक नियुक्तिका संयन्त्रहरूले सबै तहका न्यायालयहरू, विशेषगरी सर्वोच्च वा संवैधानिक अदालतहरूमा महिलाको नियुक्तिलाई सहजीकरण गर्छन् त ?

### व्याख्या

कानूनी समानता हासिल गर्न न्यायपालिकाको उच्च तहसहित सबै तहमा महिलाहरूको प्रतिनिधित्व हुनु आवश्यक छ । सबै न्यायाधीशहरूले आफ्नो निर्णयमा जीवनको अनुभव प्रयोग गर्ने गर्छन् । कानूनको व्याख्या लैङ्गिक रूपमा तटस्थ अभ्यास होइन । त्यसैकारण, समूहका रूपमा महिलाको न्यायमा समान पहुँचका साथै अधिकारको संरक्षण र कार्यान्वयनका लागि महिलाहरूको न्यायपालिकामा प्रतिनिधित्व हुनु आवश्यक छ ।

न्यायिक नियुक्तिका लागि स्थापित संयन्त्रहरूले मनोनयन र नियुक्त हुनेहरूको विविधतालाई प्रभावित गर्न सक्छन् । सामान्यतया पहिचानको औपचारिक प्रक्रियाले कार्यकारी वा अन्य निकायको प्राथमिकताभन्दा बढी लैङ्गिक रूपमा विविध मनोनयनका उम्मेदवारहरूको सूची दिन सक्छ । न्यायाधीशहरूको नियुक्तिका लागि तटस्थ न्यायिक आयोग वा समितिले मनोनीत हुनेहरूको सम्भावित सूचीलाई विस्तार गर्नसक्छ । यो आयोग आफैँमा लैङ्गिक र सदस्यहरूले प्रतिनिधित्व गर्ने क्षेत्रको आधारमा पनि विविधतायुक्त हुनु महत्वपूर्ण हुन्छ (न्यायपालिकाका अतिरिक्त, न्याय सेवा आयोगका सदस्यहरु अधिवक्ता, प्राज्ञ, सार्वजनिक क्षेत्रको प्रतिनिधि, सांसद आदिबाट लिन सकिन्छ) । सबैभन्दा माथिल्लो तहको अदालतमा नियुक्त हुनका लागि महिलाहरूले तल्लो तहका अदालतहरूमा पनि न्यायाधीशको रूपमा सेवा गर्ने अवसर पाएको हुनुपर्छ । कानूनी समुदायबाट वरिष्ठताको आधारमा संवैधानिक अदालतमा सीधै हुने नियुक्तिले महिलाहरूलाई वेफाइदा गर्नसक्छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **इक्वेडोर**<br>सन् २००८ | धारा १८३(३)<br>धारा ४३४ | **राष्ट्रिय न्यायालयका** न्यायाधीशहरूको छनौट न्याय परिषद्ले उजुरी र सामाजिक अनुगमनको व्यवस्थासहित प्रतिस्पर्धात्मक योग्यतामा आधारित भएर गर्नेछ । यसो गर्दा **पुरूष र महिलाबीच समानता प्रवर्द्धन गरिनेछ ।**<br>**(संवैधानिक) अदालतको** सदस्यतामा **पुरूष र महिलाबीच समानता सुनिश्चित गर्ने** प्रयास गरिनेछ । | *पुरुष र महिलाबीच समानताको उद्देश्य रहेको* |
| **दक्षिण अफ्रिका**<br>सन् १९९६ | धारा १७४(१)<br>धारा १७४(२) | कुनै पनि योग्य महिला वा पुरूष, जो सही र उपयुक्त छ, सो व्यक्ति **न्यायिक अधिकारीका** रूपमा नियुक्त हुनसक्छ ।...न्यायिक अधिकारीहरूको नियुक्तिमा दक्षिण अफ्रिकाको **जातीय र लैङ्गिक बनावटलाई न्यायपालिकाले विस्तृत रूपमा प्रतिबिम्वित** गर्नुपर्ने कुरालाई ध्यानमा राखिनेछ । | *न्यायिक नियुक्तिमा लैङ्गिक सन्तुलनलाई ध्यानमा राखिनुपर्ने ।* |
| **दक्षिण सुडान**<br>सन् २०११ | धारा १२२(६) | सक्षमता, निष्ठा, विश्वसनीयता र निष्पक्षताको आधारमा **न्यायपालिकामा महिलाको उल्लेखनीय प्रतिनिधित्व** हुनेछ । | *न्यायपालिकामा महिलाको प्रतिनिधित्वका लागि साधारण आवश्यकताहरु* |

| | | | |
|---|---|---|---|
| **केन्या**<br>सन् २०१० | धारा १७१<br><br>धारा १७२(२)(ख) | (१) न्याय सेवा आयोगको स्थापना हुनेछ । (२) आयोगमा (क) प्रधानन्यायाधीश आयोगको अध्यक्ष हुनेछन्, (ख) सर्वोच्च अदालतका न्यायाधीशहरूले छनौट गरेको एक जना सर्वोच्च अदालतका न्यायाधीश ; (ग) पुनरावेदन अदालतका न्यायाधीशहरूले छनौट गरेको एक जना पुनरावेदनका न्यायाधीश ; (घ) न्यायाधीश र म्याजिस्ट्रेटहरूको संघले नियुक्त गरेको एक जना उच्च अदालतका न्यायाधीश र एक जना म्याजिस्ट्रेट, **एक जना महिला र एक जना पुरूष** ; (ङ) महान्यायाधिवक्ता ; (च) दुई जना अधिवक्ता, **एक जना महिला र एक जना पुरूष,** जोसँग कम्तीमा पनि पन्ध्र बर्षको अनुभव हुनुपर्ने, र अधिवक्ताहरूको व्यावसायिक नियमनका लागि जिम्मेवारी वैधानिक निकायबाट निर्वाचित हुनुपर्ने ; (छ) लोक सेवा आयोगबाट मनोनीत एक जना ; र (ज) जनताको प्रतिनिधित्व गर्ने एक जना **महिला र एक जना पुरूष**, राष्ट्रिय सभाको स्वीकृतिमा राष्ट्रिपतिबाट नियुक्त हुनेछन् ।<br>आयोग आफ्नो जिम्मेवारी निर्वाह गर्ने क्रममा देहायको विषयबाट निर्देशित हुनेछ : ...र (ख) **लैङ्गिक समानताको प्रवर्द्धन ।** | *न्याय सेवा परिषद्‌मा महिलाको नियुक्ति सम्बन्धी नियमहरु*<br><br>*न्यायिक नियुक्तिहरूमा लैङ्गिक सन्तुलनलाई ध्यानमा राखिनुपर्ने ।* |
| **जिम्बाब्वे**<br>सन् २०१३ | धारा १८५ | **न्यायपालिकामा हुने नियुक्तिले** बृहत रूपमा जिम्बाब्वेको विवधता र **लैङ्गिक बनावटलाई** प्रतिविम्बत गर्नुपर्नेछ । | *न्यायपालिकामा महिलाको प्रतिनिधित्वका लागि साधारण आवश्यकताहरु* |
| **सेन्ट्रल अफ्रिकन रिपब्लिक**<br>सन् २००४ | धारा ७४ | **संवैधानिक अदालतमा कम्तीमा तीन जना महिलासहित नौ जना सदस्यहरू रहनेछन्,** र सदस्यहरूले पार्षदको पद धारण गर्नेछन् ।... संवैधानिक अदालतका सदस्यहरु देहाय अनुसार नियुक्त हुनेछन् : आफ्ना सहकर्मीहरु मध्येबाट निर्वाचित एक**जना महिला सहित** दुई जना मेजिस्ट्रेट, सहकर्मीहरूबाट निर्वाचित एक जना न्यायधिवक्ता ;सहकर्मीहरूबाट निर्वाचित दुई जना प्राध्यापक ; गणतन्त्रको राष्ट्रपतिद्वारा नियुक्त **एक जना महिला**सहित दुई सदस्यहरु ; राष्ट्रिय सभाका अध्यक्षद्वारा नियुक्त **एक जना महिला**सहित दुई सदस्यहरु ... | *अदालतमा महिलाहरूको न्यूनतम संख्या तोकिएको ।* |
| **ट्यूनिसिया**<br>सन् २०१४ | धारा १०६ | वरिष्ठ न्यायाधीशहरूको नियुक्ति **सर्वोच्च न्याय परिषद्को सिफारिसमा,** सरकार प्रमुखसँगको परामर्शमा राष्ट्रपतिको आदेशबाट हुनेछ । बरिष्ठ न्यायिक पदहरु कानूनद्वारा नियमन हुनेछन् । | *न्यायधीशहरूको नियुक्ति गैरदलीय न्याय सेवा आयोग वा समितिबाट हुन्छ ।* |

निष्कर्ष

कार्य/कदमहरू

# ४४ सुरक्षा फौजमा लैङ्गिक विविधताको महत्वलाई मान्यता प्रदान गरिएको छ, र सुरक्षा फौजमा महिला सहभागिता सुनिश्चित गर्ने संयन्त्रहरू छन् ?

व्याख्या

महिलाहरूले लैङ्गिकतामा आधारित हिंसाको जोखिम जस्ता पुरुषको भन्दा केही भिन्न सुरक्षा चासोको पनि सामना गर्नुपर्ने हुन्छ । महिलाका आवश्यकताहरु प्रति उत्तरदायी बन्न सुरक्षा क्षेत्र, विशेषतः प्रहरी र सेनाको लैङ्गिक दृष्टिबाट विविधीकरण हुनु अत्यन्त महत्वपूर्ण छ । सुरक्षा क्षेत्रभित्र मानवअधिकारको अयौनिक ९ल्यल(कमहष्कत० संस्कृतिको विकास हुनु अत्यावश्यक छ । ती निकायहरूमा महिलाहरूको उल्लेख्य उपस्थितिले यसको सहजीकरण हुनसक्छ । व्यवस्थापकीय समिति र प्रहरी आयोगजस्ता निगरानीजन्य निकायहरूको पनि सुरक्षा क्षेत्रमा महिला सहभागिता प्रवर्द्धन गर्न र मानवअधिकारको सम्मान गर्ने संगठनात्मक संस्कृतिको विकास गर्नमा निर्णायक भूमिका हुन्छ । त्यसकारण ती निकायहरू पनि विविधतायुक्त हुनु जरूरी छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **इक्वेडोर**<br>सन् २००८ | धारा १६० | **सशस्त्र बल र राष्ट्रिय प्रहरी बलका सदस्यहरू** उनीहरूको अधिकार र दायित्व निर्दिष्ट गर्ने कानूनको अधीनस्थ हुनेछन् र (उनीहरू) **योग्यता र लैङ्गिक समताको मापदण्डको आधारमा वृत्ति विकास र बढुवाको प्रावधान अन्तर्गत रहनेछन् ।** | *वृत्तिका अवसरहरूमा लैङ्गिक समानता लागू गरिएको ।* |
| **बुरूण्डी**<br>सन् २००५ | धारा १८७ | सिनेटलाई देहाय बमोजिमको अधिकार उपलब्ध हुनेछ : ५) संवैधानिक प्रावधानहरूको कार्यान्वयनको क्रममा **राज्यका सबै संरचना र निकायहरू, विशेषगरी सार्वजनिक प्रशासन र रक्षा तथा सुरक्षा बलमा, (महत्वपूर्ण) जातीय र लैङ्गिक प्रतिनिधिमूलकता र सन्तुलनको पक्षमा हुने गरी** नियन्त्रण कायम गर्ने । | *सबै राज्यका संरचना र निकायहरूमा लैङ्गिक सन्तुलन ।* |
| **बुरूण्डी**<br>सन् २००५ | धारा २४७ | **रक्षा र सुरक्षा फौजले आफू भित्र अविभेदपूर्ण, गैरजातीय र गैरयौनिक संस्कृतिको विकास गर्नेछन् ।** | *सुरक्षा क्षेत्रले गैरभेदभावपूर्ण र गैरयौनिक संस्कृतिको विकास गर्नुपर्छ ।* |
| **सोमालिया**<br>सन् २०१२ | धारा १२७ (२) | प्रत्येक सोमाली नागरिक सबै तहको राष्ट्रिय सशस्त्र फौजका पदहरूमा **विना भेदभाव नियुक्तिको लागि योग्य हुनेछन्, र यस सिलसिलामा महिलाको अधिकारको संरक्षण गरिनेछ ।** | *सशस्त्र फौजमा अविभेद* |
| **केन्या**<br>सन् २०१० | अध्याय १५, २४८(२)<br>२५० (११) | आयोगहरूमा – (ञ) **राष्ट्रिय प्रहरी सेवा आयोग ।** १०. आयोगका सदस्यहरूले आफूहरूबाट एक जना उपाध्यक्षको नियुक्त गर्नेछन् । ११ **आयोगको अध्यक्ष र उपाध्यक्ष एउटै लिङ्गको हुनेछैन ।** | *निगरानी निकायहरूको प्रमुखहरूमा लैङ्गिक सन्तुलन हुनुपर्छ ।* |
| **नेपाल**<br>सन् २००७ | धारा १४४ (४क) | **नेपाली सेना**लाई राष्ट्रिय स्वरूप दिन र समावेशी बनाउन, मधेशी, आदिवासी, दलित, **महिला**, पिछडिएका क्षेत्रका बासिन्दालाई **समानता र समावेशीकरणको सिद्धान्तको आधारमा** भर्ती गर्ने कार्य कानूनद्वारा सुनिश्चित गरिनेछ । | *सशस्त्र फौजमा लैङ्गिक समानता* |

निष्कर्ष

कार्य/कदमहरू

# ४५ सरकारका सबै तहमा मानव अधिकारको सम्मान गर्नुपर्छ भन्ने कुरा स्पष्ट छ त ?

व्याख्या

सङ्घीय प्रणालीका साथै कुनै न कुनै किसिमको विकेन्द्रीकरणको अभ्यास गर्ने एकात्मक राज्यका सबै तहका सरकारहरूले प्रभावकारी बन्नका लागि लैङ्गिक समानता हासिल गर्न आवश्यक पर्ने अधिकार र स्वतन्त्रताहरूको सम्मान र पालना गर्नु अत्यावश्यक छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **सुडान**<br>सन् २००५ | धारा २५ | **सबै तहका सरकारहरूबीच** शक्तिको निक्षेपण र वितरण देहायका सिद्धान्तअनुसार हुनेछ :(ग) **जनताको कल्याणको प्रवर्द्धन र उनीहरूको मानवअधिकार र आधारभूत स्वतन्त्रताको संरक्षणमा राज्यको भूमिकाको स्वीकारात्ति..** | *सरकारका सबै तहबीच शक्तिको वितरणलाई मानवअधिकारले निर्देशत गर्छ ।* |
| **जिम्बाब्वे**<br>सन् २०१३ | धारा ४४ | **राज्य र** न्यायिक व्यक्तिहरु लगायत हरेक व्यक्ति र हरेक तहका सरकार तथा मातहतका हेरक निकाय तथा संस्थाले **यस अध्यायमा उल्लेखित अधिकार र स्वतन्त्रताहरूको सम्मान, संरक्षण प्रवर्द्धन र परिपूर्ति गर्नुपर्नेछ** (अध्याय ४, अधिकारको घोषणा) | *हरेक तहको सरकारले मानवअधिकारको सम्मान गर्नुपर्छ ।* |
| **भारत**<br>सन् १९४९ | भाग ३,<br>धारा १२ | **यस भाग (मौलिक हक) मा, विषय वा प्रसंगले अर्को अर्थ नलागेमा "राज्य" अन्तर्गत भारतको संघीय सरकार र संसद्, हरेक राज्यको व्यवस्थापिका, भारतको भूभाग वा भारत सरकारको नियन्त्रणमा रहेको भूभागमा अवस्थित सबै स्थानीय र अन्य निकायहरू समावेश हुनेछन् ।** | *संघ, प्रदेश र स्थानीय सहित सबै सरकारी निकायहरूले संविधानमा स्थापित अधिकारहरूको सम्मान गर्नुपर्छ ।* |

निष्कर्ष

कार्य/कदमहरू

संविधानमा महिला समानताको समीक्षा

# कार्यान्वयन र परिपालना

प्रश्न ४६ - ५०



## ४६ संविधानमा स्वतन्त्र आयोग वा अम्बुड्सपर्सनको व्यवस्था गरिएको छ ? यी आयोगहरूमा महिलाको प्रतिनिधित्व सुनिश्चित गर्ने संयन्त्र छन् ?

व्याख्या

न्यायपालिकाका अतिरिक्त, स्वतन्त्र आयोग र अम्बुड्समेनले पनि अनुगमन र कार्यान्वयनको महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्न सक्छन् । विशेष गरी गरिब जनताका लागि न्यायपालिका भन्दा यी निकायहरु बढी पहुँचयोग्य हुने हुंदा न्यायमा महिलाको पहुँच बढाउन यस्ता निकायहरू बढी प्रभावकारी हुन सक्छन् । संविधानमा नै व्यवस्था भएको अवस्थामा यी निकायहरूले कानूनबाट स्थापित हुँदाभन्दा माथिल्लो दर्जाको हैसियत प्राप्त गर्छन् ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **अङ्गोला**<br>सन् २०१० | धारा १९२ (१) | **ओम्बुड्सम्यान एक** स्वतन्त्र सार्वजनिक निकाय हुनेछ, जसको प्रयोजन अनौपचारिक माध्यमबाट सार्वजनिक प्रशासनको न्याय र वैधता सुनिश्चित गर्दै **नागरिकहरूको अधिकार, स्वतन्त्रता र प्रत्याभूतिहरूको रक्षा गर्नु** रहेको छ । | *ओम्बुड्सम्यानको स्थापना* |
| **मोजाम्बिक**<br>सन् २००४ | धारा २५६ | **ओम्बुड्म्यान** एउटा कार्यालय हो जसको स्थापना **नागरिकहरूको अधिकार प्रत्याभूत गर्न र सार्वजनिक प्रशासनको कार्यहरूमा वैधता र न्याय कायम गर्न** भएको हो । | *ओम्बुड्सम्यानको स्थापना* |
| **पानामा**<br>सन् १९७२ | धारा १२९ | **ओम्बुड्म्यान**को कार्यालयले **निजामती कर्मचारी र सार्वजनिक सेवा प्रदायकहरूको वस्तुतथ्य, कामकारवाही र सो को उपेक्षाको न्यायिक-इतर** (Non-judicial) **नियन्त्रण मार्फत यस संविधानद्वारा स्थापित मौलिक हक र प्रत्याभूतिहरूका साथै अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी महासन्धि र कानूनहरूले स्थापित गरेका अधिकारहरूको संरक्षण कार्यको अनुगमन गर्नुको साथै त्यसको पालना गरिएको सुनिश्चित गर्दछ** । | *ओम्बुड्सम्यानको स्थापना* |
| **बोलिभिया सन्** २००९ | धारा २१८ | **१.सार्वजनिक प्रतिरक्षकले संविधान, कानून र अन्तर ाष्ट्रिय लिखतहरूमा स्थापित व्यक्तिगत र सामूहिक मानवअधिकारको कार्यान्वयन, प्रवर्द्धन, प्रचारप्रसार र पालनाको सुपरीवेक्षण गर्नेछ । सार्वजनिक प्रतिरक्षकको काम समग्र सार्वजनिक क्षेत्रको प्रशासनिक क्रियाकलाप र सार्वजनिक सेवा उपलब्ध गराउने निजी संस्थाका क्रियाकलापहरूसम्म विस्तार हुनेछ ।**<br>२. सार्वजनिक प्रतिरक्षकले जनजातिहरूको साथै ग्रामीण आदिवासी जनताको, सहरी र अन्तरसाँस्कृतिक समुदायहरूको र विदेशमा रहेको बोलिभियाली नागरिकहरूको अधिकारको समेत रक्षा गर्नेछ ।<br>**३. सार्वजनिक प्रतिरक्षक कानून अनुसार कार्यसञ्चालन, वित्तीय र प्रशासनिक स्वायत्तता भएको संस्था हो ।** यसको कामहरू निःशुल्क सेवा, पहुँचयोग्यता, तत्परता र एक्यबद्धताबाट निर्देशित हनेछन् । आफ्नो कार्यसम्पादनको गर्ने क्रममा यसले राज्यका अन्य अंगहरूबाट कुनै निर्देशन प्राप्त गर्ने छैन । | *मानव अधिकारको संरक्षण र प्रतिरक्षा गर्न स्वतन्त्र सार्वजनिक निकायको स्थापना* |

| | | | |
|---|---|---|---|
| **श्रीलंका**<br>सन् १९७८ | धारा १५६ (१) | **संसद्ले कानून अनुसार प्रशासनका लागि संसदीय आयुक्तको कार्यालय (ओम्बुड्सम्यान) को स्थापना गर्नेछ, जसको जिम्मेवारी सार्वजनिक पदाधिकारी र सार्वजनिक संस्था, स्थानीय निकाय र अन्य संस्थाका अधिकृतहरूबाट हुने मौलिक हकको उल्लङ्घन र अन्य अन्यायहरू बारेको उजुरी र आरोपहरूको छानविन र प्रतिवेदन गर्नु हो,** जुन कार्य प्रचलिते कानून अनुरूप हुने गर्छ । | *ओम्बुड्सम्यानको स्थापना* |
| **हाइटी**<br>सन् १९८७ | अध्याय ४, धारा २०७(१), २०७(२), २०७(२बीआइएस) | **नागरिक संरक्षण कार्यालय नाम गरेको कार्यालयको स्थापना आम नागरिकलाई सरकारका तर्फबाट हुने कुनै पनि प्रकारको दुर्व्यवहारबाट सुरक्षा गर्न भएको हो ।**<br>(१) कार्यालयको निर्देशन एक जना नागरिकबाट हुनेछ, जसको पदनाम नागरिक रक्षक हुनेछ । उनको छनौट सहमतिको आधारमा गणतन्त्रका राष्ट्रपति, सिनेटका अध्यक्ष र उपप्रमुखको च्याम्बरहरूको अध्यक्षबाट हुनेछ । उनको कार्यकाल सात (७) बर्षको हुनेछ र दोहोरिने छैन ।<br>(२) कुनै उजुरीकर्ताको तर्फबाट उनले चाल्ने कदम निःशुल्क हुनेछ, (त्यसमा क्षेत्राधिकार भएको अदालत जुन भएपनि)<br>(२बिआइएस) **आफ्नो जिम्मेवारी निर्वाह गर्ने क्रममा यसले विशेषतः महिलाहरूद्वारा प्रस्तुत भेदभाव र आक्रमणसँग सम्बन्धित उजुरीहरू, , जहाँ उनीहरू आफ्नो काममा पीडित भएका हुनसक्छन्, त्यसमा विशेष ध्यान दिनेछ ।** | *सरकारबाट भएको दुर्व्यवहारको सम्बोधन गर्न सार्वजनिक निकायको स्थापना, महिलाहरूलाई विशेष ध्यान दिने* |
| **जिम्बाब्वे**<br>सन् २०१३ | धारा २३२<br>धारा २३२ (१)(ख)<br>धारा २३३ | **स्वतन्त्र आयोगहरू** देहाय अनुसार रहेका छन् :<br>**- (ख) जिम्बाब्वे मानव अधिकार आयोग ।** स्वतन्त्र आयोगको रूपमा निर्दिष्ट खास उद्देश्यका अतिरिक्त **प्रस्तुत आयोगका साधारण उद्देश्यहरू** देहाय बमोजिम रहेका छन् **: क. मानवअधिकार र लोकतन्त्रको सहयोग र विस्तार गर्नु ; ख.जनताको सार्वभौमसत्ता र हितहरूको संरक्षण गर्नु ; ग.संविधानवादको प्रवर्द्धन गर्नु ; घ. सार्वजनिक संस्थाहरूमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्नु ; ङ राज्य र सरकारका सबै संस्था र निकायहरू, र सरकार नियन्त्रित निकायहरूबाट लोकतान्त्रिक मूल्यमान्यताको पालना भएको सुनिश्चित गर्नु ; र च. अन्यायको उपचार भएको सुनिश्चित गर्नु ।** | *मानव अधिकार वा समानता आयोगको स्थापना* |
| **गुयाना**<br>सन् १९८० | धारा २१२छ(१)(क) | (१) देहायका आयोगहरु स्थापना गरिएका छन्, जसको लक्ष्यहरु सामाजिक न्याय र विधिको शासन सुदृढ गर्नु रहेको छ : (क) **मानव अधिकार आयोग** ; | *मानव अधिकार वा समानता आयोगको स्थापना* |
| **फिजी**<br>सन् १९९७ | भाग ४२ | (१) यस भागले **मानव अधिकार आयोग**को स्थापना गर्नेछ । (२) यसका जिम्मेवारीहरु देहाय बमोजिम हुनेछन् : (क) जनतालाई अधिकारपत्रको प्रकृति र अन्तर्वस्तुसहित त्यसको मूल अन्तर्राष्ट्रिय महासन्धि र अन्य अन्तर्राष्ट्रिय संयन्त्रहरूबारे र मानव अधिकार समिति, जातीय भेदभाव उन्मूलनसम्बन्धी समिति र संयुक्त राष्ट्रसङ्घको महासभाका अन्य अंगहरूको मानवअधिकार प्रति सम्मान प्रवर्द्धन गर्ने जिम्मेवारीबारे शिक्षित गराउनु ; (ख) सरकारसमक्ष मानवअधिकारको पालनालाई प्रभावित गरिरहेका विषयहरूबारे सिफारिसहरु गर्नु, जसमा अधिकारपत्रको कुनै प्रावधानको कानूनी प्रभावबारेको खास प्रश्नलाई सर्वोच्च अदालतको रायका लागि प्रस्तुत गर्ने सिफारिस पनि समावेश छ ; र (ग) संसद्ले निर्माण गरेको कानूनले दिएको अन्य जिम्मेवारीहरु निर्वाह गर्नु । | *मानव अधिकार वा समानता आयोगको स्थापना* |

| | | | |
|---|---|---|---|
| **फिलिपिन्स** सन् १९८७ | भाग १८(७), धारा १३ | **मानवअधिकार आयो**गको देहाय अनुसारका अधिकार र जिम्मेवारी रहेका छन् : १. नागरिक तथा राजनीतिक अधिकारसहितको सबै प्रकृतिका मानवअधिकार उल्लङ्घनहरूको आफै वा कुनै पक्षबाट आएको उजुरीमाथि छानविन गर्नु ।...३. फिलिपिन्स्मा रहेका सबै व्यक्ति र विदेशमा रहेका फिलिपिनोहरूको मानवअधिकारको संरक्षणका लागि उपयुक्त कानूनी उपाय उपलब्ध गराउनु, र उपेक्षित समूह जसको मानवअधिकार उल्लङ्घन भएको छ वा संरक्षणको आवश्यकता छ, उनीहरूका लागि निवारणात्मक कार्य र कानूनी सेवा र सहायता उपलब्ध गराउनु । ४. कारागार वा बन्दीगृहहरूमा अवलोकन-भ्रमण गर्ने अधिकार अभ्यास गनु । ५. मानवअधिकारको प्राथमिकताका लागि सम्मान वृद्धि गर्न अनुसन्धान, शिक्षा र सूचनाको निरन्तर कार्यक्रम स्थापित गर्नु । ६.मानवअधिकार प्रवर्द्धन गर्न र मानवअधिकारको उल्लङ्घनका पीडित वा उनीहरूका परिवारहरूका लागि क्षतिपूर्ति उपलब्ध गराउन काँग्रेसमा प्रभावकारी उपायहरूको सिफारिस गर्नु । ७. मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिअन्तर्गतका जिम्मेवारीहरूको फिलिपिन्सको सरकारले पालना गरे, नगरेको अनुगमन गर्ने ।...९. आफ्नो कामकारवाहीका लागि कुनै पनि विभाग, ब्यूरो, कार्यालय वा निकायलाई सहयोगको आग्रह गर्नु ।...११. कानूनले उपलब्ध गराए अनुसार यस्तै अन्य दायित्व र कामकारवाही सम्पन्न गर्नु । | *मानव अधिकार वा समानता आयोगको स्थापना* |
| **माल्दिभ्स्** सन् २००८ | धारा १९९ | क. मादिभ्स्मा एक **भ्रष्टाचार निवारण आयोग** रहनेछ । ख. यो आयोग एउटा स्वतन्त्र र निष्पक्ष निकाय हुनेछ । यसले संविधान र जनताको मजलिसले जारी गरेको कानून अनुसार आफ्नो दायित्व र जिम्मेवारी पूरा गर्नेछ । आयोगले राज्यका सबै क्रियाकलापमा विना कुनै डर भ्रष्टाचार निवारण र नियन्त्रण गर्न काम गर्नेछ । ग. आयोग यसलाई नियमन गर्ने ऐनमा व्यवस्था भए अनुसार सञ्चालित हुनेछ । त्यस्तो ऐनले सदस्यहरूको जिम्मेवारी, अधिकार, कार्यादेश, योग्यता र नैतिक मापदण्डलाई स्पष्ट गर्नेछ । | *भ्रष्टाचार विरोधी आयोगको स्थापना* |
| **सोमालिया** सन् २०१२ | धारा १११ग(१) | एउटा **भ्रष्टाचार निवारण आयोग** रहनेछ र यसको कार्यादेश सार्वजनिक क्षेत्रमा समस्याका रूपमा रहने भ्रष्टाचारको आरोपहरूमाथि अनुसन्धान गर्नु रहेको छ । | *भ्रष्टाचार विरोधी आयोगको स्थापना* |
| **ट्यूनिसिया** सन् २०१४ | धारा १३० | सुशासन र भ्रष्टाचार निवारण आयोग यी नीतिहरूको कार्यान्वयन र प्रचारप्रसार, सुशासनको संस्कृति प्रवर्द्धन् गर्ने, र पारदर्शिता, निष्ठा र जवाफदेहिताको सिद्धान्तहरूको सुदृढीकरण गर्ने काम गर्नेछ । | *भ्रष्टाचार विरोधी आयोगको स्थापना* |
| **बुरूण्डी** सन् २००५ | धारा ९१(ज) | **निर्वाचन आयोगका देहाय अनुसारका जिम्मेवारीहरू रहेका छन् : ...(छ) बहुजातीयता र लिङ्गका सन्दर्भमा यस संविधानका प्रावधानहरूप्रति सम्मान अभिबृद्धि गर्नु र यस सम्बन्धमा आएका दावीहरूलाई ध्यान दिनु ।** | *निर्वाचन आयोगको स्थापना* |
| **भुटान** सन् २००८ | धारा १५(४)(ख) | यहाँ उल्लेख भएका योग्यता र आवश्यकताहरु पूरा गरेपछि **निर्वाचन आयोगले** कुनै राजनीतिक दलको दर्ता गर्नेछ : ...(ख) **यसको सदस्यता** क्षेत्र, लिङ्ग, भाषा, धर्म वा सामाजिक उत्पत्तिमा **आधारित छैन** । | *निर्वाचन आयोगको स्थापना* |
| **केन्या** सन् २०१० | धारा ८८(१)<br>धारा ८८(४) | १. एउटा **स्वतन्त्र निर्वाचन र सीमा आयोग** रहनेछ ।<br>४. जनमत संग्रहको आयोजना वा सुपरीवेक्षण गर्न र यस संविधान बमोजिम स्थापिते कुनै निर्वाचन निकाय वा कार्यालयको निर्वाचन गराउने, र संसदीय कानूनले तोकेको अन्य कुनै निर्वाचन आयोजना गर्न आयोग जिम्मेवार हुनेछ । | *निर्वाचन आयोगको स्थापना* |

निष्कर्ष

कार्य/कदमहरू

## ४७ संविधानले राष्ट्रिय महिला वा लैङ्गिक आयोग वा लैङ्गिकतामा आधारित संयन्त्र भएको अन्य निकाय र संस्था स्थापना गर्ने ब्यवस्था गरेको छ ?

व्याख्या

राष्ट्रिय महिला संयन्त्र अन्तर्गत 'महिला र पुरूषबीच अझ बढी समानता हासिल गर्ने सरकारी प्रयासलाई नेतृत्व र समर्थन उपलब्ध गराउने सरकारी कार्यालय, विभाग, आयोग वा मन्त्रालयहरु रहनेछन्' (क्यानेडियन इन्टरनेसनल डेभेलपमेन्ट एजेन्सी, सन् २००७) ।

राष्ट्रिय महिला संयन्त्र (वा लैङ्गिक संयन्त्र) को भूमिका 'महिलाको उत्थानलाई प्रवर्द्धन गर्ने नीतिहरूको निर्माण, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, पैरवी र परिचालनका लागि समर्थन जुटाउनु रहेको छ । (संयुक्त राष्ट्रसङ्घ, सन् १९९५: ८४) त्यस्तो संयन्त्र सरकारका विभिन्न निकायहरु मिलेर बनेको पनि हुनसक्छ, जस्तै : व्यवस्थापिका (उदाहरणका लागि, विशिष्टीकृत समिति), कार्यकारी (उदाहरणका लागि, महिला मामिलाका लागि जिम्मेवार मन्त्रालय) र स्वतन्त्र निकाय । यसमा नेतृत्व लिने निकाय प्रायः विशिष्टीकृत निकाय हुने गर्छ, जस्तैः लैङ्गिक आयोग वा महिला मामिलाको जिम्मेवारी बोकेको मन्त्रालय । प्रभावकारी हुनका लागि यो निकायले पर्याप्त बजेट प्राप्त गर्नुपर्छ र आफ्नो कार्यादेश पूरा गर्ने अधिकार यसमा निहित हुनुपर्छ ।

राष्ट्रिय लैङ्गिक नीतिको कार्यान्व्यनको समन्वय र निगरानीका अतिरिक्त, राष्ट्रिय महिला संयन्त्रको नेतृत्वदायी निकायले अन्तर्राष्ट्रिय दायित्वको कार्यान्वयनको निगरानी गर्छ र सिडअमा राष्ट्रकातर्फबाट हुने प्रतिवेदन प्रस्तुतिकार्यका लागि जिम्मेवार हुन्छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **गुयाना**<br>सन् १९८० | धारा २१२छ | देहाय अनुसारका आयोगहरु स्थापना गरिएका छन्, जसको लक्ष्यहरु सामाजिक न्याय र विधिको शासन स्थापित गर्नु रहेको छ – (ख) **महिला र लैङ्गिक समानता आयोग...** | |
| **दक्षिण अफ्रिका**<br>सन् १९९६ | भाग १८७ | (१) लैङ्गिक समानता आयोगले लैङ्गिक समानताका लागि सम्मान, र लैङ्गिक समानताको संरक्षण, विकास र प्राप्तिको प्रवर्द्धन गर्नुपर्छ । (२) लैङ्गिक समानता आयोगलाई कानूनमा व्यवस्था भए अनुसार लैङ्गिक समानतासम्बन्धी विषयहरूको अनुगमन, अनुसन्धान, शिक्षण, पैरवी, परामर्श र जानकारी गराउने लगायतका आवश्यक काम कारवाही गर्न पाउने अधिकार रहेको छ ।<br>(३) राष्ट्रिय कानूनमा व्यवस्था भएअनुसार लैङ्गिक समानता आयोगलाई अन्य अतिरिक्त अधिकार र जिम्मेवारीहरु प्राप्त हुनेछन् । | |
| **केन्या**<br>सन् २०१० | धारा ५९ | (१) केन्या राष्ट्रिय मानवअधिकार र समानता आयोगको स्थापना गरिएको छ ।<br>(२) आयोगको काम कर्तव्य देहाय अनुसार रहेका छन् :... लैङ्गिक समानता र समतालाई प्रवर्द्धन गर्ने र राष्ट्रिय विकासमा लैङ्गिक मूलप्रवाहीकरणको समन्वय र सहजीकरण गर्ने ... | *मानव अधिकार आयोगको लैङ्गिक समानता र मूलप्रवाहीकरणको जिम्मेवारी रहेको छ ।* |

| | | | |
|---|---|---|---|
| **जिम्बाब्वे सन् २०१३** | धारा २३२(१)(ग)<br>धारा २४५(२) | स्वतन्त्र आयोगहरु देहाय अनुसार रहेका छन् :- (ग) जिम्बाब्वे लैङ्गिक आयोग : जिम्बाब्वे लैङ्गिक आयोगका सदस्यहरु उनीहरूको निष्ठा र सामाजिक, साँस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा लैङ्गिकतासम्बन्धी मुद्दाबारे उनीहरूको ज्ञान र बुझाईको आधारमा नियुक्त हुनेछन् र आयोगमा लिङ्गहरूको समान प्रतिनिधित्व हुनेछ । | *लैङ्गिकता अनुगमन कार्यालयको स्थापना* |
| | धारा २४६ | जिम्बाब्वे लैङ्गिक आयोगका काम कर्तव्य देहाय अनुसार छन् : क.यस संविधानमा व्यवस्था भए अनुसार लैङ्गिक समानता सुनिश्चित गर्न लैङ्गिक समानतासम्बन्धी मुद्दाहरूको अनुगमन गर्नु<br>ख. लैङ्गिक अधिकारहरूको सम्भावित उल्लङ्घनको अनुसन्धान गर्नु ;<br>ग. जनताबाट उजुरी लिनु र त्यसमाथि विचार गरी आयोगले उपयुक्त ठानेको कदम चाल्नु ;<br>घ. लैङ्गिकता र सामाजिक न्यायसम्बन्धी विषयहरूमा अनुसन्धान गरी लिङ्गमा आधारित भेदभावको सिर्जना गर्ने कानून र अभ्यासहरु परिवर्तन गर्न सिफारिस गर्नु ;<br>ङ लैङ्गिक समानता सुनिश्चित गर्न चालिनुपर्ने कदमहरु बारे सार्वजनिक र निजी संस्थाहरूलाई परामर्श दिनु ;<br>च.लैङ्गिक समानता हासिल गर्न सकारात्मक पहलका कार्यक्रमहरूको सिफारिस गर्नु ;<br>छ. लिङ्गसम्बन्धी अधिकारको आपराधिक उल्लङ्घनका लागि अभियोजन सिफारिस गर्नु ; ज. लैङ्गिक अधिकार हनन् भएको अवस्थामा उपयुक्त उपचार सुनिश्चित गर्नु ; र<br>झ.लैङ्गिक समानता प्रवर्द्धन गर्न आवश्यक सबै कार्य गर्नु ।<br>भाग ३२३ अनुसार बुझाउनु पर्ने प्रतिवेदनका अतिरिक्त, जिम्बाब्वे लैङ्गिक आयोगले उपयुक्त मन्त्रीमार्फत लैङ्गिक विषयसम्बन्धी खास विषय बारे संसद्लाई प्रतिवेदन बुझाउँनेछ । आयोगको विचार उपर संसद्को ध्यान आकृष्ट गर्न यस किसिमको व्यवस्था जरूरी छ । | |
| **रूवाण्डा** | धारा १८५ | लैङ्गिकता अनुगमन कार्यालय एउटा स्वतन्त्र सार्वजनिक निकाय हो । यसले हरेक बर्ष आफ्नो कार्यक्रम र क्रियाकलापसम्बन्धी प्रतिवेदन मन्त्रिपरिषद्मा बुझाउँनेछ र त्यसको एक प्रति कानूनले व्यवस्था गरे अनुसार राज्यका अन्य अंगहरूलाई उपलब्ध गराउँनेछ । यस कार्यालयको सञ्चालन कानूनद्वारा निर्धारित हुनेछ ।<br>राष्ट्रिय महिला परिषद् आफ्नो व्यवस्थापनमा एउटा स्वतन्त्र निकाय हो । परिषद्को जिम्मेवारी, संगठन र सञ्चालन, र यसको राज्यका अन्य अंगहरूसँगको सम्बन्ध कानूनद्वारा निर्धारित हुनेछ । | *महिला परिषद्को स्थापना* |

निष्कर्ष

कार्य/कदमहरू

# ४८ संविधानले व्यक्तिलाई कानून तथा सरकारी गतिविधिहरूलाई अदालतमा चुनौती दिन सक्ने आधार पर्याप्त मात्रामा खुला र सहज पहुँचयोग्य बनाएको छ जसले गर्दा पछाडि पारिएका वा परेका व्यक्तिहरूको न्यायमा सहज पहुँच होस् ?

व्याख्या

कसैको तर्फबाट मुद्दा दायर गर्ने कार्यलाई खास अधिकारसहित संविधानमा व्याख्या गर्न सकिन्छ ।

सामान्यतया, कानून वा सरकारी कदमलाई अदालतमा चुनौती दिनसक्ने आधारले न्याय प्रणालीमा महिला र सीमान्तकृत समुहहरूको बढी पहुँच सुनिश्चित गर्छ । प्रत्यक्ष क्षतिको अनुभव नगरेको व्यक्ति वा समूहलाई मुद्दा हाल्नसक्ने स्वीकृति प्रदान गर्नु भनेको धेरै स्रोत हुनेले कम स्रोत भएका तर्फबाट कानूनी रूपमा पैरवी गर्न सक्ने व्यवस्था गर्नु हो । साथै, वास्तविक क्षति भन्दा पनि सम्भावित क्षतिको अनुमान गरी मुद्दा दायर गर्ने अवस्थाले चोटपटकको सामना गर्ने महिलाहरूलाई संरक्षण प्रदान गर्छ ।

कुनै कानूनको संवैधानिकतामाथि निर्णय गर्ने सम्बन्धमा अदालतलाई प्रदत्त अधिकार ओम्बुड्समेनलाई पनि दिन सकिन्छ । त्यस्तो प्रावधानले कम स्रोत भएकाहरूको न्यायमाथिको पहुँचलाई थप विस्तार गर्छ किनभने यस किसिमको व्यवस्थाले ओम्बुड्समेनले समेत संवैधानिक उल्लङ्घनका विषयहरु अदालतले झैं सीधै हेर्न सक्छ र व्यक्ति र गैरसरकारी संस्थाहरूको स्रोत तथा क्षमतामा निर्भर भइरहनु पर्दैन ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **दक्षिण अफ्रिका**<br>सन् १९९६ | भाग ३८ | यस भागमा सूचीकृत कुनै पनि व्यक्ति अधिकार पत्रमा रहेको अधिकार उल्लङ्घन भएको वा जोखिममा रहेको आरोपसहित सक्षम अदालतसम्म जानसक्छ र अदालतले अधिकारहरूको घोषणासहित उपयुक्त राहत प्रदान गर्नसक्छ । अदालतसमक्ष जानसक्ने व्यक्तिहरूमा देहाय बमोजिमका व्यक्ति वा संस्थाहरू पर्दछन् :क. **आफ्नो हितमा काम गर्ने कुनै पनि व्यक्ति ; ख. आफ्नो तर्फबाट आंफै काम गर्न नसक्ने भई आफ्नो तर्फबाट कार्य गर्ने अर्को कुनै पनि व्यक्ति ; ग. कुनै समूह वा व्यक्तिहरूको वर्गको सदस्यका रूपमा वा त्यसको हितका लागि कार्यरत कुनै पनि व्यक्ति ; घ. सार्वजनिक सरोकारका लागि कार्यरत कुनै पनि व्यक्ति ; र ङ आफ्ना सदस्यहरूको हितमा कार्यरत कुनै संघ ।** | *अधिकार उल्लङ्घन भएको (वा हुने जोखिममा रहेको) आरोपसहित ओम्बुड्सम्यान, प्रभावित व्यक्ति र प्रभावित व्यक्ति वा समूहका तर्फबाट अन्यले अदालतसमक्ष मुद्दा दायर गर्न सक्छन् ।* |

| | | | |
|---|---|---|---|
| **जिम्बाब्वे**<br>सन् २०१३ | भाग ४, धारा ८५(१) | **१. देहायको कुनै पनि व्यक्ति यस अध्याय** (अध्याय ४: अधिकारहरूको घोषणा) **मा स्थापित मौलिक हक वा स्वतन्त्रता उल्लङ्घन भइरहेको वा हुनसक्ने सम्भावना रहेको भनी आरोपसहित अदालत जान सक्नेछ, र अदालतले अधिकारहरूको घोषणा र क्षतिपूर्ति दिन सक्नेछ :क. आफ्नो हितका लागि काम गर्ने कुनै व्यक्ति ; ख. आफ्नो तर्फबाट आंफै काम गर्न नसक्ने भई आफ्नों तर्फबाट कार्य गर्ने अर्को कुनै पनि व्यक्ति; ग.व्यक्तिहरूको समूह वा वर्गका तर्फबाट सदस्यका रूपमा वा त्यसको हितमा कार्यरत कुनै व्यक्ति ; घ. सार्वजनिक हितमा कार्यरत कुनै व्यक्ति; ङ. आफ्ना सदस्यहरूको हितमा कार्यरत कुनै पनि संघ ।** | *अधिकार उल्लङ्घन भएको (वा हुने जोखिममा रहेको) आरोपसहित प्रभावित व्यक्ति र प्रभावित व्यक्ति वा समूहका तर्फबाट अन्य, र सार्वजनिक हितका लागि कार्यरत व्यक्तिले अदालतसमक्ष मुद्दा दायर गर्नसक्छन् ।* |
| | भाग ४, धारा ८५(२) | १. कुनै व्यक्तिले कानूनको उल्लङ्घन गरेको तथ्यले मात्रै उनीहरूलाई उपधारा (१) बमोजिम न्यायिक उपचारका लागि अदालतसमक्ष जान वञ्चित गर्ने छैन । | *अदालतहरु पहुँचयोग्य हुनुपर्छ* |
| | भाग ४, धारा ८५(३) | **२.उपधारा (१) अन्तर्गत उपचार माग गरिएका मुद्दाहरूमा पालना गरिनु पर्ने विधि अदालती नियमहरूद्वारा व्यवस्थित हुनुपर्छ, र ती नियमहरूले देहायका कुरा सुनिश्चित गर्नुपर्छ : क. उपधारा (१) अन्तर्गत अदालतसमक्ष जान सक्ने अधिकारलाई पूर्ण रूपमा सहजीकरण गरिएको ; ख. न्यूनतम कार्यविधिसम्बन्धी औपचारिकताहरू ; ग.प्राकृतिक न्यायको नियम पालनामा अदालती प्रक्रिया र प्राविधिक बन्धनबाट छुटकारा ; र घ. कुनै खास विशेषज्ञतासहितको व्यक्ति अदालतको आदेश अनुसार अदालतको मित्रका रूपमा उपस्थित हुनसक्ने ।** | |
| | भाग ४, धारा ८५(४) | ४. उपधारा (३)मा उल्लिखिते नियमको अभावले मात्रै उपधारा (१) अन्तर्गत कार्यविधि थालनी गर्ने र मुद्दा सुनुवाई गरी निर्णय गर्न पाउने अदालतको अधिकारलाई सीमित गर्ने छैन । | |
| **अर्जेन्टिना**<br>सन् १९९४ | **भाग ४३** | **यस संविधान,** सन्धि वा कानूनबमोजिम **मान्यताप्राप्त अधिकार र प्रत्याभूतिहरूलाई स्वेच्छाचारी वा स्पष्ट रूपमा गैरकानूनी तरिकाले तत्काल वा तुरुन्तै क्षति पुर्‍याउने, सीमित तुल्याउने, परिवर्तन गर्ने वा जोखिममा पार्ने सार्वजनिक निकाय वा निजी व्यक्तिबाट भएको कुनै कार्य वा गैरपालना विरूद्ध** अन्य कुनै उपयुक्त न्यायिक माध्यम नरहेको अवस्थामा **कुनै व्यक्तिले 'अम्पारो' को द्रुत र छिटो कारवाहीका लागि दर्ता गर्न सक्नेछ ।** न्यायाधीशले सो हानिकारक कार्य वा गैरपालनालाई उपयुक्तता अनुसार असंवैधानिक घोषणा गरिदिन सक्नेछ । **यो उजुरी कुनै प्रकारको भेदभावको गुनासो गरिएको वा वातावरण, प्रतिस्पर्धा, प्रयोक्ता, उपभोक्तालाई संरक्षण गर्ने अधिकार वा सामूहिक प्रकृतिको अधिकारसंग सम्बन्धित भएमा त्यस सम्बन्धमा प्रभावित पक्षका साथै जनताको प्रतिरक्षक (ओम्बुड्सम्यान) र कानून बमोजिम स्थापित सम्बद्ध संघसंस्थाले उपचार माग गर्न सक्छन् ।** | *अम्पारोको अधिकार प्रभावित व्यक्ति, ओम्बुड्सम्यान वा प्रभावित व्यक्तिका तर्फबाट अन्यले प्रचलन गराउन सक्छन् ।* |
| **होन्डुरस**<br>सन् १९८२ | शीर्षक ४, अध्याय १, धारा १८३ | राज्यले अम्पारोको रिटलाई मान्यता प्रदान गर्नेछ । फलस्वरूप, **हरेक प्रभावित व्यक्ति वा निजको तर्फबाट अन्य व्यक्तिलाई देहायको माग राखी अम्पारोको रिट निवेदन दिने अधिकार हुनेछ : १. संविधान, सन्धि, महासन्धि र अन्य अन्तर्राष्ट्रिय दस्तावेजद्वारा प्रत्याभूत अधिकारहरू कायम वा पुनःस्थापित गराउन** ; र २. कुनै कानून वा प्रस्ताव वा अख्तियारी यस संविधानले प्रत्याभूत गरेको कुनै पनि अधिकारको प्रतिकूल हुने वा त्यसलाई सीमित वा संकुचित तुल्याउने भएमा सो कुरा निवेदकको लागि बाध्यकारी नहुने गरी कुनै खास मुद्दामा घोषणाजन्य फैसलाका लागि । | *अम्पारको अधिकार प्रभावित व्यक्ति, ओम्बुड्म्यान वा प्रभावित व्यक्तिका तर्फबाट अन्यले प्रस्तुत गर्न सक्छन् ।* |

निष्कर्ष

कार्य/कदमहरू

# ४९ असमर्थ पक्षका लागि सरकारी कोषवाट निःशुल्क कानूनी सहायता सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ ? यदि छ भने त्यसले फौजदारी र देवानी दुवै प्रकृतिका मुद्दालाई समेट्दछ ?

व्याख्या

कानूनी सहायताको अधिकार (कानूनी प्रतिनिधित्व वा सल्लाहका लागि रकम सहयोग, वा राज्यबाट प्रदान गरिएको निःशुल्क कानूनी प्रतिनिधित्व वा सल्लाह) विशेषतः गरिबलक्षित भएको अवस्थामा त्यो न्याय प्रणालीमा समान पहुँच प्राप्त गर्ने सिलसिलामा महिलाका लागि पनि महत्वपूर्ण हुनसक्छ ।

महिलाहरूका लागि कानूनी सहायता फौजदारी मामिलामा मात्र नभई पारिवारिक र देवानी मामिलामा समेत विशेष महत्वपूर्ण हुन्छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **सामोआ** सन् १९६२ | धारा ९(४)(ग) | प्रत्येक अभियुक्तलाई देहाय बमोजिमका न्यूनतम अधिकार प्राप्त हुनेछन् : (ग) आफैँ वा आफुले रोजेको **कानूनी सहायता**मार्फत आफ्नो प्रतिरक्षा गर्ने, र यदि कानूनी सहायताको खर्च वापत पर्याप्त रकम नभएमा न्यायको खातिर निःशुल्क कानूनी सहायता प्राप्त गर्ने । | *फौजदारी मामिलामा कानूनी सहायता उपलब्ध ।* |
| **मार्सल आइलैण्ड** सन् १९७९ | धारा २, भाग ४(४) | **सबै फौजदारी अभियोजनहरूमा** अभियुक्तले आफूविरूद्ध लगाइएको आरोपको प्रकृति र कारणबारे तत्काल र विस्तृत रूपमा सूचित हुने ; निजलाई मुद्दा चलाउन मनासीब कारण भए नभएको बारेमा तत्काल न्यायिक निर्धारण हुने ; निष्पक्ष न्यायाधीकरण समक्ष द्रुत र सार्वजनिक सुनुवाई हुने ; आफ्नो प्रतिरक्षाका तयारीका लागि पर्याप्त समय र सुविधा प्राप्त गर्ने , आफैले वा आफ्नो रोजाईको कानून व्यवसायी मार्फत आफ्नो प्रतिरक्षा गर्ने, **र यदि कानूनी सहायताको खर्च वापत पर्याप्त रकम नभएमा न्यायको खातिर निःशुल्क कानूनी सहायता प्राप्त गर्ने** ; आफूविरूद्धको साक्षीहरूको रूजु गर्ने र आफ्नो पक्षमा साक्षीहरु अनिवार्य रूपमा पेश गर्न पाउने अधिकार राख्दछ । | *फौजदारी मामिलामा कानूनी सहायता उपलब्ध ।* |
| **मोजाम्बिक** सन् २००४ | धारा ६२(२) | अभियुक्तलाई मुद्दाका सबै काम कारवाहीमा सहयोग पुर्‍याउन स्वतन्त्र रूपमा कानून व्यवसायी छनौट गर्ने अधिकार हुनेछ । आर्थिक कारणले आफै कानून व्यवसायी राख्न नसक्ने अभियुक्तलाई पर्याप्त **कानूनी सहायता** र सहयोगको सुनिश्चितता प्रदान गरिनेछ । | *फौजदारी मामिलामा कानूनी सहायता उपलब्ध ।* |
| **नामिबिया** सन् १९९० | धारा ९५(ज) | राज्यले देहायका उद्देश्यसहितका नीतिहरु अवलम्बन गर्दै जनताको कल्याणलाई सक्रिय रूपमा प्रवर्द्धन र कायम गर्नेछ :(ज) राज्यको स्रोतलाई दृष्टिगत गर्दै खास किसिमका मुद्दाहरूमा **निःशुल्क कानूनी सहायता प्रदान गरेर समान अवसरको आधारमा न्याय प्रवर्द्धन गर्ने प्रयास गर्ने काननी व्यवस्था ।** | *मुद्दाको प्रकृति (फौजदारी, देवानी, पारिवारिक) उल्लेख नगरी कानूनी सहायता उपलब्ध ।* |
| **एल साल्भाडोर** सन् १९८३ | धारा १९४(२) | **यसले गणतन्त्रको प्रोक्यूरेटर जेनरलसँग** (देहायको काम गर्न) **सम्पर्कमा रहनेछ : (२) सीमित आर्थिक स्रोत भएका व्यक्तिलाई कानूनी सहायता प्रदान गर्ने र उनीहरूको व्यक्तिगत स्वतन्त्रता र श्रम अधिकारको प्रतिरक्षा हेतु न्यायसंगत रूपमा प्रतिनिधित्व गर्न सघाउ पुर्‍याउन ।** | *मुद्दाको प्रकृति (फौजदारी, देवानी, पारिवारिक) उल्लेख नगरी कानूनी सहायता उपलब्ध ।* |

| | | | |
|---|---|---|---|
| **भारत**<br>सन् १९४९ | धारा ३९क | राज्यले कानूनी व्यवस्थाको कार्यान्वयमार्फत समान अवसरको आधारमा न्यायको प्रवर्द्धन गरेको सुनिश्चित गर्नेछ र **विशेषगरी न्याय सुनिश्चित गर्ने अवसरहरू कुनै पनि नागरिकका लागि आर्थिक वा अन्य अपाङ्गतका कारण पहुँचभन्दा बाहिर नभएको सुनिश्चित गर्न** उपयुक्त कानूनी वा अन्य कार्यमार्फत **निःशुल्क कानूनी सहायता उपलब्ध** गराउनेछ । | *मुद्दाको प्रकृति (फौजदारी, देवानी, पारिवारिक) उल्लेख नगरी कानूनी सहायता उपलब्ध ।* |
| **काजकास्तान**<br>सन् १९९५ | धारा १३(३) | हरेक व्यक्तिलाई उपयुक्त **कानूनी सहायता**को हक हुनेछ । कानूनले उल्लेख गरेका मुद्दाहरूमा **निःशुल्क कानूनी सहायता** प्रदान गरिनेछ । | *मुद्दाको प्रकृति (फौजदारी, देवानी, पारिवारिक) उल्लेख नगरी कानूनी सहायता उपलब्ध ।* |
| **फिलिपिन्स**<br>सन् १९८७ | धारा ३, भाग ११<br><br>धारा ८, भाग ५ | **गरिबीको कारणले मात्रै कुनै पनि व्यक्तिलाई** अदालत र अर्धन्यायिक निकायहरूमा स्वतन्त्र पहुँच र **पर्याप्त कानूनी सहायताको अवसरबाट बञ्चित गराइने छैन ।**<br><br>सर्वोच्च अदालतको अधिकारक्षेत्र देहाय अनुसार हुनेछ : संवैधानिक अधिकारको **संरक्षण र अभ्यास सम्बन्धी**, अदालती सुनुवाई, अभ्यास र विधि, कानूनी अभ्यासको स्वीकृति, एकीकृत बार र **सुविधाबाट बञ्चितहरूका लागि निःशुल्क सहायता सम्बन्धी नियमहरू जारी** गर्ने । ती नियमहरूले मुद्दाको द्रुत व्यवस्थापनाका लागि सरलीकृत र कम खर्चिलो विधिहरु सिफारिश गर्नेछन् । ती नियमहरू समान स्तरका सबै अदालतहरूका लागि समानरूपले लागू हुनेछन्, र सारभूत अधिकारहरूलाई कमजोर बनाउने, बढाउने वा परिवर्तन गर्ने कार्य गर्ने छैनन् । | *मुद्दाको प्रकृति (फौजदारी, देवानी, पारिवारिक) उल्लेख नगरी कानूनी सहायता उपलब्ध ।* |
| **ट्यूनिसिया सन्** २०१४ | धारा १०८ | मुद्दा दायर गर्ने र प्रतिरक्षा गर्न पाउने अधिकार प्रत्याभूत गरिएको छ । **कानूनले न्यायमा पहुँचको सहजीकरण गर्नेछ र वित्तीय स्रोत नभएका व्यक्तिहरूलाई निःशुल्क कानूनी सहायता प्रदान गर्नेछ ।** | *मुद्दाको प्रकृति (फौजदारी, देवानी, पारिवारिक) उल्लेख नगरी कानूनी सहायता उपलब्ध ।* |

निष्कर्ष

कार्य/कदमहरू

# ५० संविधान लागू गर्न कुनै संरचनाको व्यवस्था गरिएको छ ?

व्याख्या

संविधानमा रहेका अधिकार र स्वतन्त्रता सम्बन्धी व्यवस्थाले व्यवहारमा आफ्नो असर र प्रभाव देखाउनको लागि हाल विद्यमान कानून, संस्थागत संरचना, प्रशासनिक व्यवस्था, नीति र नियमावलीको समीक्षा गर्दै आवश्यकता अनुसार नयां व्यवस्था र संरचनाहरूको निर्माण गरी संविधानको प्रभावकारी कार्यान्वयन गरिनुपर्छ । कार्यान्वयन तालिकाको निर्माणले व्यवस्थापिका र कार्यकारीका लागि संविधान पूर्ण रूपमा र समयबद्ध तरीकाले कार्यान्वयन भएको सुनिश्चित गर्ने मार्गचित्र प्रस्तुत गर्नसक्छ । संविधान कार्यान्वयन आयोग जस्ता विशिष्टीकृत निकायले संवैधानिक कार्यान्वयनको अनुगमन, सहजीकरण र सुपरीवेक्षण गर्न सक्छन् ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **सर्बिया**<br>सन् २००६ | धारा १८ | संविधानले प्रत्याभूत गरेका मानव अधिकार र अल्पसङ्ख्यकको अधिकारसम्बन्धी व्यवस्थाहरू **सोझै कार्यान्वयन गरिनेछन् ।** | *छनौट गरिएका प्रावधानहरूको तत्काल कार्यान्वयन* |
| **अफगानिस्तान**<br>सन् २००४ | धारा १५७ | संविधानको **कार्यान्वयनको सुपरीवेक्षणका लागि कानून बमोजिम एक स्वतन्त्र आयोगको** स्थापना गरिनेछ । आयोगका सदस्यहरूको नियुक्ति जनसंसद्को अनुमोदनमा राष्ट्रपतिबाट हुनेछ । | *कार्यान्वयनको सुपरीवेक्षणका लागि विशेष निकाय जिम्मेवार रहेको* |
| **केन्या**<br>सन् २०१० | अध्याय १८, धारा २६१ (१), २६१ (५), २६१ (७) | **१. संसद्ले यस संविधान अनुसार कुनै खास विषयलाई नियमन गर्न जारी हुनुपर्ने कुनै पनि कानून पाँचौ अनुसूचीमा तोकिएको समयावधि भित्र, तोकिएकै मितिबाट प्रारम्भ हुने गरी तर्जुमा गर्नेछ ।**<br>५. संसद्ले तोकिएको समय भित्र कुनै खास कानून जारी गर्न नसकेमा कुनै पनि व्यक्तिले यस विषयमा उच्च अदालतमा निवेदन दर्ता गर्नसक्नेछ ।<br>७. उपधारा (६) (ख) अन्तर्गतको आदेश अनुसार संसद्ले कानून जारी गर्न असफल भएमा, प्रधानन्यायाधीशले राष्ट्रपतिलाई संसद् विघटन गर्न सिफारिस गर्नेछ र राष्ट्रपतिले संसद् विघटन गर्नेछ । | *कार्यान्वयन कानून र नयाँ संस्थाहरूको सिर्जनाको लागि तालिका* |

| | | | |
|---|---|---|---|
| **केन्या**<br>सन् २०१० | पाँचौ अनुसूची : संसद्बाट जारी हुने कानून (धारा २६१) (छनौटहरु) | अध्याय तीन- नागरिकता<br>• नागरिकतासम्बन्धी कानून (धारा १८)-एक बर्ष<br>अध्याय चार-अधिकारपत्र :<br>• परिवार (धारा ४५)-पाँच बर्ष<br>• उचित प्रशासनिक कार्य (धारा ४७)-चार बर्ष<br>• निष्पक्ष सुनुवाई (धारा ५०)- चार बर्ष<br>• पक्राउ गरिएका, थुनामा रहेका वा बन्दी बनाईएका व्यक्तिहरुको अधिकार (धारा ५१)-चार बर्ष<br>• केन्याली मानवअधिकार र समानता आयोग (धारा ५९)-एक बर्ष<br>अध्याय सात - जनताको प्रतिनिधित्व<br>• निर्वाचनसम्बन्धी कानून (धारा ८२)- एक बर्ष<br>• निर्वाचनसम्बन्धी विवादहरु (धारा ८७)-एक बर्ष<br>• स्वतन्त्र निर्वाचन र सीमा आयोग (धारा ८८)-एक बर्ष<br>• राजनीतिक दलसम्बन्धी कानून (धारा ९२)-एक बर्ष<br>अध्याय आठ - व्यवस्थापिका<br>• सीमान्तकृत समूहहरुको प्रतिनिधित्वको प्रवर्द्धन (धारा १००)-पाँच बर्ष<br>अध्याय दश - न्यायपालिका<br>• अदालतको प्रणाली (धारा १६२)- एक बर्ष<br>• न्यायाधीश र मेजिस्ट्रेटहरुको जाँच (छैठौं अनुसूची, भाग २३)- एक बर्ष<br>अध्याय एघार - प्रत्यायोजित सरकार<br>• काउन्टी सभा लैङ्गिक सन्तुलन र विविधता (धारा १९७) - तीन बर्ष<br>साधारण<br>• यस संविधानअनुसार आवश्यक अन्य कुनै कानून -पाँच बर्ष | *कार्यान्वयन कानून र नयाँ संस्थाहरुको सिर्जनाको लागि तालिका* |
| **केन्या**<br>सन् २०१० | छैठौं अनुसूची : संक्रमणकालीन र परिणामजन्य प्रावधानहरु (धारा २६२)- भाग १, परिच्छेद ५, संविधान कार्यान्वयन सम्बन्धी आयोग<br>१,६,७ | **१. संविधानको कार्यान्वयनका लागि एक आयोगको स्थापना गरिएको छ ।**<br>**६. आयोगका काम,कर्तव्य देहाय बमोजिम हुनेछ :**<br>**क.यो संविधान कार्यान्वयन गर्न आवश्यक कानूनी र प्रशासनिक विधिको विकासको अनुगमन, सहजीकरण र सुपरीवेक्षण ;**<br>**ख.यस संविधानको कार्यान्वयन गर्न आवश्यक कानून संसद्मा प्रस्तुत गर्ने तयारी गर्न महान्यायाधिवक्ता र केन्याली कानून सुधार आयोगसँग समन्वय गर्ने ;**<br>**ग. संवैधानिक कार्यान्वयन निगरानी समितिलाई नियमित रूपमा देहायका विषयमा प्रतिवेदन बुझाउने :**<br>(अ) यस संविधानको कार्यान्वयनमा भएको प्रगति; र<br>(आ) त्यसको कार्यान्वयनमा रहेका व्यवधानहरु ; र<br>**घ.यस संविधानको अक्षर र भावनाको सम्मान गरिएको सुनिश्चित गर्न हरेक संवैधानिक आयोगहरूसँग सहकार्य गर्ने ।**<br>७. संविधानको कार्यान्वयसम्बन्धी आयोगको स्थापना भएको पाँच बर्ष वा संसद्ले निर्धारण गरे बमोजिम यस संविधानको पूर्ण कार्यान्वयन भएको मितिमध्ये जुन पहिला हुन्छ सोही मितिदेखि लागू हुने गरी आयोगको विघटन हुनेछ । तर राष्ट्रिय सभाले प्रस्ताव पारित गरी यसको अवधि थप गर्न सक्नेछ । | *कार्यान्वयनको सुपरीवेक्षणका लागि विशेष निकाय जिम्मेवार रहेको* |

निष्कर्ष

कार्य/कदमहरू

संविधानमा महिला समानताको समीक्षा

# संवैधानिक व्याख्या

## प्रश्न ५१ - ५५



# ५१ संवैधानिक प्रावधानहरूको प्रगतिशील व्याख्यालाई मार्गप्रशस्त गर्ने गरी संवैधानिक व्याख्या तथा न्यायिक पुनरावलोकनको लागि मार्गदर्शन गरिएको छ ?

## व्याख्या

विश्वमा प्रचलनमा रहेका संविधानहरूमध्ये कुनै कुनै संविधानले संविधानको व्याख्याका लागि निर्देशन वा सिद्धान्त प्रदान गर्छन् । उदाहरणका लागि, कुनै संविधानले व्यवस्था गरिएका अधिकारहरु अन्तर्राष्ट्रिय सन्धि, महासन्धि र मापदण्ड अनुरूप व्याख्या गर्न सकिने भनी व्यवस्था गर्नसक्छ ।

संविधान वा संविधानमा समावेश भएका अधिकार र स्वतन्त्रताहरूको व्याख्या 'प्रगतिमूलक ढंगबाट' वा सम्बन्धित व्यक्ति वा समूहका लागि सबैभन्दा उपयुक्त/लाभजन्य तरिकाले गरिनेछ भन्ने कुरा उल्लेख हुनसक्छ ।

संवैधानिक व्याख्यामा प्रगतिमूलक दृष्टिकोणले अधिकारको नयाँ र क्रमशः विकसित हुंदै गैरहेका अवधारणाहरूलाई पनि आत्मसात गर्नुपर्ने कुरामा जोड दिन्छ, जुन समयसँग परिवर्तन हुँदै जान्छ । त्यस्तो अवधारणाको प्रयोगले दिगो दस्तावेजका रूपमा हेरिने संविधानलाई समयसँगै परिवर्तन हुने समसामयिक राजनीतिक र सामाजिक मान्यताहरु अनुरूप बुझ्ने अवसर प्रदान गर्छ । फलस्वरूप समयक्रमसँगै संवैधानिक अधिकार र प्रत्याभूतिहरूको व्यावहारिक कार्यान्वयनमा विस्तार हुनसक्ने सम्भावना रहन्छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **डोमिनिकन रिपब्लिक**<br>सन् २०१० | धारा ७४(४) | **यस संविधानमा व्यवस्थित मौलिक हक र प्रत्याभूतिहरूको व्याख्या र नियमन** देहायका सिद्धान्तहरु अनुरूप हुनेछ : (४) सार्वजनिक अधिकारीले **मौलिक हक र तिनका प्रत्याभूतिहरू सम्बन्धी मूल्य मान्यताहरूलाई सबैभन्दा अनुकूल अर्थमा व्याख्या** र लागू गर्नु पर्नेछ, र मौलिक हकहरूबीच पारस्परिक विरोधाभासको अवस्थामा यस संविधानद्वारा संरक्षित जायदाद र हकहितहरूलाई अनुकूलन गर्ने प्रयास गर्नुपर्नेछ । | *अधिकारहरूको व्याख्या सबैभन्दा अनुकूल तरिकाले गरिनुपर्छ ।* |
| **भनेजुऐला**<br>सन् १९९९ | धारा १९ | राज्यले हरेक व्यक्तिलाई प्रगतिमूलक सिद्धान्त अनुसार र कुनै पनि प्रकारको भेदभाव बिना परित्याग गर्न नमिल्ने, अविभाज्य र अन्तरनिर्भर मानवअधिकारको उपभोग र अभ्यास प्रत्याभूत गर्नेछ । | *अधिकारहरूको व्याख्या सबैभन्दा अनुकूल तरिकाले गरिनुपर्छ ।* |
| **इक्वेडोर**<br>सन् २०११ | धारा ४२७ | **संवैधानिक प्रावधानहरूको व्याख्या समग्रतामा संविधानको मर्मसंग निकट हुने गरी शाब्दिक ढंगले गरिनेछ । कुनै द्विविधा भएको अवस्थामा संवैधानिक व्याख्याको साधारण सिद्धान्त बमोजिम जनताको इच्छाको सबैभन्दा बढी सम्मान हुने गरी अधिकारको पूर्णता र प्रभावकारिता सुनिश्चित हुने व्याख्या लागू हुनेछ ।** | *अधिकारहरूको व्याख्या सबैभन्दा अनुकूल तरिकाले गरिनुपर्छ ।* |
| **फिजीद्वीप**<br>सन् १९९७ | भाग ३(ख) | **यो संविधानका प्रावधानहरूको व्याख्यामा**...(ख) यस संविधान मसौदा गरिएको सन्दर्भ र संवैधानिक व्याख्याले **सामाजिक र साँस्कृतिक विकासक्रमलाई ध्यानमा राख्नुपर्ने** आशयलाई विचार गर्नुपर्छ, र त्यसमा पनि विशेषगरी देहायका कुराहरूलाई ध्यानमा राख्नुपर्छ :(क) **कुनै खास मानवअधिकारको अन्तर्वस्तुको बुझाइको विकासक्रम** ; र (ख) **खास मानवअधिकारको प्रवर्द्धनमा भएको विकासक्रम ।** | *अधिकारहरूको बुझाईमा भएका विकासक्रमहरूलाई उनीहरूको व्याख्यामा लागू गरिनेछ ।* |

| | | | |
|---|---|---|---|
| **केपभर्ड**<br>सन् २०१० | धारा १७(२)<br><br>धारा १७(३) | अधिकार, स्वतन्त्रता र प्रत्याभूतिहरु सम्बन्धी **संवैधानिक मूल्य मान्यताहरूको विस्तार र अत्यावश्यक अन्तर्वस्तुलाई व्याख्याको माध्यमले संकुचित बनाइने छैन । मौलिक हकसम्बन्धी संवैधानिक र कानूनी प्रावधानहरूको व्याख्या र सम्मिलन मानवअधिकारको विश्वव्यापी घोषणापत्र अनुसार गरिनेछ ।** | *अधिकारहरूको व्याख्या अन्तर्राष्ट्रिय कानून अनुरूप गरिनुपर्छ ।* |
| **गुयाना**<br>सन् १९८० | धारा ३९(२) | यस संविधानमा रहेका **मौलिक हकसम्बन्धी प्रावधानहरूको व्याख्यामा** अदालतले **मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानून, महासन्धि र अनुबन्धहरूलाई ध्यानमा राख्नेछ ।** | *अधिकारहरूको व्याख्या अन्तर्राष्ट्रिय कानून अनुरूप गरिनुपर्छ ।* |
| **सर्बिया**<br>सन् २००६ | धारा १८ | **मानव अधिकार र अल्पसङ्ख्यकका अधिकारसम्बन्धी** प्रावधानको व्याख्या लोकतान्त्रिक समाजको मूल्यमान्यतालाई प्रवर्द्धन गर्ने हिसाबले, र **मानव र अल्पसङ्ख्यक अधिकारका अन्तर्राष्ट्रिय मापदण्डहरू अनुसार,** र उनीहरूको कार्यान्वयनलाई सुपरीवेक्षण गर्ने अन्तर्राष्ट्रिय संस्थाहरूको अभ्यास अनुरूप गरिनेछ । | *अधिकारहरूको व्याख्या अन्तर्राष्ट्रिय कानून अनुरूप गरिनुपर्छ ।* |

निष्कर्ष

कार्य/कदमहरू

# ५२ लैङ्गिक समानतासम्बन्धी अधिकारहरूलाई अवाञ्छित सीमाहरूबाट संरक्षित गरिएको छ ?

## व्याख्या

संविधानले केही अधिकारहरूको उपभोगमा सीमा निर्धारण गर्नुपर्ने कारण वा परिस्थितिलाई निर्दिष्ट गर्नसक्छ, जस्तैः संकटकालको अवस्था । तथापि, त्यस्तो अस्वाभाविक अवस्थामा पनि मौलिक हक र अधिकारको सम्मान गरिनुपर्छ र मौलिक अधिकारमा लागू गरिने सीमाहरु स्पष्ट रूपमा उल्लेख गरिनुपर्छ र ती सीमाहरू न्यूनतम हुनुपर्छ ।

अभिव्यक्तिको स्वतन्त्रता वा प्रथाजनित कानून अभ्यास गर्न पाउने अधिकार जस्ता केही खास अधिकारको उपभोग लैङ्गिक समानताका प्रावधानहरूसँग बाझिन सक्छन् । त्यस्तै, अन्य केही अधिकारहरूको उपभोगबाट लैङ्गिक समानता सम्बन्धी अधिकारहरूको अवमूल्यन हुनसक्छ । लैङ्गिक समानताको संरक्षणले लैङ्गिक समानतासम्बन्धी अधिकारहरूलाई प्राथमिकता दिने र अन्य अधिकारहरूलाई सीमित गर्ने कार्य गर्नसक्छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **दक्षिण अफ्रिका** सन् १९९६ | धारा ३६ | **१.अधिकारपत्रमा रहेका अधिकारहरू** कानूनको आम अभ्यासको शर्तमा मात्र संकुचित गर्न सकिनेछ, र **त्यो संकुचन मानव निष्ठा, समानता र स्वतन्त्रतामा आधारित खुला र लोकतान्त्रिक समाजमा न्यायसंगत र तर्कसंगत हुनुपर्छ, र देहायका विषय लगायत सबै सम्बन्धित पक्षहरूलाई ध्यानमा राख्नुपर्छ :**<br>**क.अधिकारको प्रकृति ;**<br>**ख. संकुचनको प्रयोजनको महत्व;**<br>**ग. संकुचनको प्रकृति र सीमा ;**<br>**घ. संकुचन र त्यसको प्रयोजनबीचको सम्बन्ध; र**<br>**ङ. प्रयोजनलाई हासिल गर्ने कम प्रतिबन्धात्मक उपायहरू ।**<br>**२. उपधारा (१)मा वा संविधानको अन्य कुनै प्रावधानमा व्यवस्था गरिए बाहेक, अधिकारपत्रमा स्थापित कुनै पनि अधिकारलाई कुनै पनि कानूनले संकुचन गर्ने छैन ।** | *अधिकारमा लगाउन सकिने सीमाहरु सीमित छन् र सीमा परिभाषित मापदण्ड अनुरूप हुन जरुरी छ ।* |
| **दक्षिण अफ्रिका** सन् १९९६ | धारा ३७ (५ग) | **५. संकटकालको घोषणालाई अनुमोदन गर्ने संसद्को कुनै पनि ऐन र त्यस्तो घोषणाको परिणामस्वरूप जारी गरिएको कुनै पनि कानून वा अन्य कदमले देहायका कार्यलाई स्वीकृत वा अनुमदन गर्ने छैन :**<br>**...ग.अनतिक्रम्य अधिकारहरूको तालिकाको पहिलो कोलममा उल्लेख गरिएको अनुच्छेदबाट सोही तालिकाको तेस्रो कोलममा त्यही अनुच्छेद विपरीत संकेत गरिएको सीमासम्म मानमर्दन गर्ने कुनै कार्य**<br>कोलम १, अनुच्छेद -नं ९<br>कोलम २, अनुच्छेद, शीर्षक-समानता<br>कोलम ३ । **अधिकारको अनतिक्रम्यताको सीमा -जाति, रङ, जातीय वा सामाजिक उत्पत्ति, लिङ्ग, धर्म वा भाषाको आधारमा अनुचित भेदभावका सम्बन्धमा** | *संकुचित गर्न नसिकने अधिकारहरु तोकिएका छन् ।* |

| | | | |
|---|---|---|---|
| **दक्षिण सुडान सन् २०११** | धारा १८८ | राष्ट्रपतिले संकटकालको अवधिमा यस संविधानका देहायको प्रावधानमा केही कटौती गर्न सकिने गरी कानून वा आदेशमार्फत आवश्यक कदम चाल्न सक्नेछ<br>: (क) अधिकारपत्रको केही अंश निलम्बन गर्ने । तर, बाँच्न पाउने अधिकार, दासत्व विरूद्धको प्रतिबन्ध, यातना विरूद्धको प्रतिबन्ध, जाति, लिङ्ग, धामिर्क आस्थाका आधारमा हुने भेदभावविरूद्धको अधिकार, मुद्दा दायर गर्न पाउने अधिकार वा निष्पक्ष सुनुवाईको अधिकारमा भने कुनै कटौती हुने छैन । | *संकुचित गर्न नसिकने अधिकारहरु तोकिएका छन् ।* |
| **सर्बिया सन् २००६** | धारा १८ | संविधानले अन्तर्राष्ट्रिय कानून, अनुमोदित अन्तर्राष्ट्रिय सन्धि र कानूनका मान्यताप्राप्त नियमहरूले प्रत्याभूत गरेका मानव अधिकार र अल्पसङ्ख्यकका अधिकारलाई सुनिश्चित गरी प्रत्यक्ष लागू गर्नेछ । कानूनले संविधानमा स्पष्ट व्यवस्था भएको वा आवश्यक रहेको अवस्थामा मात्र कुनै खास अधिकारको अभ्यासको लागि आवश्यक उपायहरू सिफारिश गर्न सक्नेछ । तर, संविधानमा प्रत्याभूत गरिएको सम्बन्धित अधिकारको अन्तर्वस्तुलाई कुनै पनि परिस्थितिमा कानूनले प्रभावित गर्नेसक्ने छैन । | *कानून र सरकारी नीतिले संविधान र अनुमोदित अन्तर्राष्ट्रिय कानूनमा संरक्षित अधिकारहरूमा सम्झौता गर्न सक्दैनन् ।* |
| **होन्डुरस सन् १९८२** | धारा ६४ | यस संविधानले मान्यता प्रदान गरेको घोषणा, अधिकार र प्रत्याभूतिहरूको अभ्यासलाई नियमन गर्ने कानून र सरकारी प्रावधान वा अन्य प्रावधानले त्यस्तो अधिकार र प्रत्याभूतिलाई कमजोर बनाएमो, सीमित गरेर्मा वा उपेक्षा गरेमा त्यसको कार्यान्वयन हुने छैन । | *कानून र सरकारी नीतिले संविधान र अनुमोदित अन्तर्राष्ट्रिय कानूनमा संरक्षित अधिकारहरूमा सम्झौता गर्न सक्दैनन् ।* |
| **जिम्बाब्वे सन् २०१३** | धारा ८६ | १. यस अध्यायमा उल्लिखित मौलिक हक र स्वतन्त्रताहरूको अभ्यास तर्कसंगत हिसाबले र अन्य व्यक्तिको अधिकार र स्वतन्त्रताहरूलाई ध्यानमा राख्दै गर्नुपर्नेछ ।<br>२.यस अध्यायमा उल्लिखित अधिकार र स्वतन्त्रताहरु देहायका सम्बद्ध पक्षहरूलाई ध्यानमा राख्दै कानूनको साधारण अभ्यासको शर्तमा मात्र संकुचित गर्न सकिनेछ, र त्यो संकुचन खुलापन, न्याय, मानव निष्ठा, समानता र स्वतन्त्रतामा आधारित लोकतान्त्रिक समाजमा निष्पक्ष, तर्कसंगत, आवश्यक र न्यायसंगत भएको हदसम्ममात्र लागू हुनेछ :<br>क.सम्बन्धित अधिकार वा स्वतन्त्रताको प्रकृति ;<br>ख. संकुचनको प्रयोजन, विशेषगरी त्यो रक्षा, सार्वजनिक सुरक्षा, सुव्यवस्था, सार्वजनिक नैतिकता, सार्वजनिक स्वास्थ्य, क्षेत्रीय वा सहरी योजना वा सर्वसाधारणको हितमा छ वा छैन भन्ने बारे ;<br>ग.संकुचनको प्रकृति र सीमा ;<br>घ. कुनै व्यक्तिले अधिकार र स्वतन्त्रता उपभोग गर्दा त्यसले अरूहरको अधिकार र स्वतन्त्रतालाई विना कुनै पूर्वाग्रह सुनिश्चित गरेको हुनुपर्ने ;<br>ङ. संकुचन र त्यसको प्रयोजनबीचको सम्बन्ध; विशेष गरी त्यो प्रयोजन हासिल गर्न आवश्यक छ छैन भन्ने बारे ।<br>च. सो संकुचनको प्रयोजन हासिल गर्ने कुनै कम प्रतिबन्धात्मक माध्यम छ वा छैन भन्ने बारे<br>३. यस अध्यायमा स्थापित देहायका अधिकारलाई कुनै पनि कानूनले संकुचित गर्नसक्ने छैन र कुनै पनि व्यक्तिले उल्लङ्घन गर्न सक्ने छैन :<br>क. अनुच्छेद ४८ मा तोकिएको हदसम्म बाहेक जीवनको अधिकार, ;<br>ख. मानव निष्ठाको अधिकार ;<br>ग. यातना वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरूद्धको अधिकार<br>घ. दासत्व वा बंधुवा मजदुरीबाट स्वतन्त्रताको अधिकार<br>ङ. निष्पक्ष सुनुवाईको अधिकार<br>च. अनुच्छेद ५० (७) (क)मा उल्लेख भए अनुसार बन्दीप्रत्यक्षीकरणको अधिकार | *संकुचित गर्न नसिकने अधिकारहरु तोकिएका छन् ।* |

निष्कर्ष

कार्य/कदमहरू

## ५३ अदालत तथा अन्य निकायहरूले मानव अधिकारसम्बन्धी प्रावधानहरू व्याख्या र लागू गर्दा विदेशी कानूनलाई आत्मसात गर्न सक्ने व्यवस्था छ ?

### व्याख्या

लैङ्गिक समानताका प्रावधाहरु नयाँ छन् वा विस्तृत रूपमा लागू वा परीक्षण गरिएका छैनन् भने आफ्नो विधिशास्त्रको विकास गर्दा अदालत र अन्य व्याख्यात्मक निकाय (जस्तै अम्बुडस्मेन) ले विदेशी कानून वा विदेशी अदालतका व्याख्यालाई समेत अध्ययन गर्नु उपयोगी हुनसक्छ । अन्य देशले अधिकारसंग सम्बन्धित समान विषयहरूलाई कसरी बुझेका र सम्बोधन गरेका छन् भन्ने कुराको जानकारीले लैंगिक समानताका विषयमा अन्तर्राष्ट्रिय सम्मति अनुरूप हुने गरी नयां ढंगले संविधानको व्याख्या र विश्लेषणलाई प्रोत्साहित गर्ने काम पनि गर्नसक्छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **जिम्बाब्वे** सन् २०१३ | धारा ४६(१)(ङ) | **अदालत, न्यायाधीकरण, मञ्च वा निकायले** यो अध्यायको व्याख्या गर्दा, **(ङ) सम्बन्धित विदेशी कानूनलाई समेत विचार गर्न सक्नेछ** (अध्याय ४-अधिकारको घोषणा) | *अदालत र अन्य निकायहरूले विदेशी काननलाई विचार गर्न सक्नेछन् ।* |
| **मालावी** सन् १९९४ | धारा ११(२)(ग) | **न्यायालयले यो संविधानका प्रावधानहरूको व्याख्या गर्दा (ग) आवश्यकता अनुसारे** सार्वजनिक अन्तर्राष्ट्रिय कानून र तुलनीय वैदेशिक मामिला कानून (Case-law) लाई ध्यानमा राख्नेछ । | *अदालत र अन्य निकायहरूले विदेशी कानूनलाई विचार गर्न सक्नेछन् ।* |
| **दक्षिण अफ्रिका** सन् १९९६ | धारा ३९(१)(ग) | **अदालत, न्यायाधीकरण वा मञ्चले** अधिकारपत्रको व्याख्या गर्दा **(ग) विदेशी कानूनलाई ध्यानमा राख्न सक्नेछ ।** | *अदालत र अन्य निकायहरूले विदेशी कानूनलाई विचार गर्न सक्नेछन् ।* |

निष्कर्ष

कार्य/कदमहरू

# ५४ अदालत तथा अन्य निकायहरूले मानव अधिकारसम्बन्धी प्रावधानहरू व्याख्या र लागू गर्दा अन्तर्राष्ट्रिय कानूनलाई आत्मसात गर्न प्रोत्साहित गरिएको वा त्यसलाई आवश्यक बनाइएको छ ?

## व्याख्या

संविधान र कानूनको व्याख्याको क्रममा अन्तर्राष्ट्रिय र क्षेत्रीय सन्धि/महासन्धि र अन्तर्राष्ट्रिय घोषणापत्र र सिद्धान्तहरु (सफ्ट ल) मा समेटिएका अन्तर्राष्ट्रिय कानूनको व्यापकता र अन्तर्राष्ट्रिय अदालतको निर्णय र सन्धिहरूको कार्यान्वयन सुपरीवेक्षण गर्ने कार्यादेश पाएका आयोग/समितिका सिफारिसहरु बहुमूल्य हुनसक्छन् । अन्तर्राष्ट्रिय कानून (बाध्यकारी) र गैरबाध्यकारी 'सफ्ट ल' कानूनमा लैङ्गिक समानता, संरक्षण र परिपूरणको मापदण्ड उच्च रहेको अवस्थामा विशेष सहयोगी हुनसक्छ र यसरी अन्तर्राष्ट्रिय कानूनको मान्यताले लैङ्गिक समानताको स्वदेशी बुझाई र जिम्मेवारीलाई विस्तार गर्न सक्छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **टर्की**<br>सन् १९८२ | धारा ९० | एउटै विषयमा फरक प्रावधानहरूका कारण मौलिक अधिकार र स्वतन्त्रता प्रभावित हुने गरी राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय सम्झौता बाझिएको अवस्थामा, **अन्तर्राष्ट्रिय सम्झौताका प्रावधानहरू प्रभावी हुन्छन् ।** | *कानून र मूल्यमान्यताहरूको अनुक्रमको व्याख्या-अन्तर्राष्ट्रिय कानूनको सर्वोच्चता रहेको छ ।* |
| **फिजी**<br>सन् १९९७ | अनुच्छेद ४३(२) | यस अध्याय (अधिकारपत्र) का प्रावधानहरूको व्याख्या गर्दा अदालतले स्वतन्त्रता र समानतामा आधारित लोकतान्त्रिक समाजमा अन्तर्निहित मूल्यमान्यताहरूलाई प्रवर्द्धन् गर्नुपर्नेछ, र सान्दर्भिक भएमा यस अध्यायमा उल्लिखित **अधिकारहरूको संरक्षणमा लागू हुने सार्वजनिक अन्तर्राष्ट्रिय कानूनलाई पनि ध्यानमा राख्नुपर्नेछ ।** | *संविधानमा उल्लेखित अधिकार र दायित्वहरु हस्ताक्षरित सन्धिहरु अनुरूप व्याख्या गरिनुपर्छ ।* |
| **सोमालिया**<br>सन् २०१२ | धारा ४० (२) | **यी अधिकारहरूको व्याख्या गर्दा, अदालतले सारिया, अन्तर्राष्ट्रिय कानून,** र अन्य देशका अदालतका निर्णयहरूमाथि विचार गर्न सक्नेछ, यद्यपि ती निर्णयहरूको पालना गर्न भने बाध्य छैन । | *अधिकारको व्याख्या अन्तर्राष्ट्रिय कानून अनुरुप गरिन सकिनेछ ।* |
| **अङ्गोला**<br>सन् २०१० | धारा २६ (२) र २६(३) | **२.मौलिक हकसम्बन्धी संवैधानिक र कानूनी सिद्धान्तको व्याख्या र सम्मिलन मानवअधिकारको विश्वव्यापी घोषणापत्र, मानव अधिकारसम्बन्धी अफ्रिकी वडापत्र, र त्यस विषयमा गणतन्त्र अङ्गोलाले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धिहरू अनुरूप गरिनेछ ।**<br><br>**३. मौलिक हकसम्बन्धी विवादहरूमाथि अङ्गोलाका अदालतहरूले विचार गर्दा, पछिल्लो बुँदामा उद्धृत गरिएका अन्तर्राष्ट्रिय लिखतहरू लागु गरिनेछ,** (र यो प्रश्न सम्बन्धित पक्षहरूले नउठाएको अवस्थामा पनि प्रभावकारी हुनेछ) । | *अधिकारको व्याख्या अन्तर्राष्ट्रिय कानून अनुरुप गरिन सकिनेछ ।* |
| **माल्दिभ्स्**<br>सन् २००८ | धारा ६८ | **यस अध्याय** (अध्याय २, मौलिक हक र स्वतन्त्रता) **मा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरूको व्याख्या र अभ्यास गर्दा,** अदालत वा न्यायाधिकरणले मानव निष्ठा, समानता र स्वतन्त्रतामा आधारित खुला र लोकतान्त्रिक समाजमा अन्तर्निहित मूल्य मान्यताहरूको प्रवर्द्धन्, र **माल्दिभ्स् पक्षराष्ट्र रहेको अन्तर्राष्ट्रिय सन्धिहरूलाई ध्यानमा राख्नेछ ।** | *अधिकारको व्याख्या अन्तर्राष्ट्रिय कानून अनुरुप गरिने ।* |

| | | | |
|---|---|---|---|
| **टिमोर लेस्टे**<br>सन् २००२ | अनुच्छेद २३ | **संविधानमा स्थापित मौलिक हकले** कानून बमोजिम स्थापित अन्य अधिकारहरूलाई बाहेक गर्ने छैनन् र **त्यसको व्याख्या मानवअधिकारको विश्वव्यापी घोषणापत्र अनुरूप हुनेछ ।** | *अधिकारको व्याख्या अन्तर्राष्ट्रिय कानून अनुरूप गरिने ।* |
| **डोमिनिकन रिपब्लिक**<br>सन् २०१० | धारा ७४ (३) | **डोमिनिकन राज्यले सम्मिलन र अनुमोदन गरेको मानव अधिकार सम्बन्धी सन्धि, सम्झौता र महासन्धिहरूको संवैधानिक क्रम हुनेछ र न्यायाधिकरण र राज्यका अन्य अंगहरूबाट प्रत्यक्ष र तत्काल कार्यान्वयन हुनेछन् ।** | *कानून र मूल्यमान्तयाहरूको अनुक्रमको व्याख्या-अन्तर्राष्ट्रिय कानूनको सर्वोच्चता रहेको छ ।* |
| **इक्वेडोर**<br>सन् २००८ | धारा १७२ | **न्यायाधीशले संविधान, अन्तर्राष्ट्रिय मानवअधिकार लिखत र कानून अनुसार न्यायको सम्पादन गर्नेछन् ।** | *अधिकारको व्याख्या अन्तर्राष्ट्रिय कानून अनुरूप गरिने ।* |
| **बोलिभिया**<br>**सन् २००९** | धारा २५६ | **१. राज्यले हस्ताक्षर वा अनुमोदन गरेका मानवधिकारम्बन्धी अन्तर्राष्ट्रिय सन्धि र लिखतका प्रावधानहरूले यस संविधान बमोजिम स्थापित अधिकारभन्दा बढी अनुकूल मूल्य मान्यताहरू उपलब्ध गरेको अवस्थामा ती प्रावधानहरू यस संविधानमा उल्लेख गरिएका प्रावधानभन्दा बढी प्राथमिकतापूर्ण तरीकाले लागू हुनेछन् ।**<br>**२. अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूले यस संविधान बमोजिम स्थापित अधिकारभन्दा बढी अनुकूल मूल्य मान्यताहरू उपलब्ध गरेको अवस्थामा यो संविधानको व्याख्या पनि त्यसै अनुरूप गरिनेछ ।** | *मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानून बढी अनुकूल हुँदा त्यसको सर्वोच्चता बढी हुन्छ ।*<br>*अधिकारको व्याख्या अन्तर्राष्ट्रिय कानून अनुरूप गरिने ।* |

निष्कर्ष

कार्य/कदमहरू

# ५५ के अन्तर्राष्ट्रिय मानवअधिकारसंग सम्बन्धित सन्धि सम्झौताहरू प्रत्यक्ष रूपमा लागू हुन्छन् ?

## व्याख्या

वस्तुतः हस्ताक्षर वा अनुमोदन गरिएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरु प्रत्यक्ष रूपमा लागू हुने अर्थात स्वतः कानून बन्ने प्रकिया अवलम्बन गर्नु विविध कारणले बढी सहज हुन्छ । किनभने कतिपय मुलुकमा राजनीतिक इच्छाशक्तिको कमी वा कुनै शक्तिशाली पक्षबाट विरोध लगायतका विभिन्न कारणहरूले गर्दा अन्तर्राष्ट्रिय कानूनलाई घरेलु कानूनमा एकीकरण र रूपान्तरण गर्ने कार्यमा स्पष्ट वा निरन्तरको ढिलाइ हुनसक्छ । अन्तर्राष्ट्रिय सन्धि र महासन्धिहरूको अप्रत्यक्ष कार्यान्वयनका लागि घरेलु कानून पारित भएपछि मात्र ती दस्तावेजहरुमा रहेका दायित्वहरु लागू हुनसक्छन् । प्रत्यक्ष रूपमै लागू भएमा त्यसले अन्तर्राष्ट्रिय सन्धि, महासन्धि आदिमा रहेका अधिकारहरुमा महिलाहरूलाई छिटो पहुँच दिने काम गर्छ ।

**उदाहरणहरू**

| | | | |
|---|---|---|---|
| **ब्राजिल**<br>सन् १९८८ | धारा ५(३) | नेसनल कांग्रेसको दुवै सदनले दुई भिन्न मतदान प्रक्रियामार्फत सम्बन्धित सदनको साठी प्रतिशत सदस्यहरूको वहुमतद्वारा अनुमोदन गरेको अन्तर्राष्ट्रिय सन्धि र महासन्धि **संवैधानिक संशोधन भए सरह मान्य हुनेछ ।** | *संसदीय अनुमोदन पछि अन्तर ष्ट्रिय कानूनी लिखतहरु प्रत्यक्ष लागू हुन्छन् ।* |
| **केन्या**<br>सन् २०१० | धारा २(५)<br><br>धारा २(६) | **अन्तर्राष्ट्रिय कानूनका साधारण नियमहरू केन्याली कानूनको अंश बन्नेछन् ।**<br>केन्याले अनुमोदन गरेको कुनै पनि सन्धि वा महासन्धि यस संविधान अन्तर्गत **केन्याली कानूनको अंग बन्नेछ ।** | *संसदीय अनुमोदन पछि अन्तर ष्ट्रिय कानूनी लिखतहरु प्रत्यक्ष लागू हुन्छन् ।* |
| **किर्गिस्तान**<br>सन् २०१० | धारा ६(३) | किर्गिज गणतन्त्र पक्ष राष्ट्र भएका र स्थापित कानूनी विधि अन्तर्गत लागू भएका अन्तर्राष्ट्रिय सन्धिहरु र विश्वव्यापी रूपमा मान्यताप्राप्त **अन्तर्राष्ट्रिय कानूनको** सिद्धान्त र मूल्य मान्यताहरु **किर्गिज गणतन्त्रको कानूनी प्रणालीको अंग बन्नेछन् ।** मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिका प्रावधानहरूको प्रत्यक्ष प्रभाव हुनेछ र अन्य अन्तर्राष्ट्रिय सन्धिका प्रावधानहरूको हकमा ती प्राथमिकतामा पर्नेछन् । | *अन्तर्राष्ट्रिय कानूनी लिखतहरु प्रत्यक्ष लागू हुन्छन् ।* |
| **भनेजुऐला**<br>सन् १९९९ | धारा २३ | भेनेजुएलाले **निष्पादन र अनुमोदन गरेका मानवअधिकार सम्बन्धी सन्धि, सम्झौता र महासन्धिहरूको संवैधानिक हैसियत हुनेछ र आन्तरिक कानूनभन्दा माथि हुनेछन्** । जबसम्म यी दस्तावेजहरुमा यो संविधान र गणतन्त्रको कानूनले स्थापित गरेको भन्दा बढी अनुकूल अधिकारको उपभोग र अभ्यास गर्ने प्रावधानहरु समावेश हुन्छन्, तबसम्म यो व्यवस्था कायम रहनेछ, र अदालत र अन्य सार्वजनिक अधिकारी**हरूबाट तत्काल र प्रत्यक्ष रूपमा लागू हुनेछन्** । | *संसदीय अनुमोदन पछि अन्तर ष्ट्रिय कानूनी लिखतहरु प्रत्यक्ष लागू हुन्छन् ।* |
| **हाइटी**<br>सन् १९८७ | धारा २७६(२) | **संविधानमा उल्लेख भए अनुसार अन्तर्राष्ट्रिय सन्धि र सम्झौताहरू स्वीकृत र अनुमोदन पश्चात राष्ट्रिय कानूनको अंग बन्नेछन् र तिनीहरूसँग बाझिने कुनै पनि कानून स्वतः निष्क्रिय हुनेछ ।** | *संसदीय अनुमोदन पछि अन्तर ष्ट्रिय कानूनी लिखतहरु प्रत्यक्ष लागू हुन्छन् ।* |
| **दक्षिण सुडान**<br>सन् २०११ | धारा ९(३) | **दक्षिण सुडान गणतन्त्रले अनुमोदन वा सम्मिलन गरेको अन्तर ष्ट्रिय मानव अधिकारसम्बन्धी सन्धि, महासन्धि र संयन्त्रहरूमा स्थापित अधिकार र स्वतन्त्रताहरू यस विधेयकको एउटा महत्वपूर्ण अंग बन्नेछन् ।** | *अन्तर्राष्ट्रिय कानूनी लिखतहरु प्रत्यक्ष लागू हुन्छन् ।* |

निष्कर्ष

कार्य/कदमहरू

# पारिभाषिक शब्दावली

*यस शब्दावलीमा उद्धृत गरिएका सबै स्रोतहरूको पूर्ण उद्धरण सन्दर्भ सामग्री खण्डमा पाउन सकिनेछ ।*

**अम्पारो**

व्यक्तिको संवैधानिक अधिकारलाई सरकार वा सरकारी निकायबाट हुने उल्लङ्घनबाट संरक्षण गर्नेतर्फ लक्षित एक विशेष कानूनी कार्यविधि ।

**महिला विरूद्ध भेदभाव**

'लिङ्गको आधारमा गरिएको कुनै पनि भिन्नता, बहिष्करण वा प्रतिबन्ध, जसको प्रभाव वा प्रयोजन महिलाको वैवाहिक स्थिति जस्तोसुकै भए पनि राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक वा अन्य क्षेत्रमा महिलाको मानवअधिकार र आधारभूत स्वतन्त्रताको मान्यता, उपभोग वा अभ्यासलाई कमजोर बनाउने वा निस्तेज तुल्याउनु रहेको छ'

(सिडअ : भाग १, धारा १)

**महिला र पुरूषबीच समानता (लैङ्गिक समानता)**

"महिला र पुरूष तथा किशोरी र किशोरहरूको समान अधिकार, दायित्व र अवसरहरु । समानताको अर्थ महिला र पुरूष एउटै भन्ने होइन, तर महिला र पुरूषका अधिकार, दायित्व र अवसरहरु उनीहरु पुरूष वा महिलाका रूपमा जन्मिएको आधारमा निर्धारण हुँदैन भन्ने हो । लैङ्गिक समानताले महिला र पुरूष दुवैका रूचि, आवश्यकता र प्राथमिकताहरूलाई ध्यान दिंदै विभिन्न समूहका महिलाहरूको विविधताको सम्मान गर्नुपर्ने अर्थ राख्दछ । लैङ्गिक समानता 'महिलाको मात्र मुद्दा' होइन, यो पुरूषका साथै महिलाको पनि चासोको विषय हुनुपर्छ र यसले दुवैलाई पूर्ण रूपमा सहभागी गराउनुपर्छ । महिला र पुरूषबीचको समानतालाई मानवअधिकारको मुद्दाका साथै दिगो जनकेन्द्रित विकासको पूर्वशर्त र सूचकका रूपमा पनि लिने गरिन्छ ।"

(लैङ्गिक मुद्दा र महिलाको उत्थानसम्बन्धी राष्ट्रसङ्घीय विशेष सल्लाहकारको कार्यालय, सन् २००१ :१)

**लैङ्गिकता**

"पुरूष र महिलाका लागि उपयुक्त भनी सम्बन्धित समाजले स्वीकार्ने गरेको सामाजिक रूपमा निर्मित भूमिका, व्यवहार, क्रियाकलाप र विशेषताहरु ।"

(विश्व स्वास्थ्य सङ्गठन)

'लैङ्गिकताले "पुरूष र महिलाका लागि उपयुक्त भनी सम्बन्धित समाजले स्वीकार्ने गरेको सामाजिक रूपमा निर्मित भूमिका, व्यवहार, क्रियाकलाप र विशेषताहरूलाई जनाउँछ । पुरूष र महिलाको नाताले सम्बन्धित हुने सामाजिक विशेषता र अवसरहरु, र महिला र पुरूष तथा किशोरी र किशोरहरूबीचको सम्बन्धका अतिरिक्त लैङ्गिकताले महिला-महिलाहरूबीच र पुरूष-पुरूषरूबीचको सम्बन्धलाई पनि जनाउँछ । यी विशेषता, अवसर र सम्बन्धहरु सामाजिक रूपमा निर्मित हुन् र सामाजीकीकरणको प्रक्रियामार्फत त्यसको सिकाई हुन्छ । यिनीहरु समय-सान्दर्भिक र परिवर्तनशील हुने गर्दछन् । लैङ्गिकताले कुनै खास सन्दर्भमा एउटा महिला वा पुरूषबाट के अपेक्षा गरिन्छ, के स्वीकृत छ र के कुरालाई महत्व दिइन्छ भन्ने कुरा निर्धारण गर्दछ । अधिकांश समाजमा महिला र पुरूषबीच सुम्पिएको जिम्मेवारी, सञ्चालन गर्ने क्रियाकलाप, स्रोतमा पहुँच र नियन्त्रणका साथै निर्णय लिने अवसरमा भिन्नता र असमानताहरु रहेको पाइन्छ । लैङ्गिकता बृहत सामाजिक तथा साँस्कृतिक सन्दर्भको अंगका रूपमा रहेको छ, जसमा सामाजिक-साँस्कृतिक विश्लेषणका अन्य महत्वपूर्ण मापदण्डहरु पनि समावेश हुन्छन् जस्तैः वर्ग, जाति, गरिबीको स्तर, जातीय समूह, यौन झुकाव, उमेर, आदि ।'

(यूएन वुमन ट्रेनिङ्ग सेन्टर)

**लिंग (Gender)**

लिंग (Gender) शब्दले महिला र पुरूषका लागि समाजद्वारा निर्मित पहिचान, विशेषता र भूमिकाहरु भन्ने बुझिन्छ । यसमा जैविक भिन्नता दर्शाउनका लागि प्रयुक्त सामाजिक तथा साँस्कृतिक अर्थ पनि निहित हुन्छ, जसले शक्ति र अधिकारको वितरणमा महिला र पुरूषबीच श्रेणीगत सम्बन्ध निम्त्याउँदै पुरूषलाई फाइदा र महिलालाई वेफाइदा पुर्‍याउने काम गर्छ । महिला र पुरूषलाई प्राप्त यो सामाजिक स्थानलाई राजनीतिक, साँस्कृतिक, सामाजिक, धार्मिक, वैचारिक र वातावरणीय पक्षहरूले प्रभावित गर्छन् र सँस्कृति, समाज र समुदायद्वारा नै परिवर्तन पनि हुनसक्छ ।

(सिडअ साधारण सिफारिस २८:२)

**लैङ्गिक समता**

महिला र पुरूषप्रति उनीहरूको आ-आफ्नो आवश्यकता अनुरूप व्यवहारमा निष्पक्षता । यस अन्तर्गत महिला र पुरुषवीच समान व्यवहार वा फरक फरक व्यवहार भए पनि अधिकार, लाभ, दायित्व र अवसरहरूको हकमा समान ठहरिने व्यवहार समावेश हुनसक्छन् ।

(अन्तर्राष्ट्रिय श्रम सङ्गठन, सन् २०००:९२)

**लैङ्गिक रूपमा समावेशी भाषा**

लैङ्गिक रूपमा समावेशी भाषाले महिला र पुरूष दुवैलाई जनाउँछ, र दुवै स्त्रीलिङ्गी र पुलिङ्गी सर्वनाम (र फ्रेन्च भाषामा जस्तो नाम लैङ्गिक रूपमा छुट्टिएको अवस्थामा स्त्रीलिङ्गी र पुलिङ्गी नामहरु) को प्रयोग गर्दछ ।

**लैङ्गिक रूपमा तटस्थ भाषा**

लैङ्गिक रूपमा तटस्थ भाषाले महिला वा पुरूषलाई जनाउँदैन र स्त्रीलिङ्गी वा पुलिङ्गी सर्वनामहरूको प्रयोग गर्दैन ।

**बहु भेदभाव (अन्तरसम्बद्धता/परस्परिकता)**

"अन्तरसम्बद्धता" को अवधारणाले दुई वा दुईभन्दा बढी किसिमका भेदभाव वा अधीनीकरणका प्रणालीहरु बीचको अन्तक्रियाका संरचनागत र गतिशील परिणामहरूलाई समेट्ने प्रयास गर्दछ । यसले खास रूपमा महिला र पुरूष, जाति तथा अन्य समूहहरूको तुलनात्मक स्थान निर्धारण गरी समाजमा असमान तह सिर्जना गर्ने जातिवाद, पितृसत्ता, आर्थिक विषमता र अन्य भेदभावपूर्ण व्यवस्थालाई सम्बोधन गर्दछ । यसका अतिरिक्त, यसले कुनै खास कानून र नीतिहरूले कसरी निशक्तीकरणको गतिशीलतालाई बढावा दिने गरी भार सिर्जना गर्दछन् भन्ने कुरालाई पनि सम्बोधन गर्छ ।

(संयुक्त राष्ट्रसङ्घ, महिलाको उत्थान विभाग, सन् २०००)

**अनतिकम्य अधिकार**

त्यस्तो अधिकार जसलाई खोस्न वा जसमा सम्झौता गर्न सकिंदैन र जस्तोसुकै परिस्थितिमा पनि संरक्षण गरिनुपर्छ । यस्तो परिस्थितिमा आन्तरिक वा अन्तर्राष्ट्रिय अस्तव्यस्तता वा सशस्त्र द्वन्द्व पनि समावेश हुन्छन् ।

(स्रोत : संरासङ्घीय महासभा २००३)

**कोटा (विधायिकी वा संसदीय)**

"कुनै निर्वाचित निकायमा रहेको सिटको संख्या वा कुनै दल वा समूहले मनोनयन गरेको उम्मेदवारहरूको अनुपात, जसलाई कुनै खास प्रकृति (जस्तैः महिला) का प्रतिनिधिहरूबाट पूर्ति गरिनुपर्छ, जुन न्यूनतम संख्यामा महिलाहरूको मनोनयन वा निर्वाचन सुनिश्चित गर्न प्रयोग गरिन्छ ।"

(इन्टरनेसनल आइडिया, सन् २००७ : २४)

**लिङ्ग (Sex)**

'लिङ्ग' शब्दले पुरूष र महिलाबीचको जैविक भिन्नतालाई जनाउँछ ।

(सिडअ साधारण सिफारिस २८:२)

**सारभूत समानता**

सारभूत समानताको अवधारणाले औपचारिक समानताबाट अघि बढ्दै विगतमा महिलाहरूले सामना गरेका भेदभाव र अवसरको पहुँचमा, आफ्नो अधिकारको उपभोगमा र आफ्नो जीवनलाई प्रभावित गर्ने निर्णय लिने कार्यमा सामना गर्ने राजनीतिक, आर्थिक र सामाजिक व्यवधानहरूलाई स्वीकार गर्दछ । सारभूत समानताले (केही) महिलाहरूको सम्भावित प्रजनन् क्षमताका कारण महिला र पुरुषबीच रहेको भिन्नतालाई पनि स्वीकार गर्दछ । महिलाहरूको जीवन्त वास्तविकतालाई आधार मान्दै सारभूत समानताले समान व्यवहारको मात्र लक्ष्य नलिई अवसरहरूमा समान पहुँच र परिणाममा समानता हासिल गर्ने उद्देश्य लिएको हुन्छ । त्यसकारण यो समानताको अझ विस्तारित अवधारणा हो ।

'सारभूत समानताको प्राप्तिका लागि तीन अन्तरसम्बन्धित क्षेत्रमा काम गर्नु आवश्यक छ : महिलाहरूको सामाजिक तथा आर्थिक विषमताको उपचार गर्ने; रूढिवाद, सामाजिक हेयभाव र हिंसालाई सम्बोधन गर्ने; र महिलाको प्रभाव पार्ने क्षमता, विचार र सहभागिता सुदृढीकरण गर्ने ।'

(यूएन वुमन २०१५:१३)

**मानव बेचविखन**

'शोषणको प्रयोजनका लागि धम्की वा बलको प्रयोग वा अन्य प्रकारका दबाव, अपहरण, ठगी, झुठ, अधिकारको दुरूपयोग वा संकटावस्थाको दुरूपयोग वा अन्य व्यक्तिमाथि नियन्त्रण भएको व्यक्तिको सहमति लिन रकम भुक्तानी वा लाभ दिने वा प्राप्त गर्ने माध्यमबाट कुनै पनि व्यक्तिको भर्ती, ओसारपसार, प्रसार, आश्रय वा प्राप्ति । शोषण शब्दले कम्तीमा पनि कसैको वेश्यावृत्ति वा अन्य प्रकारको यौन शोषण, बलजफ्ती श्रम वा सेवा, दासत्व वा दासत्वसरहको अभ्यास, बंधुवा मजदुरी वा मानव अंगहरू झिक्ने कार्य समेत जनाउंछ ।'

(सीमावारपार संगठित अपराधविरूद्धको राष्ट्रसङ्घीय महासन्धि, धारा ३ को परिपूरकका रूपमा मानव, विशेषगरी महिला र बालबालिकाको बेचबिखन निवारण, नियन्त्रण र दण्डित गर्ने उपलेख)

**महिला विरूद्ध हिंसा**

'लैङ्गिकतामा आधारित कुनै पनि कार्य, जसले महिलालाई शारीरिक, यौनजन्य वा मनोवैज्ञानिक क्षति वा पीडा दिन्छ वा दिने सम्भावना छ । यसमा त्यस्तो कार्य गर्ने धम्की, दवाब वा स्वतन्त्रताको स्वेच्छचारी बञ्चितीकरण, चाहे त्यो सार्वजनिक वा निजी जीवनमा भइरहेको होस्, पनि समावेश हुन्छ ।'

(महिला विरूद्ध हुने भेदभाव उन्मूलनसम्बन्धी संरासङ्घीय घोषणापत्र, धारा १)

# सन्दर्भ सामग्री


Allen, M., 'Women and Constitution Building in 2013', in International IDEA, *Annual Review of Constitution-Building Processes, 2014* (Stockholm: International IDEA, 2014), pp. 16–24

Balakrishnan, R., *Report of the Expert Group Meeting on Structural and Policy Constraints in Achieving the MDGs for Women and Girls*, United Nations Commission on the Status of Women, 58th session (New York: UN, 2014)

J. Ballington and A. Karam (eds), *Women in Parliament: Beyond the Numbers*(Stockholm: International IDEA,2005)

Canadian International Development Agency, 'Tipsheet #6: What are "National Women's Machineries"?' (2007), <http://www.oecd.org/dac/gender-development/44896421.pdf>, accessed 31 January 2015

Howard-Hassman, R. E., 'Universality of women's rights since 1970: the centrality of autonomy and agency', *Journal of Human Rights*, 10/4 (2011), pp. 433–49

International Labour Organization, 'ABC of Women Worker's Rights and Gender Equality' (Geneva: ILO, 2000), p. 92

Irving, H., *Gender and the Constitution: Equity and Agency in Comparative Constitutional Design* (New York: Cambridge University Press, 2008)

Lambert, P. A. and Scribner, D. L., 'A politics of difference versus a politics of equality: do constitutions matter?',*Comparative Politics*, 41/3 (2009), pp. 337–57

Larserud, S. and Taphorn, R., *Designing for Equality: Best-fit, Medium-fit and Non-favourable Combinations of Electoral Systems and Gender Quotas* (Stockholm: International IDEA, 2008)

Lucas, L. E., 'Does gender specificity in constitutions matter?',*Duke Journal of Comparative and International Law,* 20/1 (2009), pp. 133–65

Rights of Women, *From Rights to Action: Using International Rights and Mechanisms on Violence against Women in the UK* (London: Rights of Women, 2011), <http://www.rightsofwomen.org.uk/pdfs/From_Rights_to_Action.pdf>, accessed 25 November 2015

Robinson, M., 'Securing Women's Rights through the Constitution', Presentation at the Zimbabwe High Level Dialogue on Women's Empowerment in the Political and Economic Arena, 26 April 2010, <http://www.realizingrights.org/pdf/Securing_Womens_Rights_in_the_Constitution-Zimbabwe.pdf>, accessed 12 December 2014

Shvedova, N., 'Obstacles to Women's Participation in Parliament', in J. Ballington and A. Karam (eds), *Women in Parliament: Beyond the Numbers (A Revised Edition)*(Stockholm: International IDEA, 2005) p.37

United Nations, 'Beijing Declaration and Platform for Action', Presented at the Fourth World Conference on Women, 4–5 September 1995, Beijing

United Nations Division for the Advancement of Women, Office of the High Commissioner for Human Rights and United Nations Development Fund for Women, 'Gender and racial discrimination: Report of the Expert Group Meeting', 21-24 November 2000, Zagreb, Croatia, <http://www.un.org/womenwatch/daw/csw/genrac/report.htm>, accessed 16 December 2015

UN Women, Training Centre, 'Glossary, Gender', [n.d.], <https://trainingcentre.unwomen.org/mod/glossary/view.php?id=36&mode=letter&hook=G&sortkey=&sortorder=>, accessed 16 December 2015

United Nations Entity for Gender Equality and the Empowerment of Women (UN Women), 'Progress of the World's Women 2015–2016: Transforming Economies, Realizing Rights', 2015, <http://progress.unwomen.org/en/2015/pdf/UNW_progressreport.pdf>, accessed 16 December 2015

United Nations General Assembly, Convention on the Elimination of All Forms of Discrimination against Women, adopted 18 December 1979, entered into force 3 September 1981, <http://www.un.org/womenwatch/daw/cedaw/text/econvention.htm>, accessed 12 December 2014

United Nations General Assembly, Declaration on the Elimination of Violence against Women, A/RES/48/104, 20 December 1993, <http://www.un.org/documents/ga/res/48/a48r104.htm>, accessed 16 December 2015

United Nations General Assembly, Protocol to Prevent, Suppress and Punish Trafficking in Persons, Especially Women and Children, supplementing the United Nations Convention against Transnational Organized Crime, adopted 15 November 2000, <http://www.unodc.org/documents/treaties/UNTOC/Publications/TOC%20Convention/TOCebook-e.pdf>, accessed 16 December 2015

United Nations General Assembly, Resolution A/RES/57/200, 16 January 2003

United Nations Office of the High Commissioner for Human Rights, 'What are human rights?',n.d., <http://www.ohchr.org/en/issues/pages/whatarehumanrights.aspx>, accessed 26 November 2014

United Nations Office of the High Commissioner for Human Rights, Committee on the Elimination of Discrimination against Women, 'General Recommendation No. 28 on the core obligations of States Parties under article 2 of the Convention on the Elimination of All Forms of Discrimination against Women', CEDAW/C/GC/28, 16 December 2010

United Nations Office of the High Commissioner for Human Rights, Committee on the Elimination of Discrimination against Women, 'General Recommendation No. 25, on Temporary Special Measures', <http://www.ohchr.org/EN/HRBodies/CEDAW/Pages/Recommendations.aspx>, accessed 25 November 2015

United Nations Office of the High Commissioner for Human Rights, Committee on the Elimination of Discrimination against Women, 'General Recommendation No. 28, on the Core Obligations of States Parties under Article 2 of the Convention on the Elimination of All Forms of Discrimination against Women', CEDAW/C/GC/28 <http://www.ohchr.org/EN/HRBodies/CEDAW/Pages/Recommendations.aspx>, accessed 25 November 2015

United Nations Office of the High Commissioner for Human Rights, Committee on the Elimination of Racial Discrimination, 'General Recommendation No. 32: The Meaning and Scope of Special Measures in the International Convention on the Elimination of Racial Discrimination' (New York: United Nations, 2009)

United Nations Office of the Special Advisor on Gender Issues and Advancement of Women, 'Gender Mainstreaming: Strategy for Promoting Gender Equality', August 2001, <http://www.un.org/womenwatch/osagi/pdf/factsheet1.pdf>, accessed 16 December 2015

United Nations Term Portal, 'Non-derogable right', <http://untermportal.un.org/display/Record/UNHQ/non-derogable_right/c299081>, accessed 16 December 2015

Wahiu, W., Boekenfoerde, M. and Hedling, N., *A Practical Guide to Constitution Building* (Stockholm: International IDEA, 2011)

World Health Organization, 'What do we mean by "sex" and "gender"?', [n.d.], <http://apps.who.int/gender/whatisgender/en/>, accessed 16 December 2015

# थप अध्ययनका लागि

## साधारण स्रोत सामग्री


American Bar Association Central and East European Law Initiative, CEDAW Assessment Tool, <http://apps.americanbar.org/rol/publications/assessment_tool_cedaw_tool_2002.pdf>

*An assessment tool based on the Convention to Eliminate All Forms of Discrimination against Women*
Comparative Constitutions Project, Constitute Database, <https://www.constituteproject.org/>*A searchable database of national constitutions, in English and Arabic*

International Institute for Democracy and Electoral Assistance (International IDEA), ConstitutionNet, <http://www.constitutionnet.org/about>

*Online portal designed to help legislators, constitutional lawyers and other constitutional practitioners find useful and relevant information, share knowledge and build a community of best practice*

Swiss Centre of Expertise in Human Rights, Women's Human Rights [app], <http://womenshumanrights.ch/overview.html>

*An interactive website and application for smartphones and tablets (Apple, Android and Blackberry)*

United Nations Entity for Gender Equality and the Empowerment of Women (UN Women), Constitutional Database, <http://constitutions.unwomen.org/>

*Compilation of constitutional provisions related to gender available in the original language (along with English translations), searchable by keyword, provision, region or country*

United Nations Office of the High Commissioner for Human Rights, Committee on the Elimination of Discrimination against Women, General Recommendations, <http://www.ohchr.org/EN/HRBodies/CEDAW/Pages/Recommendations.aspx>

*A list of the recommendations made by the Committee on the Elimination of Discrimination against Women*

United Nations Treaty Collection, <https://treaties.un.org/pages/ParticipationStatus.aspx>

*A database of international treaties featuring information on which country has signed and ratified each treaty*


## खास विषयहरूमा थप अध्ययनका लागि सामग्री

### गैरनागरिकहरूका अधिकार


United Nations Office of the High Commissioner for Human Rights, The Rights of Non-citizens (New York and Geneva: United Nations, 2006), <http://www.ohchr.org/Documents/Publications/noncitizensen.pdf>, accessed 25 November 2015


### प्रथाजनित र धार्मिक कानून तथा अभ्यासहरू, र संविधान


Irving, H., *Gender and the Constitution: Equity and Agency in Comparative Constitutional Design* (New York: Cambridge University Press, 2008), pp. 236–50

Musawah: For Equality in the Muslim Family, 'Resources', <http://www.musawah.org/resources>, accessed 25 November 2015

Tripp, A. M., 'Conflicting Agendas? Women's Rights and Customary Law in African Constitutional Reform', in S. H. Williams (ed.), *Constituting Equality: Gender Equality and Comparative Constitutional Law (*New York: Cambridge University Press, 2009)

### अस्थायी विशेष उपायहरु *(Temporary special measures)*

UN Committee on the Elimination of Discrimination against Women, *General Recommendations 5 and 23*, <http://www.un.org/womenwatch/daw/cedaw/recommendations/recomm.htm>, accessed 25 November 2015

UN Committee on the Elimination of Discrimination against Women, *General Recommendation No. 25, on article 4, paragraph 1, of the Convention on the Elimination of All Forms of Discrimination against Women, on Temporary Special measures*, 2004, <http://www.un.org/womenwatch/daw/cedaw/recommendations/General%20recommendation%2025%20(English).pdf>, accessed 25 November 2015

### राष्ट्रिय महिला संयन्त्रहरु *(National women's machineries)*

McBride, D. and Mazur, A., 'Gender Machineries Worldwide', World Development Report 2012, Background Paper, 2011, <http://siteresources.worldbank.org/INTWDR2012/Resources/7778105-1299699968583/7786210-1322671773271/McBride-Mazur-Background-Paper-Final.pdf>, accessed 25 November 2015

United Nations Division for the Advancement of Women, Department of Economic and Social Affairs, *The Role of National Mechanisms in Promoting Gender Equality and the Empowerment of Women*, Report of the Expert Group Meeting, Rome, 29 November–2 December 2004, EGM/National Machinery/2004/REPORT, 31 January 2005, <http://www.un.org/womenwatch/daw/egm/nationalm2004/docs/EGM%20final%20report.26-jan-05.pdf>, accessed 25 November 2015

United Nations Division for the Advancement of Women, Department of Economic and Social Affairs, *The Role of National Mechanisms in Promoting Gender Equality and The Empowerment of Women: Achievements, Gaps and Challenges*, Rome, 29 November–2 December 2004 EGM/ National Machinery/2004/BP.1, 31 January 2005, <http://www.un.org/womenwatch/daw/egm/nationalm2004/docs/background%20paper%20rev,RJ%20 12.12.04.pdf>, accessed 25 November 2015

### रोजगार र श्रम *(Employment and labour)*

International Labour Organization, *Equal Remuneration Convention 1951* (No. 100), <http://www.ilo.org/dyn/normlex/en/f?p=NORMLEXPUB:12100:0::NO:12100:P12100_ILO_CODE:C100>, accessed 25 November 2015

International Labour Organization, *Equality at Work: Tackling the Challenges—Global Report under the follow-up to the ILO Declaration on Fundamental Principles and Rights at Work*, International Labour Conference, 96th Session, 2007, Report I (B), <http://www.ilo.org/public/portugue/region/eurpro/lisbon/pdf/equality_07.pdf>, accessed 25 November 2015

United Nations Committee on the Elimination of Discrimination against Women, *General Recommendation 13*, <http://www.un.org/womenwatch/daw/cedaw/recommendations/recomm.htm>, accessed 25 November 2015

## शिक्षा (Education)


United Nations Educational, Scientific and Cultural Organization, *Gender and Education for All: The Leap to Equality*, Education for All Global Monitoring Report 2003/4, <http://www.uis.unesco.org/Education/Documents/efa_gmr_2003-4.pdf>, accessed 25 November 2015

United Nations Office of the High Commissioner for Human Rights, 'International Disability Alliance submission to the CEDAW Committee's General Discussion on Girls'/Women's Right to Education', 58th session, 7 July 2014, <http://www.ohchr.org/EN/HRBodies/CEDAW/Pages/WrittenContributionsEducation.aspx>, accessed 25 November 2015


## स्वास्थ्य र प्रजनन् स्वास्थ्य अधिकार (Health and reproductive health rights)


Heymann, J. et al., 'Constitutional rights to health, public health and medical care: The status of health protections in 191 countries', *Global Public Health*, 8/6 (2013), pp. 639–53

Irving, H., *Gender and the Constitution: Equity and Agency in Comparative Constitutional Design* (New York: Cambridge University Press, 2008), pp. 191–218

Kinney, E. D., 'Provisions for health and health care in the constitutions of the countries of the world', *Cornell International Law Journal*, 37/2 (2004), pp. 285–355

UN Committee on the Elimination of Discrimination against Women, *General Recommendation No. 15, Women and AIDS*, 9th session, 1990 <http://www.un.org/womenwatch/daw/cedaw/recommendations/recomm.htm#recom15>, accessed 25 November 2015

UN Committee on the Elimination of Discrimination against Women, *General Recommendation No. 24, Women and Health*, 20th session, 1999, <http://www.un.org/womenwatch/daw/cedaw/recommendations/recomm.htm#recom24>, accessed 25 November 2015

